प्रारम्भिक ज्योतिष शिक्षा

ॐ

डा. जनकराज भट्ट

प्रारम्भिक

ज्योतिष शिक्षा

डा. जनकराज भट्ट

प्रकाशक: डाँफे प्रकाशन प्रा. लि.
बालोजु, काठमाडौं

सर्वाधिकार: लेखकमा

वितरण व्यवस्था: राम के. सी.
मो. ९८४११२१७८१

प्रथम संस्करण: १००१ प्रति
प्रकाशन मिति: २०७८ भाद्र
मूल्य: रु. ३५५/-

कम्प्यूटर ले-आउट: राम कृष्ण महर्जन
मुद्रण: परिचित छापाखाना
बालाजु-१६, काठमाडौं, फोन: ०१-४३६५१०१

ॐ

शुभंयु

सृष्टि जगत्मा अनन्तकोटी ब्रह्माण्ड छन् । तीमध्ये एउटा ब्रह्माण्डभित्र असङ्ख्य तारा छन्। ती अनन्त तारामध्ये एउटा ताराभित्र अनेकौँ तारामण्डल छन्। तीमध्ये एउटा ताराभित्र अनन्त सौरमण्डल छन्। तीमध्येको एउटा ताराभित्र हाम्रो सौरमण्डल छ। त्यसअन्तर्गत पनि अनेकौँ पिण्ड छन्। तीमध्येको एउटा पिण्डमा हामी छौँ जसलाई पृथ्वी भनिएको छ।

यस पिण्डको तल र माथि अरु लोकहरूको पनि रहस्य विद्यमान छ। ती लोकहरूमा अतल, वितल, सुतल, तलातल, रसातल, महाताल र पाताल यी तल छन्। त्यस्तै भू, भुव, स्व, मह, जन, तप र सत्यलोक यी माथिका समेत गरी चौध लोकको अस्तित्व मानिएको छ। यी सबैलाई मिलाएर प्रकारान्तरले एउटा ब्रह्माण्ड भनिएको छ। यीमध्ये कुनै पनि एउटा लोकमा हुने विशेष खालका शुभ वा अशुभ घटनाले यी सबै लोकलाई प्रभावित पार्ने मानिन्छ। त्यसैले हामीले गर्ने प्रत्येक कर्मले आफूसहित अरुलाई पनि प्रभावित पार्दछ भन्ने आधार यसले दिएको छ। यसमा शुभ वा अशुभ कर्मको द्योतक ग्रह, नक्षत्र आदिलाई मानिएको छ।

मूलतः वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, स्मृति, पुराण आदि क्रममा रहेका वेद, वेदाङ्ग, पुराण, न्याय, मीमांसा र धर्मसूत्रसमेत गरी चौध विद्यामा समेटिएको ज्योतिष शास्त्रले हाम्रो सौरमण्डलभित्रका विभिन्न पिण्डहरू र तिनका गति, स्थिति, स्वरूप आदि र समाजमा पर्ने त्यसको प्रभावका विषयमा अध्ययन गर्दछ।

सिद्धान्त, संहिता र होरा गरी त्रिस्कन्धात्मक रूपमा अध्ययन गरिने ज्योतिषशास्त्रभित्रका प्रत्येक स्कन्धका अनेकौँ शाखा, प्रशाखाहरू छन्। तीमध्ये होरास्कन्धअन्तर्गतका व्यवहारमा अधिक प्रयोगमा रहेका सामग्रीहरू सङ्कलन गरी डा. जनकराज भट्टज्यूले नेपाली समाजका लागि उपयोगी कार्य गर्नुभएको छ।

यस दिशामा नेपालमा भएगरेका कार्यहरू कमै मात्रामा प्रकाशमा आएका छन्। नेपालका पुराना विद्वान्हरूका धेरै कृति पछिल्लो समयमा प्रकाशमा आउन

सकेका छैनन् । स्वर्गीय नयराज पन्तपूर्वका नेपाली विद्वान्हरूका पाण्डुलिपिहरूको खोजी गरी प्रकाशमा ल्याउन जरुरी भएको छ । त्यसयताका कृतिहरूमा सर्वश्री नयराज पन्तका सिद्धान्तस्कन्धसम्बद्ध कृतिहरू प्रकाशित छन् । कतिपय अप्रकाशित पनि होलान् । वेदाङ्गज्योतिषमाथि आचार्य शिवराज कौण्डिन्न्यायनको भाष्य नेपाली मात्र नभई भारतवर्षका सम्पूर्ण पाठकले सम्झिइरहनेछन् । कतिपय नेपाली विद्वान्का प्रायः होराशास्त्रसम्बद्ध केही कृतिहरू देखा परेका छन् । तिनमा ज्योतिःसार, मुहूर्तभास्कर, त्रिकालजन्मकुण्डलीदर्पण, ऐतिहासिककुण्डली, स्वयंज्योतिषी, शनिग्रहविवेचना र आराधना, सरलजन्मपत्रदर्पण, दधिदर्पण, लग्नदर्पण, बेलापञ्चाङ्ग, सुगमज्योतिष, कुण्डलीप्रकाश, व्यावहारिक ज्योतिषलगायतका अन्य कृतिहरू पनि छन् । तीमध्ये कुनै मौलिक, कुनै सङ्कलित, कुनै सम्पादित र कुनै अनुदित रहेका छन् । यही क्रममा डा. जनकराज भट्टज्यूको प्रारम्भिक ज्योतिष शिक्षा कृतिले पनि नेपाली ज्योतिषीहरूका लागि लेखनमार्गमा अर्को ईंटा थपेको छ ।

दुई सय पैंतालिस पृष्ठ र विभिन्न मूल शीर्षक तथा उपशीर्षकहरूमा समेटिएको प्रस्तुतिमा आवश्यक अनेकौं विषय एवं प्रसङ्ग अटाएका छन् । जम्मा आठ अध्यायमा विभक्त सामग्रीहरूमा जन्मकुण्डलीको परिचयदेखि श्रीगणेश गरिएको यस प्रस्तुतिमा पात्रो हेर्ने तरिका बुझाउने क्रममा पञ्चाङ्गका मुख्य अंशहरूलाई स्क्रिनसट समेत उपस्थापन गरिएको छ ।

इन्टरनेटबाट आफूलाई आवश्यक सामग्री लिन र प्रयोग गर्नसमेत सिकाइएको यस प्रस्तुतिमा पञ्चाङ्गपरिचय र ग्रहस्पष्टसहितको जन्मकुण्डलीनिर्माण गर्ने सरल तरिका बताइएको छ ।

पहिला कुण्डली अध्ययन गर्ने आधारभूत ज्ञान दिएर त्यसपछि दशानयन, दशा, अन्तर्दशाफल बुझाउने क्रममा आवश्यक उदाहरणसमेत दिइएको छ । यसमा फलादेशका केही व्यावहारिक पक्षलाई समेटेर वास्तुशास्त्र तथा ग्रहशान्तिका विकल्पहरू पनि दिइएको छ ।

यसका प्रस्तुतिहरू प्रारम्भिक ज्योतिषकर्मीका लागि जिभ्रो परपराउने चटपटेजस्तै धेरै प्रकारका स्वाद दिने खालका छन् । यो एउटा पुस्तक साथमा छ भने अरु केही साधन स्रोत नभए पनि उसलाई भोकै बस्नुपर्ने अवस्था नआउनेगरी लेखकले यसमा विविध सामग्रीहरू समावेश गर्नुभएको छ । तीमध्ये कालसर्पयोग हाम्रा प्रामाणिक ग्रन्थपरम्परामा भेटिएका छैनन् । यस योगका आधारमा कतिपय

ज्योतिषीहरूले फलकथन गर्ने गरेकाले यसबारे थप अध्ययनअनुसन्धान हुनु आवश्यक छ।

औपचारिक उच्च अध्ययन क्षेत्र र प्रस्तुतिका दृष्टिले फरक विषयको प्राध्यापन गर्ने भएर पनि यस किसिमको उपकार गर्नु भएकोमा डा. भट्टज्यूको भूरिभूरि प्रशंसा गर्दछु।

ज्योतिष क्षेत्रमा क्रियाशील डा. भट्ट आधुनिक प्रविधि र सामाजिक सञ्जालमा पनि सक्रिय हुनुहुन्छ। सञ्जालका माध्यमले गर्न मिल्नेसम्मका शिक्षण प्रशिक्षण र प्रयोगद्वारा यस क्षेत्रका जिज्ञासुहरुको जिज्ञासा सामाधानमा पनि सक्रिय हुनुहुन्छ।

यिनै पृष्ठमूमिमा रहेर पाठकलाई बुझाउने प्रयास गरिएको यस प्रस्तुतिका लागि डा. जनकराज भट्ट साधुवाद योग्य हुनुहुन्छ। उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ परिष्कृत, अनुसन्धानमूलक र व्यवस्थित प्रस्तुतिको अपेक्षासहित मङ्गलमय शुभंयु व्यक्त गर्दछु। धन्यवाद ! भवतु सर्वमङ्गलम्, जयतु संस्कृतम्, जयतु ज्योतिषम्, ॐ ।

माधवप्रसाद पाण्डेय 'विद्यावारिधि'

सहप्राध्यापक

वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौँ

शुभकामना

हाम्रो पौरस्त्य ज्योतिष शास्त्रप्रति हिन्दु जनमानसले परापूर्व कालदेखि नै श्रद्धा र विश्वास राख्दै आएको पाइन्छ। यस शास्त्रमा पञ्चाङ्ग निर्माणदेखि कुण्डली विश्लेषणसम्म अनेक विषयवस्तुहरू समाविष्ट छन् । हाम्रा शास्त्रीय विषयहरू अध्ययन गर्नका लागि साधारण मानिसहरूलाई निकै कठिनाइ पर्छ भन्ने भ्रमले गर्दा जनसाधारणको पहुँचबाट हाम्रा शास्त्रहरू टाढिँदै गएका छन्। श्रद्धा र विश्वासका साथै अत्यन्त समर्पित भावले साधना गर्नेहरूका लागि हाम्रा शास्त्रहरू अत्यन्त सहज, रुचिकर र जीवनोपयोगी प्रतीत हुन्छन्। आधुनिक प्रविधिको प्रयोगले पनि यस्ता विषयको अध्ययन सहज भएको छ। यस परिप्रेक्ष्यमा ज्योतिष फलादेशमा लामो अनुभव हासिल गर्नुभएका यस विश्वम्भरा ज्योतिष विज्ञान परिषद्को स्थापना कालदेखिका प्रवक्ता ज्योतिर्विद् डा. जनकराज भट्टले तयार गर्नुभएको यो **प्रारम्भिक ज्योतिष शिक्षा** पुस्तक फलित ज्योतिष विषयमा रुचि राख्ने महानुभावहरूका लागि अत्यन्त उपयोगी हुने देखिन्छ। यस पुस्तकमा पात्रो हेर्नेदेखि कुण्डली निर्माण र फलादेशसम्मका विषयवस्तुहरूलाई अत्यन्त सरल ढङ्गले प्रस्तुत गरिएको छ । वास्तुसम्बन्धी आधारभूत ज्ञान, ग्रहशान्ति, ज्योतिषीय उपाय आदिबारे पनि पुस्तकमा प्रकाश पारिएको छ। यस पुस्तकलाई ज्योतिष क्षेत्रमा प्रवेश गर्ने पहिलो द्वारका रूपमा लिन सकिन्छ । विद्वान् ज्योतिर्विद्द्वारा आफ्नो लामो अध्ययन र अनुभवका आधारमा तयार पारिएको यस पुस्तकमा कतिपय ज्योतिषसम्बद्ध रहस्यमय विषयवस्तुहरूसमेत समावेश गरिएकाले ज्योतिषप्रेमीहरूका लागि यो पुस्तक पठनीय एवं सङ्कलनयोग्य देखिन्छ । यस विश्वम्भरा ज्योतिष विज्ञान परिषद् परिवारका तर्फबाट लेखकको उत्तरोत्तर प्रगतिका साथै आगामी दिनहरूमा उहाँलाई यस्ता थप कृतिहरू तयार पार्ने कार्यमा सफलता मिल्दै जाओस् भन्ने कामना गर्दछौँ ।

द्रोणराज अधिकारी (कुमार गुरु)
अध्यक्ष तथा
विश्वम्भरा ज्योतिष विज्ञान परिषद् परिवार,
केन्द्रीय कार्यालय, सिफल, काठमाडौँ ।

प्राक्कथन

मानिसहरूले जीवनकालमा अनेक अनुकूल तथा प्रतिकूल समयको सामना गर्नुपर्ने हुन्छ। जीवनमा आइपर्ने यस्ता शुभ वा अशुभ अवस्थाको पूर्वानुमान फलित ज्योतिषका माध्यमबाट गर्न सकिन्छ। फलित ज्योतिषमा जन्मकुण्डली, प्रश्नकुण्डली, शकुन शास्त्र, सामुद्रिक शास्त्र आदि विधा छन्। तीमध्ये जन्मकुण्डली अध्ययन सबैभन्दा प्रभावकारी र भरपर्दो मानिन्छ। कुण्डलीअनुसार जीवनमा आउने अशुभ फलको निवारण र शुभफलको वृद्धिका लागि समेत ग्रहको जप, व्रत, पूजापाठ, दान, सम्बन्धित ग्रहको रत्नधारण जस्ता उपाय अवलम्बन गर्न सकिन्छ। यस पुस्तकमा पात्रो हेर्ने तथा जन्मकुण्डली निर्माण गर्नेदेखि त्यसको फलादेश, ग्रहशान्ति र वास्तुशास्त्रका आधारभूत विषयवस्तुमाथि समेत प्रकाश पारिएको छ। यसमा जटिल गणितको प्रक्रियालाई सरल तरिकाले प्रस्तुत गरिएको छ। आधुनिक कम्प्युटर प्रविधिको विकासले फलित ज्योतिषलाई पनि सहज र सर्वसुलभ बनाएको छ। यस पुस्तकमा आधुनिक प्रविधिको प्रयोग गर्ने तरिकाबारे पनि प्रकाश पारिएको छ। ज्योतिष शास्त्र वैदिक कालदेखि विकसित हुँदै आएको हो। यसमा अध्ययनका साथै साधनाको समेत आवश्यकता पर्दछ। आधुनिकताका नाममा अनेक विकृतिले हाम्रो ज्योतिष शास्त्रलाई ग्रसित पारेको छ। अतः परम्परागत कमजोरीमा सुधार होस् तर आधुनिकताको अन्धानुकरण नहोस् भन्नेतर्फ सचेत भएर यस पुस्तक तयार पारिएको छ। यो पुस्तक विगत ३० वर्षदेखि फलित ज्योतिषको अनुभवका आधारमा तयार गरिएको छ। यसको तयारीमा विभिन्न महानुभावहरूको सल्लाह र सुझाव प्राप्त भएको छ। यसमा विशेषगरी वाल्मीकि विद्यापीठको फलित ज्योतिष विषयका सह प्रा. डा. माधवप्रसाद पाण्डेय, नव्य व्याकरण विषयका सह प्रा. भीमप्रसाद कण्डेल र उपप्रा. देवराज आचार्यको ठुलो प्रेरणा र सहयोग प्राप्त भएकोले म उहाँहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। त्यसैगरी मलाई विद्यालयतहदेखि उच्चशिक्षासम्म ज्योतिषलगायतका विषयहरूको अध्ययनमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण आदरणीय गुरुवर्गमा पनि हार्दिक नमन गर्दछ। पुस्तकको लेखनदेखि प्रकाशनसम्मका कार्यमा सहयोग गर्नुहुने सबै महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

डा. जनकराज भट्ट
उपप्राध्यापक
वाल्मीकि विद्यापीठ
प्रदर्शनीमार्ग, काठमाडौं।

विषयसूची

अध्याय एक	**प्रारम्भिक परिचय**	**१–५०**
१.१	जन्मकुण्डली के हो ?	१
१.२	पात्रो हेर्ने सरल तरिका	२
१.३	इन्टरनेटबाट विश्वभरका पञ्चाङ्ग हेर्ने तरिका	१७
१.३.१	इन्टरनेटबाट द्रिक पञ्चाङ्ग हेर्ने तरिका	१७
१.४	पञ्चाङ्ग परिचय	१९
१.४.१	तिथि	१९
१.४.२	बार	२०
१.४.३	नक्षत्र	२०
१.४.४	योग	२३
१.४.५	करण	२४
१.५	ग्रहस्पष्ट र जन्मकुण्डली निर्माणको सरल विधि	२५
१.५.१	ग्रहस्पष्ट गर्ने विधि	२५
१.५.२	लग्न ल्याउने विधि	३२
१.५.३	होरा कुण्डली	३८
१.५.४	द्रेष्काण कुण्डली	४०
१.५.५	नवमांश कुण्डली	४२
१.५.६	द्वादशांश कुण्डली	४४
१.५.७	त्रिंशांश कुण्डली	४५
१.६	विंशोत्तरी र योगिनी दशा ल्याउने तरिका	४७
१.६.१	विंशोत्तरी दशा	४७
१.६.२	योगिनी दशा	४९
अध्याय दुई	**कुण्डली अध्ययनका पूर्वाधार**	**५१–८९**
२.१	कुण्डली फलकथनका ११५ वटा महत्त्वपूर्ण सूत्र	५१
२.२	कुण्डलीबाट आयु विचार	५८
२.३	लग्नअनुसारको जन्मफल	६४
२.४	राशि परिचय	६८
२.४.१	नामराशि र जन्मराशिको प्रयोजन	६९

२.४.२	राशिअनुसार व्यक्तिको लक्षण र लालकिताबअनुसार राशिका उपाय	७१
२.५	ग्रहसम्बन्धी विचार	७९
अध्याय तीन	**दशाफल**	**९०-१४१**
३.१	दशामा विचारणीय पक्ष	९०
३.२	विंशोत्तरी महादशा र अन्तर्दशा	९१
३.२.१	महादशाको फलकथनमा विचारणीय पक्ष	९१
३.२.२	अन्तर्दशाको फलकथनमा विचारणीय पक्ष	९२
	(१) सूर्य महादशा फल	९२
	(२) चन्द्र महादशा फल	९७
	(३) मङ्गल महादशा फल	१०२
	(४) राहु महादशा फल	१०६
	(५) गुरु महादशा फल	१११
	(६) शनि महादशा फल	११६
	(७) बुध महादशा फल	१२१
	(८) केतु महादशा फल	१२६
	(९) शुक्र महादशा फल	१३०
३.३	योगिनी महादशा र अन्तर्दशा	१३५
	योगिनी महादशाको फलकथनमा विचारणीय पक्ष	१३५
	(१) मङ्गला (चन्द) अवधि १ वर्ष	१३६
	(२) पिङ्गला (सूर्य) अवधि २ वर्ष	१३६
	(३) धान्या (गुरु) अवधि ३ वर्ष	१३७
	(४) भ्रामरी (मङ्गल) अवधि ४ वर्ष	१३८
	(५) भद्रिका (बुध) अवधि ५ वर्ष	१३८
	(६) उल्का (शनि) अवधि ६ वर्ष	१३९
	(७) सिद्धा (शुक्र) अवधि ७ वर्ष	१४०
	(४) सङ्कट (राहु) अवधि ८ वर्ष	१४०
अध्याय चार	**कुण्डली विश्लेषण**	**१४२-१५२**
४.१	पृथ्वीनारायण शाहको कुण्डली विश्लेषण	१४२
४.२	राजा वीरेन्द्र विक्रम शाह	१४४
४.३	एक साधारण पुरुष	१४७
४.४	लता मङ्गेशकर	१५०

अध्याय पाँच	**ग्रहदशा शान्ति**	**१५३-१७३**
५.१	ग्रहशान्तिको आवश्यकता	१५३
५.२	ग्रहशान्तिका प्रकार	१५४
५.३	नवग्रह शान्ति विधि	१५५
	नवग्रह स्तोत्र	१५५
	नवग्रह पूजन गर्ने सामग्री	१५७
	नवग्रह पूजन विधि	१५८
५.४	नवग्रहको छुट्टाछुट्टै पूजन विधि	१५८
५.४.१	सूर्यको पूजा विधि	१५८
५.४.२	चन्द्रको पूजा विधि	१५९
५.४.३	मङ्गलको पूजा विधि	१६१
५.४.४	बुधको पूजा विधि	१६२
५.४.५	गुरु वा बृहस्पतिको पूजा विधि	१६३
५.४.६	शुक्रको पूजा विधि	१६४
५.४.७	शनिको पूजा विधि	१६५
५.४.८	राहुको पूजा विधि	१६७
५.४.९	केतुको पूजा विधि	१६८
५.५	ग्रहका रत्नचयन र धारण विधि	१६९
५.६	योगिनी दशा शान्ति	१७३
अध्याय छ	**फलित ज्योतिषका केही व्यावहारिक पक्ष**	**१७४-१८६**
६.१	सिजेरियन डेलिभरीको विचार	१७४
६.२	विदेश गमन	१७५
६.३	व्यवसाय तथा आर्थिक उन्नति	१७७
	स्वतन्त्र व्यवसाय	१७७
	नोकरी	१७८
	ग्रहअनुसार व्यवसाय	१७८
६.४	कालसर्प योग	१७९
६.४.१	परिचय	१७९
६.४.२	कालसर्प योगका प्रकार	१८२
६.४.३	कालसर्पयोगका लक्षण र अनिष्टकारी समय	१८५
६.४.४	कालसर्पयोगको शान्ति	१८५

अध्याय सात	**वास्तु प्रकरण**	**१८७-१९६**
७.१	वास्तुसम्बन्धी महत्त्वपूर्ण तथ्य	१८७
७.२	घडेरीको माटो परीक्षण	१८७
७.३	घडेरीको चयन	१८८
७.४	घडेरीको भूमि शुद्धि	१८९
७.५	गृहारम्भ मुहूर्त	१९०
७.६	जग खन्दा राहुको विचार	१९०
७.७	गृहारम्भका लागि वृषवास्तु चक्र	१९१
७.८	शिलान्यासका लागि सामग्री	१९१
७.९	घरको मुख्य द्वार र कम्पाउन्डको गेट	१९२
७.१०	वास्तुअनुरूप घरको संरचना	१९३
	गृहवास्तुका प्रमुख सूत्र	१९३
	व्यावसायिक वास्तुका प्रमुख सूत्र	१९४
७.११	गृहप्रवेश मुहूर्त र विधि	१९५
अध्याय आठ	**उपयोगी उपाय सङ्ग्रह**	**१९७-२३९**
८.१	मालाद्वारा जप गर्ने विधि	१९७
८.२	केही उपयोगी मन्त्रहरू	१९८
८.३	नवग्रहका केही सरल उपाय	२००
८.४	दुर्गा सप्तशतीका श्लोकबाट उपाय	२०४
८.५	हनुमान चालीसाका चौपाईबाट उपाय	२०४
८.६	रामचरितमानसबाट उपाय	२०५
८.७	रामचरितमानसको चौपाईबाट गरिबी हटाउने अचुक उपाय	२०७
८.८	पत्ता नलागेको रोगनाशक स्तुतिपाठ (भागवतको ज्वरस्तुति)	२०८
८.९	सप्तबार व्रत परिचय, व्रतकथा र सङ्क्षिप्त विधि	२०९
	(१) आइतबार व्रत	२१०
	परिचय	२१०
	रविबार व्रतकथा	२१०
	(२) सोमबार व्रत	२११
	परिचय	२११
	(क) सोमबार व्रतकथा	२११
	(ख) सौम्य प्रदोष व्रतकथा	२१२

(ग) सोह्र सोमबार व्रतकथा २१३
रुद्राष्टक पाठ २१५
(३) मङ्गलबार व्रत २१७
परिचय २१७
(क) मङ्गलबार व्रतकथा २१८
(ख) मङ्गलबार (मङ्गले) को व्रतकथा २१८
(४) बुधबार व्रत २१९
परिचय २१९
बुधबार व्रतकथा २१९
(५) बिहीबार व्रत २२०
परिचय २२०
(क) बृहस्पति वा गुरुबार व्रतकथा २२१
(ख) गुरुबारको अर्को व्रतकथा २२२
(६) शुक्रबार व्रत २२३
परिचय २२३
शुक्रबार सन्तोषी माताको व्रतकथा २२४
सन्तोषी माताको आरती २२८
शुक्रबार (शुक्र) को स्तुति २२९
(७) शनिबार व्रत २३१
परिचय २३१
शनिबार व्रतकथा २३१
शनि दशा शान्तिका लागि श्रीरामचन्द्रजीको स्तुति २३६
शनिदेवको आरती २३९

परिशिष्ट २४०–२४३
(१) विवाह पत्रिका (विवाह लग्नपत्रिका) को नमुना २४०
(२) व्रतपत्रिका (व्रतबन्ध लग्न पत्रिका) को नमुना २४१
(३) छैटीको कागज (टिपन) को नमुना २४२

सन्दर्भ सामग्री सूची २४४

अध्याय एक

प्रारम्भिक परिचय

श्रीगणेशाय नमः

श्रीसरस्वत्यै नमः

ब्रह्मामुरारिस्त्रिपुरान्तकारी भानुः शशी भूमिसुतो बुधश्च ।
गुरुश्च शुक्रः शनिराहुकेतवः कुर्वन्तु सर्वे मम सुप्रभातम् ॥

हिन्दु ज्योतिषशास्त्र विशाल ज्ञानको भण्डार हो। यसलाई सिद्धान्त, संहिता र होरा गरी तीन भागमा विभाजन गरिएको पाइन्छ। सामान्यतः ज्योतिषलाई सिद्धान्त र होरा गरी दुई भागमा मात्र पनि राख्न सकिन्छ। यसमा व्यक्तिको भविष्यकथनसम्बन्धी विषयवस्तु होरा अर्थात् फलित ज्योतिषअन्तर्गत पर्दछन्। फलित ज्योतिषभित्र पनि हस्तरेखा, शरीरलक्षण, शकुन, वास्तु, कुण्डली फलादेश जस्ता पद्धति छन्। यीमध्ये जन्मकुण्डलीको निर्माण र फलादेशमा सर्वसाधारण जनमानसमा बढी रुचि छ। यहाँ जन्मकुण्डलीको परिचयदेखि पात्रो हेर्ने सरल तरिका, पञ्चाङ्गको परिचय, जन्मकुण्डली निर्माण र फलादेशसम्बन्धी प्रारम्भिक जानकारी दिने प्रयास गरिएको छ। यसका अतिरिक्त यस पुस्तकमा ग्रहशान्ति विधि, उपयोगी मन्त्र, वास्तुका आधारभूत विषयवस्तु, रत्नधारण, सप्तबार व्रत आदिबारे पनि प्रकाश पारिएको छ।

१.१ जन्मकुण्डली के हो ?

सामान्यतः जन्मकुण्डली भनेको व्यक्ति जन्मेको समयको आकाशीय ग्रह–नक्षत्रहरुको अवस्थिति दर्साउने एक प्रकारको चित्र हो। यसबाट जीव कुन लोकबाट आएर मनुष्य योनिमा जन्मेको हो, यस जीवनमा केकस्ता कर्म भोग गरी मरणपश्चात् कुन लोकमा जान्छ भन्नेसम्मका रहस्योद्घाटन गर्न सकिन्छ। लग्न वा जन्म–कुण्डलीका अतिरिक्त राशि, नवमांश, सूर्य, होरा, द्रेष्काण आदि कुण्डलीहरू निर्माण गरी व्यक्तिका सूक्ष्म फलादेश गर्न पनि सकिन्छ। तीमध्ये लग्न, राशि, सूर्य र नवमांश कुण्डली बढी प्रयोगमा आउँछन्।

१.२ पात्रो हेर्ने सरल तरिका

पात्रोको सङ्क्षिप्त इतिहास : कुनै निश्चित अवधिभित्र पर्ने विभिन्न तिथि, चाडपर्व, ग्रहस्थिति आदिबारे दिइने विवरणलाई पात्रो वा पञ्चाङ्ग भनिन्छ। यसलाई अङ्ग्रेजीमा Calender अथवा Almanac भनिन्छ। मानव सभ्यता पाषाण युगबाट विकसित हुँदै कृषि युगमा प्रवेश गरेपछि कहिले कुन बाली लगाउने भन्ने निश्चय गर्न क्यालेन्डर निकाल्ने गरिएको मानिन्छ। हिन्दु समाजमा परापूर्व कालदेखि पञ्चाङ्ग गणनाको परम्परा रहँदै आएको पाइन्छ। पाश्चात्य जगत्मा पहिले जुलियस सिजरका पालादेखि परिमार्जित क्यालेन्डर निकाल्न थालिएकोमा सन्त ग्रेगोरीले सन् १५८२ देखि पुनः परिमार्जित क्यालेन्डर निकाल्न थाले। यो क्यालेन्डर हालसम्म प्रचलनमा छ जसलाई ग्रेगोरियन क्यालेन्डर भनिन्छ।

नेपालमा कहिलेदेखि पात्रो गणना गर्न थालिएको हो भन्ने स्पष्ट छैन। राष्ट्रिय अभिलेखालयमा वि.सं. १७१३ देखिका हस्तलिखित पञ्चाङ्ग प्राप्त भएका छन्। राणा प्रधानमन्त्री रणोद्दीपका पालामा वि.सं. १९४१ मा वाचस्पति पन्तको प्रबन्धबाट पञ्चाङ्ग प्रकाशित गर्न लगाइएको पाइन्छ। त्यसैगरी १९४६ सालदेखि तोयनाथको पञ्चाङ्ग प्रकाशित हुँदै आएको पाइन्छ। हाल नेपालमा विभिन्न पञ्चाङ्ग प्रकाशित हुन्छन्। कम्प्युटर सफ्टवेरको प्रयोगले गर्दा पञ्चाङ्ग गणनाको कार्य सहज भएको पाइन्छ। यद्यपि विगतदेखि नेपालमा प्रचलित पञ्चाङ्ग गणनामा केही त्रुटि देखा परेकाले यसको सुधार आवश्यक छ।

पात्रोबाट केके हेर्ने : पात्रोमा लेखिएका सबै विषयवस्तुका बारेमा स्वयं पञ्चाङ्गकार तथा ज्योतिषकर्मीलाई पनि जानकारी नहुन सक्छ। नेपाली पात्रामा विभिन्न जाति, धर्म र सम्प्रदायका चाडपर्व पनि दिइएका हुन्छन्। यस्ता पर्वका बारेमा सबैलाई जानकारी हुँदैन। तर पात्रोका आधारभूत विवरणका बारेमा जानकारी राख्न सकेमा व्यक्तिहरूलाई विशेष सहयोग पुग्छ। सानातिना कुराहरू पनि अरुसँग सोध्नुपर्ने आवश्यकता पर्दैन। कतिपय व्यक्तिहरूले घरमा पात्रो किनेर राखे पनि राम्ररी हेर्न नजानेर त्यत्तिकै रहेको देखिन्छ। अतः यहाँ सर्वप्रथम पात्रो हेर्ने सरल तरिकाबारे प्रकाश पारिएको छ।

पात्रोमा दिइएका मुख्य विवरण केके हुन् र तिनको प्रयोजन के हो भन्नेबारेमा यहाँ छोटकरीमा चर्चा गरौं। उदाहरणका लागि हामीले नेपालमा प्रचलित

कुनै पञ्चाङ्ग लिन सक्दछौँ। मैले यहाँ २०७७ सालको सूर्य पञ्चाङ्गका साथै नेपाल संस्कृत विश्वविद्यालय(नेसंवि) बाट प्रकाशित पञ्चाङ्गसमेत लिएको छु। पञ्चाङ्गहरू कुनै निश्चित स्थानलाई आधार मानेर बनाइएका हुन्छन्। एउटा स्थानविशेषको लागि बनाइएको पञ्चाङ्ग अर्को स्थानमा प्रयोग गर्दा त्यसका विवरणहरू फरक पर्न जान्छन्। उदाहरणका लागि नेपालबाट २०७७ सालका लागि प्रकाशित पञ्चाङ्गमध्ये नेपाल संस्कृत विश्वविद्यालयको पञ्चाङ्गले गौरीशङ्कर हिमालनजिकको देशान्तरलाई आधार मानेको छ भने सूर्य पञ्चाङ्गले काठमाडौँलाई आधार मानेको छ।

यहाँहरूले नेपालबाट प्रकाशित जुनसुकै सालको जुनसुकै पञ्चाङ्ग लिनुभए पनि हुन्छ। विविध पञ्चाङ्गमा समाविष्ट भएका विषयवस्तुहरू लगभग उस्तै हुन्छन्। अब पञ्चाङ्ग हेर्नेतर्फ लागौँ। पञ्चाङ्गका सबै विषयवस्तु हामीलाई आवश्यक नहुन पनि सक्छन्। तर तिनका बारेमा सामान्य जानकारी लिनु आवश्यक हुन्छ। भारतको काशीबाट विश्वनाथ पञ्चाङ्ग प्रकाशित हुने गर्दछ। त्यस पञ्चाङ्गको कभर पेजमा "यो पञ्चाङ्ग साथमा राख्ने व्यक्ति ज्योतिषी बन्दछ" भन्ने लेखिएको हुन्छ। यसबाट पञ्चाङ्ग साथमा राख्दा पनि केही अध्ययन गरेर व्यक्तिलाई ज्यातिषीय ज्ञान हुन्छ भन्ने बुझिन्छ। नेपालबाट सबैजसो पञ्चाङ्गहरू विक्रम संवत्को नववर्ष वैशाख १ गतेदेखि एक वर्षका लागि निर्माण गरिएका हुन्छन्। कुनै कुनै पञ्चाङ्गहरू १० वर्षे र भारततिर त १०० वर्षे पनि प्रकाशित भएका पाइन्छन्। नेपालबाट प्रकाशित हुने पञ्चाङ्गमा दिइने मुख्य विषयवस्तुहरू निम्नानुसार हुन्छन् :

(१) पञ्चाङ्गको मुखपृष्ठ (पहिलो कभर पेज) : हरेक पञ्चाङ्गको मुखपृष्ठ वा कभर पेजको सबैभन्दा अगाडि पञ्चाङ्गसम्बन्धी महत्त्वपूर्ण विवरण दिइएको हुन्छ। यसमा पञ्चाङ्गहरूका बिचमा केही भिन्नता पाइए पनि सामान्यतया हरेक पञ्चाङ्गमा विक्रम संवत्को साल दिइएको हुन्छ। नेसंविबाट प्रकाशित २०७७ सालको पञ्चाङ्गको मुखपृष्ठमा "नगशैलगगननयन २०७७ मित विक्रमवत्सरस्य गणितंव्रतपर्वादिभिः समलङ्कृतम्" भन्ने लेखिएको छ। यस पञ्चाङ्गको कभर पेजको फोटो यहाँ चित्र सं. १ मा दिइएको छ। यसमा २०७७ साललाई जनाउन अङ्कहरूलाई पछाडिको क्रमले प्रतीकात्मक रूपमा व्यक्त गर्ने ज्यातिषीय प्रचलनअनुसार नग भनेको ७ र शैल भनेको पनि ७ अङ्क हो। संस्कृतमा नग र शैल शब्दले पर्वत बुझिन्छ। मुख्य सात पर्वत भएकाले शैल वा नग शब्दले सात सङ्ख्या बुझिन्छ। गगन भनेको आकाश वा शून्य हो भने नयन भनेको आँखा अर्थात् २ हो। यसमा मानिस वा प्रायः

अन्य प्राणीका दुई आँखा हुन्छन् भन्ने अर्थमा नयन भनेको दुई हो । यसरी "नगशैलगगननयन" भनेर २०७७ साललाई जनाइएको हो। कतिपय पात्रोमा सोझै २०७७ साल मात्र लेखिएको पनि पाइन्छ। पात्रोको कभर पेजमा वर्षको राजा र

चित्र सं. १ – नेसंवि पञ्चाङ्ग, २०७७

मन्त्री दिइएको हुन्छ। शक संवत्को प्रारम्भ तिथि चैत्र शुक्ल प्रतिपदा हो। चैत्र शुक्ल प्रतिपदामा जुन बार पर्दछ त्यस वर्षको राजा त्यही हुन्छ। २०७७ साल सुरु हुनुअघि २०७६ सालको चैत्र १२ गते (शक संवत् १९४२) बुधबार चैत्रशुक्ल प्रतिपदा परेकोले बुध नै २०७७ सालको राजा भयो। त्यस्तै वैशाख १ गते जुन बार पर्छ त्यस वर्षको मन्त्री त्यही हुन्छ। २०७७ साल वैशाख १ गते सोमबार परेकोले सोम अर्थात् चन्द्रमा यस वर्षको मन्त्री भयो। यसरी वर्षका राजा र मन्त्रीमा परेका ग्रहअनुसार त्यस वर्षको शुभाशुभ फल बताउने गरिन्छ। त्यस्तै पात्रोको मुखपृष्ठमा कल्पादेर्गताब्दा अर्थात् कल्पको प्रारम्भदेखि बितेको वर्ष, सृष्ट्यादेर्गताब्दा अर्थात् सृष्टिको प्रारम्भदेखिको बितेको वर्ष, कलेर्गताब्दा अर्थात् कलियुगको प्रारम्भदेखिको बितेको वर्ष, शालिवाहनीय शाके अर्थात् शक संवत्, इस्वी सन्, नेपाल संवत् आदि पनि दिने चलन छ।

पञ्चाङ्गको मुखपष्ठमा पात्रो गणनाका आधारहरूका रूपमा रहेका अहर्गण, अयनांश, अक्षांश, पलभा आदि पनि दिइएका हुन्छन्। पञ्चाङ्ग गणनाका लागि मात्र उक्त विषयवस्तुको जानकारी आवश्यक हुने भएकोले यसबारे यहाँ थप प्रकाश पारिएको छैन।

(२) पञ्चाङ्गको प्रारम्भिक खण्ड : पञ्चाङ्गको मूल खण्ड अर्थात् वैशाख १ गतेदेखिको बार, नक्षत्र, तिथि, पर्व आदि विवरण दिनुभन्दा अघिको खण्डलाई पञ्चाङ्गको प्रारम्भिक खण्ड भनिन्छ। यसमा पनि एउटा पञ्चाङ्गले प्रारम्भिक खण्डमा दिएको विवरणलाई अर्कोले अन्तिम खण्डमा दिन सक्छ। २०७७ सालको सूर्य पञ्चाङ्गलाई आधार मान्दा यसको प्रारम्भिक खण्ड (पृ. ३) मा अवकहडाचक्रसहित वरवधूमेलापकचक्र दिइएको छ। यस चक्रको सहयोगले केटा र केटीको विवाहका लागि आउने गुण पत्ता लगाउन सकिन्छ। यसमा नक्षत्रको नामाक्षर, राशि, राशिको स्वामी ग्रह, वर्ण, वश्य, योनि, वैरयोनि, गण, नाडी, आसन र गरुडादि वर्ग दिइएको हुन्छ। मुख्य रूपमा विवाहमा अष्टकूट मिलान गर्ने चलन छ। अष्टकूटमा वर्णको १, वश्यको २, ताराको ३, योनिको ४, ग्रहमैत्रीको ५, गणको ६, भकूट वा राशिको ७ र नाडीको ८ गुण गरी जम्मा ३६ गुण हुन्छ। यसमा विवाहका लागि १८ गुण वा सोभन्दा बढी हुनु आवश्यक छ। १८ गुणभन्दा बढी भए पनि नाडीदोषमा विवाह गर्नु हुन्न। अष्टकूट मिलानका साथै मङ्गल दोषबारे विचार गरेर विवाह

गर्नुपर्छ। अष्टकूट मिलान हेर्नका लागि पात्रोमा दुई पृष्ठमा वरवधूमेलापक सारिणी दिइएको हुन्छ। यसको सहयोगले सहजै गुण निकाल्न सकिन्छ। मानौँ कुनै केटाको न्वारनको नाम भीमबहादुर र केटीको नाम कमला हुँदा दुवैबाट विवाहका लागि कति गुण आउँछ भनेर कसैले सोधेमा सर्वप्रथम यी दुवै नक्षत्रको चरण हेर्नुपर्छ। यसमा अवकहडाचक्र हेर्दा भीमबहादुरको मूलको चौथो र कमलाको मृगशिराको तेस्रो(यहाँ क अथवा का, म अथवा मा लाई एउटै मानिन्छ) पाउ भएको देखिन्छ। अब यसलाई अर्को वरवधूगुणमेलापक सारिणी (२०७७ सालको सूर्य पञ्चाङ्गको पृ. १०-११) बाट वा यहाँसँग भएका पञ्चाङ्गमा खोजेर हेर्न सकिन्छ। यस्ता सारिणी अन्य पञ्चाङ्गहरूमा पनि दिइएका हुन्छन् । उक्तअनुसार वरराशि नक्षत्रको लाइन माथिबाट तेर्सो मूल नक्षत्रमा हेर्ने र कन्याको मृगशिराको तेस्रो पाउ भन्नाले मिथुन राशितर्फबाट हेर्ने। दुवैको मिलन विन्दुमा २३ अङ्क भेटियो। यो गुण १८ भन्दा बढी भएकोले यी दुवैको विवाह जुर्ने देखियो। त्यस्तै राशि मिथुन र धनु सातौँमा पर्छ भने मृगशिराको नाडी मध्य र मूलको नाडी आद्य पर्छ। यी दुवै नाडी फरकफरक भएमा विवाह जुर्छ।

पात्रोको प्रायः प्रारम्भिक खण्डमा सम्बन्धित वर्षको वर्षफल दिइएको हुन्छ। वर्षफलमा संवत्सरको नाम र फल बताइएको हुन्छ। संवत्सर ६० छन् जसमध्ये एक वर्षमा एउटा संवत्सर हुन्छ। २०७७ साल प्रमादी नामको संवत्सर हो। यसको फल मध्यम वर्षा, जनता कुनै प्रकारले जीवित रहलान् र शासकवर्ग मात्सर्यले युक्त होलान् भन्ने हो। यस्तै वर्षफलमा मेघेश (मेघको स्वामी), सस्येश (वर्षा ॠतुका कृषि बालीको स्वामी), धान्येश (शरद् ॠतुका बालीको स्वामी), फलेश (फलफूलका स्वामी), रसेश (रस पदार्थका स्वामी), धनेश (धन एवं कोषका स्वामी) र तिनका फल दिइएका हुन्छन्। पात्रोमा वैशाखदेखि चैत्रसम्मका महिनाका शुभाशुभ फल पनि दिइएका हुन्छन्।

पात्रोको प्रारम्भिक खण्डमा प्रथम र दशम लग्नसारिणी पनि दिइएको हुन्छ। यसबाट प्रथम र दशम लग्न ल्याउन सहयोग पुग्छ।

पात्रोको प्रारम्भिक वा अन्तिम खण्डमा राशिफल, शनिको साडेसात र अढैया दशाफलका साथै साडेसातको दशामा गर्नुपर्ने पूजापाठका बारेमा पनि प्रकाश पारिएको हुन्छ। यसलाई सहजै बुझ्न सकिन्छ।

(३) मुख्य पञ्चाङ्ग खण्ड : यस खण्डमा हरेक वर्षको वैशाख १ गतेदेखि चैत्र मासान्तसम्मका गते, तिथि, बार, नक्षत्र, योग, करण, चन्द्रराशि, सूर्योदय, सूर्यास्त,

तारिख, ग्रहस्पष्ट, आदि दिइएको हुन्छ। यसलाई उदाहरणसहित बुझ्न सजिलो हुन्छ। यहाँ सूर्य पञ्चाङ्गका शुद्ध आश्विन शुक्ल(दुर्गा) पक्ष र कार्तिक शुक्लपक्षका दुई पृष्ठ दिइएका छन्। यसबाट हामीले पञ्चाङ्गका विभिन्न विषयवस्तुका बारेमा जानकारी लिन सक्दछौँ। पञ्चाङ्गका पाँच अङ्गहरू तिथि, बार, नक्षत्र, योग र करण हुन्। तिनको केही विस्तारपूर्वक यसपछिको पञ्चाङ्ग परिचय शीर्षकमा दिइएको छ।

मुख्य पञ्चाङ्ग (कुनै पनि पञ्चाङ्गको २०७७ सालको शुद्ध आश्विन शुक्ल पक्ष वा दुर्गापक्ष हेर्नुहोला) मा सबैभन्दा माथि सौरमानअनुसारको पक्ष दिइएको हुन्छ। यसमा चैत्र शुक्लपक्ष, चैत्र कृष्णपक्ष, वैशाख शुक्लपक्ष आदि दिइएको हुन्छ। त्यस्तै नेपाली पात्रोमा नेपाल संवत्का साथै नेपाल संवत्अनुसारका महिनाका नामहरू पनि दिइएका हुन्छन्। नेपाल संवत्को प्रारम्भका दिन काठमाडौँ उपत्यकाका साथै देशका अन्य स्थानमा बसोबास गर्ने विशेषगरी नेवार समुदायमा नववर्ष मनाउने चलन छ। कान्तिपुरका व्यापारी शङ्खधर साख्वा वा साखवालले वि.सं. ९३६ को कार्तिक शुक्ल प्रतिपदाका दिन नेपाल संवत्को प्रारम्भ गरेको मानिन्छ। कार्तिक शुक्ल पक्षलाई नेपाल संवत्को नाम अनुसार कछलाथ्व, त्यसपछि मङ्सिर कृष्णपक्षलाई कछलागा भनिन्छ। त्यस्तै नेपाल भाषाका अन्य महिनाका नामहरूमा थिंला, प्वँहेला, सिल्ला, चिल्ला, चौला, बछला, तछला, दिल्ला, गुंला, यंला, कौला र अनला (तीन वर्षमा एकपटक थपिने अधिक मास) हुन्। नेपाल संवत्को महिनाका अतिरिक्त पात्रोको माथिपट्टि उत्तरायण र दक्षिणायनका साथै वसन्त अदि ऋतुहरूको नाम दिइएको हुन्छ।

पञ्चाङ्गको माथिल्लो हरफमा पापर्क्षाणि वा पापभानि भनेर केही नक्षत्रहरूको नाम र केहीको नक्षत्र सङ्ख्यामा साङ्केतिक रूपमा दिइएको हुन्छ। यसको अर्थ पापग्रह बसेको वा पापग्रहबाट विद्ध नक्षत्र भन्ने हो। २०७७ को माघ कृष्णपक्षमा पापर्क्षाणि वा पापभानि भनेर १०, म, १७, ज्ये., उषा., अभि. ध. लेखिएको छ। यसबाट १० भन्नाले १० औँ नक्षत्र वा मघा, त्यसपछि पुनः मघा, त्यसपछि १७ भनेको अनुराधा नक्षत्र हो। तत्पश्चात् क्रमशः ज्येष्ठा, उत्तराषाढा, अभिजित, धनिष्ठा रहेको छन् भन्ने हो। यसलाई थप बुझ्नका लागि पञ्चाङ्गको यसै पानाको सबैभन्दा बायाँपट्टि माथि ग्रहचार/ उदयास्त भन्ने शीर्षकको विवरण हेर्नुपर्छ। यसमा २०७७ माघ १७ गते श्रवणमा सूर्य, २४ गते धनिष्ठामा सूर्य, १८ गते भरणीमा मङ्गल इत्यादि दिइएको छ। यहाँ पापग्रह भन्नाले सूर्य, मङ्गल, शनि, राहु र केतु मानिन्छन्। यी ग्रह रहेका नक्षत्र र यी ग्रह रहेका नक्षत्रबाट विद्ध (पञ्चशलाका तथा

सप्तशलाका चक्रअनुसार वेध भएका) नक्षत्रहरू हामीले पात्रो हेरेको मितिमा पर्न आएमा तिनलाई शुभ कर्मका लागि त्याग गर्नुपर्छ भन्ने हो । यहाँ पञ्चशलाका र सप्तशलाका चक्रबारे बुझ्नका लागि मुहूर्तचिन्तामणिको विवाहप्रकरणको ५६ र ५७ श्लोकको अध्ययन गर्नुपर्छ । यस्तो चक्र कतिपय पञ्चाङ्गमा पनि दिइएको हुन्छ। अब पापपक्षाणि निकाल्नेतर्फ लागौँ। पात्रोमा दिइने पापभानि वा पापपक्षाणिमा निकाल्दा पञ्चशलाका नक्षत्रको वेध भएमा नक्षत्रको नाम दिँदा साङ्केतिक रूपमा अक्षरमा दिइन्छ । जस्तै अश्विनीलाई अ, भरणीलाई भ पूर्वाफाल्गुनीलाई पूफा. इत्यादि लेखिन्छ भने सप्तशलाकाको वेध भएमा नक्षत्रको नाम अक्षरमा नदिई अश्विनी आदि नक्षत्रलाई क्रमशः १,२, ३ इत्यादि क्रमले दिइन्छ। यसमा अभिजितलाई पनि गणना गरिन्छ ।

अब मूल पञ्चाङ्गको विवरणतर्फ लागौँ। यस चित्र सं. २ मा देखाइएबमोजिम कार्तिक १ गतेदेखि १५ गतेसम्मको विवरण हेर्न सकिन्छ। यसको जानकारी लिएर पात्रोको अध्ययनं गर्दा पात्रोका लगभग वर्षभरिका विवरण थाहा पाउन सकिन्छ। पात्रोको मुख्य खण्डको कुनै पृष्ठमा हेरौँ । यसमा सुरुको कोलमबाट क्रमशः गते, बार, तिथि, घ.प.(घडीपला) र बजेसम्म दिइएको छ। गते र बारका बारेमा व्याख्या गर्नु आवश्यक छैन । तिथि शुक्ल पक्षको प्रतिपदा, द्वितीया, तृतीया आदि क्रमले दिइएको हुन्छ। प्रतिपदा जनाउन १, द्वितीया जनाउन २, तृतीया जनाउन ३ इत्यादि क्रमले पूर्णिमा जनाउन १५ अङ्क र औँसी तिथि जनाउन ३० अङ्क दिइएको हुन्छ। तिथिको अर्को कोलममा घडी पला दिइएको छ । त्यसपछिको अर्को कोलममा बजेसम्म पनि दिइएको छ। यसबाट कुन तिथि कति बजेसम्म छ भन्ने स्पष्ट बुझिन्छ। कसैले २०७७ सालको आश्विन शुक्ल पञ्चमी तिथिमा श्राद्ध गर्नुपर्ने रहेछ भने कुन दिन गर्नुपर्ला भनेर सोधेमा पात्रो हेर्दा कार्तिक ५ गते आश्विन शुक्ल पञ्चमी तिथि १४:५१ बजेसम्म रहेको देखिएकोले यसै दिन श्राद्ध गर्नु उपयुक्त देखिन्छ । तिथिबारे थप जानकारी यसपछिको तिथिसम्बन्धी शीर्षकमा दिइएको छ।

चित्र सं. २ को छैटौँ, सातौँ र आठौँ कोलममा क्रमशः न, घ.प. र बजेसम्म दिइएको छ। न भनेको नक्षत्र, घ.प. भनेको त्यस नक्षत्रको घडीपला र बजेसम्म भनेको त्यो नक्षत्र कति बजेसम्म रहन्छ भन्ने हो । त्यस चित्रमा चि., स्वा., वि. इत्यादि दिइएको छ जसबाट चित्रा, स्वाति, विशाखा इत्यादि बुझिन्छ । यसरी पात्रोमा २७ नक्षत्र दिइएका हुन्छन्। नक्षत्रको मध्यम मान ६० घडी (२४ घण्टा) हुन्छ

भने यसमा ५/६ घडीसम्म घटबढ हुन्छ। यसले गर्दा ६० घडीभन्दा कम मानका नक्षत्रको प्रारम्भ एउटा सूर्योदय हुने बित्तिकै भएर अर्को सूर्योदय हुनु अघि नै समाप्त हुन सक्छ। यस्तो अवस्थामा नक्षत्रको क्षय हुन्छ जसको नाम पात्रोमा आउँदैन। उदाहरणका लागि चित्र सं. ३ को पौषकृष्णपक्षको पात्रोको पानामा हेरौँ। त्यसमा पौष २८ गते मूल नक्षत्रको नाम दिइएको छ। त्यसपछि पूर्वाषाढा नक्षत्र त्यसैदिन सुरु भएर अर्को सूर्योदयअगाडि समाप्त भएकोले पात्रोमा त्यसको नाम दिइएको छैन। त्यस्तै ६० घडीभन्दा बढी हुने

चित्र सं. २ (पञ्चाङ्ग, २०७७ कार्तिक १ देखि १५ गतेसम्म

श्रीशाके १९४२ वि.सं. २०७७ शुद्ध आश्विन शुक्ल (दुर्गा) पक्षः (कौलाथ्व) ने.सं. ११४०, ई.सं. अक्टोबर २०२०, दक्षिणायन शरदृतु, प्रमादीनामसंवत्सरः, पापकर्तारि- वि.ज्ये.उषा.श.उभा.

	गते	वा.	ति.	घ.प.	बजे सम्म	न.	घ.प.	बजे सम्म	योग	घ.प.	क.	घ.प.	योगा	च.रा. (ब.से.)	दि.मा.	सू.उ.	सू.अ.	ता.	प्रवपर्व विवरण एवं भद्रा (प्रामाणिक समयमा)
	१	श.	१	४३.२८	२३.२१	चि.	२०.४६	१४.२४	वि.	४७.५८	किं	१६.२१	काण	तुला	२८.३३	६.६	१७.३१	17	कार्तिकसंक्रान्ति, मातामहश्राद्ध, घटस्थापना नवरात्रारम्भ (नलास्वने)
	२	आ.	२	३७.२८	२१.५	स्वा.	१६.३३	१२.४३	प्री.	४०.११	बा.	१०.२६	लुम्ब	२१.३१	२८.२९	६.६	१७.३०	18	चन्द्रोदय, त्रिपुष्कर १२.४३ देखि २१.५ बजेसम्म
प्र	३	सो.	३	३१.४४	१८.४८	वि.	१२.३२	११.७	आ.	३२.३७	तै.	४.३३ ११.२	मित्र	वृश्चिक	२८.२५	६.७	१७.२१	19	भ.२१.३४ बजेपछि ♕ वृश्चिकमा दृश्यसूर्य ९.४४ बजे
	४	मं.	४	२६.२७	१६.४२	अनु	८.५२	९.४०	सौ.	२५.२४	ब.	५४.२	वज्र	वृश्चिक	२८.२१	६.७	१७.२८	20	भ.१६.४२ बजेसम्म, मंगलचौथीव्रत ⌀ देवीविसर्जन, शमिदर्शन, (चाॅल)
	५	बु.	५	२१.४७	१४.५१	ज्ये.	५.४७	८.२७	शो.	१८.४२	कौ.	४९.४६	ध्वांक्ष	८.२७	२८.१८	६.८	१७.२७	21	उपाङ्ग ललितावत, पचली भैरवयात्रा
प्र	६	बि.	६	१७.५६	१३.११	मू.	३.२७	७.३१	अ.	१२.३७	ग.	४६.२३	धूम्र	धनु	२८.१४	६.९	१७.२६	22	विल्व निमन्त्रण, सरस्वतीको आवाहन ♥ संयुक्तराष्ट्रसंघ दिवस
	७	शु.	७	१५.४	१२.११	पू.षा.	२.१	६.५८	सु.	७.११	भ.	४४.३	प्रवर्द्ध	१२.५३	२८.१०	६.९	१७.२५	23	भ.१२.११ देखि २३.४६ बजेसम्म, फूलपाती, नवपत्रिका प्रवेश, ♕
	८	श.	८	१३.१८	११.२१	उ.षा.	१.३१	६.५०	धृ.	२.५२ ५९.२४	बा.	४२.५३	चर	मकर	२८.६	६.१०	१७.२४	24	अष्टमीव्रत, महाष्टमीव्रत, कालरात्रि, गोरखकालीपूजा, (कुलछिम्वय), ♥
	९	आ.	९	१२.४६	११.१७	श्र.	२.२८	७.१०	गं.	५६.५३	तै.	४३.०	गद	११.३१	२८.२	६.११	१७.२३	25	महानवमी, मन्वादि, बौद्धावतार, (स्याक्वत्याक्व), ध.प.प्रा. ११.३१ बजे
	१०	सो.	१०	१३.३१	११.३६	ध.	४.३२	८.०	वृ.	५५.२३	व.	४४.२४	शुभ	कुम्भ	२७.५८	६.११	१७.२३	26	भ.२३.५७ बजेपछि, विजयादशमी, दशैँको टीका, खड्गयात्रा, ⌀
	११	मं.	११	१५.३३	१२.२५	श.	७.४१	९.२०	ध्रु.	५४.४८	व.	४७.२	मृत्यु	२८.३८	२७.५५	६.१२	१७.२२	27	भ.१२.२५ बजेसम्म, पापाङ्कुशा एकादशीव्रत, अन्नपूर्णायात्रा, (असँचाल), ♠
प्र	१२	बु.	१२	१८.४७	१३.४३	पू.भा.	१२.१७	११.७	व्या.	५५.२	कौ.	५०.४८	पद्म	मीन	२७.५१	६.१३	१७.२१	28	प्रदोषव्रत ♠ (योत्तमतावियगु) कतिपून्हि (रातमहोत्सव-कृप्र)
	१३	बि.	१३	२३.१	१५.२५	उ.भा.	१७.४३	१३.१८	ह.	५५.५५	ग.	५५.२६	छत्र	मीन	२७.४७	६.१३	१७.२०	29	अर्घाखाँची सरायपर्व ♠ त्रिपुष्कर १२.२५ बजेपछि
	१४	शु.	१४	२७.५८	१७.२५	रे.	२३.५२	१५.४७	व.	५७.१२	भ.	६०.०	श्रीवत्स	१५.४७	२७.४४	६.१४	१७.१९	30	भ.१७.२५ बजेपछि, कोजाग्रतव्रत, अखिलबलिपूर्ति, (सिथ्या), ध.प.स.१५.४७ बजे
	१५	श.	१५	३३.१६	१९.३३	अश्वि.	३०.२२	१८.२३	सि.	५८.३७	भ.	०.३५	सौम्य	मेष	२७.४०	६.१५	१७.१९	31	भ.६.२१ बजेसम्म, पूर्णिमाव्रत, कार्तिकस्नान आकाशदीपदान आरम्भ, ♠

गते ग्रहचार/उदयास्त (बजे)
१ चित्रा ३ तुलामा सूर्य २१.१६
४ चित्रा ४ मा सूर्य २१.३६
८ स्वाती १ मा सूर्य १३.४५
११ स्वाती २ मा सूर्य २१.४५
१४ स्वाती ३ मा सूर्य २१.३६
१० पुनः कन्यामा बुध १२.२३
४ उषा १ मा गुरु १४.२७
३ उ.फा.मा शुक्र ११.४३
६ कन्यामा शुक्र १४.२१
१४ हस्तामा शुक्र २१.३१
१२ बुध पूर्वमा उदय १८.२२
१४ मार्गी बुध ११.२७

पञ्चक: चू६, १सू७, ४सू८, ८सू९, ११सू१०, १४सू११, मं८, श१, रा६के१२

विजयादशम्यां शमीदर्शनमन्त्रः–अमङ्गलानां शमनी शमनी दुष्कृतस्य च। दुःस्वप्ननाशिनीं धन्यां प्रपद्येऽहं शमीं शुभाम् ॥ आश्विनशुक्लद्वितीयायां चन्द्रदर्शनमन्त्रः- निष्कलङ्क कलाधार गङ्गाधर शिरोमणे। मुक्ताहारनिभाभास बालचन्द्र नमोऽस्तु ते॥ विजयादशम्यां प्रसादकरणे प्रयुक्तान्याशीर्वचनानि- स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु गोवाजिहस्तिधनधान्यसमृद्धिरस्तु। ऐश्वर्यमस्तु विजयोऽस्तु रिपुक्षयोऽस्तु सन्तानवृद्धिसहिता हरिभक्तिरस्तु॥ आयुर्द्रोणसुते श्रियो दशरथे शत्रुक्षयो राघवे। ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने॥ शौर्यं शान्तनवे बलं हलधरे सत्यञ्च कुन्तीसुते। विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे॥

मं.व.उ., बु.द.अ.१२.३.१८ना., बृ.मा.उ., शु.मा.उ., श.मा.उ.

ल	सू.	मं.	बु.	बृ.	शु.	श.	रा.
का	६	११	६	८	४	८	१
३	२	१४	४	२६	२६	२८	२७
ग	३	५३	४	३५	४१	१६	५३
२	१७	१२	५८	४४	१५	३५	५३
४१ ४४	५९ ४७	-१ ५	-१४ ३६	६ ३०	७१ ४८	२ २६	-३ ११

१सू७, १०बु६, ६शु६



ल	सू.	मं.	बु.	बृ.	शु.	श.	रा.
का	६	११	५	८	५	८	१
१०	९	१४	२९	२७	५	२८	२७
ग	२	६	५१	२५	१३	३६	३१
२	३५	५४	३७	४	४०	६	३८
४१ ३३	६० ३	२ ३	-२१ ४६	७ ३४	७२ २०	३ ८	-३ ११

चित्र सं. ३ (पञ्चाङ्ग, २०७७ पौष कृष्णपक्ष)

श्रीशाके १९४२ वि.सं. २०७७ **पौषकृष्णपक्ष:** (थिंल्लागा) ने.सं. ११४१, ई.सं. डिसेम्बर २०२० + जन

	गते	वा.	ति.	घ.प.	बजे सम्म	न.	घ.प.	बजे सम्म	योग	घ.प.	क.	घ.प.	योगा:	च.रा. (ब.सं.)	दि.मा.	सू.उ.	सू.अ.	ता.	
	१६	बि.	१	५:५७	९:१९	पुन.	३३:१०	२०:१२	ऐ.	२२:२	तै.	३६:१०	सिद्धि	१४:२	२५:५४	६:५६	१७:१८	31	क
	१७	शु.	२	६:३	९:२२	ति.	३४:९	२०:३६	वै.	१८:४९	व.	३५:३८	उत्पात	कर्कट	२५:५५	६:५६	१७:१८	1	भ
प्र.	१८	श.	३	४:५४	८:५४	अश्ले.	३३:५६	२०:३१	वि.	१४:३८	ब.	३३:५३	मानस	२०:३१	२५:५६	६:५७	१७:१९	2	भ
	१९	आ.	४	२:३५ ५९:१४	७:५९ ३०:३९	म.	३२:३८	२०:०	प्री.	९:३४	कौ.	३१:२	मुद्गर	सिंह	२५:५७	६:५७	१७:२०	3	
	२०	सो.	६	५५:०	२८:५७	पू.फा.	३०:२४	१९:७	आ.	३:४१ ५७:८	ग.	२७:१३	ध्वज	२४:५०	२५:५९	६:५७	१७:२१	4	भ
प्र.	२१	मं.	७	५०:४	२६:५९	उ.फा.	२७:२५	१७:५५	शो.	५०:१	भ.	२२:३६	धाता	कन्या	२६:०	६:५७	१७:२१	5	भ
	२२	बु.	८	४४:३७	२४:४८	ह.	२३:५०	१६:२९	अ.	४२:३०	बा.	१७:२३	आनन्द	२७:४३	२६:२	६:५७	१७:२२	6	बु
	२३	बि.	९	३८:५०	२२:२९	चि.	१९:५१	१४:५४	सु.	३४:४२	तै.	११:४५	चर	तुला	२६:३	६:५८	१७:२३	7	
	२४	शु.	१०	३२:५५	२०:८	स्वा.	१५:४१	१३:१४	धृ.	२६:४७	व.	५:५२ ५९:५८	गद	२९:५९	२६:५	६:५८	१७:२४	8	
	२५	श.	११	२७:६	१७:४८	वि.	११:३२	११:३५	शू.	१८:५६	कौ.	५४:१७	शुभ	वृश्चिक	२६:६	६:५८	१७:२४	9	
प्र.	२६	आ.	१२	२१:३५	१५:३६	अनु.	७:३७	१०:१	गं.	११:१८	ग.	४९:०	मृत्यु	वृश्चिक	२६:८	६:५८	१७:२५	10	
	२७	सो.	१३	१६:३३	१३:३५	ज्ये.	४:९	८:३७	वृ.	४:१ ५७:१६	भ.	४४:१७	पद्म	८:३७	२६:१०	६:५८	१७:२६	11	
	२८	मं.	१४	१२:१२	११:५१	मू.	१:१८ ५९:१५	७:२९ ३०:४०	व्या.	५१:८	च.	४०:२०	छत्र	धनु	२६:१२	६:५८	१७:२७	12	
	२९	बु.	३०	८:४२	१०:२७	उ.षा.	५८:१०	३०:१४	ह.	४५:४६	किं.	३७:१९	वज्र	१२:३१	२६:१४	६:५८	१७:२८	13	

नक्षत्रको प्रारम्भ कहिलेकाहिँ सूर्योदयभन्दा केही अर्थात् २/४ घडी अगाडिदेखि सुरु भएर अर्को सूर्योदय भएपछिसम्म रहन सक्छ। यस्तोमा २ दिनसम्म एउटै नक्षत्रको नाम पात्रोमा दिइन्छ। यसलाई चित्र संख्या ४ को २०७७ सालको पौषशुक्लपक्षको पानामा हेर्दा माघ ३ गते शतभिषा नक्षत्र अहोरात्र रहेको देखिन्छ। त्यसपछि भोलिपल्ट पनि शतभिषा नक्षत्र नै दिइएको छ। हाम्रा विभिन्न कर्महरू नक्षत्रका आधारमा गर्ने चलन छ। नक्षत्रका बारेमा "पञ्चाङ्ग परिचय" शीर्षकमा थप प्रकाश पारिएको छ।

पात्रोमा नक्षत्रपछि योग दिइएको हुन्छ। विष्कम्भादि र आनन्दादि गरी योग दुई प्रकारमा छन्। यसमा विष्कम्भादि योगको घडीपला पात्रोमा दिइएको हुन्छ। विष्कम्भादि योगको मध्यममान पनि ६० घडी नै हो। यसमा पनि केही समय घटबढ हुन्छ। नक्षत्रकै जस्तो योगमा पनि क्षय र वृद्धि हुन सक्छ। नक्षत्रकै जसरी योगका बारेमा पात्रोमा हेरेर बुझ्न सकिन्छ। आनन्दादि योगको गणना बार र नक्षत्रको संयोगका आधारमा गरिन्छ। योगका बारेमा पनि यसपछिको "पञ्चाङ्ग परिचय" शीर्षकमा थप प्रकाश पारिएको छ।

पात्रोमा करण पनि दिइएको हुन्छ। तिथिको आधा भागलाई करण भनिन्छ अर्थात् एक तिथिमा दुई करण हुन्छन्। बव, बालव आदि करणहरूको विवरण पात्रोमा दिइएको हुन्छ। करणको मान पात्रोमा घडीपलामा दिइएको हुन्छ।

चित्र सं. ४ (पञ्चाङ्ग, २०७७ पौष शुक्लपक्ष)

ख्रीशाके १९४२ वि.सं. २०७७ **पौषशुक्लपक्ष**: (पोहेलाथ्व) ने.सं. ११४१, ई.सं. जनवरी २०२१, उत्तर

	गते	वा.	ति.	घ.प.	बजे सम्म	न.	घ.प.	बजे सम्म	योग	घ.प.	क.	घ.प.	योगाः	च.रा. (ब.सं.)	दिमा.	सू.उ.	सू.अ.	ता.	
मा.	१	बि.	१	६:१२	९:२७	श्र.	५८:११	३०:१४	व.	४१:१६	बा.	३५:२३	ध्वांक्ष	मकर	२६:१६	६:५८	१७:२८	14	तोल
	२	शु.	२	४:५२	८:५४	ध.	५९:२४	३०:४४	सि.	३७:४३	तै.	३४:३९	धाता	१८:२५	२६:१९	६:५८	१७:२९	15	घ.पं.
प्र.	३	श.	३	४:४६	८:५२	श.	अहोरात्र	अहोरात्र	व्य.	३५:९	व.	३५:१३	आनन्द	कुम्भ	२६:२१	६:५८	१७:३०	16	भ.२
	४	आ.	४	५:५९	९:२१	श.	१:५३	७:४३	व.	३३:३५	ब.	३७:४	राक्षस	२६:४७	२६:२३	६:५८	१७:३१	17	भ.९
	५	सो.	५	८:२८	१०:२०	पू.भा.	५:३५	९:१२	प.	३२:५७	कौ.	४०:८	मुशल	मीन	२६:२६	६:५७	१७:३२	18	♥श
प्र.	६	मं.	६	१२:६	११:४८	उ.भा.	१०:२४	११:७	शि.	३३:८	ग.	४४:१७	सिद्धि	मीन	२६:२८	६:५७	१७:३३	19	कुम्भ
	७	बु.	७	१६:४१	१३:३७	रे.	१६:८	१३:२४	सि.	३३:५८	भ.	४९:१४	उत्पात	१३:२४	२६:३१	६:५७	१७:३३	20	भ.१
	८	बि.	८	२१:५५	१५:४३	अश्वि.	२२:२८	१५:५६	सा.	३५:१२	बा.	५४:३८	मानस	मेष	२६:३४	६:५७	१७:३४	21	अष्ट
	९	शु.	९	२७:२३	१७:५४	भ.	२९:२	१८:३३	शु.	३६:३४	तै.	६०:०	मुद्गर	२५:१२	२६:३६	६:५७	१७:३५	22	वे
	१०	श.	१०	३२:३८	२०:०	कृ.	३५:२३	२१:६	शु.	३७:४२	तै.	०:४	ध्वज	वृष	२६:३९	६:५६	१७:३६	23	
	११	आ.	११	३७:१७	२१:५१	रो.	४१:९	२३:२३	ब्र.	३८:२३	व.	५:४	धाता	वृष	२६:४२	६:५६	१७:३७	24	भ.८
प्र.	१२	सो.	१२	४०:५९	२३:१९	मृ.	४६:०	२५:२०	ऐ.	३८:२१	ब.	९:१६	आनन्द	१२:२५	२६:४५	६:५६	१७:३८	25	मुरु
	१३	मं.	१३	४३:३३	२४:२१	आ.	४९:४५	२६:४९	वै.	३७:२९	कौ.	१२:२६	चर	मिथुन	२६:४८	६:५५	१७:३८	26	प्रदो
	१४	बु.	१४	४४:५१	२४:५१	पुन.	५२:१७	२७:५०	वि.	३५:३९	ग.	१४:२२	गद	२१:३८	२६:५१	६:५५	१७:३९	27	भ.२
	१५	बि.	१५	४४:५१	२४:५१	ति.	५३:३४	२८:२०	प्री.	३२:४९	भ.	१५:१	शुभ	कर्कट	२६:५४	६:५४	१७:४०	28	भ.९

पात्रोमा चन्द्रमाको राशि दिइएको पाइन्छ। चित्र सं. २ को शुद्ध आश्विन शुक्लपक्षको पानामा हेर्दा यसबारे स्पष्ट हुन्छ। यसमा आनन्दादि योगपछिको कोलममा(पछाडिबाट पाँचौँ कोलम) चं. रा.(ब.सं.) भन्ने दिइएको छ। यसको अर्थ चन्द्रराशि बजेसम्म भन्ने हो। यसमा हेर्दा २०७७ सालको कार्तिक १ गतेको विवरणमा तुला लेखिएको छ। भोलिपल्ट २ गतेकोमा २९:३१ लेखिएको छ। यसको अर्थ चन्द्रमा १ गते तुलामा छ र २ गतेको राति सकिएर ३ गतेको बिहान सूर्योदयअघि ५:३१ बजेसम्म(२९:३१ बजे भनेको रातिको १२ बजेलाई २४ बजे र त्यसपछिको समयलाई क्रमशः २५,२६,२७,२८,२९ लेख्ने चलन छ) तुलामा नै रहन्छ भन्ने बुझ्नुपर्छ। त्यसपछि चन्द्रमा वृश्चिक राशिमा पुगेर कार्तिक ५ गते विहान ८:२७ बजेसम्म वृश्चिक राशिमा नै रहन्छ भन्ने हो। यसरी चन्द्रमा कुन दिन कति बजेसम्म कुन राशिमा छ भन्ने जान्न सकिन्छ।

पात्रोमा दिनमान र सूर्योदय पनि दिइएको हुन्छ। त्यसैगरी पहिलेका पञ्चाङ्गमा सूर्यास्त समय दिइँदैनथ्यो भने हाल सूर्यास्त पनि दिन थालिएको पाइन्छ। दिनमान, सूर्योदय र सूर्यास्तलाई क्रमशः सङ्क्षिप्त रूपमा दि.मा, सू.उ., सू.अ लेख्ने गरिन्छ। दिनमान भन्नाले सूर्योदयदेखि सूर्यास्तसम्मको मान हो जुन पात्रोमा घडीपलामा दिइएको हुन्छ। चित्र सं. २ मा हेर्दा कार्तिक १ गते दिनमान २८:३३ लेखिएको छ। यसको अर्थ त्यो दिन २८ घडी ३३ पला दिनमान हो भन्ने बुझिन्छ। २ घडी ३० पलाको एक घण्टा हुन्छ। त्यसैले दिनमान २८ घडी ३३ पलालाई घण्टा मिनेटमा परिवर्तन गर्दा ११ घण्टा २५ मिनेट हुन्छ। कार्तिक १ गतेको सूर्योदय विहान ६:६ मा भएको देखाइएको छ। यसमा ११ घण्टा २५ मिनेट जोड्दा १७:३१ हुन्छ। त्यस दिनको सूर्यास्त १७:३१ बजे देखाइएको छ। अतः घण्टा र मिनेटवाला दिनमानलाई सूर्योदयमा जोड्दा सूर्यास्तको समय निस्कन्छ । पात्रोको प्रत्येक पानाको अगाडि "प्र" लेखिएको हुन्छ, त्यसको अर्थ प्रदोष हो। यसमा तृतीया, षष्ठी र द्वादशी तिथिको प्रदोष जनाउन "प्र" लेखिएको हो।

पात्रोमा व्रतपर्व, भद्रा आदि पनि दिइएको हुन्छ। यसमा भ. भनेको भद्रा हो जुन कति बजेदेखि कति बजेसम्म रहन्छ भन्ने दिइएको हुन्छ। भद्रामा शुभकर्म प्रारम्भ गरिँदैन। नेवारीलगायत अन्य समुदायका कतिपय पर्वहरूका बारेमा पनि पात्रोमा दिइएको हुन्छ। पात्रोको सबैभन्दा बायाँपट्टि ग्रहचार उदयास्तको विवरण गते र बजेसम्म दिइएको हुन्छ। चित्र सं. २ को सबैभन्दा दायाँतर्फको बक्समा हेर्दा कार्तिक १ गते चित्रा ३ तुलामा सूर्य, कार्तिक ३ गते उ.फा. मा शुक्र, कार्तिक ६ गते कन्यामा शुक्र, कार्तिक १२ गते बुध पूर्वमा उदय, कार्तिक १४ गते मार्गी बुध इत्यादि दिइएको पाइन्छ। यसकै तल पापांशा भन्ने दिइएको हुन्छ। यसको अर्थ पापग्रह रहेको नक्षत्र भन्ने हो। यसमा पापग्रहहरू सूर्य, मङ्गल, शनि, राहु र केतु रहेका नक्षत्रहरू दिइएका हुन्छन्। यस्ता नक्षत्रमा शुभ कर्म गर्नु हुँदैन भन्ने ज्योतिषीय मान्यता छ। यसका लागि मुख्य रूपमा नवमांश गणना पद्धति र नक्षत्रको चरणबारे पनि बुझ्नु पर्दछ। उदाहरणका लागि चित्र सं. ३ मा दिइएको २०७७ सालको पौष कृष्णपक्षको पात्रो हेरौँ। त्यहाँ राहु ५, केतु ११, शनि ११, मङ्गल १, १७ सूर्य ६, २० सूर्य ७, २१ मङ्गल २, २३ सूर्य ८, २७ सूर्य ९, २८ मङ्गल ३, २९ रा ४ के १० लेखिएको छ। यसलाई स्पष्ट रूपमा बुझ्नका लागि नवमांश निकाल्ने तरिकाबारे तालिका नं. ११ बाट हेर्न सकिन्छ भने नक्षत्र चरणलाई निम्नानुसारको तालिका नं. १ को सहयोगले बुझ्न सकिन्छ :

तालिका सं. १ : पापांश निकाल्नका लागि नक्षत्र चरणबोधक चक्र

नक्षत्र	नक्षत्र चरण			
	पहिलो	दोस्रो	तेस्रो	चौथो
अश्विनी	१	२	३	४
भरणी	५	६	७	८
कृत्तिका	९	१०	११	१२
रोहिणी	१	२	३	४
मृगशिरा	५	६	७	८
आर्द्रा	९	१०	११	१२
पुनर्वसु	१	२	३	४
पुष्य	५	६	७	८
अश्लेषा	९	१०	११	१२
मघा	१	२	३	४
पूर्वाफाल्गुनी	५	६	७	८
उत्तराफाल्गुनी	९	१०	११	१२
हस्ता	१	२	३	४
चित्रा	५	६	७	८
स्वाती	९	१०	११	१२
विशाखा	१	२	३	४
अनुराधा	५	६	७	८
ज्येष्ठा	९	१०	११	१२
मूलम्	१	२	३	४
पूर्वाषाढा	५	६	७	८
उत्तराषाढा	९	१०	११	१२
श्रवण	१	२	३	४
धनिष्ठा	५	६	७	८
शतभिषा	९	१०	११	१२
पूर्वभाद्रपदा	१	२	३	४
उत्तरभाद्रपदा	५	६	७	८
रेवती	९	१०	११	१२

उक्त पापांशाको उदाहरणबाट अवगत गरौँ। सर्वप्रथम राहु ५ र केतु ११ बुझ्नका लागि २०७७ कार्तिक २६ गते बिहान सूर्योदय कालको राहु स्पष्ट हेर्नुपर्छ। यसमा राहु १।२६।४२।५७ छ। यसको अर्थ यसै दिन वक्र गतिबाट राहु घट्दै आएर वृष राशिको २६ अंश ४० कलामा पुग्दछ भन्ने हो। जुन नवमांश चक्रअनुसार मृगशिराको पहिलो पाउ हो। अब उक्त चक्रमा हेर्दा मृगशिराको पहिलो पाउमा ५ लेखिएको छ। अतः पात्रोमा राहु ५ लेखिएको हो। त्यस्तै केतु ज्येष्ठा ३ मा छ। उक्त चक्रमा ज्येष्ठा ३ मा ११ लेखिएकोले पात्रोमा केतु ११ लेखियो। २०७७ साल पुसको २९ गते बिहान ६ बजेको ग्रहस्पष्टमा राहु १।२३।२२।२६ भएकोले त्यसै दिन राहु वृषको २३ अंश २० कलामा आइपुग्छ भन्ने हो। यसअनुसार राहु मृगशिराको पहिलो पाउबाट वक्र गति हुँदै रोहिणीको चौथो पाउमा पुग्दछ। उक्त चक्रमा रोहिणीको चौथो पाउमा हेर्दा ४ लेखिएको छ। त्यसैले २९ गते राहु रोहिणीको चौथो पाउमा आएको जनाउन पात्रोमा रोहिणी ४ लेखियो। २०७७ पौष २२ गते बिहान सूर्योदय कालको मङ्गल ग्रह स्पष्ट हेर्दा ०।३।१९।३१ देखिन्छ। त्यसैले मङ्गल मेषको ३ अंश १९ कलामा देखियो। त्यसलगत्तै मङ्गल ३ अंश २० कलामा पुग्दछ। यसलाई पात्रोको विवरणमा २१ गतेको अन्तिम तिर अर्थात् २२ गतेको सूर्योदय हुनुभन्दा केही मिनेट अघि मङ्गल अश्विनीको दोस्रो पाउमा पुगेको देखाइएको छ। यसलाई नक्षत्रको उक्त तालिकामा हेर्दा अश्विनीको दोस्रो पाउमा २ अङ्क लेखिएकोले २१ गते मङ्गल २ लेखिएको हो। यस्तै सूर्य, शनि, केतु ग्रहका पनि पापांशहरू पत्ता लगाउन सकिन्छ।

पात्रोको पानाको सबैभन्दा पुछारमा विभिन्न मन्त्रहरू दिइएका हुन्छन्। यसमा चाडपर्व र व्रतपर्व विशेषका मन्त्रहरू दिइएका हुन्छन्। त्यस्तै यसमा ग्रहहरूको वक्री, मार्गी, उदय, अस्त इत्यादि विवरण पनि दिइन्छ। यसलाई साङ्केतिक रूपमा व.मा., उ.अ., भनेर दिइएको हुन्छ। त्यसैगरी पात्रोमा साप्ताहिक ग्रहस्पष्ट र त्यसको कुण्डली पनि दिइएको हुन्छ। यसमा चन्द्रमाको विवरण दिइँदैन। चन्द्रमाको राशि परिवर्तन लगभग साडे दुई दिनमा हुने हुँदा यसमा नदिइएको हो।

(४) पञ्चाङ्गको अन्तिम खण्ड: यस खण्डमा पञ्चाङ्गको प्रारम्भिक खण्डमा जस्तै उपयोगी विवरण दिइएका हुन्छन्। सूर्य पञ्चाङ्गको अन्तिम खण्डको सुरुमा सर्वार्थसिद्धि योग दिइएको छ। यस्ता योगमा गरेको काम सफल हुन्छ भन्ने शास्त्रीय मान्यता छ। निश्चित बार र नक्षत्रको संयोगबाट सर्वार्थसिद्धि योग निकाल्न सकिन्छ। उदाहरणका लागि २०७७ सालको कार्तिक ८ गते बिहान ६:५० बजेपछि सर्वार्थसिद्धि योग दिइएको छ। चित्र सं. २ मा हेर्दा उक्त दिन शनिबार रहेको र

बिहान ६:५० बजेसम्म उत्तराषाढा नक्षत्र रहेको र त्यसपछि त्यो दिनरात पूरै श्रवण नक्षत्र रहेको छ। शनिबार श्रवण, रोहिणी र स्वाति नक्षत्र परेमा सर्वार्थसिद्धि योग हुन्छ भन्ने बताइएको छ। यसैअनुसार शनिबार बिहान ६:५० देखि सर्वार्थसिद्धि योग भयो। यसबारे थप जानकारीका लागि मुहूर्त चिन्तामणिको शुभाशुभ प्रकरणको श्लोक २८ र २९ हेर्न सकिन्छ।

हालका पञ्चाङ्गहरूमा दैनिक लग्न र सूर्योदयकालिक वा बिहान ६ बजेको ग्रहस्पष्ट पनि दिइएको हुन्छ। उदाहरणका लागि नेसंविको पञ्चाङ्गको मूल पञ्चाङ्गवाला पानामा नै ग्रहस्पष्ट र लग्नसमाप्तिकाल दिइएको छ। सूर्यपञ्चाङ्गमा यसबारे मूल पञ्चाङ्गको समाप्तिपछि दिइएको छ। उदाहरणका लागि यसपछिको चित्र सं. ५ मा हेर्दा प्रत्येक दिनको लग्न समाप्तिकाल पत्ता लगाउन सकिन्छ। त्यस्तै उदयकालिक दैनिक ग्रहस्पष्ट पनि सगैँ दिइएको छ (हेर्नुहोस् चित्र सं. ६)।

चित्र सं. ५ (लग्न समाप्तिकाल, नेसंवि पञ्चाङ्ग २०७७ चैत्र १६ देखि चैत्र ३० गतेसम्म

दैनिक-लग्न-समाप्ति-काल-बोधक-तालिका

तिथिः	१ सो.		२ म.		३ बु.		४ बृ.		५ शु.		६ श.		७ आ.		८ सो.		९ मं.		११ बु.		१२ बृ.		१३ शु.		१४ श.		१४ आ.		३० सो.	
लग्नम्	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि	घं	मि
मीनः	६	४२	६	३८	६	३४	६	३१	६	२७	६	२३	६	१९	६	१५	६	११	६	७	६	३	५	५९	५	५५	५	५१	५	४७
मेषः	८	१९	८	१५	८	११	८	७	८	३	७	५९	७	५५	७	५१	७	४७	७	४३	७	३९	७	३५	७	३२	७	२८	७	२४
वृषः	१०	१५	१०	११	१०	७	१०	३	९	५९	९	५६	९	५२	९	४८	९	४४	९	४०	९	३६	९	३२	९	२८	९	२४	९	२०
मिथुनः	१२	३०	१२	२६	१२	२२	१२	१८	१२	१४	१२	१०	१२	७	१२	३	११	५९	११	५५	११	५१	११	४७	११	४३	११	३९	११	३५
कर्कटः	१४	५०	१४	४६	१४	४२	१४	३८	१४	३४	१४	३१	१४	२७	१४	२३	१४	१९	१४	१५	१४	११	१४	७	१४	३	१३	५९	१३	५५
सिंहः	१७	७	१७	३	१६	५९	१६	५५	१६	५१	१६	४७	१६	४३	१६	३९	१६	३६	१६	३२	१६	२८	१६	२४	१६	२०	१६	१६	१६	१२
कन्या	१९	२३	१९	१९	१९	१५	१९	११	१९	७	१९	३	१८	५९	१८	५५	१८	५१	१८	४७	१८	४३	१८	३९	१८	३५	१८	३१	१८	२८
तुला	२१	४२	२१	३८	२१	३४	२१	३०	२१	२६	२१	२२	२१	१८	२१	१४	२१	१०	२१	६	२१	२	२०	५८	२०	५४	२०	५०	२०	४६
वृश्चिकः	२४	०	२३	५६	२३	५२	२३	४८	२३	४४	२३	४०	२३	३६	२३	३२	२३	२८	२३	२४	२३	२१	२३	१७	२३	१३	२३	९	२३	५
धनुः	२	४	२	०	१	५६	१	५२	१	४९	१	४५	१	४१	१	३७	१	३३	१	२९	१	२५	१	२१	१	१७	१	१३	१	९
मकरः	३	४८	३	४४	३	४०	३	३६	३	३२	३	२८	३	२४	३	२०	३	१६	३	१२	३	८	३	४	३	०	२	५६	२	५२
कुम्भः	५	१६	५	१२	५	८	५	४	५	०	४	५७	४	५३	४	४९	४	४५	४	४१	४	३७	४	३३	४	२९	४	२५	४	२१

चित्र सं. ६ (प्रातः ६ बजेको दैनिक ग्रहस्पष्ट, नेसंवि पञ्चाङ्ग २०७७ चैत्र १६ देखि चैत्र ३० गतेसम्म)

प्रातः ६ वादनसमयस्य दैनिकस्पष्टग्रहाः । तत्र दिनद्वयान्तररूपा गतिश्च ।

ति.	वा.	चन्द्रः				भौमः				बुधः				गुरुः				शुक्रः				शनिः				राहुः			
१	सो.	५	१६	५६	४२	१	१९	९	१	११	०	२	२४	९	२९	५२	१६	११	१६	२६	५४	९	१४	१९	३९	१	१९	२४	६
२	मं.	६	१	६	१७	१	१९	४५	४	११	१	५१	२२	१०	०	४	४४	११	१७	४१	४१	९	१४	२४	३४	१	१९	२०	५५
३	बु.	६	१५	२२	३७	१	२०	२१	८	११	३	४०	५५	१०	०	१७	७	११	१८	५६	२६	९	१४	२९	२५	१	१९	१७	४४
४	बृ.	६	२९	४२	२१	१	२०	५७	१५	११	५	३१	०	१०	०	२९	२६	११	२०	११	१०	९	१४	३४	११	१	१९	१४	३३
५	शु.	७	१४	१	३३	१	२१	३३	२३	११	७	२१	३३	१०	०	४१	४१	११	२१	२५	५३	९	१४	३८	५२	१	१९	११	२३
६	श.	७	२८	१६	३०	१	२२	९	३३	११	९	१२	३२	१०	०	५३	५०	११	२२	४०	३४	९	१४	४३	२८	१	१९	८	१२
७	आ	८	१२	२३	५५	१	२२	४५	४४	११	११	३	५३	१०	१	५	५५	११	२३	५५	१३	९	१४	४८	०	१	१९	५	१
८	सो	८	२६	२०	५८	१	२३	२१	५८	११	१२	५५	३३	१०	१	१७	५५	११	२५	९	५१	९	१४	५२	२७	१	१९	१	५०
९	मं.	९	१०	५	२०	१	२३	५८	१२	११	१४	४७	३०	१०	१	२९	५०	११	२६	२४	२८	९	१४	५६	४९	१	१८	५८	३९
११	बु.	९	२३	३५	२१	१	२४	३४	२८	११	१६	३९	४०	१०	१	४१	४०	११	२७	३९	३	९	१५	१	७	१	१८	५५	२८
१२	बृ.	१०	६	५०	२	१	२५	१०	४६	११	१८	३२	१	१०	१	५३	२५	११	२८	५३	३६	९	१५	५	१९	१	१८	५२	१८
१३	शु.	१०	१९	४९	११	१	२५	४७	५	११	२०	२४	२७	१०	२	५	४	०	०	८	८	९	१५	९	२६	१	१८	४९	७
१४	श.	११	२	३३	२२	१	२६	२३	२५	११	२२	१६	५५	१०	२	१६	३८	०	१	२२	३९	९	१५	१३	२८	१	१८	४५	५६
१४	आ	११	१५	३	५४	१	२६	५९	४७	११	२४	९	२१	१०	२	२८	६	०	२	३७	७	९	१५	१७	२५	१	१८	४२	४५
३०	सो.	११	२७	२२	४६	१	२७	३६	१०	११	२६	१	४३	१०	२	३९	२९	०	३	५१	३५	९	१५	२१	१७	१	१८	३९	३४

पात्रोको अन्तिम खण्डमा सालभरको समयशुद्धिका साथै व्रतबन्ध र विवाह मुहूर्त पनि दिइएको हुन्छ। समयशुद्धिमा गुरु र शुक्रको अस्त भएको समय दिइन्छ। त्यस्तो समय र अस्त हुनुअघिका तथा उदय भएपछिका केही दिन बाल्यत्व र वृद्धत्वमा रहन्छन्। त्यस्ता दिनमा शुभकर्म गर्न हुँदैन भन्ने शास्त्रीय वचन छ। त्यस्ता दिनलाई छलेर अन्य शुभ समयमा व्रतबन्ध र विवाह मुहूर्त दिइएका हुन्छन्। त्यस्तै विवाहसम्बन्धी अन्य विशेष विवरणहरू पनि पात्रोका सुरु वा अन्तिम खण्डमा दिइएका हुन्छन्। पात्रोमा सम्बन्धित वर्षभरिका सूर्य एवं चन्द्र ग्रहण विवरण र ग्रहणका शुभाशुभ फलबारे पनि दिइएका हुन्छन्।

सूर्य पञ्चाङ्गमा जन्मकालीन विविध अशुभताको शान्तिको विधि पनि दिइएको छ। यसमा अमावास्या वा औँसी, कृष्णपक्षको चतुर्दशी, भद्रा, व्यतीपात, तिथिक्षय यमघण्टक, एकनक्षत्रजनन आदिको शान्तिका सङ्क्षिप्त विधि दिइएको छ।

पञ्चाङ्गमा सूर्यादि नवग्रहका यन्त्र, मन्त्र, दान गर्ने वस्तु, रत्न आदिको विवरण दिइएको हुन्छ। मङ्गला, पिङ्गला आदि अष्ट योगिनीका मन्त्रहरू पात्रामा हेर्न सकिन्छ। यात्रा र पशु सार्नेलगायतका मुहूर्तका साथै यसका लागि आवश्यक अन्य कार्यको जानकारीमूलक विवरण पनि पात्रोमा दिइएका हुन्छन्। त्यस्तै हवन, रुद्री जुराउने, पुराणश्रवण गर्ने, घरको जग राख्ने, गृहप्रवेश इत्यादि विवरण पनि पात्रोमा उपलब्ध छन्। पात्रोमा अन्नप्राशन, गृहारम्भ, व्यापारारम्भ, गृहप्रवेश, वास्तु, पशु स्थानान्तरण, गाईवस्तु किनबेच, खोप लगाउने इत्यादि मुहुर्तहरू दिइएका छन् । यस्ता अनेक व्यवहारोपयोगी मुहूर्तबारे थप जानकारी लिनका लागि मुहूर्तचिन्तामणि, मुहूर्तमार्तण्ड, बृहज्ज्यौतिषसार आदि ग्रन्थहरूको अध्ययनका साथै अनुभवी ज्योतिषी एवं धर्मशास्त्रीको सहयोग लिनुपर्दछ।

१.३ इन्टरनेटबाट विश्वभरका पञ्चाङ्ग हेर्ने तरिका

हाल इन्टरनेटमा अनेक पाठ्यसामग्री प्राप्त हुन्छन्। त्यस्ता सामग्री प्रयोग गर्ने विधिबारे जानकारी लिन सकेमा फाइदा पुग्छ। हाल ज्योतिषका क्षेत्रमा पनि त्यस्ता उपयोगी सामग्री राखिएका छन् । ज्योतिषीका लागि सबैभन्दा उपयोगी सामग्री पञ्चाङ्ग हो । हाल नेपालीहरू कामकाजका सिलसिलामा विश्वभर छरिएर रहेका छन्। यस्तो अवस्थामा ज्योतिषीलाई कसैले अमेरिकाको न्यूयोर्कमा २०७७ सालको विजया दशमीको टीका कहिले पर्छ भनेर सोधेमा नेपालको पञ्चाङ्ग पल्टाएर नेपाल र न्यूयोर्कको समयान्तर गरेर यो दिन गर्ने भन्ने निर्णय दिने गर्दछन्। तर कुनै समयमा यसमा फरक पर्न जान्छ । यस्ता अनेक व्यावहारिक समस्या समाधानका लागि इन्टरनेटका माध्यमबाट पात्रो हेर्ने तरिका थाहा पाउनुपर्छ। यस्ता सामग्री इन्टरनेटको सुविधायुक्त कम्प्युटर वा मोबाइबाट हेर्न सकिन्छ। इन्टरनेटमा अनेक पञ्चाङ्ग दिइएका हुन्छन् । तीमध्ये विश्वभरलाई कामलाग्ने गरी दिइएको एउटा पञ्चाङ्गको नाम हो द्रिक पञ्चाङ्ग (Drik Panchang)। यो पञ्चाङ्ग हेर्नका लागि निम्नानुसारको विधि अपनाउनु पर्छ।

१.३.१ इन्टरनेटबाट द्रिक पञ्चाङ्ग हेर्ने तरिका

(१) सर्वप्रथम गूगल वा अन्य कुनै माध्यमबाट Drik Panchang टाइप गरी सर्च गर्ने ।

(२) सुरुमा यो पञ्चाङ्ग अङ्ग्रेजी भाषामा खुल्न सक्छ । यसैबाट हेर्दा पनि हुन्छ। यदि देवनागरी लिपिमा हिन्दीमा पञ्चाङ्ग हेर्न सहज हुनेले पञ्चाङ्गको

सिरानमा बिचबाट केही दायाँतर्फ अङ्ग्रेजीमा En लेखेको हुन्छ त्यसको अर्थ त्यो पञ्चाङ्ग अङ्ग्रेजीमा खुलेको छ भन्ने हो। अब त्यसमा क्लिक गरेपछि तलतिर देवनागरी लिपिमा **हिं** अक्षर आउँछ। त्यसलाई क्लिक गर्ने। त्यसपछि यहाँको पञ्चाङ्ग देवनागरी लिपिमा हिन्दीमा हेर्न सकिन्छ। त्यसपछि पञ्चाङ्गको सिरानको दोस्रो लाइनमा होम, पञ्चाङ्ग, कैलेण्डर इत्यादि लेखिएको देखिन्छ। त्यसमध्ये होमपछिको पञ्चाङ्ग भन्ने स्थानमा जाने। त्यहाँबाट नयाँ बक्स खुल्छ। त्यसको तेस्रो कोलममा नेपाली पञ्चाङ्ग भन्ने स्थानमा गएर क्लिक गर्ने। अब यहाँले हेर्ने पञ्चाङ्ग नेपालीमा खुल्छ।

(३) सुरुमा यहाँले जुन ठाउँबाट पञ्चाङ्ग खोलेको हो त्यस ठाउँको र जुन मितिमा खोलेको हो त्यस मितिको पञ्चाङ्ग देखिन सक्छ। अथवा सुरुमा उज्जैन भारतको पञ्चाङ्ग आउन सक्छ। अब यसबाट यहाँलाई चाहिएको स्थानको पञ्चाङ्ग निकाल्नका लागि पञ्चाङ्गको पृष्ठको सिरानमा बायाँतर्फ ठाउँको नाम दिइएको हुन्छ। त्यसलाई चाहेको स्थानमा बदल्न सकिन्छ। यसका लागि त्यहाँ क्लिक गरेपछि शहर खोज्नुहोस् भन्ने लेखिएको नयाँ बक्स खुल्छ। त्यसमा यहाँले चाहेको प्रसिद्ध शहर वा त्यो नभेटिएमा त्यस नजिकको शहरको नाम टाइप गर्नुपर्छ। त्यसपछि बक्सले नै शहरको नाम र देशको झण्डा पनि दिन्छ। त्यसमा क्लिक गरेपछि सम्बन्धित ठाउँको पञ्चाङ्ग हेर्न सकिन्छ। उदाहरणका लागि यहाँलाई न्यूयोर्क सिंटीको पञ्चाङ्ग हेर्नुपरेमा त्यस बक्समा अङ्ग्रेजीमा New York City टाइप गरेर त्यसलाई छान्नुपर्छ। त्यस्तै काठमाडौँ, पोखरा, बिराटनगर आदि स्थानका पञ्चाङ्ग हेर्न सकिन्छ।

(४) पञ्चाङ्गको पनि चाहिएको दिनको विस्तृत विवरण हेर्नुपरेमा कसरी हेर्ने भन्ने कुराको समाधान पनि छ। यसका लागि पञ्चाङ्गको सिरानको केही तल मिति परिवर्तन भन्ने स्थानमा क्लिक गर्ने। त्यसपछि नयाँ बक्समा मिति लेखिएको आउँछ। त्यहाँबाट ग्रेगोरियन बेस छान्नुहोस् वा सौर पात्रो चयन गर्नुहोस् भन्ने विकल्प दिन्छ। हामीले ग्रेगोरियनअनुसार छान्ने भनेको इस्वी सन्‌को हो भने सौर पात्रो भन्नाले विक्रम संवत्‌को नेपाली मिति छान्ने हो। त्यसपछि चाहेको दिनको विस्तृत पञ्चाङ्ग हेर्न सकिन्छ। उदाहरणका लागि हामीले पहिले खोजेको सहरअनुसार न्यूयोर्कको नै पञ्चाङ्ग खोजौँ। यसमा सौर पात्रो चयन गरेर २०७७ कार्तिक ९ गते छनोट गरी जानुहोस् भन्ने

स्थानमा क्लिक गर्दा २०७७ साल कार्तिक ९ गते आइबार न्यूयोर्कमा विजया दशमी पर्व भएको स्पष्ट हुन्छ। यसअनुसार नेपालमा २०७७ कार्तिक १० गते दशमी तिथि हुँदा न्यूयोर्कमा त्यसको १ दिन अघि कार्तिक ९ गते नै दशमी तिथि भएको देखियो । यसरी दृक् सिद्धान्तअनुसारको पञ्चाङ्ग हेरेर विश्वका विभिन्न स्थानमा प्रारम्भ हुने हिन्दु परम्परागत तिथि, चाडपर्वलगायतका विवरणबारे जानकारी लिन सकिन्छ।

१.४ पञ्चाङ्ग परिचय

पात्रोमा विशेषगरी तिथि, बार, नक्षत्र, योग र करण गरी पाँच अङ्ग समावेश गरिने भएकोले यसलाई पञ्चाङ्ग भन्ने गरिन्छ। पात्रोको प्रारम्भिक परिचय यसअघि गरिएकोमा यहाँ पञ्चाङ्गका बारेमा केही विस्तृत रूपमा प्रकाश पारिएको छ।

१.४.१ तिथि

तिथिको निर्धारण सूर्य र चन्द्रको अंशात्मक अन्तरका आधारमा हुन्छ। औंसी तिथिमा सूर्य र चन्द्र एउटै राशि र अंशमा हुन्छन्। सूर्यभन्दा चन्द्र शीघ्रगामी हुने हुँदा जब दुवैको अन्तर १२ अंश हुन्छ तब शुक्ल प्रतिपदा तिथि हुन्छ। यसैक्रमले १२/१२ अंशको अन्तर हुँदै जब १८० अंशमा चन्द्र पुग्दा पूर्णिमा तिथि हुन्छ। त्यसपछि दुवैको अन्तर घट्दै आउँछ। घट्ने क्रम कृष्णपक्ष र बढ्ने क्रम शुक्लपक्ष हो। यसरी शुक्ल प्रतिपदादेखि अमावास्यासम्मको समयलाई एक चान्द्रमास भनिन्छ। कुनैकुनै तिथिले २ वटा सूर्योदय भेट्ने हुँदा त्यसलाई तिथिवृद्धि भनिन्छ भने कुनै तिथि एउटा सूर्योदयपछि सुरु भई अर्को सूर्योदय अगावै सकिने हुँदा त्यसलाई तिथिक्षय भनिन्छ।

तिथिको प्रयोजन :

तिथिका धेरै प्रयोजन छन्। सामान्यतया जन्मतिथिका आधारमा व्यक्तिको फल वा लक्षण निम्नानुसारको हुन्छ :

प्रतिपदा– दुर्जनसँग रहँदा आनन्द मान्ने, आफ्नो कुललाई कलङ्कित पार्ने र व्यसनमा लिप्त।

द्वितीया– झुटो व्यवहार गर्ने, अरुमा स्नेह कम गर्ने र अन्य स्त्रीहरूमा रमाउने।

तृतीया– अरुसँग द्वेष राख्ने, कुनै कार्यमा पनि मन नलगाउने, धनको अभाव हुने।

चतुर्थी– बढी भोगी, दानी, मित्रप्रति हितैषी, विविध क्षेत्रको ज्ञाता, धनी र योग्य सन्तानले युक्त ।

पञ्चमी– व्यवहारकुशल, कानुनको ज्ञाता, मातापिताको भक्त, अरुको प्रशंसक र भोगी ।

षष्ठी– भ्रमणप्रिय, व्यर्थ कलहप्रिय, उदररोगी ।

सप्तमी– तेजस्वी, थोरैमा सन्तुष्ट, धन र सन्तानले सम्पन्न, सौभाग्यवान ।

अष्टमी– सत्यवादी, धार्मिक, दयावान, गुणी, सम्पूर्ण कार्यमा कुशल ।

नवमी– पुत्रवान, धनी स्त्रीमा आसक्त, शास्त्रज्ञ, धार्मिक ।

दशमी– देशभक्त, समाजिक कार्यमा लाग्ने, सुखभोगी, धर्म र अधर्मको ज्ञाता ।

एकादशी–राजमान्य, थोरैमा सन्तुष्ट, धनी, पुत्रवान, बुद्धिमान ।

द्वादशी– दुब्लो शरीर, अस्थिर बुद्धि, चञ्चल मनयुक्त, परदेश भ्रमणमा रुचि राख्ने ।

त्रयोदशी–महान् पण्डित, शास्त्रज्ञ, अध्ययनशील, इन्द्रियमा वशीभूत ।

चतुर्दशी– धनवान, धार्मिक आचरणले युक्त, वचनको सच्चा पालक, राजमान्य, यशस्वी ।

पूर्णिमा– धनी, बुद्धिमान्, विविध भोजनमा रुचि राख्ने, उद्योगमा सदैव लाग्ने र अर्काकी स्त्रीप्रति आसक्त ।

अमावास्या– परद्वेषी, कुटिल, मूर्ख, निडर, पराक्रमी, रहस्यमय विद्याको ज्ञाता ।

१.४.२ बार

आइतबारदेखि शनिबारसम्म सातबार प्रसिद्धै छन् । पृथ्वीबाट सबैभन्दा टाढा शनि कक्षा छ । त्यसपछि क्रमशः नजिक नजिक हुँदै गुरु, मंगल, सूर्य, शुक्र, बुध र चन्द्र कक्षा छन् । बार क्रम निर्धारण गर्दा शनिबाट चौथो कक्षामा पर्ने रविलाई पहिलो बार त्यसपछिको चौथो चन्द्रलाई दोस्रोबार एवं क्रमले मंगल, बुध, गुरु, शुक्र र शनिबार मानिएको छ । बिहानको सूर्योदयदेखि अर्को सूर्योदय नहुँदासम्म एउटा बारको अवधि मान्ने सामान्य चलन छ तर सूर्यसिद्धान्त र पाश्चात्य मतअनुसार मध्यरातबाट बार परिवर्तन गर्ने गरिन्छ ।

१.४.३ नक्षत्र

अश्विनी, भरणी, कृत्तिका आदि २७ नक्षत्र क्रान्तिवृत्त वा राशिचक्रका आधारमा निर्धारण हुन्छ । १२ वटा राशि वा २७ वटा नक्षत्रको १ चक्र पार गर्न चन्द्रमालाई २७ दिन लाग्छ । यसलाई चान्द्रमास वा नाक्षत्रमास पनि भनिन्छ । ३६० अंशको एक चक्रलाई नक्षत्र सङ्ख्या २७ ले भाग गर्दा भागफल १३ अंश २० कला आउँछ । त्यसैले १ नक्षत्रको मान १३ अंश २० कला हुन्छ । एक नक्षत्रलाई चार

पाउमा विभाजन गरी प्रत्येक पाउको निश्चित् अक्षर दिइएको हुन्छ। त्यस्तै नक्षत्रका मालिक पनि हुन्छन्। यसलाई निम्न तालिकाबाट बुझ्न सकिन्छ :

तालिका सं. २ : नक्षत्र चरणबोधक चक्र

सि. नं.	नक्षत्र	नक्षत्रका स्वामी ग्रह	नक्षत्रका देवता	नक्षत्र चरण र नामको आद्याक्षर			
				१	२	३	४
१	अश्विनी	केतु	अश्विनीकुमार	चू	चे	चो	ला
२	भरणी	शुक्र	यमराज	ली	लू	ले	लो
३	कृत्तिका	सूर्य	अग्नि	अ	इ	उ	ए
४	रोहिणी	चन्द्र	ब्रह्मा	ओ	वा	वी	वू
५	मृगशिरा	मङ्गल	चन्द्रमा	वे	वो	का	की
६	आर्द्रा	राहु	रुद्र	कु	घ	ङ	छ
७	पुनर्वसु	गुरु	अदिति	के	को	ह	ही
८	पुष्य	शनि	बृहस्पति	हु	हे	हो	डा
९	अश्लेषा	बुध	सर्प	डी	डू	डे	डो
१०	मघा	केतु	पितर	मा	मी	मू	मे
११	पूर्वाफाल्गुनी	शुक्र	भग	मो	टा	टी	टू
१२	उत्तराफाल्गुनी	सूर्य	अर्यमा	टे	टो	प	पी
१३	हस्ता	चन्द्र	रवि	पू	ष	ण	ठ
१४	चित्रा	मङ्गल	विश्वकर्मा	पे	पो	र	री
१५	स्वाती	राहु	वायु	रु	रे	रो	ता
१६	विशाखा	गुरु	इन्द्राग्नि	ती	तू	ते	तो
१७	अनुराधा	शनि	मित्र	ना	नी	नू	ने
१८	ज्येष्ठा	बुध	इन्द्र	नो	या	यी	यू
१९	मूलम्	केतु	राक्षस	ये	यो	भा	भी
२०	पूर्वाषाढा	शुक्र	जल	भू	ध	फा	ढा
२१	उत्तराषाढा	सूर्य	विश्वेदेवा	भे	भो	जा	जी
२२	श्रवण	चन्द्र	विष्णु	खी	खू	खे	खो
२३	धनिष्ठा	मङ्गल	वसु	गा	गी	गू	गे
२४	शतभिषा	राहु	वरुण	गो	सा	सी	सू
२५	पूर्वभाद्रपदा	गुरु	अजैकचरण	से	सो	द	दी
२६	उत्तरभाद्रपदा	शनि	अहिर्बुध्न्य	दू	थ	झ	ञ
२७	रेवती	बुध	पूषा	दे	दो	चा	ची

२७ नक्षत्रका अतिरिक्त अभिजित् नामको नक्षत्र पनि छ । यसको मान उत्तराषाढाको अन्तिम १५ घडी र श्रवणको शुरुको ४ घडी गरी १९ घडीमात्र हुन्छ। त्यसैले यसको छुट्टै अस्तित्व छैन । उक्त तालिकामा दिइएका नक्षत्रचरणअनुसार जातकको नाम राखिन्छ। प्रत्येक नक्षत्रका ४ चरणले २७ नक्षत्रका जम्मा १०८ चरण हुन्छन्। तिनलाई १२ राशिमा विभाजन गर्दा एक राशिमा ९ अक्षर अर्थात् सवा दुई नक्षत्र पर्दछन् ।यसलाई निम्नलिखित तालिकाबाट बुझ्न सकिन्छ।

तालिका सं. ३ : राशि–अक्षरबोधक चक्र

राशि	अक्षर							
मेष	चू	चे	चो	ला	ली	लू	ले	लो	अ
वृष	इ	उ	ए	ओ	वा	वी	वू	वे	वो
मिथुन	का	की	कु	घ	ङ	छ	के	को	हा
कर्कट	ही	हु	हे	हो	डा	डी	डू	डे	डो
सिंह	मा	मी	मू	मे	मो	टा	टी	टू	टे
कन्या	टो	प	पी	पू	ष	ण	ठ	पे	पो
तुला	र	री	रु	रे	रो	ता	ती	तू	ते
वृश्चिक	तो	ना	नी	नू	ने	नो	या	यी	यू
धनु	ये	यो	भा	भी	भू	ध	फा	ढा	भे
मकर	भो	जा	जी	खी	खू	खे	खो	गा	गी
कुम्भ	गू	गे	गो	सा	सी	सू	से	सो	द
मीन	दी	दू	थ	झ	ञ	दे	दो	चा	ची

नक्षत्रको प्रयोजन

जन्म नक्षत्र अर्थात् चन्द्रनक्षत्रअनुसार व्यक्तिको स्वभाव हुन्छ । नक्षत्रका विभिन्न प्रयोजन छन् । जन्मकालीन चन्द्रमाको नक्षत्रबाट सुरु गरेर नवग्रहलाई नवतारामा राख्ने चलन पनि छ । यसअनुसार जन्मकालीन नक्षत्रलाई जन्मतारा, त्यसपछिका नक्षत्रहरूलाई क्रमशः सम्पत्, विपत्, क्षेम, प्रत्यरि, साधक, वध, मित्र र अधिमित्र तारा भनिन्छ। यीमध्ये विपत्, प्रत्यरि र वध तारा अशुभ मानिन्छन्। ताराको मालिकअनुसार ग्रहका दशाको फलमा अन्तर पर्दछ । विपत्, प्रत्यरि र वध ताराका दशामा अशुभ फल बेहोर्नुपर्छ। व्यक्तिको नामकरणमा पनि नक्षत्रको प्रयोग हुन्छ। नक्षत्रको चरणअनुसार व्यक्तिको नाम राखिन्छ र यसैआधारमा राशि

निर्धारण पनि हुन्छ। सरदर ६० घडीसम्म एउटा नक्षत्रको मान हुन्छ।यही नक्षत्रको पूरा मानलाई भभोग भनिन्छ। जन्म समय अथवा इष्टकालमा नक्षत्रले भोग गरेको समयलाई भयात भनिन्छ। भभोगलाई ४ भाग लगाएर कुन भागमा जन्म भएको हो सो पत्ता लगाई त्यसैआधारमा माथिको तालिका नं. २ अनुसार जन्म नाम राखिन्छ र तालिका नं. ३ अनुसार राशि निर्धारण पनि हुन्छ। भयात र भभोगको आधारमा दशाको भुक्तकाल पनि जान्न सकिन्छ। भयात र भभोग निकाल्ने तरिका चन्द्रस्पष्ट गर्ने तरिका सँगै अगाडि दिइएको छ।

१.४.४ योग

योगको अर्थ जोड हो । विष्कम्भादि र आनन्दादि गरी दुई किसिमका योगहरू छन्।

विष्कम्भादि योग

सूर्य र चन्द्रको स्पष्ट राश्यादिको जोडबाट यी योगहरू निर्धारण हुन्छन्।स्पष्ट सूर्य र चन्द्रको मान जोडेर त्यसलाई ८०० कलाले भाग गर्दा आएको लब्धि गतयोग हुन्छ। यी योग "यथा नाम तथा गुण" भन्ने भनाइअनुसार फल दिने हुन्छन्। यसमा पनि वैधृति र व्यतिपात योग शुभ कार्यमा सधैं वर्जित मानिन्छन्। विष्कम्भादि २७ योग निम्नानुसार छन् :

१.विष्कम्भ, २.प्रीति, ३.आयुष्मान्, ४.सौभाग्य, ५.शोभन, ६.अतिगण्ड, ७.सुकर्मा, ८.धृति, ९.शूल , १०.गण्ड, ११.वृद्धि, १२.ध्रुव, १३.व्याघात, १४.हर्षण, १५.वज्र, १६.सिद्धि, १७.व्यतिपात, १८.वरियान्, १९.परिघ, २०.शिव, २१.सिद्धि, २२.साध्य, २३.शुभ, २४.शुक्ल, २५.ब्रह्म, २६.ऐन्द्र, २७.वैधृति।

आनन्दादि योग

निश्चित बार र नक्षत्रको संयोगबाट यी योगहरु निर्धारण हुन्छन्। आनन्दादि २८ योग छन्। रविबार अश्विनी, सोमबार मृगशिरा, मंगलबार अश्लेषा, बुधबार हस्ता, बिहीबार अनुराधा, शुक्रबार उत्तराषाढा र शनिबार शतभिषा नक्षत्रबाट शुरु गरी वर्तमान नक्षत्रसम्म गन्दा (यसमा अभिजित् पनि गनिन्छ) आउने संख्या बराबर नै आनन्दादि योग हुन्छ।जस्तै २०७७ साल मंङ्सिर ५ गते शुक्रबार उत्तराषाढा नक्षत्र परेको छ। शुक्रबारका दिन उत्तराषाढाबाट नै गन्नुपर्ने हुँदा आनन्द योग परेको हो। आनन्दादि योगहरु निम्नानुसार छन् :

१.आनन्द, २.कालदण्ड, ३.धूम्र, ४. धाता, ५.सौम्य, ६.ध्वांक्ष, ७.ध्वज, ८.श्रीवत्स, ९.वज्र, १०.मुद्गर, ११.छत्र, १२.मित्र, १३.मानस, १४.पद्म, १५.लुम्ब, १६.उत्पात, ७.मृत्यु ,१८. काण,१९.सिद्धि, २०.शुभ, २१.अमृत, २२.मुसल, २३.गद, २४.मातंग, २५.राक्षस, २६.चर, २७.स्थिर, २८.प्रवर्ध।

१.४.५ करण

तिथिको आधा भागलाई करण भनिन्छ। तिथिलाई बराबर २ भागमा विभाजन गर्दा पहिलो भाग एउटा र दोस्रो भाग अर्को करण हुन्छ। करण पनि चर र स्थिर गरी २ किसिमका छन्। वव, बालव, कौलव, तैतिल,गर,वणिज र विष्टि गरी ७ चर करण हुन्। शकुनि, चतुष्पद,नाग र किंस्तुघ्न गरी ४ स्थिर करण हुन्। कृष्णपक्ष चतुर्दशीको उत्तरार्धबाट क्रमशः शकुनि आदि स्थिरकरण शुरु हुन्छ। ४ वटा स्थिर करण पछि शुक्लपक्ष प्रतिपदाको उत्तरार्धबाट क्रमशः वव आदि चरकरण हुन्छन्। करण निम्न तालिकाबाट बुझ्न सकिन्छ :

तालिका सं. ४ : करणबोधक चक्र

शुक्लपक्ष			कृष्णपक्ष		
तिथि	**पूर्वार्ध**	**उत्तरार्ध**	**तिथि**	**पूर्वार्ध**	**उत्तरार्ध**
प्रतिपदा	किंस्तुघ्न	वव	प्रतिपदा	बालव	कौलव
द्वितीया	बालव	कौलव	द्वितीया	तैतिल	गर
तृतीया	तैतिल	गर	तृतीया	वणिज	विष्टि
चतुर्थी	वणिज	विष्टि	चतुर्थी	वव	बालव
पञ्चमी	वव	बालव	पञ्चमी	कौलव	तैतिल
षष्ठी	कौलव	तैतिल	षष्ठी	गर	वणिज
सप्तमी	गर	वणिज	सप्तमी	विष्टि	वव
अष्टमी	विष्टि	वव	अष्टमी	बालव	कौलव
नवमी	बालव	कौलव	नवमी	तैतिल	गर
दशमी	तैतिल	गर	दशमी	वणिज	विष्टि
एकादशी	वणिज	विष्टि	एकादशी	वव	बालव
द्वादशी	वव	बालव	द्वादशी	कौलव	तैतिल
त्रयोदशी	कौलव	तैतिल	त्रयोदशी	गर	वणिज
चतुर्दशी	गर	वणिज	चतुर्दशी	विष्टि	शकुनि
पूर्णिमा	विष्टि	वव	अमावास्या	चतुष्पद	नाग

हाल प्रचलित पञ्चाङ्गहरुमा उक्त ५ अङ्गबाहेक अन्य विविध कुराहरूको समेत जानकारी दिइएको हुन्छ। उत्तरायण, दक्षिणायन, वसन्तादि ६ ऋतुहरू,दिनमान, सूर्योदय, सूर्यास्त, ग्रहहरूको उदयास्त, ग्रहसञ्चार, वक्रीमार्गी अवस्था आदिबारे ज्योतिषीले जानकारी लिनुपर्छ। हालका पञ्चाङ्गहरुले लग्न र अन्य प्रचलित मुहूर्तहरुको बारेमा समेत जानकारी दिने हुनाले ज्योतिषीलाई निकै सजिलो भएको छ। तर नेपालमा प्रचलित पञ्चाङ्गको गणना पद्धतिमा केही कमजोरी देखिएका र वास्तविक दृष्यमान ग्रहस्थिति पञ्चाङ्गमा देखाइएकाभन्दा फरक पाइएकाले पञ्चाङ्ग गणनामा सुधार गर्नुपर्ने देखिन्छ।

१.५ ग्रहस्पष्ट र जन्मकुण्डली निर्माणको सरल विधि

जन्मकुण्डली निर्माणका लागि ग्रहस्पष्ट र लग्नस्पष्ट आवश्यक छ। अब यहाँ उक्त दुवै कार्य अत्यन्त संक्षेपमा सरलीकृत रूपमा गर्ने तरिका प्रस्तुत गरिन्छ।

१.५.१ ग्रहस्पष्ट गर्ने विधि

ज्योतिषीय प्रयोजनका लागि सूर्यादि नवग्रहहरू स्पष्ट गर्नुपर्छ। बच्चा जन्मेको समयमा अर्थात् व्यक्तिलाई चाहिएको निश्चित् समयमा ग्रहहरू कुनकुन राशि, अंश, कला र विकलामा छन् भन्ने जान्नु नै ग्रहस्पष्ट हो। हुनत हालका सबै पञ्चाङ्गहरूले दैनिक ग्रहस्पष्ट दिने हुनाले निकै सजिलो पनि भएको छ। तैपनि निश्चित् समयको ग्रहस्पष्ट गर्ने तरिका जान्नु आवश्यक छ। उदाहरणका लागि २०७७ साल मङ्सिर ५ गते शुक्रबार दिउँसो ठिक १२ बजे काठमाडौँमा कुनै बच्चा जन्म्यो भने त्यो समयका ग्रहहरू स्पष्ट गर्दा निम्नानुसारको विधि अपनाउनु पर्छ :

सर्वप्रथम त्यो समयको इष्टकाल निकाल्नु पर्छ। २०७७ सालको कुनै नेपाली पात्रो हेरौँ। उक्त सालको सूर्य पञ्चाङ्गअनुसार त्यस दिन अर्थात् २०७७ मङ्सिर ५ गतेको सूर्योदय बिहान ०६:३० बजे छ। सूर्योदयको कति घण्टा र मिनेट बितेपछि बच्चा जन्म्यो भन्ने पत्ता लगाउनु पर्छ। यसमा दिउँसो १२ बजेबाट बिहान ०६:३० घटउँदा ५ घण्टा ३० मिनेट हुन आयो। अब यसलाई घडी पलामा परिणत गर्नुपर्छ। १ घण्टा बराबर साडे दुई घडी हुने हुँदा घण्टा मिनेटलाई २.५ ले गुणन गर्दा घडी पला आउँछ। अब उक्त ५ घण्टा ३० मिनेटलाई २.५ ले गुणन गर्दा १३ घडी ४५ पला हुन आउँछ। यही घडी पलालांई सूर्योदयादिष्टकाल भनिन्छ।

पात्रोमा प्रत्येक हप्ताको कुनै निश्चित समयको ग्रहस्पष्ट दिइएको हुन्छ। यसलाई पञ्चाङ्गस्थ ग्रहस्पष्ट चक्रपंक्ति अथवा छोटकरीमा पंक्ति भनिन्छ। २०७७ सालको सूर्य पञ्चाङ्ग हेर्दा मङ्सिर १ गते र ८ गतेका ग्रहस्पष्ट दिइएका छन्। उक्त मध्ये हाम्रो इष्टकाल कतापट्टी नजिक छ त्यसैबाट हिसाब गर्नुपर्छ। हाम्रो इष्टकाल मङ्सिर ५ गतेबाट १ गतेभन्दा ८ गते नजिक भएकोले ८ गतेको पंक्तिबाट हिसाब निकाल्नु सजिलो हुन्छ। यहाँ उदाहरणका लागि सूर्य पञ्चाङ्गमा दिइएको २०७७ साल मङ्सिर ८ गतेको सूर्योदयबाट गत घट्यादि ४०।४० को ग्रहस्पष्ट र ग्रहगति पनि दिइएको छ :

तालिका सं. ५ : २०७७ मङ्सिर ८ गतेको ग्रहस्पष्ट

ग्रह	सू	मं	बु	बृ	शु	श	रा	
२०७७	७	११	६	९	६	९	१	राशि
मार्ग	७	१६	२३	१	९	०	२६	अंश
८गते	१५	४८	२७	५०	२३	३७	२	कला
सोमबार	५०	३९	२२	२७	१७	१३	३८	विकला
घट्यादि	६०	१५	९२	१०	७३	५	३	कलागति
४०	५४	४२	५६	५७	५९	२८	११	विकलागति
४०		मार्गी	मार्गी	मार्गी	मार्गी	मार्गी	वक्री	वक्री/मार्गी

यसरी पञ्चाङ्गस्थ ग्रहस्पष्ट चक्रपंक्तिबाट इष्ट बारादि घटाउँदा आएको लब्धि ऋणचालन हुन्छ। यदि इष्टकालभन्दा पात्रोको चक्रपंक्ति पहिले भएमा इष्ट कालबाट चक्रपंक्ति घटाउनु पर्छ। यसलाई धनचालन भनिन्छ। धन वा ऋणचालनलाई पात्रोमा दिइएको ग्रहगतिले गुणन गरी आएको फललाई चालनफल भनिन्छ। पात्रोको सम्बन्धित ग्रहस्पष्टमा धनचालन हुँदा जोड्ने र ऋणचालन हुँदा घटाउने गर्नुपर्छ। राहु र केतु सधैं वक्री हुने हुँदा उल्टो क्रिया अर्थात् धनचालनमा घटाउने र ऋणचालनमा जोड्ने गर्नुपर्छ। अन्य ग्रह पनि वक्री भएको अवस्थामा मात्र राहुकेतुकै जस्तो गर्नुपर्छ। हाम्रो इष्टकाल मङ्सिर ५ गते दिउँसो १२ बजेको हो। योभन्दा पात्रोको चक्रपंक्ति अगाडि भएकोले पंक्तिबाट इष्ट काल बारादि घटाउनु पर्छ। यसलाई ऋणचालन भनिन्छ।

उदाहरण

२।४०।४० (मङ्सिर ८ गते रातिको पञ्चाङ्गस्थ ग्रहस्पष्ट चक्रपक्तिको बारादि)
−६।१३।४५ (मङ्सिर ५ गते दिउँसो १२ बजेको इष्ट बारादि)
३।२६।५५ = ऋणचालन(यहाँ पंक्तिबाट इष्ट बारादि घटाइएकोले ऋणचालन भयो)

ग्रहस्पष्ट उदाहरणसहित

सूर्यस्पष्ट

चालन : ३।२६।५५, सूर्यगति : ६०।५४ (चालनलाई गतिले गुणन गर्ने :
(क) १८० १५६० ३३०० (६० कलाले चालन ३।२६।५५लाई गुणन गरेको)
(ख) १६२ १४०४ २९७० (५४विकलाले चालन३।२६।५५लाई गुणन गरेको)
(क) र (ख) को मान जोड्ने :

१८०	१५६०	३३००	
	१६२	१४०४	२९७०÷६०
१८०	१७२२	४७०४	२९७०÷६०
३०	७९	४९	
२१०	१८०१	४७५३	
१८०	१८००	४७४०	
३० शेष	१ शेष		

लब्धि : ३

पुनश्च : यसमा(क) र (ख)को मान जोडेपछि आएका फलहरूमध्ये सबैभन्दा पछाडिको फललाई सर्वप्रथम ६० ले भाग गर्नुपर्छ। त्यसपछि आएको फललाई त्यसभन्दा अघिल्लो मानमा जोड्नु पर्छ र पुनः ६० ले भाग गरी आएको फल त्योभन्दा अघिल्लो मानमा जोड्नु पर्छ। यस्तो क्रिया सबैभन्दा अघिल्लो फलसम्म गर्नुपर्छ।

चालनफल ३।३०।१
७।७।१५।५० (८ गतेको पञ्चाङ्गस्थ स्पष्ट सूर्य)
− ०३।३०।०१(ऋणचालन भएकोले ८ गतेको स्पष्ट सूर्यमा चालनफल घटाएको)
७।३।४५।४९ तात्कालिक स्पष्ट सूर्य।

मंगलस्पष्ट

चालन : ३।२६।५५, पात्रोमा दिइएको मंगलगति : १५।४२

(क) ४५ ३९० ८२६ (१५ कलाले चालनलाई गुणन गरेको)

(ख) १२६ १०९० २३१० (४४ विकलाले चालनलाई गुणन गरेको)

(क) र (ख) को मान जोड्ने :

४५	३९०	८२६	
	१२६	१०९०	२३१०
४५	५१६	१९१६	२३१०÷६०
९	३२	३८	
५४	५४८	१९५४	
५४९	१९२०		
५४ शेष	८ शेष		

लब्धि : ०

चालनफल : ०।५४।८

११।१६।४८।३९(८ गतेको पञ्चाङ्गस्थ स्पष्ट मङ्गल)

– ००।५४।०८ (ऋणचालन भएकोले ८ गतेको स्पष्ट मङ्गलमा चालनफल घटाएको)

११।१५।५४।३१ तात्कालिक स्पष्ट मङ्गल

यसैअनुसार बुध, गुरु, शुक्र र शनि पनि स्पष्ट गर्न सकिन्छ। राहु र केतुको भने ऋणचलनमा जोड्ने र धनचालनमा घटाउने विधि गर्नुपर्छ। चन्द्रस्पष्ट विधि भने फरक छ। चन्द्रस्पष्ट निम्नानुसार गर्नुपर्छ :

चन्द्रग्रहस्पष्ट विधि :

चन्द्रस्पष्ट गर्नुअघि भयात र भभोग निकाल्नु पर्छ। त्यसैले यहाँ सर्वप्रथम भयात र भभोग निकालिन्छ :

गतर्क्षनाड्यः खरसेषु शुद्धाः सूर्योदयादिष्ट–घटीषु युक्ताः ।
भयात संज्ञा भवतीह तस्य निजर्क्षनाड्या सहितो भभोगः ॥

अर्थात् ६० घडीबाट गत नक्षत्रको मानलाई घटाउनु , शेषलाई दुई ठाँउ बेग्ल बेग्लै राख्नु। एक ठाँउमा इष्टकाल जोड्नु , योगफल भयात हुन्छ। अर्को ठाँउमा चालू नक्षत्रको मान जोड्नु, योगफल भभोग हुन्छ।

उदाहरण

इष्टकाल २०७७ साल मङ्सिर ५ गते दिउँसो १२ बजे काठमाडौँमा जन्म । इष्ट घडिकादि १३।४५

६०।००
२०।५४= (गत नक्षत्र पूर्वाषाढाको मान)
३९।६ = शेष

३९।६	३९।६
१३।४५ (इष्टकाल)	२०।१६(चालू नक्षत्र उत्तराषाढाको मान)
५२।५१ = भयात	५९।२२ = भभोग

भभोग ५९।२२ लाई ४ भाग लगाउँदा एक भागमा १४।५० हुन आउँछ । भयात मान ५२।५१ छ । उक्त मान भभोगको चार खण्डमध्ये चौथो खण्डमा पर्न आयो । उत्तराषाढाको नामका अक्षर **भे भो जा जी** हुन् । यीमध्ये चौथोमा परेकोले **जी** अक्षरबाट नाम राख्नुपर्छ । नाम राख्दा धार्मिक र देवीदेवताका नाम राम्रो मानिन्छ । नक्षत्रअनुसार आउने नामका अक्षरबारे तालिका नं. २ मा दिइएको छ भने नामका राशि जान्नका लागि तालिका नं. २ को राशिचक्रमा हेर्नुपर्छ । यसअनुसार **जी** अक्षरबाट मकर राशि पर्ने देखिन्छ । अब निम्नानुसारको विधिले चन्द्रस्पष्ट गर्नुपर्छ :

(१)भयात र भभोगलाई पलात्मक बनाउने,

(२) पलात्मक भयातलाई ६० ले गुणन गरेर विपलात्मक बनाउने,

(३) पलात्मक भभोगले विपलात्मक भयातलाई भाग गर्ने । यस लब्धिमा नक्षत्रसंख्यालाई ६० ले गुणन गरेर आएको फल जोड्ने । योगफलाई २ ले गुणन गरी आएको लब्धिलाई ९ ले भाग गर्ने । त्यसबाट आएको फललाई पुनः ३० ले भाग गर्ने । भागफल राशि र शेष अंश हुन्छ । पहिले ९ ले भाग गर्दा आएको शेषलाई पुनः ६० ले गुणन गरी त्यसमा भयातको पला जोड्ने । योगफललाई ९ ले भाग गर्ने । त्यसको लब्धि कला र शेष विकला हुन्छ ।

उदाहरण

उत्तराषाढाको भभोग घट्यादि : ५९।२२
यसलाई पलात्मक बनाउने : ५९x६०=३५४०+२२=३५६२ (पलात्मक भभोग)
उत्तराषाढाको भयात घट्यादि : ५२।५१
यसलाई पलात्मक बनाउने : ५२x६०=३१२०+५१=३१७१ (पलात्मक भयात)
पलात्मक भयातलाई ६० ले गुणन गरी विपलात्मक बनाउने :

३१७१x६०=१९०२६०

पलात्मक भभोगले विपलात्मक भयातलाई भाग गर्ने :

३५६२)१९०२६०(५३।२४ लब्धि

−१८८७८६

१४७४ ६०=८८४४०

−८५४८८

२९५२ शेष

गत नक्षत्रसंख्या पूर्वाषाढा = २०

६०

१२००

+५३।२४ उल्लिखित लब्धि जोड्ने

१२५३।२४

×२

२५०६।४८

यसलाई ९ ले भाग गर्ने : ९)२५०६।४८(२७८ लब्धि

२५०२

४ शेष ६०=२४०

४८

९)२८८(३२ कला

२८८

० शेष =विकला

लब्धि २७८ लाई ३० ले भाग गर्ने :

३०)२७८(९ राशि

२७०

८शेष अंश

यसअनुसार स्पष्ट चन्द्र= ९।८।३२।०

चन्द्रगति साधन :

पलात्मक भभोगले २८,८०,००० लाई भाग गर्दा आएको फल चन्द्रगति कला र शेषलाई ६० ले गुणन गरी पुनः पलात्मक भभोगले भाग गर्दा आएको फल चन्द्रगति विकला हुन्छ। यसको उदाहरण यसप्रकार छ :

पलात्मक भभोग ३५६२)२८८००००(८०८कला

२८७८०९६

१९०४

६०

३५६२)११४२४०(३२ विकला

११३९८४

२५६ शेष

चन्द्रगति कलादि = ८०८।३२

जन्मकुण्डलीमा जन्मसमयका ग्रहहरूको अवस्थाबारे विवरणसहित जानकारी दिनुपर्दछ। यसका लागि नेपालका परम्परागत पञ्चाङ्ग र त्यसका आधामा निर्मित सफ्टवेरको सहयोग लिएर हेर्दा २०७७ साल मङ्सिर ५ गते दिउँसो १२ बजेको काठमाडौँको ग्रहस्थिति निम्नानुसार रहेको देखिन्छ :

तालिका सं. ६ : इष्टकालिक ग्रहस्पष्ट चक्र

ग्रह	सू.	चं.	म.	बु.	गु.	शु.	श.	रा.	के.
राशि	७	९	११	६	९	६	९	१	७
अंश	३	८	१५	१८	१	५	०	२६	२६
कला	४५	३२	५४	१९	१२	८	१९	४६	४६
विकला	४९	०	३१	३७	४५	२२	०	५१	५१
वक्री/मार्गी			मार्गी	मार्गी	मार्गी	मार्गी	मार्गी	वक्री	वक्री
उदय/अस्त			उ.	उ.	उ.	उ.	उ.		

उक्त तालिकामा नेपाली परम्परागत पञ्चाङ्ग र त्यसलाई आधार मानेर तयार गरिएका नेपाली कुण्डली निर्माण सफ्टवेरमा दिइएअनुसार ग्रहस्पष्ट राखिएका हुन्। यसमा कतिपय ग्रहको अवस्था वास्तविक आकाशीय स्थितिभन्दा फरक देखिन आएकाले सुधार गर्नु आवश्यक छ। ग्रहस्पष्ट गर्ने गणितीय आधारबारे अवगत गर्न सहज होओस् भन्ने उद्देश्यले मात्र यहाँ उक्त विवरण दिइएको हो। ज्योतिषीय गणनासम्बन्धी केही नयाँ सफ्टवेयरको प्रयोग गरेर गणना गर्दा उक्त समय अर्थात् २०७७ मङ्सिर ५ गते दिउँसो १२ बजे काठमाडौँको ग्रहस्थिति निम्नानुसार रहेको पाइन्छ :

तालिका सं. ७

ग्रह	सू.	चं.	म.	बु.	गु.	शु.	श.	रा.	के.
राशि	७	९	११	६	८	६	९	१	७
अंश	४	११	२१	१८	२९	४	३	२६	२६
कला	१४	१८	२०	५	५९	१५	२०	५५	५५
विकला	२२	४२	३१	२५	१६	१३	५५	२७	२७
वक्री/मार्गी			मार्गी	मार्गी	मार्गी	मार्गी	मार्गी	वक्री	वक्री
उदय/अस्त			उ.	उ.	उ.	उ.	उ.		

उक्त तालिकाहरूको तुलना गर्दा ग्रहस्थितिमा धेरै नै अन्तर पर्न गएको देखिन्छ। यसबाट लग्न, नवमांशलगायतका कुण्डलीमा फरक पर्न जान्छ। त्यसैले भरपर्दा सफ्टवेयरको सहयोगले गणना गरेर फलादेश गर्नु उपयुक्त हुन्छ। पुरान सफ्टवेयरका तुलनामा नयाँ सफ्टवेयरहरूको गणना शुद्ध भएका पाइएकाले तिनैको प्रयोग गर्नु उपयुक्त हुन्छ।

१.५.२ लग्न ल्याउने विधि :

एक दिनरात अर्थात् २४ घण्टामा मेषादि १२ लग्नहरुले एक चक्कर पू गर्दछन् । त्यसैले सरदर दुई घण्टाको एक लग्न हुन्छ । हरेक महिनाको १ गं सूर्योदयको समयमा प्रायः सूर्य भएकै राशिमा लग्न हुन्छ। त्यस पछि हरेक दि सरदर तीन चार मिनेटअगाडि सर्दै आउँछ। जस्तै वैशाख १ गते सूर्य मेष राशि प्रवेश गर्ने हुँदा सूर्योदयकालमा मेष लग्न प्रारम्भ हुन्छ। त्यसपछि लगभग दुई दु घण्टाको अन्तरमा क्रमशः वृष, मिथुन, कर्कट आदि लग्न हुँदै जान्छ।

लग्न विभिन्न तरिकाले ल्याउन सकिन्छ । तीमध्ये केही सरल तरिकाहरु निम्नानुस छन् :

(१) कम्प्युटर सफ्टवेयरको प्रयोग : लग्न ल्याउने सबैभन्दा सजिलो आधुनि तरिका मोबाइल एप्लिकेसन वा कम्प्युटर सफ्टवेयरको प्रयोग हो। हाल अने ज्योतिषीय एप्लिकेसन र सफ्टवेयर उपलब्ध छन्। यस्ता सामग्रीहरू कति सशुल्क छन् भने कुनै कुनै निःशुल्क पनि पाइन्छन्। यसको प्रयोगबाट संसार जुनसुकै ठाउँमा जन्मेका व्यक्तिको पनि जन्ममिति, समय र स्थान भरेर लग्न

सजिलै पत्ता लगाउन सकिने हुनाले हालको समयमा योभन्दा सजिलो उपाय अरु छैन। तर कतिपय सफ्टवेयरहरू त्रुटिपूर्ण पनि भेटिएका छन्। त्यसैले भरपर्दा र शुद्ध गणना गर्ने सामग्रीको प्रयोग गर्नु आवश्यक छ। नेपालमा सूर्य पञ्चाङ्गको कुण्डली दर्शन, स्काई भिजन आदि सफ्टवेयर उपलब्ध छन् भने विदेशी सफ्टवेयरहरूमा फ्युचर प्वाइन्ट, पराशर लाइट, एस्ट्रो सेज आदि उपलब्ध छन्। त्यसैगरी हाम्रो पात्रो, मेरो ज्योतिष आदि मोबाइल एप्लिकेसनबाट पनि लग्न ल्याउन सकिन्छ।

(२) पात्रोमा दिइएको लग्नको प्रयोग : पात्रोको प्रयोग गरेर सूक्ष्म तरिकाले लग्न ल्याउन केही जटिल हिसाब गर्नुपर्छ। त्यसैले सरल तरिकाबाट लग्न ल्याउनु उपयुक्त हुन्छ। यसरी ल्याएको लग्न पनि सूक्ष्म तरिकाले ल्याएको लग्नभन्दा धेरै फरक पर्दैन। त्यसैले जटिल गणितीय चक्करमा लाग्नुभन्दा सरल र व्यावहारिक तरिकाबाट काम चलाउनु उपयुक्त होला भनी यस पुस्तकमा अत्यन्त सरल ढंगले लग्न ल्याउने रीतिबारे प्रकाश पारिएको छ।

हाल प्रकाशित हुने सबैजसो पञ्चाङ्गहरुले हरेक दिनका लग्नहरु दिने हुनाले हाल जन्मेका बच्चाहरुको लग्न पात्रोबाटै सजिलैसंग पत्ता लगाउन सकिन्छ। वि. सं. २०५८ सालदेखि यताका सूर्य पञ्चाङ्गमा दैनिक लग्न दिइएको छ। तर यसमा दिइएको लग्नबाट अंशादि ल्याउन भने थप प्रयास गर्नुपर्छ। जस्तैः २०७७ साल मङ्सिर ५ गते दिउँसो १२ बजे कुन लग्नको कति अंश होला भन्ने पत्ता लगाउनु पर्‍यो भने २०७७ सालको नेसंवि पञ्चाङ्गको पृष्ठ ३७ मा दिइएको दैनिक लग्न समाप्तिकालबोधक तालिका हेर्न सकिन्छ। यसको विवरण चित्र सं. ७ मा दिइएको छ। यस तालिकामा सम्बन्धित शुक्ल वा कृष्ण पक्षको तिथि र बार दिएर त्यसअनुसार दैनिक लग्न समाप्तिकाल कति बजे हो भन्ने दिइएको हुन्छ। यसअनुसार २०७७ मङ्सिर ५ गते तदनुसार कार्तिक शुक्ल षष्ठी तिथि पूर्वाह्न १०:३२ देखि १२:१४ सम्म मकर लग्न भएको पत्ता लगाउन सकिन्छ। यसमा पूर्वाह्न १०:३२ बजे धनु लग्न समाप्ति भएकोले मकर लग्न सुरु भएको मानियो। अब अंश कति भन्ने जान्न थप केही मेहनत गर्नुपर्छ। त्यस दिनको मकर लग्नको पूरा अवधि १ घण्टा ४३ मिनेट अर्थात् १०३ मिनेट हुन्छ। यसलाई ३० अंशले भाग गर्दा ३ मिनेट २६ सेकेन्ड हुन आउँछ। त्यसैले उक्त लग्नको १ अंश पार गर्न ३ मिनेट ३६ सेकेन्ड लाग्ने देखियो। यसअनुसार दिउँसो १२ बजे २५अंश पुगेको देखिन्छ।

चित्र सं. ७ (नेसंवि पञ्चाङ्ग २०७७ अनुसार २०७७ मार्ग १ देखि १५ गतेसम्म लग्नसमाप्ति तालिका)

दैनिक-लग्न-समाप्ति-काल-बोधक-तालिका

तिथिः	१ सो.		तिथिः	२ मं.		४ बु.		५ बृ.		६ शु.		७ श.		८ आ.		९ सो		१० मं.		११ बु.		१२ बृ.		१२ शु.		१३ श.		१४ आ.		१५ सो.	
लग्नम्	घं.	मि.	लग्नम्	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.	घं.	मि.
तुला	६	२५	वृश्चिकः	८	३९	८	३५	८	३१	८	२७	८	२४	८	२०	८	१६	८	१२	८	८	८	४	८	०	७	५६	७	५२	७	४८
वृश्चिकः	८	४३	धनुः	१०	४४	१०	४०	१०	३६	१०	३२	१०	२८	१०	२४	१०	२०	१०	१६	१०	१२	१०	८	१०	४	१०	०	९	५६	९	५२
धनुः	१०	४८	मकरः	१२	२७	१२	२३	१२	१९	१२	१५	१२	११	१२	७	१२	३	११	५९	११	५५	११	५२	११	४८	११	४४	११	४०	११	३६
मकरः	१२	३१	कुम्भः	१३	५६	१३	५२	१३	४८	१३	४४	१३	४०	१३	३६	१३	३२	१३	२८	१३	२४	१३	२०	१३	१६	१३	१२	१३	८	१३	४
कुम्भः	१४	०	मीनः	१५	२२	१५	१८	१५	१४	१५	१०	१५	६	१५	२	१४	५८	१४	५४	१४	५०	१४	४६	१४	४२	१४	३८	१४	३५	१४	३१
मीनः	१५	२६	मेषः	१६	५८	१६	५४	१६	५०	१६	४६	१६	४२	१६	३८	१६	३५	१६	३१	१६	२७	१६	२३	१६	१९	१६	१५	१६	११	१६	७
मेषः	१७	२	वृषः	१८	५५	१८	५१	१८	४७	१८	४३	१८	३९	१८	३५	१८	३१	१८	२७	१८	२३	१८	१९	१८	१५	१८	११	१८	७	१८	३
वृषः	१८	५९	मिथुनः	२१	१०	२१	६	२१	२	२०	५८	२०	५४	२०	५०	२०	४६	२०	४२	२०	३८	२०	३४	२०	३०	२०	२६	२०	२२	२०	१८
मिथुनः	२१	१४	कर्कटः	२३	३०	२३	२६	२३	२२	२३	१८	२३	१४	२३	१०	२३	६	२३	२	२२	५८	२२	५४	२२	५०	२२	४६	२२	४२	२२	[illegible]
कर्कटः	२३	३४	सिंहः	१	४६	१	४२	१	३९	१	३५	१	३१	१	२७	१	२३	१	१९	१	१५	१	११	१	७	१	३	२४	५९	२४	[illegible]
सिंहः	१	५०	कन्या	४	२	३	५८	३	५४	३	५०	३	४६	३	४२	३	३८	३	३५	३	३१	३	२७	३	२३	३	१९	३	१५	३	११
कन्या	४	६	तुला	६	२१	६	१७	६	१३	६	९	६	५	६	१	५	५७	५	५३	५	४९	५	४६	५	४२	५	३८	५	३४	५	[illegible]

उक्त विधि प्रयोग गरी हरेक समयको लग्न ल्याउन सकिन्छ। तर २०५८ सालअघिका पात्रोहरुमा लग्न नदिइएकाले त्यस अवधिको लग्न ल्याउनका लागि यो विधि प्रयोगमा ल्याउन सकिँदैन।

(३) पात्रोको लग्न सारिणीको प्रयोग :

उदाहरण १

क) दिउसोको जन्म : २०४१ साल मंसिर ४ गते दिउसो १:४५ अर्थात् १३:४५ बजे काठमाडौंमा जन्मेको व्यक्तिको लग्न निकाल्नु पर्दा निम्न विधि अपनाउनु पर्छ :

१) सर्वप्रथम त्यो समयको इष्टकाल निकाल्नु पर्छ। २०४१ सालको नेपाली पात्रो हेरौं। उक्त सालको हिमाल पञ्चांगअनुसार त्यस दिन अर्थात् २०४१ मंसिर ४ गतेको सूर्योदय बिहान ६:४३ बजे छ। सूर्योदयको कति घण्टा र मिनेट बितेपछि बच्चा जन्म्यो भन्ने पत्ता लगाउनु पर्छ। यसमा दिवा १३:४५ बाट बिहान ६:४३ घटउँदा ७ घण्टा २ मिनेट हुन आयो। अब यसलाई घडी पलामा परि

गर्नुपर्छ। १ घण्टा बराबर साडे दुई घडी हुने हुँदा घण्टा मिनेटलाई २.५ ले गुन्दा घडी पला आउँछ। अब उक्त ७ घण्टा २ मिनेटलाई २.५ ले गुणन गर्दा १७ घडी ३५ पला हुन आउँछ। यही घडी पलालाई सूर्योदयादिष्टकाल भनिन्छ।

२) अब यसपछि उक्त पात्रोमा दिइएको नेपालदेशीय प्रथम लग्नसारिणी प्रयोग गर्नुपर्छ। यस्ता सारिणी हरेक ठुला पात्रोहरुमा दिइने हुँदा त्यसलाई लग्न ल्याउने प्रयोजनका लागि प्रयोगमा ल्याउन सकिन्छ। उक्त सारिणीको पहिलो कोलममा मेषदेखि मीनसम्मका राशिहरु दिइएका छन्। त्यस्तै पहिलो लाइनमा ० देखि २९ अंशहरु दिइएका छन्। मेषदेखि मीनसम्मका राशिहरुलाई क्रमशः वैशाखदेखि चैत्रसम्मका जन्म महिना मान्नुपर्छ। जस्तैः वैशाखमा जन्मेको भए मेष, ज्येष्ठमा भए वृष, आषाढ भए मिथुन आदि क्रमैले लिने। सारिणीमा दिइएका अंशलाई गतेको रुपमा लिनुपर्छ। जस्तैः सामान्यतया १ गते जन्म भए ० अंश, २ गते भए १ अंश गर्दै लिने। अर्थात् जति गते जन्मेको हो त्यसमा १ घटाएर अंश लिनुपर्छ। तर यसमा महिना कति दिनको छ भन्नेतर्फ ख्याल गर्नुपर्छ। जस्तैः २९ दिनको महिना भए जति गते जन्मेको हो त्यति नै अंश लिने। ३० वा ३१ को महिना भए जन्मेको गतेमा १ घटाएर अंश लिने र ३२ को महिना भए जन्मेको गतेमा २ घटाएर अंश लिने। अब यो कुरालाई निम्नानुसार उदाहरणबाटै बुझौं:

२०४१ साल मंसिर महिना २९ दिनको भएकोले सो महिनाको ४ गते जन्मेको बच्चाको ४ अंश नै लिनुपर्छ। राशि मंसिर महिनाको जन्म भएकोले वृश्चिक लिने। अब सारिणीमा वृश्चिक राशिको कोठाबाट तेर्सो र ४ अंशको कोठाबाट ठाडो हेर्दा उक्त दुबैको मिलन हुने कोठामा हेरौं। यसबाट ४१।५ आयो। यसमा माथि नं. १ मा दिइएको सूर्योदयादिष्टकाल १७।३५ जोडौं। योगफल ५८।४० आयो। उक्त अंक सारिणीमा खोजौं। कुम्भ लग्नको २६ अंश आयो। यसबाट १०।२६।५८।४० लग्न भएको बुझियो। यो लग्न विस्तृत रुपमा ल्याइएको लग्नभन्दा केही अंशमा मात्र फरक हुनसक्छ। त्यसैले लग्न परिवर्तन हुने बेलामा जन्म भएको अवस्थामा भने कुन लग्न हो ? भन्ने कुराको निर्धारणमा केही कठिनाइ हुन्छ। यस्तो अवस्थामा व्यक्तिको लक्षण कुन लग्नमा बढी घटित हुन्छ भन्ने अध्ययन गरेर यसको समाधान गर्नु उपयुक्त हुन्छ। तर सानो उमेरको बालकको भने लग्नमा बताइएको लक्षण पूर्णरुपमा नघट्ने हुँदा १५/१६ वर्ष उमेर पुगेपछि मात्र अनुमानित लग्न निर्धारण गर्नुपर्छ।

उदाहरण २

रातिको जन्म : २०४१ साल वैशाख १० गते रात्रिको ०२ बजेर ३० मिनेटमा काठमाडौंमा जन्मेको व्यक्तिको लग्न निकाल्नु पर्दा निम्नानुसारको विधि अपनाउनु पर्छ :

सर्वप्रथम उदाहरण १ मा जस्तै त्यस समयको इष्टकाल निकाल्नु पर्छ २०४१ सालको हिमाल पञ्चांगअनुसार २०४१ वैशाख १० गतेको सूर्योदय बिहान ५:३३ बजे छ। सूर्योदयको कति समयपछि बच्चा जन्म्यो भन्ने पत्ता लगाउनु पर्छ। यसम थप कुरा के बुझ्नु पर्छ भने आधुनिक पाश्चात्य चलनअनुसार रात्रिको १२ बजेपछि अंग्रेजी तारिख जस्तै बार र गते पनि बदल्ने चलन छ। हाम्रो परम्परागत ज्योतिषअनुसार एउटा सूर्योदयदेखि अर्को सूर्योदय नहुँदासम्म पुरानै गते र बार हुन्छ। त्यसैले राति १२ बजेपछि जन्म भए पनि पुरानै गतेको सूर्योदयबाट हिसाब गर्नुपर्छ। इष्टकाल ल्याउने प्रयोजनका लागि राति १२ बजेलाई २४ राति १ बजेलाई २५ राति २ बजेला २६ आदि क्रमैले अर्को सूर्योदय नहुँदासम्मको समयबाट पहिलेको दिनको सूर्योद घटाउँदा सजिलो हुन्छ। यसैअनुसार यहाँ रातिको रात्रि २:३० अर्थात् २६:३० ब अघिल्लो बिहानको सूर्योदय ५:३३ घटाउँदा २० घण्टा ५७ मिनेट हुन आयो। अ यसलाई २.५ ले गुनेर घडी पलामा परिणत गर्दा ५२ घडी २२ पला हुन आउँछ। य घडी पलालाई सूर्योदयादिष्टकाल भनिन्छ।

अब उदाहरण १ मा दिइएकै तरिकाअनुसार सारिणी प्रयोग गरी लग्न ल्या सकिन्छ। यसमा विशेष ध्यान दिनुपर्ने कुरा के छ भने ३१ वा ३२ को महिना भए अवस्थामा जति गते जन्म भएको हो त्यसबाट १ देखि २ अंशसम्म कम गरेर त्यसै आउने सारिणीको अंकबाट लग्न ल्याउनु पर्छ। यसमा स्पष्ट सूर्यको गतांश आधार मान्ने हो। उक्त विधिअनुसार लग्न ल्याउँदा २०४१ साल वैशाख महिना दिनको भएकोले १० गतेको लग्नका लागि सारिणीमा मेषको ८ अंशबाट लि ३।५७ आयो। यसमा ५२।२२ जोड्दा ५६।१९ भयो। यो अंक सारिणीमा खोज्दा राश्यादि आयो। यसअनुसार १।६।५६।१९ स्पष्ट लग्न भयो।

उदाहरण ३

अब २०७७ साल मङ्सिर ५ गते दिउँसो १२:०० बजे काठमाडौंमा जन्मे बच्चाको लग्न ल्याउने तरिका हेरौं। जन्म समय दिउँसो १२ बजेबाट सूर्योदय ०६ घटाउदा ५।३० घण्टादि भयो। यसलाई घडी पलामा लग्दा १३।४५ घट्यादि भ

मङ्सिर महिनाको जन्म भएकोले सारिणीअनुसार वृश्चिक राशिको ४ अंशबाट हेर्दा ४१।५ कला विकला आयो। यसमा इष्टकाल १३।४५ जोड्दा ५४।५० आयो। यो अंकबाट लग्न ९।२४।५४।५० भएको देखिन्छ। यसअनुसार ल्याइएको लग्न र पात्रोमा दिइएको लग्नको प्रयोगबाट ल्याइएको लग्न मेल खाएको देखिन्छ।

उदाहरण ४

यहाँ १९६६ साल कार्तिक २७ गते शुक्रबार तदनुसार १२ नोभेम्बर १९०९ को रात्रि ९:५५ बजेतिर(राजवंशी, वि.सं. २०३३, पृ. २३९) डिल्लीबजार, काठमाडौँमा जन्मेका महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मकुण्डली कम्प्युटर सफ्टवेयरका आधारमा निर्माण गरी प्रस्तुत गरिएको छ। कम्प्युटरको गणनाअनुसार महाकवि देवकोटाको ग्रहस्पष्ट एवम् लग्नस्पष्ट निम्नानुसारको तालिकामा दिइएको छ :

तालिका सं. ८ : महाकवि देवकोटाको ग्रह एवम् लग्नस्पष्ट चक्र

ग्रह	सू.	चं.	म.	बु.	गु.	शु.	श.	रा.	के.	लग्न
राशि	०६	०६	११	०६	०५	०८	११	०१	०७	३
अंश	२७	२२	०५	१५	१३	१३	२४	१४	१४	०६
कला	०२	२५	००	११	४४	०१	५८	५०	५०	२२
विकला	४५	४०	०५	४०	३५	३५	२५	५०	५०	५५
वक्री/मार्गी			मा.	मा.	मा.	मा.	मा.	व.	व.	
उदय/अस्त		अ	उ.	अ.	उ.	उ.	उ.			

महाकवि देवकोटाको लग्न कुण्डली



लग्न कुण्डलीमा ग्रह राख्ने तरिका : उदाहरण ४ मा दिइएअनुसार १९६६ साल कार्तिक ३० गते रात्रि ९:५५ बजे जन्मेको व्यक्तिको जन्मकुण्डलीमा राशि र ग्रहहरु राख्दा सर्वप्रथम स्पष्ट लग्न ३।६।२२।५५ भएकाले मिथुन राशि कटेर कर्कट राशिको ७ अंशमा चल्दै रहेकोले कुण्डलीको सुरुमा कर्कट राशि अर्थात् ४ अंक राखिन्छ। त्यसपछि बायाँतर्फ अर्थात् घडीको विपरीत क्रमले राशिहरू राख्दै जाने गरिन्छ। ग्रहहरू जुन राशिमा छन् तिनै राशिका कोठामा राखिन्छन् । नमुनाको लागि उक्त लग्न कुण्डली हेर्न सकिन्छ। उल्लिखित कुण्डलीमा ग्रह राख्दा इष्ट समयमा जुनजुन राशिमा जुनजुन ग्रहहरू छन् त्यसै राशिको अंक रहेको कोठामा राख्नुपर्छ। जस्तै: सूर्य, चन्द्र र बुध तुला राशिमा रहेकोले ७ अंक भएको कोठामा राखियो। मङ्गल र शनि मीन राशिमा भएकाले १२ अङ्क भएको कोठामा राखियो। अन्य ग्रहहरू पनि यसैअनुसार राख्नुपर्छ।

लग्नकुण्डलीका अतिरिक्त होरा, द्रेष्काण, नवमांश, द्वादशांश र त्रिंशांश कुण्डलीहरू पनि महत्त्वपूर्ण मानिन्छन्। उक्त कुण्डलीहरू जम्मा ६ किसिमका हुने हुँदा यिनलाई षड्वर्ग कुण्डली पनि भनिन्छ। हुन त यीबाहेक अन्य कुण्डलीहरू पनि बनाउन सकिन्छ तर उक्त ६ कुण्डलीहरूको विशेष महत्त्व छ। अब यहाँ षड्वर्गमध्ये बाँकी ५ कुण्डली निर्माण प्रक्रियाका साथै तिनमा ग्रहहरू राख्ने तरिकाबारे प्रकाश पारिएको छ ।

१.५.३ होरा कुण्डली

एक राशिको आधा भागलाई होरा भनिन्छ। एक राशिमा ३० अंश हुने हुँदा त्यसको आधा १५ अंश बराबरको एक होरा हुन्छ। विषम राशि अर्थात् मेष, मिथुन, सिंह, तुला, धनु र कुम्भ राशिहरुको १ देखि १५ अंशसम्म प्रथम होराको मालिक सूर्य हुन्छ। त्यसपछि १६ देखि ३० अंशसम्म दोस्रो होराको मालिक चन्द्र हुन्छ। यसको विपरीत सम राशि अर्थात् वृष, कर्कट, कन्या, वृश्चिक, मकर र मीन राशिहरुको १ देखि १५ अंशसम्म प्रथम होराको मालिक चन्द्र हुन्छ। त्यसपछि १६ देखि ३० अंशसम्म दोस्रो होराको मालिक सूर्य हुन्छ । होरा कुण्डलीको लग्नमा सूर्यको होरा भए ५ र चन्द्रको होरा भए ४ अंक लेखिन्छ। होरा कुण्डली २ कोठा वा १२ कोठाकै पनि बनाउन सकिन्छ। कुण्डलीमा अंकहरू राख्दा भने सूर्यकोमा ५ र चन्द्रको मा ४ बाहेक अन्य अंक लेखिँदैन। त्यसैगरी प्रत्येक ग्रहको स्पष्टमानको आधारमा सूर्य वा चन्द्रहोरा पत्ता लाग्दछ।

तालिका सं. ९: होराबोधक चक्र

राशि	अंश	
	१ – १५ अंश	१६ – ३० अंश
	प्रथम होरा	द्वितीय होरा
मेष	सू. ५	चं. ४
वृष	चं. ४	सू. ५
मिथुन	सू. ५	चं. ४
कर्कट	चं. ४	सू. ५
सिंह	सू. ५	चं. ४
कन्या	चं. ४	सू. ५
तुला	सू. ५	चं. ४
वृश्चिक	चं. ४	सू. ५
धनु	सू. ५	चं. ४
मकर	चं. ४	सू. ५
कुम्भ	सू. ५	चं. ४
मीन	चं. ४	सू. ५

होरा कुण्डली



होरा कुण्डलीमा ग्रह राख्ने तरिका : उक्त होरा कुण्डली उदाहरण ४ को स्पष्ट लग्न ३।६।२२।५५ अनुसार बनाइएको हो। यसमा कर्कटको पहिलो होरा भएकोले माथिको होराबोधक चक्र हेर्दा प्रथम चन्द्र होरा भएको पत्ता लाग्दछ। त्यसैले होरा लाग्नमा ४ लेखियो। ग्रहहरू राख्ने तरिका पनि यसैअनुसार हो। जस्तै सूर्यस्पष्ट ६।२७।२।४५ भएकोले उक्त होराबोधक चक्रमा हेर्दा तुलाको १५ अंशमाथि भएकाले तुलाको दोस्रो होरा अर्थत् चन्द्रहोरा भयो। त्यसैले सूर्यलाई होराकुण्डलीको ४ अङ्कमा र ाखियो। शनिस्पष्ट चाहिँ ११।२४।५८।२५ भएकोले मीनको दोस्रो होरा अर्थत् सूर्यहोर ामा शनिलाई राखियो। अन्य सबै ग्रहहरू पनि यसैअनुरसार राख्ने हो।

१.५.४ द्रेष्काण कुण्डली

एक राशि वा ३० अंशलाई ३ ले भाग गर्दा आउने मान अथवा १० अंश नै एक द्रेष्काण हो। राशिले भोग गरेको अंशका आधारमा द्रेष्काणको मालिक ग्रह जान सकिन्छ। जस्तै कुनै राशिको १० अंशभित्र भएमा पहिलो, १० देखि २० अंशभित्र भएमा दोस्रो र २० देखि ३० अंशभित्र भए तेस्रो द्रेष्काण हुन्छ। पहिलो द्रेष्काणको मालिक जुन राशिको लग्न छ त्यही राशिको मालिक ग्रह हुन्छ। दोस्रो द्रेष्काणको मालिक लग्नराशिदेखि पञ्चम राशिको मालिक र तेस्रो द्रेष्काणको मालिक लग्नदेखि नवम राशिको मालिक हुन्छ।

जस्तै : उदाहरण ४ को लग्नस्पष्ट ३।६।२२।५५ छ। उक्त लग्न १० अंशभित्र परेकोले जुन लग्न हो त्यही नै द्रेष्काण भयो। द्रेष्काणको मालिक पनि कर्क राशिको मालिक चन्द्रमा नै हुन्छ। यहाँ कर्कट लग्न भएकोले द्रेष्काण लग्न पनि कर्कट नै भयो। यदि दोस्रो द्रेष्काण परेको भए कर्कटदेखि पाँचौँ वृश्चिक राशि द्रेष्काण लग्न हुन्थ्यो। त्यस्तै तेस्रो द्रेष्काण परेको भए कर्कटदेखि नवौँ मीन राशि द्रेष्काण लग्न पर्न जान्थ्यो।

द्रेष्काण निम्न चक्रबाट जान्न सकिन्छ :

तालिका सं. १० : द्रेष्काणबोधक चक्र

राशि	अंश		
	१ – १०	११ – २०	२१ – ३०
	प्रथम द्रेष्काण	द्वितीय द्रेष्काण	तृतीय द्रेष्काण
मेष	१	५	९
वृष	२	६	१०
मिथुन	३	७	११
कर्कट	४	८	१२
सिंह	५	९	१
कन्या	६	१०	२
तुला	७	११	३
वृश्चिक	८	१२	४
धनु	९	१	५
मकर	१०	२	६
कुम्भ	११	३	७
मीन	१२	४	८

द्रेष्काण कुण्डली



द्रेष्काण कुण्डलीमा ग्रह राख्ने तरिका : तात्कालिक ग्रहस्पष्टको आधारमा द्रेष्काण कुण्डलीमा ग्रहहरू राखिन्छन्। ग्रह राख्दा द्रेष्काण चक्रको सहयोग लिनु उपयुक्त हुन्छ। जस्तैः सूर्यस्पष्ट ६।२७।२।४५ भएकोले तुलाको तेस्रो द्रेष्काण भयो। यसमा तुलाबाट नवौं मिथुन राशिमा सूर्य राखियो। चन्द्रस्पष्ट ६।२२।२५।४० भएको हुँदा तुलाको तेस्रो द्रेष्काणमा परेकोले सूर्य जस्तै मिथुन राशिमा चन्द्रमालाई पनि राखियो। यसैगरी अन्य ग्रहहरू पनि राख्न सकिन्छ।

१.५.५ नवमांश कुण्डली

एक राशि अथवा ३० अंशको नवौं भागलाई नवमांश भनिन्छ। त्यसैले ३० अंशलाई ९ ले भाग गर्दा आउने ३ अंश २० कला बराबर एक नवमांश हुन्छ। नवमांश गन्दा मेष राशिको मेषैबाट, वृषको मकरबाट, मिथुनको तुलाबाट र कर्कटको कर्कटैबाट गन्नुपर्छ। त्यस्तै सिंह, कन्या, तुला र वृश्चिकको पनि क्रमशः मेष, मकर, तुला र कर्कटबाटै गन्नुपर्छ। धनु, मकर, कुम्भ र मीनको पनि पुनः क्रमशः मेष, मकर, तुला र कर्कटबाटै गन्नुपर्छ। लग्न वा ग्रहस्पष्टबाट कुन नवमांश हो भन्ने पत्ता लाग्छ। उदाहरण ४ को लग्नस्पष्ट ३।६।२२।५५ छ। यहाँ कर्कट राशिको ६ अंश २२ कलाको लग्न भएकोले कर्कटको ६अंश ४० कलाभित्र अर्थात् कर्कटको दोस्रो नवमांश भयो। त्यसैले कर्कट राशिको नवमांश कर्कटैबाट गन्दा दोस्रोमा पुग्दा सिंह नवमांश हुन आउँछ। अतः यहाँ सिंह राशि नै नवमांश कुण्डलीमा राखियो। त्यसपछि अन्य राशिहरू क्रमैले राखिन्छन्। यदि लग्न २।२२।४५।० भएमा मिथुन लग्नको तुलाबाट नवमांश गन्नुपर्छ। तुलादेखि २२ अंश ४५ कला भन्नाले २३ अंश २० कलाभित्र पर्न आयो। अतः तुलाबाट गन्दै जाँदा सातौं नवमांश मेष भयो। त्यस्तोमा मेष नै नवमांश लग्न भयो। निम्नलिखित तालिकाको प्रयोग गरेर नवमांश पत्ता लगाउन सकिन्छ :

तालिका सं. ११ : नवमांशबोधक चक्र

नवमांश	प्र.	द्वि.	तृ.	च.	पं.	ष.	स.	अ.	न.
अंश	३	६	१०	१३	१६	२०	२३	२६	३०
कला	२०	४०	००	२०	४०	००	२०	४०	००
राशि									
मेष	१	२	३	४	५	६	७	८	९
वृष	१०	११	१२	१	२	३	४	५	६
मिथुन	७	८	९	१०	११	१२	१	२	३
कर्कट	४	५	६	७	८	९	१०	११	१२
सिंह	१	२	३	४	५	६	७	८	९
कन्या	१०	११	१२	१	२	३	४	५	६
तुला	७	८	९	१०	११	१२	१	२	३
वृश्चिक	४	५	६	७	८	९	१०	११	१२
धनु	१	२	३	४	५	६	७	८	९
मकर	१०	११	१२	१	२	३	४	५	६
कुम्भ	७	८	९	१०	११	१२	१	२	३
मीन	४	५	६	७	८	९	१०	११	१२

नवमांश कुण्डली



नवमांश कुण्डलीमा ग्रहहरू राख्ने तरिकाः ग्रहस्पष्ट र नवमांशबोधक चक्रको सहयोगले नवमांश कुण्डलीमा ग्रहहरू राख्न सकिन्छ। जस्तै सूर्यस्पष्ट ६।२७।२।४५ भएकोले तुलाको अन्तिम अर्थात् नवौं नवमांश भयो। उल्लिखित नवमांशबोधक चक्रको तुलाको अन्तिम नवमांशमा हेर्दा मिथुन राशि देख्न सकिन्छ। यो नै सूर्यको नवमांश भयो। अब नवमांश कुण्डलीमा सूर्य मिथुन राशिमा राख्नुपर्छ। त्यस्तै चन्द्रस्पष्ट ६।२२।२५।४० छ। तुलाको सातौं नवमांश हुन्छ। चक्रमा हेर्दा तुलाको सातौं मेष नवमांश भयो। त्यसैले मेषमा चन्द्र राखियो। यसैगरी अन्य ग्रहहरू राख्न सकिन्छ।

१.५.६ द्वादशांश कुण्डली

द्वादशांश भनेको एक राशि अर्थात् ३० अंशको १२ औं भाग हो। ३० अंशलाई १२ ले भाग गर्दा आउने २ अंश ३० कला नै एक द्वादशांशको मान हो। मेषादि राशिहरूको द्वादशांश गणना गर्दा आ–आफ्नै राशिबाट गरिन्छ। जस्तै स्पष्टलग्न ३।६।२२।५५ हुँदा कर्कटको तेस्रो कन्या द्वादशांश भयो। यसअनुसार द्वादशांश कुण्डलीको लग्न कन्या हुन्छ।

तालिका सं. १२ : द्वादशांशबोधक चक्र

अंश	कला	०	१	२	३	४	५	६	७	८	९	१०	११
		मे	वृ	मि	क	सि	क	तु	वृ	ध	म	कु	मी
२	३०	१	२	३	४	५	६	७	८	९	१०	११	१२
५	००	२	३	४	५	६	७	८	९	१०	११	१२	१
७	३०	३	४	५	६	७	८	९	१०	११	१२	१	२
१०	००	४	५	६	७	८	९	१०	११	१२	१	२	३
१२	३०	५	६	७	८	९	१०	११	१२	१	२	३	४
१५	००	६	७	८	९	१०	११	१२	१	२	३	४	५
१७	३०	७	८	९	१०	११	१२	१	२	३	४	५	६
२०	००	८	९	१०	११	१२	१	२	३	४	५	६	७
२२	३०	९	१०	११	१२	१	२	३	४	५	६	७	८
२५	००	१०	११	१२	१	२	३	४	५	६	७	८	९
२७	३०	११	१२	१	२	३	४	५	६	७	८	९	१०
३०	००	१२	१	२	३	४	५	६	७	८	९	१०	११

द्वादशांश कुण्डली



द्वादशांश कुण्डलीमा ग्रहहरू राख्ने तरिका : ग्रहस्पष्ट र तालिका नं. १२ को चक्रको सहयोगले द्वादशांश कुण्डलीमा ग्रहहरू राख्न सकिन्छ। जस्तैः सूर्यस्पष्ट ६।२७।२।४५ छ। चक्रमा तुलाको २७।३० अंशादि भित्र पर्न आयो। अतः उक्त चक्रमा तुलाको २७।३० अंश र कलाको प्रकोष्ठमा हेर्दा सिंहराशि देखिन्छ। त्यसैले सिंहमा सूर्य भयो। त्यस्तै राहुस्पष्ट १।१४।५०।५० छ। वृषको १४।५० अंशादि भएकोले वृषराशिको १५।०० अंशादिको प्रकोष्ठमा हेर्दा तुला राशि पर्न आयो। त्यसैले राहुलाई द्वादशांश कुण्डलीमा तुला राशिमा राखियो। अन्य ग्रहहरू पनि यसैअनुसार हेरेर राख्नुपर्छ।

१.५.७ त्रिंशांश कुण्डली

षड्वर्ग कुण्डलीमध्ये त्रिंशांश अन्तिम हो। सामान्यतः त्रिंशांश भन्नाले एकराशिको तीसौं भाग भन्ने अर्थ लाग्न सक्छ तर त्यस्तो होइन। त्रिंशांश गणना गर्नका लागि निम्नलिखित श्लोकको सहयोग लिनुपर्छ

त्रिंशांशेशाश्च विषमे कुजार्कीज्यज्ञभार्गभाः।
पञ्चपञ्चाष्टशैलाक्षा भागानां व्यत्ययात् समे॥

त्रिंशांश गणना गर्दा विषम राशिहरूमा ५, ५, ८, ७ र ५ अंशका दरले क्रमशः गन्नुपर्छ। तिनका मालिकहरू क्रमशः मंगल, शनि, बृहस्पति, बुध र शुक्र हुन्छन्। सम राशिहरूमा यसको ठीक विपरीत अर्थात् ५, ७, ८, ५ र ५ अंशका दर ले क्रमशः शुक्र, बुध, बृहस्पति, शनि र मंगल त्रिंशांशपति हुन्छन्।

तालिका सं. १३ : त्रिंशांशबोधक चक्र

	विषम राशि					सम राशि				
अंश	५	५	८	७	५	५	७	८	५	५
त्रिंशांशपति	मं	श	बृ	बु	शु	शु	बु	बृ	श	मं
जम्मा अंश	५	१०	१८	२५	३०	५	१२	२०	२५	३०

लग्नस्पष्टबाट त्रिंशांश कुण्डलीको लग्न निकाल्नु पर्छ। यहाँ लग्नस्पष्ट ३।६।२२।५५ छ। कर्कटको ६।२२ अंशादि भएकोले सम राशिको ५ देखि १२ अंशभित्र पर्‍यो। उल्लिखित त्रिंशांशबोधक चक्रअनुसार बुधको त्रिंशांश पर्छ। बुधका दुई राशिहरू मिथुन र कन्यामध्ये पनि मिथुन विषम राशि भएको र यहाँ सम राशिको त्रिंशांश गन्नुपर्ने भएकोले बुधको समराशि कन्या त्रिंशांश लग्न भयो। त्रिंशांश कुण्डलीमा ग्रह राख्दा पनि यसैअनुसार राख्नुपर्छ। सूर्यस्पष्ट ६।२७।२।४५ छ। तुला अर्थात् विषम राशिको २७।२ अंशादि भन्नाले उक्त त्रिंशांशबोधक चक्रअनुसार २५ देखि ३० अंशभित्र परेकोले शुक्रका दुई राशिहरू वृष र तुलामध्ये विषम राशि तुलाको त्रिंशांश हुन आयो। त्यसैले सूर्यलाई त्रिंशांश कुण्डलीमा तुलामा राखियो। यसैगरी तालिकाको सहयोगले अन्य ग्रहहरू राख्न सकिन्छ।

त्रिंशांश कुण्डली



१.६ विंशोत्तरी र योगिनी दशा ल्याउने तरिका

ज्योतिषको फलादेश गर्दा महादशा, अन्तर्दशा र प्रत्यन्तर्दशाको विशेष महत्त्व रहन्छ। ज्योतिषमा विंशोत्तरी, त्रिभागी, योगिनी, अष्टोत्तरी आदि अनेक दशाका आधारमा फलादेश गरिन्छ। तीमध्ये विंशोत्तरी र योगिनी दशा निकै महत्त्वपूर्ण छन्।

१.६.१ विंशोत्तरी दशा

यस दशाको कुल अवधि १२० वर्षसम्म हुने भएकोले यसलाई विंशोत्तरी दशा भनिएको हो। यसमा भुक्त कटाएर भोग्यको मात्र हिसाब गर्नुपर्छ। नौ वटा ग्रहहरूको दशा, अन्तर्दशा र प्रत्यन्तर दशासम्म हेर्दा व्यक्तिका शुभाशुभ फलहरू बताउन सहज हुन्छ। विभिन्न दशाहरूमध्ये विंशोत्तरी दशाको फल बढी मात्रामा व्यक्तिको जीवनमा घटित भएको पाइन्छ। त्यसैले यस दशालाई विशेष महत्त्व दिने गरिन्छ। विंशोत्तरीअनुसार महादशा, अन्तर्दशा र प्रत्यन्तर्दशासम्मको हिसाब गर्नु व्यावहारिक मानिन्छ। विंशोत्तरी दशाका कुल १२० वर्षमध्ये महादशाको काल विभाजन गर्दा सूर्य ६, चन्द्र १०, भौम ७, राहु १८, बृहस्पति १६, शनि १९ बुध १७, केतु ७ र शुक्रलाई २० वर्ष दिइएको हुन्छ। ग्रहलाई दिइएका वर्षहरूमा पुनः नवग्रहका अन्तर र प्रत्यन्तरदशामा विभाजन गरिन्छ।

विंशोत्तरी महादशा ल्याउने तरिका : जन्मकालीन चन्द्रनक्षत्रका आधारमा विंशोत्तरी र त्रिभागी दशा ल्याइन्छ।

तालिका सं. १४ विंशोत्तरी र त्रिभागी दशाबोधक चक्र

ग्रह	नक्षत्र	नक्षत्र	नक्षत्र	विंशोत्तरी दशा वर्ष	त्रिभागी दशा	
					वर्ष	मास
आदित्य	कृत्तिका	उ.फा.	उ.षा.	६	४	०
चन्द्र	रोहिणी	हस्त	श्रवण	१०	६	८
भौम	मृगशिरा	चित्रा	धनिष्ठा	७	४	८
राहु	आर्द्रा	स्वाती	शतभिषा	१८	१२	०
बृहस्पति	पुनर्वसु	विशाखा	पू.भा.	१६	१०	८
शनि	पुष्य	अनुराधा	उ.भा.	१९	१२	८
बुध	अश्लेषा	ज्येष्ठा	रेवती	१७	११	४
केतु	मघा	मूल	अश्विनी	७	४	८
शुक्र	पू.फा.	पू.षा.	भरणी	२०	१३	४

उक्त तालिकाबाट विंशोत्तरी र त्रिभागी दशा सजिलैसँग अवगत गर्न सकिन्छ। व्यक्तिको जन्मनक्षत्र वा चन्द्रनक्षत्र जुन हो त्यसैअनुसार आद्य दशा हुन्छ। जस्तै कृत्तिका जन्म नक्षत्र भए सूर्य आद्यदशा भयो। त्यसपछि क्रमशः चन्द्र, भौम, राहु हुँदै जान्छ।

विंशोत्तरी दशामा भुक्त र भोग्य ल्याउने विधि :

दशामानं भयातघ्नं भभोगेन हृतं फलम्।

दशाया भुक्तवर्षाद्यं भोज्यं मानाद् विशोधितम्॥

जन्मनक्षत्रको पलात्मक भयातलाई आद्यदशाको मानले गुणन गरेर आएको फललाई पलात्मक भभोगले भाग गर्दा आएको फल भुक्तवर्ष हुन्छ। शेषलाई १२ ले गुणन गरी पुनः पलात्मक भभोगले भाग गर्दा आएको फल भुक्त महिना हुन्छ। त्यसपछिको शेषलाई ३० ले गुणन गरी पलात्मक भभोगले भाग गर्दा आएको फल भुक्त दिन हुन्छ। यसलाई निम्नानुसार स्पष्ट गर्न सकिन्छ।

यस अध्यायमा चन्द्र स्पष्ट ल्याउँदा प्रयोग गरिएका उत्तराषाढा नक्षत्रको भयात घट्यादि ५२।५१ र भभोग घट्यादि ५९।२२ बाट भुक्त महादशा ल्याउँदा निम्नानुसार गर्ने :

तालिका नं. १४ मा हेर्दा उत्तराषाढाको मालिक सूर्य भएको र त्यसको विंशोत्तरी महादशा वर्ष ६ हुन्छ भन्ने देखिएको छ। अब भयात र भभोगलाई पलात्मक बनाऔँ।

पलात्मक भभोग : ५९x६०=३५४०+२२=३५६२

पलात्मक भयात : ५२x६०=३१२०+५१=३१७१

पलात्मक भयात ३१७१लाई आद्यदशा सूर्यको मान ६ वर्षले गुणन गर्ने :

३१७१x६ =१९०२६

यस फललाई पलात्मक भभोगले भाग गर्ने :

३५६२)१९०२६(५ भुक्त वर्ष

−१७८१०

१२१६ शेषलाई १२ ले गुणन गर्ने :

१२१६x१२ = १४५९२

यस फललाई पुनः पलात्मक भयातले भाग गर्ने :

३५६२)१४५९२(४ भुक्त मास

-१४२४८

३४४ शेषलाई ३० ले गुणन गर्ने :

३४४x३० = १०३२०

यस फललाई पुनः पलात्मक भयातले भाग गर्ने :

३५६२)१०३२०(२ भुक्त दिन

-७१२४

३१९६ शेष (यहाँ शेष अङ्क र भाग गर्ने अङ्कमा थोरै मात्र फरक भएकोले भुक्त दिन २ मा १ थपेर ३ गर्दा उपयुक्त हुन्छ। यसअनुसार सूर्यको भुक्त दशा वर्ष ५ मास ४ र दिन ३ भयो। यसलाई सूर्यको महादश वर्ष ६ बाट घटाउँदा भोग्य मान ० वर्ष ७ महिना २७ दिन हुन्छ)।

१.६.२ योगिनी दशा

योगिनी दशामा मङ्गला, पिङ्गला, धान्या, भ्राभरी, भद्रिका, उल्का, सिद्धा र सङ्कटा पर्दछन्। यसको कुल दशाअवधि ३६ वर्ष हुन्छ र त्यसपछि पुनः अर्को दशाचक्र दोहोरिन्छ। योगिनी दशा ल्याउने सूत्र यसप्रकार छ :

स्वर्क्षं पिनाकीनयनं युक्तं च वसुभिर्हरेत्।

शेषेण योगिनी ज्ञेया शुन्यपातेन सङ्कटा॥

जन्म नक्षत्र सङ्ख्यामा ३ जोडेर ८ ले भाग गर्दा जति शेष रहन्छ त्यसैअनुसार मङ्गला, पिङ्गला आदि दशा जान्नु। शून्य शेष रहँदा सङ्कटा दशा जान्नु।

उदाहरण :

यसअघि विंशोत्तरी दशामा दिइएको उत्तराषाढा नक्षत्रको योगिनी दशा ल्याउँदा निम्नानुसार गर्ने :

उत्तराषाढाको नक्षत्र सङ्ख्या = २६

यसमा ३ जोड्दा योगफल = २९

यसलाई ८ ले भाग गर्दा : ८)२९(३

२४

५ शेष = भद्रिका दशा भयो।

तालिका सं १५ : योगिनी दशाबोधक तालिका

सि. नं.	योगिनी	नक्षत्र	स्वामी ग्रह	महादशा वर्ष
१	मङ्गला	आर्द्रा, चित्रा, श्रवण	चन्द्र	१
२	पिङ्गला	पुनर्वसु, स्वाती, धनिष्ठा	सूर्य	२
३	धान्या	पुष्य, विशाखा, शतभिषा,	बृहस्पति	३
४	भ्रामरी	अश्लेषा,अनुराधा,पूर्वाभाद्रा, अश्विनी	मङ्गल	४
५	भद्रिका	मघा,ज्येष्ठा,उत्तराभाद्रा, भरणी	बुध	५
६	उल्का	पूर्वाफाल्गुनी, मूल, रेवती,कृत्तिका	शनि	६
७	सिद्धा	उत्तराफाल्गुनी,पूर्वाषाढा,रोहिणी	शुक्र	७
८	सङ्कटा	हस्ता,उत्तराषाढा,मृगशिरा	राहु	८

यस तालिकाबाट व्यक्तिको जन्म नक्षत्रअनुसार योगिनीको आद्य महादशा पत्ता लगाउन सकिन्छ। जस्तै कुनै व्यक्तिको जन्म नक्षत्र अश्विनी भएमा भ्रामरी आद्यदशा हुन्छ भने मृगशिरा जन्म नक्षत्र भएमा सङ्कटा आद्यदशा हुन्छ। यसमा योगिनीका मालिक ग्रह पनि दिइएका छन्। कुण्डलीको फलकथन गर्दा योगिनीका मालिक ग्रहको बलाबल हेरेर फल बताउनु पर्छ। सङ्कटा दशाको कुल मान ८ वर्ष दिइएको छ । यसमा सङ्कटालाई २ भाग गरेर पहिलो ४ वर्ष सङ्कटा र दोस्रो ४ वर्ष विकटा दशा मानेर फलकथन गर्ने चलन पनि छ। यसमा सङ्कटाको दशा अशुभ र विकटाको दशा शुभ मान्ने चलन पनि छ।

योगिनी दशाको गणना गर्दा भुक्त र भोग्य कटाएर गर्नु व्यावहारिक हुन्छ। यसमा भुक्त भोग्य साधन गर्दा विंशोत्तरी दशाकै विधि अपनाउनु पर्छ।

अध्याय दुई

कुण्डली अध्ययनका पूर्वाधार

जन्मकुण्डली अध्ययन जटिल भए पनि यसलाई सरल र सरस बनाउन सकिन्छ। ज्योतिषीले फलादेश गर्दा सबैभन्दा पहिले विचार गर्नुपर्ने पक्ष भनेको देश, काल र परिस्थिति हो। उदाहरणका लागि लग्नमा चन्द्रमाको प्रभावले गोरो वर्ण र शनिको प्रभावले कालो वर्ण हुन्छ भन्ने ज्योतिष शास्त्रमा बताइएको छ। अब युरोप अमेरिकाका गोरा र अफ्रिकाका काला मानिसको कुण्डली अध्ययन गर्नुपर्दा कसरी फलादेश गर्ने भन्ने प्रश्न उठ्न सक्छ। काला जातिको कुण्डली आएमा शनिको प्रभाव लग्नमा भए कालामा पनि बढी कालो हुन्छ भन्नुपर्छ र चन्द्रमाको प्रभाव परेमा कालामध्ये केही कम कालो हुन्छ भन्नुपर्छ। त्यस्तै गोरा जातिको कुण्डलीमा लग्नमा चन्द्रमा भएमा बढी गोरो र शनि भएमा कम गोरो भन्ने फलकथन गर्नुपर्छ। त्यस्तै कुण्डली अध्ययनमा अनुमानले पनि विशेष सहयोग पुग्छ। यसमा बुद्धिमत्तापूर्वक ग्रहस्थितिको अध्ययन गरेर अनुमान गर्दा बढी सटिक फलादेश गर्न सकिन्छ। ज्योतिषीको साधनाले पनि फलादेशमा सहयोग पुग्दछ। यस्ता अनेक व्यावहारिक पक्षहरूलाई मनन गरेर फलादेश गर्दा ज्योतिषमा राम्रो सफलता प्राप्त गर्न सकिन्छ। कुण्डली फलकथन गर्दा केही सूत्रहरू छन् जसलाई मनन गरेर फल बताउँदा विशेष सहयोग पुग्छ।

२.१ कुण्डली फलकथनका ११५ वटा महत्त्वपूर्ण सूत्र

(१) कुण्डली हेर्दा भाव, भावेश र भावकारक ग्रह हेर्नुपर्छ। जस्तै माताको बारेमा हेर्दा चतुर्थस्थान, चतुर्थेश र मातृकारक ग्रह चन्द्रमाबाट हेर्ने। त्यसैगरी माताका बारेमा हेर्नुपर्दा दिनमा जन्मेको भए शुक्र र रात्रिमा जन्मेको भए चन्द्रबाट हेर्ने। पिताको विचार गर्दा दिनमा जन्म भए सूर्य र रातमा जन्म भए शनिबाट हेर्ने। यसमा सामान्यतः सूर्यबाट पिता र चन्द्रबाट माताको बारेमा हेर्ने गरिन्छ।

(२) केही ग्रह विशेष भाव वा परिस्थितिमा निष्फल हुन्छन्। जस्तै सूर्यसँग रहँदा चन्द्र निष्फल हुन्छ। मङ्गल दोस्रो भावमा, बुध चौथो भावमा, गुरु पाँचौँ भावमा, शुक्र छैटौँमा निष्फल र सातौँमा अनिष्ट होला। शनि सातौँमा निष्फल हुन्छ।

(३) फलादेश गर्दा "भावात् भावम्" अर्थात् कुनै भावका बारेमा हेर्नु पर्दा त्यो भावको विचार गरेर त्यसभावबाट त्यति नै टाढाको भावमा पनि हेर्ने। जस्तै पुत्रका बारेमा हेर्नुपर्दा पञ्चम भावबाट र त्यसदेखि पञ्चम अर्थात् नवम भावबाट पनि हेर्ने। माताका बारेमा हेर्नुपर्दा चतुर्थबाट चतुर्थ अर्थात् सप्तम भावबाट पनि हेर्ने। शत्रुको बारेमा हेर्नुपर्दा छैटौँबाट छैटौँ अर्थात् एकादश भावबाट हेर्ने। तर यसमा दोस्रो, तेस्रो र बाह्रौँ भावमा यो नियम लागु हुँदैन।

(४) वक्री भएका ग्रह अधिक बलवान् भई जुन भावका स्वामी छन् तिनलाई विशेष बल दिन्छन्।

(५) कुनै भावबाट भावेश अष्टम स्थानमा भए त्यो भाव निर्बल हुन्छ।

(६) सूर्य र चन्द्रलाई अष्टमेश दोष लाग्दैन।

(७) लग्नेश र अष्टमेश एकै ग्रह हुँदा अष्टमेश दोष लाग्दैन। यस्तो अवस्था मेष र तुला लग्नमा हुन्छ।

(८) कुनै ग्रह दुई भावका स्वामी भए मूलत्रिकोणको फल बढी दिन्छ। यसअनुसार मङ्गलले मेष र वृश्चिकमध्ये मेषको फल बढी दिन्छ। शुक्रका वृष र तुलामध्ये तुलाको, बुध मिथुन र कन्यामध्ये कन्याको, गुरु धनु र मीनमध्ये धनुको र शनि मकर र कुम्भमध्ये कुम्भको फल बढी दिन्छ।

(९) एउटै ग्रह दुई भावको स्वामी भएमा आफ्नो दशाकालमा लग्नबाट पहिले जुन भाव आउँछ वा दशाको पूर्वार्धमा जुन भाव आउँछ त्यसैको र उत्तरार्धमा त्यसपछिको भावको फल दिन्छ। जस्तै : वृष लग्नको कुण्डलीमा बुधको दशा परेमा पहिले द्वितीय र त्यसपछि पञ्चम भावको फल दिन्छ।

(१०) एकै ग्रह दुई केन्द्रका मालिक भए केन्द्राधिपत्य दोष भएर शुभता नष्ट हुन्छ तर दुईमध्ये एउटा लग्न पनि भएमा शुभता अक्षुण्ण रहन्छ।

(११) कुनै ग्रह केन्द्रेश र त्रिकोणेश दुवै हुँदा त्यसको दशा सर्वश्रेष्ठ हुन्छ।

(१२) चतुर्थभावमा मकर र कुम्भबाहेक अन्यको शनि हुँदा वृद्धावस्थामा करोडपति पनि टाट पल्टिन्छ।

(१३) अस्त ग्रह जुन भावको स्वामी हुन्छ त्यो भाव शून्य हुन्छ।

(१४) बुधबाट वा लग्नबाट दोस्रो भावमा राहु भएमा अश्लील भाषा बोल्ने हुन्छ।

(१५) शुक्र द्वादशस्थ हुँदा अतुलनीय धनवान र प्रसिद्ध पनि हुन्छ। षष्ठस्थ हुँदा पनि धनको अभाव हुँदैन।

(१६) भाव, भावेश र भावकारक तीनवटै बलवान् भएमा पूर्ण, दुई बलवान् भएमा आधा र एक बलवान् भएमा चौथाइ फल मिल्छ।

(१७) कुनै पनि भावमा रहेको ग्रह वा भावेशभन्दा त्यसलाई दृष्टि दिने ग्रहको प्रभाव बढी हुन्छ।

(१८) शनि र राहु विच्छेदात्मक ग्रह मानिन्छन्। यिनीहरुको सप्तमभावमा प्रभाव पर्दा दाम्पत्य विच्छेद हुन्छ।

(१९) राहु र केतु जुन भावमा बस्छन् तिनैका स्वामीसमान फल दिन्छन्। यसका साथै राहुले शनिको र केतुले मङ्गलको आधा फल दिन्छ।

(२०) राहु र केतु लग्न र त्रिकोणमा शुभ, दोस्रो र बाह्रौं भावमा सम र आठौं भावमा अतिपापी हुन्छ।

(२१) आकस्मिक घटना र लाभका लागि राहु प्रमुख कारक हुन्छ।

(२२) केतु कुनै स्वगृही ग्रहसँग बसेमा त्यस ग्रहलाई चार गुणा शक्ति बढी दिन्छ।

(२३) षष्ठेश जुन भावमा बस्छ त्यसलाई पीडित बनाउँछ।

(२४) सप्तम र द्वितीय भावमध्ये द्वितीय भाव विशेष मारक र द्वितीयेश मारकेश हुन्छ। मारकेश वा मारकेश बसेको स्थानमा बसेको ग्रहको दशामा मृत्यु सम्भव हुन्छ। मारकेशसँग शनिको सम्बन्ध भएमा मारकेश बढी कडा भएर मृत्यु दिन्छ।

(२५) गुरु सप्तमेश भएमा विशेष मारक हुन्छ।

(२६) शनि र राहुको युतिले क्यान्सर रोगको सम्भावना रहन्छ।

(२७) शनि र राहु सप्तममा हुँदा विवाह विच्छेद भएर अर्को विवाह सफल हुन्छ।

(२८) लग्नेश उच्च भएमा जातक धनी, दानी र प्रसिद्ध हुन्छ।

(२९) षष्ठेश अष्टममा हुँदा विशेष लाभ मिल्छ तर जातकले अरुलाई विश्वास गर्दैन।

(३०) अष्टम स्थानका गुरु र शुक्रको योग भएमा मुद्दामामिलामा हानि हुन्छ।

(३१) कर्कट राशिमा चन्द्रमा भएको व्यक्तिलाई सोमबार विशेष लाभ मिल्छ।

(३२) दुई ग्रह दशमस्थानमा बसेमा व्यक्ति प्रसिद्ध हुन्छ।

(३३) सूर्य र चन्द्रमा नवमस्थानमा भएमा धेरै धनवान् हुन्छ।

(३४) द्वितीय भावमा बसेको सूर्यलाई शनिले देखेमा आर्थिक क्षेत्रमा समस्या बेहोर्नुपर्छ।

(३५) भाग्यभावको स्वामी केन्द्रमा बसेमा जातक बाल्यावस्थामा नै भाग्यवान् हुन्छ।

(३६) पञ्चमेश र नवमेश सप्तम भावमा बसेमा महान् राजयोग हुन्छ।

(३७) राहु वा केतुका साथ केन्द्रको स्वामी त्रिकोणमा बसेमा विशेष लाभ मिल्छ।

(३८) शनि नीच भएर वक्री भएमा राम्रो फल मिल्छ।

(३९) सिंह लग्नको जातक बढी क्रोधी भए पनि परोपकारी वा असल स्वभावको हुन्छ।

(४०) स्त्रीको कुण्डलीमा सूर्य तृतीय वा षष्ठ स्थानमा भएमा जातिका स्वयं उच्च अधिकारी वा त्यसकी पत्नी हुन्छे।

(४१) सूर्य नवम भावमा भएमा धन र सन्तान सुख राम्रो हुन्छ।

(४१) लग्नेश द्वितीयमा, द्वितीयेश एकादशमा र एकादशेश द्वितीयमा बसेमा महा धनयोग बन्दछ।

(४२) द्वितीय वा तृतीय भावमा चन्द्र र मङ्गलको युति भएर राहु पञ्चमस्थ भएमा धनवान, उच्च अधिकारी वा सरकारी अधिकृत हुन्छ।

(४३) गोचरमा शनि पञ्चमस्थ भएमा अनेक पीडा बेहोर्नुपर्छ।

(४४) लग्नेश द्वादश भावमा बसेमा जातकका धेरै शत्रु हुन्छन्, झुट्टा आरोप लाग्छ र जातकका मनमा आत्महत्याको विचार आउँछ।

(४५) राहुको महादशामा केतुको अन्तर्दशा विशेष कष्टकारी हुन्छ।

(४६) द्वितीय भावको स्वामी नवम वा एकादश भावमा बसेमा बाल्यकालमा दुःख र बाँकी जीवन सुखमय होला।

(४७) लग्नेश द्वितीयमा र द्वितीयेश लग्नमा बसेमा कुनै प्रयत्न नगरी धन प्राप्त हुन्छ।

(४८) सूर्य एकादश भावमा भएमा शत्रु धेरै हुन्छन् तर तिनमाथि विजय प्राप्त गर्न सक्छ।

(४९) अष्टमेशलाई गुरुले देखेमा दीर्घायु हुन्छ।

(५०) स्त्रीको कुण्डलीमा राहु द्वितीय भावमा बसेमा स्वदेशभन्दा टाढा बस्दा सुख मिल्छ।

(५१) उच्चको शनिलाई मङ्गलले देखेमा राम्रो वक्ता वा नेता बन्दछ।

(५२) शुक्र एकादश भावमा बसेमा विवाहपछि विशेष धनवान् हुन्छ।

(५३) केतु अष्टम भावमा भएमा आकस्मिक धनलाभ होला तर त्यस भावमा मे वृष, मिथुन, कन्या वा वृश्चिक राशि भएमा पेटको रोग होला।

(५४) शनि वृष राशिमा भएमा बढी रिसाहा हुन्छ र विवाहपछि आय कम व्यय धेरै हुन्छ।

(५५) लग्न स्थिर राशिको भएर त्यसमा षष्ठेशको दृष्टि भएमा जातक धनवान हुन्छ।

(५६) शुक्र लग्नमा बसेमा व्यक्ति रोमान्टिक वा गीतसङ्गीतमा रुचि राख्ने हुन्छ

(५७) शनि लग्नमा र बृहस्पति केन्द्र वा त्रिकोणमा बसेमा पैतृक सम्पत्ति प्राप्त गर्दछ।

(५८) चन्द्र र बुधको केन्द्र वा त्रिकोणमा युति भएमा विद्वान् हुन्छ।

(५९) सूर्यका दुवैतर्फ ग्रह भएमा व्यक्ति छिटो बोल्ने हुन्छ र त्यसलाई कार्यमा सफलता प्राप्त हुन्छ। त्यस्तो व्यक्ति धनी पनि हुन्छ।

(६०) जन्मकुण्डलीमा मङ्गल र शुक्रको युति भएमा व्यक्तिको विवाहभन्दा इतर सम्बन्ध हुन्छ।

(६१) कुनै स्त्रीको कुण्डलीमा मकर राशिको मङ्गल द्वितीय भावमा भएमा उसको पिताको स्वभाव फोहर बोल्ने, सामान्य बोलचालमा पनि असभ्य भाषा बोल्ने हुन्छ।

(६२) यदि कुनै पुरुषको कुण्डलीमा मकरको मङ्गल द्वितीय भावमा भएमा उसको काकाको स्वभाव फोहोर कुरा बोल्ने हुन्छ। तर त्यस्तो जातक प्रथम श्रेणीको विद्यार्थी हुन्छ।

(६२) तुला लग्नमा उच्चको शनि हुँदा प्रथम श्रेणीको विद्यार्थी हुन्छ।

(६३) गुरु कर्कट लग्नमा भएमा जातक विश्वासिलो, उदार, सादा जीवनको, सत्यप्रिय, स्पष्टवक्ता, शुद्ध चरित्रको र विद्वान् होला।

(६४) यदि लग्नमा कुनै पनि राशिको मङ्गल बसेमा जातक शीघ्र क्रोधी हुन्छ।

(६५) मेष लग्नवाला व्यक्ति यति अधैर्यवान् हुन्छ कि अज्ञात भावी तिथिमा सफलताको प्रतीक्षा गर्नुभन्दा शीघ्र विफलताको परिणाम सुन्न मन पराउँछ।

(६६) कर्कट लग्नमा वा नवौँ भावमा कर्कट राशिमा गुरु र चन्द्र स्थित भएमा त्यस्तो व्यक्ति महान् नेता, सत्यको पुजारी र महान् ख्यातिप्राप्त व्यक्ति हुन्छ।

(६७) मकर लग्नमा केतु एक्लै बसेमा जातक अत्यन्त दुब्लो, बुभुक्षित, क्षयोन्मुख, मांसहीन र पहेलो शरीरवाला हुन्छ। त्यस्तो व्यक्तिलाई क्षयरोगको पनि सम्भावना रहन्छ।

(६८) मकर राशिमा सप्तम भावमा केतु बसेमा जातकको पति वा पत्नी कृशकाय, मांसहीन र क्षयोन्मुख हुन्छ।

(६९) मङ्गल द्वितीय भावमा उच्च, मित्रराशि वा स्वगृही भएर बसेमा उसको काकासँग सम्बन्ध राम्रो हुन्छ भने नीच, शत्रुगृही भएमा सम्बन्ध खराब हुन्छ।

(७०) यदि मङ्गल तृतीय भावमा बसेमा व्यक्ति बहादुर, साहसी र युद्धका लागि सधैँ तत्पर रहला।

(७१) कुनै पनि भावमा मकर राशिमा चार वा अधिक ग्रह बसेमा जातक लज्जा, कलङ्क र पराजयको भावनाले ग्रस्त हुन्छ। यस्तो व्यक्तिले चाहेजति सफलता प्राप्त गर्न सक्दैन।

(७२) कुनै पनि भावमा चन्द्र र राहुको युति भएमा जातकलाई कारावास, भयङ्कर आरोपबाट मुद्दा, परिवारमा कमाउने व्यक्तिको निधनबाट सङ्कट, शारीरिक आघात र घोर विपत्तिं दिनेवाला हुन्छ।

(७३) कुनै पनि घरमा कर्कट राशिमा गुरु र चन्द्र वा चन्द्र र शुक्रको युति भएमा जातक अत्यन्त सुन्दर र स्वस्थ हुन्छ। यदि यस्तो योग लग्नमा भएमा स्वयं व्यक्ति आकर्षक र सुन्दर, चतुर्थमा भएमा व्यक्तिकी माता, सप्तममा भएमा व्यक्तिको जोडी(पति वा पत्नी) र दशममा भएमा व्यक्तिको पिता आकर्षक हुन्छ।

(७४) चन्द्र र शनिको चतुर्थ भावमा युति हुँदा जातकलाई बाल्य र किशोर अवस्थामा घोर विपत्ति दिने हुन्छ। त्यसपछि पनि व्यक्तिलाई केही विपत्ति आइलाग्छ।

(७५) लग्न र त्रिकोणभाव तथा लग्नेश र त्रिकोणेश सधैँ शुभ हुन्छ।

(७६) केन्द्रेश अशुभ ग्रह भए शुभफलदाता र शुभ भए अशुभ फलदाता हुन्छ।

(७७) नीच ग्रह वक्री भएमा उच्चको र उच्च ग्रह वक्री भएमा नीचको फल दिने हुन्छ।

(७८) कुनै ग्रह जन्मकुण्डलीमा उच्च भए पनि नवांश कुण्डलीमा नीच भएमा साधारण फल मिल्छ। त्यस्तै जन्मकुण्डलीमा नीच भएको ग्रह नवांशमा उच्च भएमा उच्च फल दिने हुन्छ।

(७९) षष्ठेश वा एकादशेश यदि नीचको भएमा उच्चको फल दिन्छ भने उच्चको भएमा नीचको फल दिन्छ।

(८०) फलादेश गर्दा लग्नकुण्डलीका साथै चन्द्र कुण्डली, नवांश कुण्डली र प्रश्नकुण्डलीको पनि विचार गर्नु राम्रो हुन्छ।

(८१) ज्योतिषीय ग्रन्थमा विभिन्न लग्नका जातकको लक्षण बताइएको हुन्छ, त्यसलाई पनि मनन गरेर फलादेश गर्नुपर्छ।

(८२) फलादेश गर्दा ग्रहका पाँच अवस्था बाल, कुमार, युवा, वृद्ध र मृत अवस्थाबारे पनि ध्यान दिएर फलादेश गर्नुपर्छ।

(८३) केन्द्रेश र त्रिकोणेशका बिचमा कुनै सम्बन्ध भएमा योगकारक हुने हुँदा यसको पनि विचार गरेर फलादेश गर्नुपर्छ।

(८४) कुनै पनि ग्रहको फल उसको दशामा प्राप्त हुन्छ। यदि जीवनकालमा त्यो ग्रहविशेषको दशा नआएमा त्यसको शुभाशुभ फल पनि मिल्दैन।

(८५) कुण्डलीमा बनेका शुभ र अशुभ योगहरू बारेमा पनि मनन गर्नुपर्छ। यस्ता योगहरूको बलाबलका आधारमा फलमा घटबढ हुन्छ। योगहरू पनि आफ्ना दशा र अन्तर्दशाकालमा फल दिने हुन्छन्।

(८६) सर्वप्रथम जातकको अल्प, मध्य वा दीर्घमध्ये कुन आयु हो सोको विचार गरेर अन्य फलतर्फ लाग्नुपर्छ। यदि अल्पायु रहेमा कुण्डलीका अन्य सबै फल व्यर्थ हुन्छन्।

(८७) त्रिक स्थान(षष्ठ, अष्टम वा द्वादश) को स्वामी एक-अर्कासँग सम्बद्ध भएमा विपरीत राजयोग बन्दछ जसले अशुभता समाप्त पारेर शुभ फल दिन थाल्छ।

(८८) जातकको पूर्वजन्मको विचार नवम र पुनर्जन्मको विचार पञ्चम भावबाट गर्नुपर्छ।

(८९) कुनै ग्रह स्वराशिस्थ, उच्च वा कारकसमेत भएको अवस्थामा पनि यदि त्यसलाई पाप ग्रहले देखेमा अशुभ फल नै दिन्छ।

(९०) सामान्य नियममा कुनै भाव आफ्नो अधिपतिबाट युक्त वा दृष्ट भएमा शुभफलप्रदाता हुन्छ तर कुनै पापग्रह आफ्नो भावबाट सप्तमस्थ भएमा त्यसले आफ्नो भावलाई नाश गर्दछ।

(९१) यदि चन्द्रमा सूर्यबाट अस्त भएमा स्वराशि वा उच्च राशिको भए पनि चन्द्रमाले शुभफल प्रदान गर्न सक्दैन।

(९२) कुनै पनि ग्रह अत्यन्त बलवान् भए पनि भावसन्धिमा रहेमा त्यसले शुभ फल दिन सक्दैन।

(९३) चतुर्थ भावमा मङ्गल र शनिको युति भएमा साझेदारीको काममा विश्वासघात हुनसक्छ।

(९४) लग्नमा रहेको चन्द्रमालाई सूर्यले देखेमा र शनि तथा मङ्गलको दृष्टि भएमा माताविहीन हुने सम्भवना रहन्छ।

(९५) लग्न र सप्तम भावमा पाप ग्रह बसेमा दम्पतीमा कुरा मिल्दैन।

(९६) द्विस्वभाव लग्न भएमा केहीमा पनि दृढनिश्चय नहुनाले अनेक काम थालेर व्यक्तिको पराजय हुन्छ।

(९७) व्यक्तिको राशिदेखि सातौँ स्थानमा गोचरको गुरु पुग्दा जग्गाजमिनको बिक्री गराउँछ।

(९८) चन्द्रमा वा सूर्य छैटौँ वा आठौँ स्थानमा बसेमा राज्यपक्षसम्बन्धी मुद्दामामिलाबाट मृत्युसम्म गराउन सक्छ।

(९९) जातकको राशिदेखि अष्टम स्थानमा सूर्य, बुध र मङ्गल बसेमा पारिवारिक कलह हुन्छ र अग्निको पनि भय हुन्छ।

(१००) सूर्य, शुक्र र राहु अष्टम स्थानमा बसेमा पुत्रीको विवाहमा बाधा पर्नसक्छ।

(१०१) अष्टम स्थानमा चन्द्र र शुक्र बसेमा छोरीको मृत्यु हुनसक्छ।

(१०२) सूर्य र राहु नवम स्थानमा बस्दा ज्वाइँ र ज्वाँइका छोरालाई कष्ट गराउला।

(१०३) गोचरमा बृहस्पति नवमस्थानमा पुग्दा विवाह गर्ने र घर बनाउने योग बन्दछ।

(१०६) दशमस्थानमा गोचरको सूर्य र राहु पुग्दा पितालाई कष्ट हुन्छ।

(१०७) राशिदेखि दशमस्थानमा सूर्य र मङ्गल पुग्दा राज्यबाट मानसम्मान मिल्ला।

(१०८) जन्मकुण्डलीको एकादश स्थानमा पापग्रह बसेमा पत्नी बाँझी हुने योग बन्दछ।

(१०९) एकादश भावमा बुध भएमा पुत्रप्राप्ति हुन्छ।

(११०) एकादश भावमा सूर्य र राहुको युतिले पुत्रबाधा उत्पन्न हुन्छ।

(१११) एकादश भावमा राहु र मङ्गलको योग भएमा बाधा, विपत्ति र घरमा अग्निको भय होला।

(११२) एकादश भावमा सूर्य, शुक्र र राहुको युति भएमा दाम्पत्य जीवनमा ठुलो कलह ल्याउला।

(११३) एकादश स्थानमा राहु र शुक्रको युतिले राज्यबाट सम्मान र सम्पत्तिको लाभ होला।

(११४) द्वादश भावमा शुक्र र शनिको युति भएमा जलयात्रामा खतरा हुन सक्छ।

(११५) कुण्डलीमा फल विचार गर्दा लग्न र राशि दुवैलाई समान महत्त्व दिनुपर्छ।

२.२ कुण्डलीबाट आयुको विचार

कुण्डलीमा सर्वप्रथम आयु विचार गर्नुपर्छ। आयुको निर्धारणपछि कुण्डलीका अन्य शुभाशुभ फल मिल्ने हो। आयुलाई विभिन्न शास्त्रीय ग्रन्थहरूले फरकफरक रूपमा विभाजन गरेका छन्। सामान्यतया ३२ वर्षसम्म अल्पायु, ३२ देखि ७० वर्षसम्म मध्यायु र ७० देखि १०० वर्षसम्म दीर्घायु मान्नु उपयुक्त हुन्छ। हाल

विभिन्न राज्यहरूले राज्यका र स्थानविशेषका पनि औसत आयु निकाल्ने गर्दछन्। वर्ल्डोमिटरले दिएको विवरणअनुसार सन् २०२० मा संसारका केही देशहरूका जनताको औसत आयु निम्नानुसार छ :

क्र.सं.	देश	औसत आयु वर्ष		
		महिला	पुरुष	दुवै सरदर
१	हङकङ	८८.१७	८२.३८	८५.२९
२	जापान	८८.०९	८१.९१	८५.०३
३	इटली	८५.९७	८१.९०	८१.१
४	स्पेन	८६.६८	८१.२७	८३.९९
५	अस्ट्रेलिया	८५.८०	८२.०८	८३.९४
६	दक्षिण कोरिया	८६.४२	८०.४६	८३.५०
८	फ्रान्स	८५.८२	८०.३२	८३.१३
९	क्यानाडा	८४.७४	८१.१५	८२.९६
१०	जर्मनी	८४.१४	७९.६२	८१.८८
११	बेलायत	८३.२८	८०.२२	८१.७७
१२	संयुक्त राज्य अमेरिका	८१.६५	७६.६१	७९.११
१३	श्रीलङ्का	८०.७४	७४.२५	७७.५६
१४	चीन	७९.७३	७५.३६	७७.४७
१५	बङ्गलादेश	७५.६०	७१.८०	७३.५७
१६	रसिया	७८.१५	६७.६२	७२.९९
१७	भूटान	७३.३३	७२.२७	७२.७७
१८	नेपाल	७३.२३	७०.१३	७१.७४
१९	भारत	७१.८०	६९.१६	७०.४२
२०	पाकिस्तान	६८.९०	६६.७७	६७.७९

स्रोत : *https://www.worldometers.info/demographics/life-expectancy/*

यहाँ विश्वका विभिन्न देशका जनताको औसत आयु दिनाको कारण ज्योतिषीले कुनै देशको जातकको कुण्डली अध्ययन गरेर आयु बताउन थप सहज होस् भन्ने हो। यस्तो अध्ययनलाई देश, काल र परिस्थितिको अध्ययनअन्तर्गत राख्न सकिन्छ। त्यस्तै आर्थिक अवस्था र व्यवसायको अनुमान गर्दा पनि सम्बन्धित

देशका जनताको सरदर वार्षिक आय र तिनले अँगाल्ने पेसाका बारेमा केही जानकारी भएमा फलादेश गर्न सहज हुन्छ।

जैमिनी मुनिले मानिसको आयु निम्नानुसार तीन किसिमबाट विचार गर्नुपर्ने बताएका छन्।

(१) लग्नेश र अष्टमेशबाट

(२) लग्न र चन्द्रमाबाट

(३) लग्न र होरालग्नबाट

यी तीन प्रकारबाट आयु अनुमान गर्दा तीनै थरी फरकफरक आएमा लग्न र होरालग्नबाट आएको आयुलाई मान्नुपर्छ। दुई थरी एउटै आएमा त्यसैलाई मान्नुपर्छ। तीनै थरी एउटैआएमा स्वतः त्यही आयु मान्न सकिन्छ। यसलाई निम्नानुसार स्पष्ट बुझ्न सकिन्छ :

पहिलो प्रकार

दीर्घायु	मध्यायु	अल्पायु
चरमा लग्नेश चरमा अष्टमेश	चरमा लग्नेश स्थिरमा अष्टमेश	चरमा लग्नेश द्विस्वभावमा अष्टमेश
स्थिरमा लग्नेश द्विस्वभावमा अष्टमेश	स्थिरमा लग्नेश चरमा अष्टमेश	स्थिरमा लग्नेश स्थिरमा अष्टमेश
द्विस्वभावमा लग्नेश स्थिरंमा अष्टमेश	द्विस्वभावमा लग्नेश द्विस्वभावमा अष्टमेश	द्विस्वभावमा अष्टमेश चरमा अंष्टमेश

चन्द्रमा लग्न सप्तममा नहुँदा

दीर्घायु	मध्यायु	अल्पायु
चरमा शनि चरमा चन्द्रमा	चरमा शनि स्थिरमा चन्द्रमा	चरमा शनि द्विस्वभावमा चन्द्रमा
स्थिरमा शनि द्विस्वभावमा चन्द्रमा	स्थिरमा शनि चरमा चन्द्रमा	स्थिरमा शनि स्थिरमा चन्द्रमा
द्विस्वभावमा शनि स्थिरमा चन्द्रमा	द्विस्वभावमा शनि द्विस्वभावमा चन्द्रमा	द्विस्वभावमा शनि चरमा चन्द्रमा

दोस्रो प्रकार

दीर्घायु	मध्यायु	अल्पायु
लग्न चरराशिमा चरमा चन्द्रमा	लग्न चरराशिमा स्थिरमा चन्द्रमा	लग्न चरराशिमा द्विस्वभावमा चन्द्रमा
लग्न स्थिरराशिमा द्विस्वभावमा चन्द्रमा	लग्न स्थिरराशिमा चरमा चन्द्रमा	लग्न स्थिरराशिमा स्थिरमा चन्द्रमा
लग्न द्विस्वभाव राशिमा स्थिरमा चन्द्रमा	लग्न द्विस्वभाव राशिमा द्विस्वभावमा चन्द्रमा	लग्न द्विस्वभाव राशिमा चरमा चन्द्रमा

तेस्रो प्रकार

दीर्घायु	मध्यायु	अल्पायु
लग्न चरराशिमा होरालग्न चरमा	लग्न चरराशिमा होरालग्न स्थिरमा	लग्न चरराशिमा होरालग्न द्विस्वभावमा
लग्न स्थिरराशिमा होरालग्न द्विस्वभावमा	लग्न स्थिरराशिमा होरालग्न चरमा	लग्न स्थिरराशिमा होरालग्न स्थिरमा
लग्न द्विस्वभाव राशिमा होरालग्न स्थिरमा	लग्न द्विस्वभाव राशिमा होरालग्न द्विस्वभावमा	लग्न द्विस्वभाव राशिमा होरालग्न चरमा

होरालग्न साधन सारिणी

घडीफल

घडी	१	२	३	४	५	६	७	८	९	१०
राशि	०	०	१	१	२	२	२	३	३	४
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०
घडी	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
राशि	४	४	५	५	६	६	६	७	७	८
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०
घडी	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
राशि	८	८	९	९	१०	१०	१०	११	११	०
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०

घडी	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
राशि	०	०	१	१	२	२	२	३	३	४
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०
घडी	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०
राशि	४	४	५	५	६	६	६	७	७	८
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०
घडी	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०
राशि	८	८	९	९	१०	१०	१०	११	११	०
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०

होरालग्न साधन सारिणी

पलाफल

पला	१	२	३	४	५	६	७	८	९	१०
अंश	०	०	०	०	१	१	१	१	१	२
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
अंश	२	२	२	२	३	३	३	३	३	४
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
अंश	४	४	४	५	५	५	५	५	५	६
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०
अंश	६	६	६	६	७	७	७	७	७	८
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०
अंश	८	८	८	८	९	९	९	९	९	१०
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०
अंश	१०	१०	१०	१०	११	११	११	११	११	१२
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०

होरालग्न साधन विधि : यसका लागि जन्मकालीन इष्ट घडीपला अर्थात् जन्मकालीन सूर्योदयादिष्ट घडीपला, जन्मकालीन स्पष्ट लग्न र जन्मकालीन स्पष्ट सूर्यको आवश्यकता पर्दछ। त्यसपछि जन्मकालीन इष्ट घडीपलामध्ये इष्ट घडी जति छ त्यसलाई घडीफलवाला सारिणीमा हेरेर राश्यादिफल लिनु । त्यसपछि इष्ट घडीपलामध्ये पला जति छ त्यसलाई पलाफलवाला सारिणीको कोठाबाट अंशादि फल लिनु र दुवैबाट आएका फललाई यथास्थानमा जोड्नु । त्यसपछि आएको योगफल विषम लग्न भए सूर्यको राश्यादिमा जोड्नु, सम भए लग्नको राश्यादिमा जोड्नु। आएको योगफल होरालग्न हुन्छ।

होरालग्न ल्याउने उदाहरण : २०७७ मङ्सिर ५ गते दिउँसो १२ बजे काठमाडौँमा जन्मेको जातकको होरालग्न ल्याउँदा इष्टकाल १३।४५ घट्यादि छ। घडीफल सारिणीबाट १३ घडीको ५।६ राश्यादि आयो । पलाफल सारिणीबाट ४५ पलाको ९।० अंशादि आयो। दुवैको योग ५।१५।० राश्यादि आयो। यस फललाई यहाँ सम लग्न भएकोले स्पष्ट लग्नमा जोड्नु पर्छ। लग्न ९।२४।५४।५० मा घडीपलाबाट आएको उक्त योगफल ५।१५।० जोड्दा १५।९।५४।५० भयो। यसअनुसार १२ भन्नाले मेष, १३ भन्नाले वृष, १४ मिथुन र १५ भन्नाले कर्कट लग्न भयो। यसैले होरालग्न कर्कट भयो। अर्थात् होरालग्न ३।२४।५४।५० भयो।

छोटकरीमा आयु जान्ने अर्को विधि

लग्नको मालिक सूर्यको शत्रु भए अल्पायु, मित्र भए दीर्घायु र सम भए मध्यायु हुन्छ। अथवा लग्नको मालिक आफ्नो मित्रको घरमा भए दीर्घायु, समको घरमा भए मध्यायु र शत्रुको घरमा भए अल्पायु हुन्छ।

आयुकक्षा : सामान्यतया दीर्घायु कक्षा ९६,१०८ र १२० वर्षसम्म हुन्छ। मध्यायुकक्षा ६४,७२ र ८० वर्षसम्म र अल्पायुकक्षा ३२,३६ र ४० वर्षसम्म हुन्छ। यसमा उक्त तीनै तिरबाट दीर्घायु भए १२०, दुईतिरबाट दीर्घायु भए १०८ र एक तिरबाट दीर्घायु भए ९६ वर्ष आयु हुन्छ। तीनैतिरबाट मध्यायु भए ८०, दुईतिरबाट मध्यायु भए ७२ र एकतिरबाट मध्यायु भए ६४ वर्ष आयुप्रमाण हुन्छ। तीन प्रकारबाट अल्पायु भए ३२, दुईतिरबाट अल्पायु भए ३६ र एकतिरबाट अल्पायु भए ४० वर्ष आयुप्रमाण हुन्छ।

आयुको कक्षावृद्धि : बृहस्पति लग्न वा सप्तमस्थानमा भएमा वा बृहस्पतिमा शुभग्रहको दृष्टि परेमा पनि आयुको कक्षावृद्धि हुन्छ। बृहस्पति लग्न वा सप्तममा भएर त्यसमा

शुभग्रहको दृष्टि वा योग पर्‍यो, पापग्रहको दृष्टि वा योग परेन भने बृहस्पतिले दोहोरो कक्षा वृद्धि गर्छ। बृहस्पतिमा शुभ पाप दुवैको दृष्टि वा योग परेमा बलाबलका आधारमा कक्षा वृद्धि हुन्छ।

आयुको कक्षाह्रास : शनि आयुकारक भएमा आयुको कक्षाह्रास हुन्छ। शनि स्वराशि वा उच्च राशिमा भएमा वा शनिमा पापग्रहको दृष्टि वा योग परेमा पनि कक्षाह्रास हुँदैन।

ग्रहयोगका आधारमा आयु : विभिन्न ग्रहहरूको योगका आधारमा आयुमा घटबढ हुन्छ। लग्न र लग्नेशमा अशुभ प्रभाव परेमा अल्पायु योग बन्दछ। लग्नेश षष्ठ, अष्टम वा द्वादशस्थ भएर त्यसमा अशुभ प्रभाव रहँदा अल्पायु योग बन्दछ। अष्टमेश बलवान् भएमा र चन्द्र, शुक्र र बृहस्पतिको शुभ प्रभाव परेमा शुभ सम्बन्ध भएमा दीर्घायु हुन्छ।

मारकेश दशा विचार : द्वितीय र सप्तम स्थान मारक हुन्छ र त्यसको मालिकलाई मारकेश भनिन्छ। मारकेशको दशामा मृत्यु हुन्छ भन्ने सामान्य नियम हो। तर मारकेशको दशा आउँदैमा मृत्यु हुने होइन। पहिला अल्प, मध्य वा दीर्घमध्ये कुन आयु हो त्यसको निश्चय गर्नुपर्छ। त्यसपछि आयुको कक्षा ह्रास वा वृद्धि हेर्नुपर्छ। विभिन्न ग्रहले आयुमा घटबढ गराउँछन्। यसरी अल्प, मध्य वा दीर्घायुमध्ये कुनमा जातकको आयु सकिने हो त्यसको निश्चय पछि आउने मारकेशको दशा वा अन्तर्दशामा गोचरवश ती ग्रहको अशुभ स्थिति आएमा र त्यसमा शनिको प्रभाव परेमा मृत्युको सम्भावना रहन्छ। खानपान र आचरणबाट पनि आयुमा असर गर्दछ। हालको जनस्वास्थ्यको अवस्था, देशमा स्वास्थ्यको स्थिति, योग, आयुर्वेद र आधुनिक चिकित्साको प्रयोग आदिबाट पनि आयुमा प्रभाव पर्छ। दुर्घटना, दुर्मरणयोग, अरिष्ट योग, आत्महत्या योग आदिबारे पनि विचार गर्नुपर्छ। हाल आर्थिक अवस्थाले स्वास्थ्य सेवा लिन सक्ने वा नसक्ने स्थिति आउन सक्छ। यस्ता अनेक कारणबारे विचार गरेर आयुबारे निर्णय गर्नुपर्छ। आयु निर्धारणबारे थप जानकारीका लागि व्यावहारिक प्रकरणमा हेर्नुहोला।

२.३ लग्नअनुसारको जन्मफल

व्यक्तिमा सबैभन्दा बढी प्रभाव जन्मलग्नको पर्दछ। मेषदेखि मीनसम्म बाह्रओटा लग्नमध्ये जुन लग्नमा व्यक्तिको जन्म भएको छ त्यसको प्रभाव व्यक्तिको रूपरङ्ग, स्वभाव, आचरण आदिमा परेको प्रत्यक्ष देख्न सकिन्छ। तर यसमा पनि

ग्रहको स्थिति, लग्नेशको स्थिति, लग्नमा ग्रहको दृष्टि आदि आधारमा लग्नगत फलमा प्रभाव पर्दछ। सामान्यतया लग्नअनुसारको जन्मफल निम्नानुसार हुन्छ :

(१) **मेष :** यस लग्नमा जन्मने व्यक्ति क्रोधी, कडा स्वभावको, कलहप्रिय, लोभी, विदेश जाने, अल्पसन्तानयुक्त, ईर्श्यालु, बाखाको जस्तो आँखा भएको, रोकिएर बोल्ने, चतुर, परमश्रेष्ठ, विशेष कार्यकर्ता, काम गर्नमा निर्भय, अल्पबुद्धियुक्त, चञ्चल, दुष्ट बन्धुबान्धवजनले युक्त, डरपोक, स्थिर, धनी, शत्रुजयी, रोगी भएकोले माताबाट पहिले त्यागिएको र पिताको धननाशक हुन्छ। यस लग्नको व्यक्तिले रुचिअनुसार सुत्न कमी नगर्नु, शारीरिक र मानसिक विश्राममा ध्यान दिनु, मस्तिष्कको रक्षा गर्नु, व्यायाम गर्नु र स्वच्छ वातावरणमा रहनु बढी आवश्यक छ। यस लग्नको व्यक्तिकी स्त्री अङ्गहीना, सुकुमारी, शीलवती र वायुरोगी हुन सक्छे।

(२) **वृष :** यस लग्नमा जन्मने व्यक्ति सुन्दर, ऐश्वर्यवान, वस्त्राभूषण र संगीतप्रेमी, शान्त, स्त्रीप्रेमी, चौंडा छातीयुक्त, आफन्तद्वारा पीडित, धार्मिक कार्यमा रुचि राख्ने, कृषि, व्यापार जस्ता व्यवसायबाट धनी, स्थिर, चतुर, आफ्ना आश्रितहरूलाई सहयोग गर्ने, अरुको परामर्शमा नचल्ने हुन्छ। यस लग्नको व्यक्तिले छाती र घाँटीजनित रोगबाट जोगिनु, गरम र मसलादार खाना नखानु, ठिक्क खाना खानु, उत्तेजना र हतारमा काम नगर्नु, आफ्नो काम समयमै निर्भय भएर गर्नु र व्यायाम गर्नु आवश्यक छ। यस जातककी स्त्री विषम स्वभाव भएकी, दूषित योनीले युक्ता र उग्र स्वभावकी हुन्छे।

(३) **मिथुन :** यस लग्नमा जन्मने व्यक्ति मधुरभाषी, प्रसन्न मुहारयुक्त, कुशाग्रबुद्धियुक्त, अधिक उद्यमी, अधिक दानी, शास्त्रार्थ गर्ने, सङ्गीत र कलामा दक्ष, भोगी, कामुक, शत्रुनाशक, अल्पबन्धुयुक्त, अशुभपुत्रयुक्त, धर्ममा आलस्य गर्ने, आर्थिक काममा जाँगरिलो, रोग सहने, प्रसिद्ध वक्ता र विनीत हुन्छ। यस लग्नको जातकलाई फोक्सो र तन्तुजनित (Nervous System) समस्या हुन सक्छ। त्यसैले स्वच्छ वातावरणमा रहनु र हतार एवम् उत्तेजना दिने काम नगर्नु राम्रो हुन्छ। खाना ठिक्क मात्र खाने, वीर्य रक्षा गर्ने र न्यानो कपडा प्रयोग गर्ने गर्नाले स्वास्थ्यलाई फाइदा पुग्छ।

(४) **कर्कट :** यस लग्नको जातक विषम प्रकृतिको, अनेक वस्त्र र निवास भएको, देव र ब्राह्मण भक्त, विद्वान्, दीनदुःखीलाई दया गर्ने, हतारमा काम गर्ने, यदाकदा डरपोक, अरुको काममा खर्च गर्ने, मिलनसार, आनन्दप्रिय, वंशमा श्रेष्ठ, पूजा गर्न योग्य, दुष्ट पुत्रयुक्त, धेरै बोल्ने, धनधान्यले परिपूर्ण,

साहसी, अधिक धैर्यवान्, भ्रमणशील र विदेश जाने हुन्छ। यस लग्नको जातकले औषधी कम मात्र प्रयोग गर्नु, चिसोबाट जोगिनु, सादा एवम् हल्का खाना खानु र आफूलाई स्वस्थ सम्झनु आवश्यक छ।

(५) **सिंह :** यस लग्नको जातक सिंह जस्तो मुखयुक्त, ओजस्वी र बलियो काँध एवम् छातीयुक्त, धीर, गम्भीर, मांसप्रेमी, थोरै बोल्ने, दुःख सहने, अधिक क्रोधी, हिंस्रक, खर्चालु, स्पष्टवादी, निष्कपट, नीच कर्मलाई घृणा गर्ने र ठाँटबाँटसँग रहने हुन्छ। यस जातकले गरम र मादक पदार्थ सेवन गर्नु हुँदैन। उत्तेजना र हतारमा काम गर्नु हुँदैन। शरीरको रगतको रक्षा गर्नुपर्छ। ज्वरो आउँदा तुरुन्त उपचार गर्नुपर्छ। यस जातककी स्त्री बूढी, नाच मनपराउने, सन्यासिनी र अश्रेष्ठा हुन्छे।

(६) **कन्या :** यस लग्नको जातक कोमल वाणी भएको, सत्यवादी, दयालु, कामवासनायुक्त, रूपवान, सुन्दर ऐश्वर्यले युक्त, विनम्र, साहित्य, संगीत र कला मर्मज्ञ, अर्काको धनको भोगी, भ्रमणशील, द्विस्वभावी, वायु विकारले युक्त, अल्प सन्तानयुक्त, धर्मात्मा, अभिमानी, न्यायप्रिय र सुन्दर बुद्धियुक्त हुन्छ। यस जातकले मानसिक अवस्थामा ध्यान दिनु, पेटजनित रोगबाट बच्नु, उत्तम भोजन गर्नु र सांसारिक कुरामा बढी झमेला नगर्नु आवश्यक छ।

(७) **तुला :** यस लग्नको जातक कालो र रातो वर्णयुक्त चञ्चल, आलस्य गर्ने, पातलो शरीरको, विपरीत स्वभावको, विद्वान्, धर्ममा तत्पर, अधिक दुःखी, भ्रमणप्रिय, उदार, स्वच्छ अन्तस्करणयुक्त, खर्चालु, न्ययप्रिय, सत्यवादी, पुराणको अनुयायी, सतर्क, कलह गर्ने, भ्रातृस्नेही, पापी, निर्बल, अव्यवस्थित चरित्रयुक्त र सरसफाइप्रिय हुन्छ। यस जातकले कम्मर र गुप्ताङ्ग रोगबाट बच्नु पर्छ। यी स्थानमा चिसो लाग्न नदिनु राम्रो हुन्छ। शुद्ध जल र स्वच्छ वायु सेवन गर्नुपर्छ।

(८) **वृश्चिक :** यस लग्नको जातक केही मोटो शरीरको, पित्त प्रकृतिको, विश्वासघाती, मातालाई अनिष्ट गर्ने, स्थिर स्वभावको, उग्र, विपरीत प्रकृतिको, विवादमा लाभहानीको विचार नगरी एकोहोरो लाग्ने, तीतो सत्य बोल्ने, ईर्ष्यालु, अधिक भूमियुक्त, मित्रसँग द्रोह गर्ने, अर्काको भोजन खाने, हिंसा र लडाइँप्रिय, वीर, परस्त्रीगामी, अधिक स्त्रीहरूमा लीन, शत्रुयुक्त, पापकर्मबाट धनी, क्षुद्र, कार्यमा तत्पर, सन्ततियुक्त, शिवजीको आश्रयमा रहने, विनम्रका लागि दानी र भ्रमणशील हुन्छ। यस जातकले घाँटी र कलेजो

सुरक्षित राख्नु, मलमूत्रादि सरसफाइमा ध्यान दिनु र सरुवा रोगबाट जोगिनु आवश्यक छ। यस जातकले नशालु पदार्थ भुलेर पनि प्रयोग गर्नु हुँदैन।

(९) **धनु :** यस लग्नको जातक ठुलो र उच्च मस्तक भएको, लजालु, शत्रुजयी, परोपकारी, शास्त्रज्ञ, क्रोधी, पण्डित, सत्यबाट जीविका चलाउने, सादा र स्पष्ट विचारको, महान् आशयको, न्याय र सत्यको लागि परिश्रम गर्ने, कुलमा श्रेष्ठ, अधार्मिक, बान्धव स्नेही, चित्रकलाप्रेमी, वीर, अधिक स्त्री र पुत्रयुक्त, मुख र आँखाको रोगी, अस्थिर, अधिक क्षुद्र, राज्यबाट धन हानि गराउने हुन्छ। यस जातकका छाती, हात, काँध, तिघ्रा, नाक, कान जस्ता अङ्गहरू ठुला खालका हुन्छन्। यस जातकले अधिक परिश्रमबाट बच्नु, केही व्यायाम गर्नु र घुमफिर गर्नु आवश्यक छ। रक्त विकारबाट जोगिनु पर्छ।

(१०) **मकर :** यस लग्नमा जन्मने व्यक्ति कुरूप, पातलो अङ्गको, गोहीको जस्तो मुख भएको, डरपोक, सरल स्वभावको, सेता खालको आँखा भएको, चौंडा छाती भएको, चञ्चल, भोकले पीडित, आचारहीन, पाखापर्वतमा घुम्ने, उत्साही, परिश्रमी, बदला लिन तत्पर, लागेको कुरा बोल्ने, संगीतमा रुचि भएको, अधिक दानी, वायु रोगी, दूषित स्त्रीले युक्त, अल्छी, खर्चालु, ईर्ष्यारहित, धार्मिक, प्रवासी, पसल व्यवसायबाट धन आर्जन गर्न सक्ने, कन्या सन्ततियुक्त, सज्जन र स्त्रीबाट वशीभूत हुन्छ। यस जातकले चर्मरोगबाट जोगिनु, सर्दीबाट जोगिनु र चित्त शान्त पार्नु आवश्यक छ।

(११) **कुम्भ :** यस लग्नमा जन्मने व्यक्ति कलहप्रिय, क्रोधी, स्वतन्त्र, कफ र वायु प्रकृतिको, दुब्लो, शुभचिन्तक, चाप्लुसी गर्ने, अपयशी, मानिसहरूका माझमा बढी क्रियाशील, मित्र र कुटुम्बले रहित, सुरासुन्दरीप्रिय, पुरुषार्थी, प्रवासी, खर्चालु, दाजुभाइबाट पीडित, कलहकारी तर परिश्रमी पत्नीले युक्त, धूर्त साथीहरूले युक्त र विद्वेषी हुन्छ। यस जातकले आफ्नो रगतमा पूरा ध्यान दिनुपर्छ। रगतको रोगको तुरुन्त उपचार गराउनु पर्छ। स्वच्छ हावापानीमा रहनुपर्छ। मानसिक व्यथाबाट बच्नु, सादा र रगतको रक्षा हुने भोजन गर्नु, नेत्र विकारबाट जोगिनु र हल्का व्यायम गर्नु आवश्यक छ।

(१२) **मीन :** यस लग्नको व्यक्ति चर्मरोगी, मद्य र मांसप्रेमी, खुल्ला मुख भएको, बलवान्, धैर्यवान्, बुद्धिमान्, पवित्र, शास्त्रानुचारी, विनम्र, गायन र चित्रकलाको ज्ञाता, कन्या सन्ततियुक्त, विश्वासी, कीर्तिमान, चञ्चल,

कुटुम्बयुक्त, कफ र वायुप्रकृतिवाला, क्षुद्र, उग्रशत्रुयुक्त, सरलस्वभावको, सुन्दर हसाइ भएको, रुधिररोगी र विषले दुब्लो शरीरवाला हुन्छ। यस्तो व्यक्ति स्वास्थ्यप्रति असावधान हुन्छ। सरुवा रोगबाट यस व्यक्ति बढी सावधान हुनु आवश्यक छ। गोडामा चिसो हुन नदिनु, मादक पदार्थबाट जोगिनु, मात्राभन्दा बढी पानी नपिउनु, चिन्ता र झन्झटबाट जोगिनु आवश्यक छ।

२.४ राशि परिचय

राशिलाई विभिन्न तरिकाले विभाजन गरिएको हुन्छ। फलित ज्योतिषमा यसको विशेष महत्त्व छ। जस्तैः मेष, वृष र मिथुन राशि क्रमशः चर, स्थिर र द्विस्वभाव राशि हुन्। व्यक्तिको जन्म लग्न वा राशि चर हुँदा चञ्चल, स्थिर हुँदा एकैनासको र द्विस्वभाव हुँदा मिश्रित स्वभावको हुन्छ भन्ने कुरा राशिबाटै पत्ता लाग्छ। त्यस्तै राशिलाई पुरुष र स्त्री, सौम्य र क्रूर आदि भेद गरिन्छ। यस्ता भेदबाट पनि व्यक्तिका रहस्य पत्ता लाग्दछन्। निम्नलिखित चक्रबाट राशिबारे विविध जानकारी लिन सकिन्छ :

राशि परिचय चक्र

राशि	राशीश	चर,स्थिर द्विस्वभाव	क्रूर, सौम्य	पुरुष, स्त्री	दिगीश	तत्त्व	अंग स्वामी	उदय
मेष	मंगल	चर	क्रूर	पुरुष	पूर्व	अग्नि	शिर	पृष्ठोदय
वृष	शुक्र	स्थिर	सौम्य	स्त्री	दक्षिण	पृथ्वी	मुख	पृष्ठोदय
मिथुन	बुध	द्विस्वभाव	क्रूर	पुरुष	पश्चिम	वायु	बाहु	शीर्षोदय
कर्कट	चन्द्र	चर	सौम्य	स्त्री	उत्तर	जल	वक्षस्थल	पृष्ठोदय
सिंह	सूर्य	स्थिर	क्रूर	पुरुष	पूर्व	अग्नि	हृदय	शीर्षोदय
कन्या	बुध	द्विस्वभाव	सौम्य	स्त्री	दक्षिण	पृथ्वी	उदर	शीर्षोदय
तुला	शुक्र	चर	क्रूर	पुरुष	पश्चिम	वायु	कटि	शीर्षोदय
वृश्चिक	मंगल	स्थिर	सौम्य	स्त्री	उत्तर	जल	गुप्तांग	शीर्षोदय
धनु	गुरु	द्विस्वभाव	क्रूर	पुरुष	पूर्व	अग्नि	पैरसन्धि	पृष्ठोदय
मकर	शनि	चर	सौम्य	स्त्री	दक्षिण	पृथ्वी	घुँडा	पृष्ठोदय
कुम्भ	शनि	स्थिर	क्रूर	पुरुष	पश्चिम	वायु	पिँडुला	शीर्षोदय
मीन	गुरु	द्विस्वभाव	सौम्य	स्त्री	उत्तर	जल	गोडा	उभयोदय

प्रत्येक राशिका अलगअलग विशेषता हुन्छन्। विशेषगरी जन्मलग्नको राशिअनुसार व्यक्तिको स्वभाव पत्ता लगाउन सकिन्छ। त्यस्तै जन्मराशिको स्वभाव पनि व्यक्तिमा पर्न जान्छ।

२.४.१ नामराशि र जन्मराशिको प्रयोजन

ज्योतिषमा फलादेशका अनेक माध्यम छन् । तीमध्ये व्यक्तिको राशिका आधारमा गरिने फलादेश बढी प्रसिद्ध र प्रभावकारी मानिन्छ। हिन्दु ज्योतिषमा राशि पनि जन्मराशि र नामराशि गरी दुई किसिमबाट निकालिन्छ। जन्मराशि भन्नाले जन्मनक्षत्रलाई चार चरण मानेर त्यसमध्ये जुन चरणमा जन्म भएको हो त्यसै चरणको पहिलो अक्षरबाट नाम निकालेर निर्धारण गरिएको राशि हो। जसलाई न्वारनको नाम पनि भनिन्छ। हिन्दु समाजमा व्यक्तिको प्रचलित नामको पहिलो अक्षरबाट पनि राशि निर्धारण गर्न सकिन्छ जसलाई नामराशि भनिन्छ। कतिपय व्यक्तिको भने जन्म राशिको नाम र प्रचलित नाम एउटै पनि राख्ने चलन छ। त्यस्तै कुनै व्यक्तिको जन्म राशि र नाम राशि संयोगले एउटै पनि हुन सक्छ। उदारहणका लागि कुनै व्यक्तिको जन्मराशिको नाम चूडामणि र बोलाउने नाम अम्बिकाप्रसाद भएमा त्यसको जन्मराशि र नामराशि मेष नै हुन्छ। त्यसबाहेक कतिपय व्यक्तिको जन्मराशि र नामराशि फरक हुन सक्छ। नामराशि निकाल्दा प्रचलित नामको सुरुको अक्षरबाट निकालिन्छ। जस्तै : कसैको प्रचलित वा बोलाउने नाम रामचन्द्र वा रामकुमारी भएमा तुला राशि र प्रदीप वा पम्फादेवी भएमा कन्या राशि हुन्छ। हुन त मानिसको प्रचलित वा बोलाउने नाम कसैले आफ्नो रुचिअनुसार छानेर राखेको हुन्छ तर यस्तो नाम पनि पूर्वसंस्कार र व्यक्तिको भाग्यसँग सम्बद्ध भएर संयोगले जुरेको हुन जान्छ। त्यसैले फलादेश गर्दा जन्मराशिका साथै नामराशिलाई पनि प्रयोगमा ल्याउनु पर्छ। यसको रहस्य कम मात्र ज्योतिषीहरूले अवगत गरेका छन्। नामराशिको प्रधानता निम्नानुसारको फलादेश गर्दा प्रयोगमा ल्याउनुपर्दछ :

देशे ग्रामे गृहे युद्धे सेवायां व्यवहारके।
नामराशेः प्रधानत्वं जन्मराशिं न चिन्तयेत्॥
लाभालाभेषु संग्रामे व्यापारे राजसेवने।
नामराशेः प्रधानत्वं जन्मराशिं न चिन्तयेत्॥

अर्थात् देश, ग्राम र गृहमा प्रवेश गर्ने समयमा, युद्धमा, नोकरीमा, व्यवहारमा, व्यापार तथा राजसेवामा नामराशि ग्रहण गर्नुपर्दछ। यसमा जन्मराशिको विचार गर्नु आवश्यक छैन।

त्यसैगरी जन्मराशिको प्रधानता निम्नानुसारका कार्यमा हुने गर्दछ :

विवाहे व्रतबन्धे च यात्रायां क्षौरकर्मणि।
माङ्गल्ये गोचरे चैव जन्मराशेः प्रधानता॥

अर्थात् विवाह, व्रतबन्ध, यात्रा, छेवर, सबै प्रकारका माङ्गलिक कार्य र ग्रहगोचरमा जन्मराशि नै ग्रहण गर्नुपर्दछ। यदि कसैको जन्मराशि थाहा नभएमा सबै कार्य नामराशिअनुसार गर्नुपर्दछ।

व्यापार व्यवसाय, नोकरी वा अन्य व्यावहारिक कार्यमा नामराशिको प्रधानता रहने भएकोले नामराशिसँग मिल्दो राशिवाला ठाउँ, संस्था, हाकिमको नाम, पार्टनरको नाम इत्यादि मिलेमा सफलता प्राप्त हुन्छ। अन्यथा कलह, शत्रुता, अवनति, अपमान, अपव्यय जस्ता फल भोग्नुपर्छ। यसमा जन्मलग्नअनुसार लाभ हुने दिशा पनि पत्ता लगाउन सकिन्छ। उदाहरणका लागि चितवनको भरतपुर बस्ने रामचन्द्र नाम गरेका व्यक्तिको जन्म लग्न तुला रहेछ भने त्यस लग्नअनुसार लाभ स्थान एकादश राशि सिंह हुन्छ जसको मालिक सूर्य भएकोले सूर्यको दिशा पूर्व शुभ हुन्छ। भरतपुरबाट पूर्व काठमाडौँ रामचन्द्रलाई शुभ दिशा भयो। यसमा लाभ स्थान वा एकादशेशको दिशामा काम गर्दा शुभ हुन्छ। ग्रहका छुट्टाछुट्टै दिशा हुन्छन्। जस्तैः सूर्य पूर्व, शुक्र आग्नेय, मंगल दक्षिण, राहु नैर्ऋत्य, शनि पश्चिम, चन्द्रमा वायव्य, बुध उत्तर र वृहस्पति ईशान दिशाका स्वामी हुन्छन्।

नामराशिअनुसारका शुभ राशिहरू कुनकुन हुन् भन्ने जानकारी लिनु आवश्यक छ। यसमा आफ्नो राशिबाट तेस्रो, पाँचौँ, सातौँ, नवौँ र एघारौँ राशि शुभ हुन्छन्। यसअनुसार तेस्रोभन्दा पाँचौँ बढी शुभ र पाँचौँभन्दा सातौँ बढी शुभ हुन्छ। यही क्रमले एघारौँ राशि सबैभन्दा शुभ मानिन्छ। त्यस्तै आफ्नो राशिबाट चौथो, छैटौँ, आठौँ र बाह्रौँ राशि अशुभ मानिन्छन्। यसलाई उदाहरणमा प्रस्तुत गर्नुपर्दा चितवनका रामचन्द्रलाई काठमाडौँ कस्तो होला भन्ने प्रश्नको उत्तर खोज्न सकिन्छ। रामचन्द्रको राशि तुला भयो। रामचन्द्रको लग्न पनि तुला हुँदा तुलाबाट एकादशेश सूर्यको दिशा पूर्व फाप्ने भयो। काठमाडौँको राशि "का" अक्षरबाट लिँदा मिथुन भयो। यो रामचन्द्रको तुला राशिदेखि नवौँ पर्‍यो जुन शुभ भयो। अब काठमाडौँको बालाजुमा रामचन्द्रले व्यवसाय गर्दा कस्तो होला भन्ने प्रश्न गर्न सकिन्छ। बालाजुको राशि वृष भयो जुन तुलादेखि आठौँ परेकोले अशुभ भयो। रामचन्द्रलाई बालाजुमा व्यापार फाप्ने देखिएन। रामचन्द्रले मनमैँजुमा व्यवसाय गर्ने हो भने मनमैँजुको सिंह राशि हुन्छ। तुला राशिबाट एघारौँ पर्ने भएकोले लाभदायक हुन्छ। यदि रामचन्द्रको कुण्डलीमा दुग्ध पदार्थ (डेरी प्रोडक्टस्) को व्यापार फाप्ने रहेछ भने आफ्नो व्यवसायको नाम **मोहन डेरी स्टोर** नाम राख्दा राम्रो हुन्छ किनभने मोहन नामबाट पनि सिंह राशि नै आउँछ जुन रामचन्द्रलाई लाभदायक मानिन्छ। यसैगरी नामराशिबाट अन्य विभिन्न

व्यावहारिक पक्षहरू हेर्न सकिन्छ। रामचन्द्रले पुण्यप्रसादसँग मिलेर व्यवसाय गर्दा फाप्ने देखिँदैन किनभने पुण्यप्रसादको राशि कन्या हुन्छ जुन रामचन्द्रको राशिबाट बाहौँ पर्ने भएकोले अशुभ मानिन्छ। यदि रामचन्द्र कुनै कार्यालयमा काम गर्ने रहेछन् जुन कार्यालयको हाकिमको नाम खेमराज रहेछ भने त्यसको राशि मकर हुन्छ जुन रामचन्द्रको तुला राशिबाट चौथो हुन्छ। चौथो राशि कलहकारी मानिन्छ। त्यसैले रामचन्द्रको खेमराजसँग कुरा मिल्दैन। यस्ता अनेक व्यावहारिक प्रयोजनमा नामराशिको प्रयोग गर्न सकिन्छ। यसमा जन्मराशि वा नक्षत्रअनुसारको राशिको चिन्तन गर्नुपर्दैन। यस्तो राशिको शुभाशुभ अवस्थाबारे निम्नानुसारको तालिकाबाट बुझ्न सकिन्छ।

राशि	शुभ राशि					अशुभ राशि			
	तेस्रो	पाचौँ	सातौँ	नवौँ	एघारौँ	चौथो	छैटौँ	आठौँ	बाहौँ
मेष	३	५	७	९	११	४	६	८	१२
वृष	४	६	८	१०	१२	५	७	९	१
मिथुन	५	७	९	११	१	६	८	१०	२
कर्कट	६	८	१०	१२	२	७	९	११	३
सिंह	७	९	११	१	३	८	१०	१२	४
कन्या	८	१०	१२	२	४	९	११	१	५
तुला	९	११	१	३	५	१०	१२	२	६
वृश्चिक	१०	१२	२	४	६	११	१	३	७
धनु	११	१	३	५	७	१२	२	४	८
मकर	१२	२	४	६	८	१	३	५	९
कुम्भ	१	३	५	७	९	२	४	६	१०
मीन	२	४	६	८	१०	३	५	७	११

उक्त तालिकामा दिइएका अङ्कहरूलाई पनि राशिकै बोधक मान्नुपर्दछ। जस्तै १ अङ्कले मेष, २ अङ्कले वृष, ३ अङ्कले मिथुन आदि बुझाउने हो।

२.४.२ राशिअनुसार व्यक्तिको लक्षण र लालकिताबअनुसार राशिका उपाय

यहाँ १२ राशिका व्यक्तिको स्वभाव, लक्षण र राशिका व्यक्तिले गर्नुपर्ने पूजापाठका बारेमा प्रकाश पारिएको छ। यसमा बताइएका राशिका बारेमा हेर्दा मूलतः जन्मराशिलाई हेर्नुपर्दछ। यदि जन्मराशि थाहा नभएमा नामराशिका आधारमा

यहाँको फल हेर्न सकिन्छ। हिन्दु ज्योतिषमा लालकिताबमा वर्णित राशिसम्बद्ध उपायहरू सरल र विशेष उपयोगी भएकाले तिनका बारेमा पनि यहाँ प्रकाश पारिएको छ।

(१) मेष राशि (चू, चे चो ला लि लु ले लो अ) : यस राशिको व्यक्ति चञ्चल नेत्रयुक्त, प्रायः रोगी, धर्म र धन दुवैको मूल्याङ्कन गर्ने, ठुला जङ्घा भएको, पापरहित, राज्यबाट सम्मानित, सुन्दरीहरूलाई आनन्दित पार्ने, दानी, जलदेखि डराउने, कठोर कार्य गर्ने तर अन्त्यमा विनम्र स्वभावको हुन्छ। त्यसैगरी गोला, राता र चम्किला आँखा भएको, बढी तातो खाने, सागपात मनपराउने, अल्पाहारी, छिटै प्रसन्न हुने, भ्रमणशील, कामुक, कमजोर घुँडायुक्त, शूरवीर, सेवाकार्य जान्ने, शिरमा चोटको निसानयुक्त, स्वाभिमानी र अत्यन्त चञ्चल स्वभावको हुन्छ। यो राशिको व्यक्ति पुत्रवान, तेजस्वी, परोपकारी, उत्तम कार्यासक्त, सुशील, देवभक्त, गुरुभक्त, कामवासनाबाट विचलित हुने, प्रायः पेटको रोगी र स्वतन्त्र व्यवसायबाट उन्नति गर्ने हुन्छ। यस राशिको व्यक्तिलाई मङ्गलबार शुभ र बुधबार अशुभ हुन्छ। द्वितीयाको चन्द्रमाको दर्शन गरेर कुनै रातो वस्तु (रातो गाई, रातो फूल, रातो वस्त्र इत्यादि) अवलोकन गर्नाले मेष राशिको व्यक्तिलाई त्यस महिनाभर सुखदायी हुन्छ। यस राशिको मालिक मङ्गल भएकोले मुगा धारण गर्नु, मङ्गलको पूजापाठ एवं जप गर्नुका साथै मङ्गलबार गणेश र हनुमानको पूजा गर्नु लाभदायक हुन्छ।

लालकिताबअनुसार उपाय : कसैसँग कुनै वस्तु सित्तैमा नलिनु, हात्तीको दाँतबाट निर्मित वस्तु नलगाउनु, रातो रुमाल प्रयोग गर्नु, चाँदीको औंठी लगाउनु, साधुसन्त, गुरु र आमाको सेवा गर्नु, मिठाइ र गुलियो पदार्थको व्यापार नगर्नु, आँगनमा निमको बिरुवा लगाउनु, सदाचारको पालना गर्नु, सुत्ने बेलामा सिरानमाथि एक गिलास पानी राखी त्यसलाई भोलिपल्ट बिहान कुनै गमलामा हाल्नु, बहिनी, छोरी र फुपूलाई मिठाई दिनु र विधवालाई सहयोग गर्नु।

(२) वृष राशि (इ ऊ ए ओ वा वी वू वे वो) : यस राशिवाला व्यक्ति भोगी, दानी, पवित्र, कुशल, सत्त्वसम्पन्न, बलवान्, धनवान्, तेजस्वी र असल मित्रवाला हुन्छ। त्यसैगरी सुन्दर, दर्शनीय, विशिष्ट, ठूलो र भरिलो मुखमण्डलयुक्त, ठूला जङ्घावाला, पीठ, मुख र पेटको किनारामा चिन्ह भएको, त्यागी, क्लेश सहन सक्ने स्वभावको, समर्थ, उच्चा काँध भएको, कन्या सन्ततिवाला, सौभाग्यशाली, तीव्र भोकको अनुभव गर्ने, स्त्रीहरूको प्यारो, पक्का मित्रता राख्ने र जीवनको मध्यावस्था र वृद्धावस्थामा विशेष सुख पाउने हुन्छ। त्यस्तै सत्यवादी, धनी, आयुष्मान्, परोपकारी, मातापिताका

साथै गुरुभक्त, राजप्रिय, सभामा चतुर, सन्तोषी, शान्तचित्त, सहनशील, बुद्धिमान, सुशील, आफ्नो काममा दृढ तर समयमा काम गर्नमा उद्विग्न हुने स्वभावको, मित्रसम्पन्न, कुशल; देख्नमा सुन्दर, दृढ शरीरयुक्त र नेत्ररोगी हुन्छ। यस राशिका लागि चित्रकारी र सङ्गीतको क्षेत्र लाभदायक हुन्छ। यसलाई अकस्मात् धन प्राप्त हुन्छ। गृह र भूमिको सुख पनि मिल्छ। बाल्यावस्थाभन्दा मध्य र वृद्धावस्थामा सुखी हुन्छ। यस राशिवालाले वृष, मिथुन, कन्या, मकर र कुम्भ राशिवाला व्यक्तिसँग व्यवसाय गर्दा लाभ होला। यस राशिको मालिक शुक्र भएकोले त्यसको रत्न हीरा, ओपल वा स्वेत-पुखराज लगाउनु शुभ हुन्छ।

लालकिताबअनुसार उपाय : अति कामवासनाको त्याग गर्नु, मुगीको दाल दान गर्नु, शनिबार तेल दान गर्नु, शुक्रबार व्रत गर्नु, धार्मिक स्थलमा दूध, दही, घिउ र कपुर दान गर्नु, चाँदीको औँठी लगाउनु, झुटो गवाही नदिनु, प्रतिदिन एउटा असल काम गर्नु, कसैलाई धोका नदिनु र घरमा मनिप्लान्ट लगाउनु।

(३) मिथुन राशि (का की कू घ ङ छ के को ह) : यस राशिवाला व्यक्ति मृदुभाषी, चञ्चल दृष्टि राख्ने, दयालु, कामुक, सङ्गीतप्रेमी, कण्ठरोगी, यशस्वी, धनी, गुणवान्, गोरोवर्णको, कार्यकुशल, बोल्न सिपालु, कम बोल्ने, बुद्धिमान्, दृढसङ्कल्प, सबैप्रकारले समर्थ र न्यायप्रिय हुन्छ। त्यसैगरी काला आँखा भएको, शास्त्रज्ञ, दूतको कार्य गर्नमा निपुण, घुम्रिएको कपालयुक्त, हास्य एवम् विनोदप्रिय, जुवाडी, सुन्दर शरीरवाला, प्रिय वचन बोल्ने, गीत, नृत्य, नाटकआदिको जानकार जस्ता लक्षणले युक्त हुन्छ। त्यस्तै विद्वान्, मिष्ठान्नप्रेमी, सुशील, रतिप्रिय, गुणी, भोगी, दानी, धार्मिक, विषयासक्त, चतुर, शास्त्रज्ञ, कुशाग्रबुद्धि, पुस्तकप्रेमी, भ्रमणशील, सर्वप्रिय, बढी भोजन गर्ने, शरीरमा तिल र मुसायुक्त हुन्छ। यस राशिवाला व्यक्तिका धेरै व्यवसाय हुने वा व्यवसायमा परिवर्तन भैरहने हुन्छ। कुनै अपरिचित स्थानबाट अकस्मात् धन प्राप्तिको सम्भावना रहन्छ। यस राशिको व्यक्तिलाई बाल्यावस्थादेखि वृद्धावस्थासम्म क्रमशः सुखबाट दुःखको अवस्था आउन सक्छ। यस राशिको मालिक बुध भएकोले त्यसको रत्न पन्ना लगाउनु शुभ हुन्छ।

लालकिताबअनुसार उपाय : तामसिक भोजन नगर्नु, फिट्किरीले दाँत माझ्नु, धार्मिक स्थलमा दुध र अक्षता चढाउनु, १२ वर्षभन्दा कम उमेरका कन्याबाट आशीर्वाद लिनु, सूर्य र बृहस्पतिको जप, दान एवम् पूजापाठ गर्नु, घरमा मनिप्लान्ट नलगाउनु र देब्रे हातमा चाँदीको औँठी लगाउनु।

(४) कर्कट राशि (ही हू हे हो डा डी डू डे डो) : यस राशिको व्यक्ति परिश्रमी, धनी, धार्मिक, पराक्रमी, गुरुको प्रिय, शिरको रोगी, अति बुद्धिमान्, दुर्बल शरीरवाला, सबै कामको ज्ञाता, प्रवासी, भयङ्कर क्रोधी, दुःखी, असल मित्रवाला, घरमा रुचि नराख्ने र कुटिल हुन्छ। त्यसैगरी ज्योतिष विद्यामा रुचि राख्ने, ठुलो घरयुक्त, आर्थिक उतारचढावयुक्त, छोटो कदको, मोटो गर्धनयुक्त, मित्रहरूप्रति विशेष प्रेम गर्ने र जल एवम् हरांभरा स्थानमा बस्न विशेष रुचि राख्ने हुन्छ। त्यस्तै परोपकारी, वस्तुसङ्ग्रहमा कुशल, मातापिता र साधुभक्त, शास्त्रज्ञ, शीघ्रगामी र सुमित्रवान् हुन्छ। कुनै षड्यन्त्रबाट यस राशिको व्यक्तिलाई सङ्कट पर्न सक्छ। सर्वसम्मतिले काम गर्नु राम्रो हुन्छ। साहित्य, सङ्गीत र कलामा रुचि रहन्छ। तरल पदार्थको व्यापारबाट लाभ हुन्छ। यस राशिको व्यक्तिलाई शुक्रबार अशुभ हुन्छ। यस राशिको मालिक चन्द्रमा भएकोले त्यसको रत्न मोती वा मुनस्टोन लगाउनु र सोमबार एवम् पूर्णिमा तिथिमा व्रत गरी चन्द्रमा र शिव पूजा गर्नु शुभ हुन्छ।

लालकिताबअनुसार उपाय : नदी तर्दा त्यसमा तामाको सिक्का बगाउनु, मातासँग चाँदी र चामल लिएर साथमा राख्नु, पलङ्मा तामाको टुक्रा लगाउनु, चाँदीको भाँडामा दुध नपिउनु, घरको जगमा चाँदीको इँटा लगाउनु, गहुँ, सखर र तामा दान गर्नु, दुर्गा पाठ गर्नु, सेता वस्तुको व्यापार नगर्नु, माताले भनेको मान्नु, निरन्तर धार्मिक कार्य गर्नु, आफ्नो रहस्य कसैलाई पनि नबताउनु, घरमा खरायो नपाल्नु, सदाचारको पालना गर्नु, २७ वर्षभन्दा पहिले विवाह नगर्नु, धार्मिक स्थानमा सूर्यसम्बन्धी वस्तुको दान गर्नु, धार्मिक स्थलमा नाङ्गो खुट्टाले जानु र यदि यस राशिवाला व्यक्ति डाक्टर भए रोगीलाई यथासम्भव निःशुल्क औषधी प्रदान गर्नु।

(५) सिंह राशि (मा मी मू मे मो ट टी टू टे) : यस राशिको व्यक्ति क्षमाशील, काममा समर्थ, मद्य–मांसमा सदैव आसक्त, देशमा भ्रमण गर्ने, असल मित्रवाला, विनयशील, शीघ्र क्रोधित हुने, मातापिताको प्रेमी, व्यसनी र प्रसिद्ध हुन्छ। तीक्ष्ण स्वभावको, असहिष्णु, हतारमा काम गर्ने, ठुलो मुखाकृतियुक्त, कम पुत्रवाला, स्त्रीहरूसँग द्वेष राख्ने, प्रहाड र वनमा विशेष स्नेह राख्ने, निरर्थक क्रोध गर्ने, भोक प्यास बढी लाग्ने, त्यागी, पराक्रमी, स्थिरबुद्धि, घमण्डी र माताको वशमा रहने हुन्छ। त्यस्तै लक्ष्मीवान्, विद्वान्, निष्ठुर, सुशील, कृपण, सत्यवादी, विदेश यात्राप्रिय, युद्धप्रिय, शत्रुजयी, मानसिक दुःखले पीडित, निष्कपट, सङ्गीत र कलाप्रेमी एवम् सदैव उच्च पद प्राप्तिमा लालायित हुने स्वभावको हुन्छ। महिलावर्गसँग यस राशिवाला व्यक्तिको प्रायः कलह हुन सक्छ। त्यसैगरी चोरबाट पनि केही हानि हुन सक्छ। यस राशिको व्यक्तिलाई आइतबार शुभ र मङ्गलबार अशुभ हुन्छ। यस राशिको मालिक सूर्य

भएकोले त्यसको रत्न माणिक लगाउनु र आइतबार व्रत गरी सूर्य पूजा गर्नु शुभ हुन्छ ।

लालकिताबअनुसार उपाय : घरमा ह्यान्डपम्पको प्रयोग गर्नु, चामल, चाँदी र दुधको दान गर्नु, सित्तैमा कुनै चिज नलिनु, आमा र हजुरआमाको कृपा प्राप्तिको प्रयास गर्नु, मद्य–मांसादि नखानु, तामाको सिक्कालाई खैरो धागोमा उनेर धारण गर्नु, सधैँ सत्य बोल्नु, कसैको अहित नगर्नु, आफूले दिएका आश्वासन पूरा गर्नु र सधैँ चाँदी साथमा राख्नु ।

(६) कन्या राशि (टो प पी पू ष ण ठ पे पो) : यस राशिको व्यक्ति विलासी, सज्जनहरूलाई आनन्दित पार्ने, सुन्दर, धर्मले परिपूर्ण, दानी, निपुण, कवि, वैदिक मार्गको अनुगामी, सर्वप्रिय, गीत, सङ्गीत र नृत्यको धुनमा आसक्त, प्रवासी र स्त्रीबाट दुःखी हुन्छ। त्यसैगरी महिलाको जस्तो स्वभावको, सुखी, कोमल शरीर र मनवाला, शास्त्रज्ञ, धार्मिक, बुद्धिमान्, अर्काको धन र घर प्राप्त गर्ने, जन्मस्थानबाट अन्यत्र र हने, प्रियभाषी र कन्यासन्ततिवाला हुन्छ। कुटुम्ब र मित्रलाई आनन्द दिने, अनेक कला जान्ने, गुरु, देव र ब्राह्मणभक्त, सत्यवादी, विद्याध्ययनमा विशेष रुचि भएको हुन्छ । यसलाई औषधी र खाद्यपदार्थको व्यापारबाट लाभ हुन्छ । शिक्षण पेसामा लाग्दा पनि राम्रो छ। यस राशिको व्यक्तिलाई बुधबार शुभ र आइतबार तथा मङ्गलबार अशुभ हुन्छ। यस राशिको मालिक बुध भएकोले बुधरत्न पन्ना लगाउनु शुभ हुन्छ।

लालकिताबअनुसार उपाय : छतमा वर्षाको पानी राख्नु, नयाँ वस्त्र लगाउनुअघि त्यसलाई नदीको पानीले धुनु, हरियो रुमाल साथमा राख्नु, घरमा हरियो रङ्ग प्रयोग नगर्नु, घरमा मनिप्लान्ट नलगाउनु, मद्यपान नगर्नु, शनिसँग सम्बन्धित पूजापाठ गर्नु, घरमा ठुला पातवाला वृक्ष नलगाउनु, चण्डीपाठ गर्नु, कन्याहरूबाट आशीर्वाद लिनु, आफूले प्रतिज्ञा गरेका कुरा पुऱ्याउनु, अपशब्द नबोल्नु, क्रोध नगर्नु, बुधबार व्रत गर्नु, हरिया चिज नदीमा बगाउनु।

(७) तुला राशि (रा री रू रे रो ता ती तू ते) : यस राशिको व्यक्ति अकारण क्रोध गर्ने, दुःखी, मधुरभाषी, दयालु, चञ्चल नेत्रवाला, अस्थिर धनवाल, घरमै पराक्रम देखाउने, व्यापारमा चतुर, देवपूजक, मित्रप्रति दयालु, मित्रको प्रिय र परदेशवासी हुन्छ। देव, ब्राह्मण र साधुहरूको सेवक, बुद्धिमान्, सत्य एवं पवित्र आचरण गर्ने, अग्लो कदको, लामो नाकवाला, कमजोर र प्रायः अस्वस्थ शरीरको, यात्राप्रेमी, धनी, अङ्गहीन, क्रयविक्रयमा कुशल, सामान्यतया दुई नामवाला र रोगी हुन्छ । त्यस्तै धार्मिक, राजप्रिय, मिष्ठान्नप्रेमी, पितृसेवी, देवभक्त, गुरुभक्त, धनी, वाचाल, साहित्य र सङ्गीतप्रेमी, युद्धप्रेमी, कृपालु तथा सङ्गठनप्रेमी हुन्छ। यसलाई शिर, पेट र छालाको

रोग हुनसक्छ। यस राशिको मालिक शुक्र भएकोले त्यसको रत्न हीरा, ओपल वा सेतो पुखराज लगाउनु शुभ हुन्छ।

लालकिताबअनुसार उपाय : आफ्नो भागको केही भोजन पशुपन्छीलाई ख्वाउनु, गाईको गहुँत खानु, पशुपालन व्यवसाय गर्नु, नौनी, दही र आलु दान गर्नु, पत्नीसँग पुनः पाणीग्रहण गर्नु, मातापिताको आज्ञाले मात्र विवाह गर्नु, स्त्रीलाई सधैँ सम्मान गर्नु, धार्मिक स्थलमा गएर नतमस्तक हुनु र मद्यपान नगर्नु।

(८) वृश्चिक राशि (तो ना नी नू ने नो या यी यु) : यस राशिको व्यक्ति प्रायः बाल्यावस्थामै परदेशवासी, क्रूर स्वभावको, सुरो, पहेला नेत्र भएको, परस्त्रीमा आसक्त, अभिमानी, आफ्ना भाइबन्धुप्रति निर्दयी, आफ्नो साहसले धन प्राप्त गर्ने, आफ्नै आमाप्रति पनि दुष्ट बुद्धिवाला र धूर्तता एवं चोरीको अभ्यास गर्ने हुन्छ। त्यसैगरी बाल्यावस्थामा रोगी, राजकुलबाट सम्मानित, माता, पिता, गुरु आदिबाट सम्मान नपाउने, लुकेर दुर्व्यसनमा लाग्ने जस्ता लक्षणले युक्त हुन सक्छ। क्रोधी, मित्रद्रोही, अविश्वसनीय, अर्काको काममा विघ्नकर्ता, पापी, पराक्रमी र शत्रुजयी हुन्छ। यस राशिको व्यक्तिलाई व्यापारबाट लाभ होला। यस राशिको मालिक मङ्गल भएकोले त्यसको रत्न मुगा लगाउनु शुभ हुन्छ। मङ्गलको पूजापाठ र जप गर्नुका साथै मङ्गलबार गणेश एवम् हनुमानको पूजा गर्नु पनि लाभदायक हुन्छ।

लालकिताबअनुसार उपाय : कसैसँग पनि सित्तैमा कुनै चिज नलिनु, भाउजुको सेवा गर्नु, दाजुलाई अवहेलना नगर्नु, रातो रुमालको प्रयोग गर्नु, प्रातः कालमा मह खानु, मङ्गलबार व्रत गर्नु, हनुमानलाई सिन्दुर र चोला चढाउनु, मह, सिन्दुर र मुसुरोको दाल नदीमा प्रवाहित गर्नु, राति मृगचर्ममा सुत्नु, शुद्ध चाँदीको भाँडामा भोजन गर्नु, घरमा रातो रङ्गको प्रयोग गर्नु, रातो गुलाव् नदीमा बगाउनु र धार्मिक स्थलमा लड्डू चढाएर प्रसाद बाँड्नु।

(९) धनु राशि (ये यो भा भी भू ध फा ढा भे) : यस राशिको व्यक्ति सुरो, सत्यबुद्धिले युक्त, सात्विक, मानिसको हृदयलाई आनन्दित पार्ने, शिल्पकलाको ज्ञाता, धनले युक्त, सुन्दर पति वा पत्नीवाला, अभिमानी, चरित्रवान्, आकर्षक बोलीवचनको, तेजस्वी र केही स्थूल शरीरवाला हुन्छ। त्यसैगरी ठुलो मुख र लामो गर्धनयुक्त, पैतृक सम्पत्ति पाउने, त्यागी, दानी, काव्यादि जान्ने, पराक्रमी, सदैव कर्मशील, प्रतिभाशाली, धार्मिक, आफ्ना बन्धुजनप्रति द्वेष गर्ने, शक्तिप्रदर्शनले नझुक्ने अथवा बल प्रयोगले वशमा पार्न नसकिने, प्रेमपूर्ण व्यवहारले मात्र नियन्त्रित हुने हुन्छ। त्यस्तै विद्वान्, राजमान्य, जनप्रिय, देवभक्त, सभामा व्याख्यान दिने, श्रेष्ठ, कुलदीपक,

भाग्यवान्, निष्कपट, विनीत, शान्त स्वभावको, तपस्वी, अल्पाहारी, मितव्ययी, फुर्तिलो र भविष्यवक्ता हुन्छ। यसलाई अनेक व्यवसायबाट लाभ होला तर नोकरीबाट भने ज्यादा उन्नति नहोला । बिहीबार क्रयविक्रय गर्नाले विशेष लाभ होला । यस राशिका लागि सोमबार अशुभ होला। यस राशिको मालिक बृहस्पति भएकोले त्यसको रत्न पुखराज धारण गर्नु र बृहस्पतिको जप एवम् पूजा गर्नु राम्रो हुन्छ।

लालकिताबअनुसार उपाय : पीताम्बरधारी सन्तबाट टाढै रहनु, कुनै आभूषण धारण गर्नु, धार्मिक स्थलमा घिउ, दही, आलु र कपुर दान दिनु, भिखारीलाई निराश नपठाउनु, गङ्गाजल सेवन, गङ्गाजलले स्नान पनि गर्नु, तीर्थयात्रा गर्नु, तीर्थयात्राका लागि अरुलाई सहयोग गर्नु, सधैँ सत्य बोल्नु र धार्मिकताको पालना गर्नु, कुनै कार्यारम्भ गर्नुअघि नाक सफा गर्नु, पहेलो रुमाल साथमा राख्नु, पिताको पलङ्‌ र कपडा प्रयोग गर्नु, झुटो साक्षी नबस्नु, कसैलाई नठग्नु, गुरु, साधु र पीपलको सेवा गर्नु, बिहीबार व्रत गर्नु, हरिवंश पुराण श्रवण गर्नु, पहेलो फूल फुल्ने बोटबिरुवा लगाउनु, गरुड पुराण पाठ गर्नु र ब्राह्मण, साधु एवं कुलगुरुको सेवा गर्नु।

(१०) मकर राशि (भो जा जी खी खू खे खो गा गी) : यस राशिको व्यक्ति आफ्नो कुलमा कमजोर, स्त्रीहरूमा वशीभूत, विद्वान्, परनिन्दक, सङ्गीतज्ञ, सुन्दर स्त्रीहरूको प्रियपात्र, पुत्रयुक्त, माताको प्रिय, धनी, त्यागी, दयालु, भाइहरूले युक्त र सुखका लागि चिन्तनरत रहन्छ। परिवारपालक, मनले अधार्मिक भएपनि धार्मिक कृत्य गर्ने, सुन्दर नेत्रयुक्त, पातलो कम्मरयुक्त, भनेका कुरा राम्ररी बुझ्ने, सौभाग्यशाली, कार्यमा असफल, जाडो सहन नसक्ने, भ्रमणशील, बढी आत्मबलयुक्त, साहित्यिक, लज्जाहीन र दयारहित हुन्छ। त्यस्तै धीर, विद्वान्, राजप्रिय, सत्यवादी, दानी, अल्छी, गानविद्या जान्ने, क्रोधी, दम्भी, लोभी, दृढप्रतिज्ञ, प्रभावशाली र ख्यातिप्राप्त हुन्छ। यस राशिको व्यक्तिले जीवनमा एकपटक केही असफलता बेहोर्नु पर्ने वा केही कमजोरीमा रहनु पर्ने हुन्छ। यस राशिको मालिक शनि भएकोले त्यसको रत्न नीलम धारण गर्नु र शनिको जप एवम् पूजा गर्नु राम्रो हुन्छ।

लालकिताबअनुसार उपाय : बाँदरको सेवा गर्नु, भिजाएको माटोको तिलक लगाउनु, परस्त्रीप्रति आँखा नलगाउनु, झुटो नबोल्नु, मद्यपान नगर्नु, घरको कुनै पनि ठाउँमा अध्यारो नपार्नु, केतुको जप र पूजापाठ गर्नु, कुवामा दूध चढाउनु, भैँसी र कौवालाई खानेकुरा दिनु, मजदुरलाई भोजन गराउनु, नदीमा मदिरा बगाउनु, सधैँ आफ्नो साथमा केशर वा सुन राख्नु र छाला वा फलामबाट बनेका नयाँ वस्तु खरिद नगर्नु।

(११) कुम्भ राशि (गू गे गो सा सी सू से सो द) : यस राशिको व्यक्ति दानी, अल्छी, कृतज्ञ, धनी, वाहन एवम् अन्य भौतिक साधनले सम्पन्न, शुभ दृष्टि वा सधैं कोमल स्वभावको, धन र विद्याका लागि प्रयत्नशील, पुत्रयुक्त, स्नेहयुक्त, यशस्वी, आफ्नै शक्तिले धनको उपयोग गर्ने, उदार र निर्भीक हुन्छ। कडा र मोटा रौँहरूले युक्त, ठूलो शरीरको, कठोर, अर्काकी स्त्री र धनप्रति लालायित, पापकार्यमा लाग्ने, अनियमित आर्थिक स्थितिको, मित्रप्रेमी र पैदल यात्राप्रेमी हुन्छ। दानी, मिष्यान्नप्रेमी, धर्मकार्यमा शीघ्र तत्पर, प्रियभाषी, प्रसन्न, विलक्षण बुद्धियुक्त, शत्रुजयी, सुगन्धप्रिय, कामवासनामा बढी आसक्त, सङ्गठनप्रेमी र निर्धन हुन्छ। शिक्षा, कला वा राजनीतिको क्षेत्रबाट यस राशिवालालाई सफलता मिल्ला। त्यस्तै कुनै भूमिगत वा गुप्त मण्डलीको पनि काममा लाग्न सक्छ। यस राशिको मालिक पनि मकर राशिको जस्तै शनि भएकोले त्यसको रत्न नीलम धारण गर्नु र शनिको जप एवम् पूजापाठ गर्नु राम्रो हुन्छ।

लालकिताबअनुसार उपाय : आफ्नो साथमा चाँदीको टुक्रा राख्नु, मुख्य द्वार वरिपरि केही अध्यारो बनाउनु, छतमा इन्धन आदि नराख्नु, ४८ वर्षको उमेरभन्दा पहिले आफ्नो घर नबनाउनु, मांसाहार नगर्नु, घरमा चाँदीको ईँटा राख्नु, झुटो नबोल्नु, शनिबार व्रत गर्नु, भैरव मन्दिरमा मदिरा चढाउनु तर आफूले नपिउनु, तेल र मदिरा दान गर्नु, रोटीमा तोरीको तेल लगाएर गाईलाई ख्वाउनु, आफ्नो पकेटमा सानासाना चाँदीका गोली राख्नु, दुधले स्नान गर्नु, गहुँ र सखर मन्दिरमा दान गर्नु, चाँदीको चार पाटे टुक्रा गलामा लगाउनु, केशर वा बेसारको टीका लगाउनु र सुन धारण गर्नु।

(१२) मीन राशि (दी दू थ झ ञ दे दो चा ची) : यस राशिको व्यक्ति गम्भीर चेष्टा गर्ने, शक्तिशाली, बोल्नमा चतुर, मानिसहरूमा श्रेष्ठ, क्रोधी, कृपण, ज्ञानसम्पन्न, श्रेष्ठ गुणहरूले युक्त, कुलमा प्रिय, नित्य सेवाभाव राख्ने, शीघ्रगामी, नाचगानमा कुशल, शुभ दर्शनवाला र भाइबन्धुहरूको प्रेमी हुन्छ। त्यसैगरी पानीको प्रयोगबाट गरिने व्यापारादिबाट धन प्राप्त गर्ने, आफ्नो परिवारमा प्रयोग हुने वस्त्राभूषणमा विशेष रुचि राख्ने, अग्लो नाक र ठूलो शरीर भएको, शत्रुनाशक, स्त्रीबाट वशीभूत, सुन्दर आँखावाला, तेजस्वी, पण्डित अथवा विद्वान् हुन्छ। त्यस्तै धनी, मान्य, नम्र, भोगी, प्रसन्न, मातापिता र देवार्चनमा तत्पर, उदार, सुगन्धित वस्तुको व्यवहार गर्ने, जितेन्द्रिय, गुणी, निर्मल बुद्धियुक्त, शस्त्रविद्याको ज्ञाता, शत्रुजयी, निष्कपटी, खर स्वभावको, धर्मानुरागी, साहित्य र सङ्गीतप्रेमी आदि लक्षणयुक्त हुन्छ। यदाकदा मादकपदार्थ सेवन वा दुष्टाचारमा पनि लाग्न सक्छ। यसका सन्तान अस

हुन्छन्। यस राशिको मालिक बृहस्पति भएकोले त्यसको रत्न पुखराज धारण गर्नु र बृहस्पतिको जप एवम् पूजा गर्नु राम्रो हुन्छ।

लालकिताबअनुसार उपाय : अरुको दान वा मद्दत नलिनु, आफ्नो भाग्यमा भरोसा गर्नु, सडकअगाडि खाडल नराख्नु, केशर वा बेसारको टीका लगाउनु, मान्यजनको सेवा गर्नु, चण्डीपाठ गर्नु, धार्मिक स्थलमा पूजा गर्नु, कुलपुरोहितबाट आशीर्वाद प्राप्त गर्नु, पीपलको वृक्षको पूजा गर्नु, शिरमा शिखा राख्नु, सन्तको सेवा गर्नु, धर्मस्थलको सरसफाइ गर्नु, बृहस्पतिसँग सम्बन्धित अर्थात् पहेलो कपडा, पहेला फलफूल आदि वस्तुहरू दान गर्नु, स्त्रीको सल्लाहले व्यापार गर्नु, मन्दिरमा वस्त्र दान गर्नु र सुनलाई पहेलो वस्त्रमा बेरेर राख्नु।

पुनश्च : राशिअनुसारका उल्लिखित फल वा लक्षणहरू चन्द्रमाको बलको आधारमा निर्धारित भएका हुन्। सम्बद्ध राशिवाला व्यक्तिको जन्मकालीन चन्द्रमा बलियो भएको अवस्थामा उक्त फल वा लक्षणहरू बढी मात्रामा मिल्दछन् भने चन्द्रमा कमजोर भएको अवस्थामा उक्त फलमा केही न्यूनता आउन सक्छ। तर साधारणतया उल्लिखित फलहरू सम्बन्धित राशिका व्यक्तिहरूमा मिलेका देखिन्छन्।

२.५ ग्रहसम्बन्धी विचार

ज्योतिषमा सूर्य, चन्द्र, मङ्गल आदि नवग्रहहरू मेषादि १२ राशिमध्ये कुनकुनमा बसेका छन्, ग्रहहरू उच्च, नीच, युवा, वृद्ध, शत्रुगृही, मित्रगृही आदि कस्तो अवस्थामा छन्, लग्नकुण्डलीमा राम्रो अवस्थामा भए पनि राशि र नवमांश कुण्डलीमा कमजोर त छैनन् भन्ने जस्ता प्रश्नका उत्तर खोजेर मात्र कुण्डलीको विश्लेषण गर्नुपर्दछ।

ग्रहका मित्रादि स्थिति :

शत्रू मन्दसितौ समश्च शशिजो मित्राणि शेषा रवे-
स्तीक्ष्णांशुर्हिमरश्मिजश्च सुहृदो शेषाः समाः शीतगोः।
जीवेन्दूष्णकराः कुजस्य सुहृदो ज्ञोऽरि सितार्की समौ।
मित्रे सूर्यसितौ बुधस्य हिमगुः शत्रुः समाश्चापरे॥
सूरेः सौम्यसितावरी रविसुतो मध्योऽपरे त्वन्यथा।
सौम्यार्की सुहृदौ समौ कुजगुरू शुक्रस्य शेषावरी।
शुक्रज्ञौ सुहृदौ समः सुरगुरुः सौरेस्तथान्येऽरय-
स्तत्काले च दशाऽयबन्धुसहजस्वाऽन्त्येषु मित्रं स्थितः॥

ग्रहका नैसर्गिक शत्रु, मित्रु र समबोधक तालिका :

ग्रह	सूर्य	चन्द्र	मङ्गल	बुध	गुरु	शुक्र	शनि
मित्र	चं.मं.गु.	सू.बु.	सू.चं.गु.	सू.शु.	सू.चं.मं.	बु.श.	बु.शु.
सम	बु.	मं.गु.शु.श.	शु.श.	मं.गु.श.	श.	मं. गु.	गु.
शत्रु	शु.श.	–	बु.	चं.	बु.श.	सू.चं.	सू.चं.मं.

ग्रहहरू उक्तअनुसार नैसर्गिक रूपमा शत्रु, मित्रु र सम हुन्छन् । यसमा जन्मकुण्डलीबाट तात्कालिक शत्रु र मित्रु निर्धारण गर्न सकिन्छ । यसका लागि कुण्डलीमा बसेको ग्रहबाट दोस्रो, तेस्रो, चौथो, दशौँ, एघारौँ र बाह्रौँ घरमा बसेको ग्रह तात्कालिक मित्र मानिन्छ भने अन्य स्थानमा बसेको ग्रह शत्रु मानिन्छ । यसरी नैसर्गिक र तात्कालिक रूपमा ग्रहको शत्रु, सम र मित्र अवस्था निकाल्नु पर्छ। यसलाई पञ्चधा मैत्री भनिन्छ । उदाहरणका लागि निम्नानुसारको कुण्डलीबाट पञ्चधा मैत्री निकाल्दा निम्नानुसार हुन्छ ।



उक्त कुण्डलीअनुसार ग्रहका तात्कालिक मैत्री तालिका

ग्रह	मित्र	शत्रु
सूर्य	चं.मं.शु.श.	बु.गु.
चन्द्र	सू.बु.गु.शु.श	मं.
मङ्गल	सू.बु.गु.शु.श.	चं.
बुध	चं.मं.शु.श.	सू.गु.
गुरु	चं.मं	सू.बु.शु.श.
शुक्र	सू.बु.मं.चं.	श.गु.
शनि	सू.चं.मं.बु.	गु.शु.

ग्रहका पञ्चधा मैत्री निकाल्नका लागि नैसर्गिक र तात्कालिक मित्रता हेर्नुपर्छ। यसमा नैसर्गिक र तात्कालिक दुवैबाट मित्र भएमा अधिमित्र, मित्र र सम भएमा मित्र, मित्र र शत्रु भएमा सम, सम र शत्रु भएमा शत्रु हुन्छ भने शत्रु र शत्रु भएमा अधिशत्रु हुन्छ। उक्त कुण्डलीअनुसार पञ्चधा मैत्री निम्नानुसार हुन्छ :

ग्रहका पञ्चधा मैत्री तालिका

ग्रह	अधिमित्र	मित्र	सम	शत्रु	अधिशत्रु
सूर्य	चं.मं.		गु.शु.श.	बु.	
चन्द्र	सू.बु.	गु.शु.श.		मं.	
मङ्गल	सू.गु.	शु.श.	चं.बु.		
बुध	शु.	मं.श.	सू.चं.	गु.	
गुरु	चं.मं.		सू.	श.	बु.शु.
शुक्र	बु.	मं.	सूचं.श.	गु.	
शनि	बु.		सू.मं.शु.	गु.	चं.

यसरी पञ्चधा मैत्रीका आधारमा ग्रहहरूको मित्रता विचार गरेर फलकथन गर्दा सटिक फलादेश हुन्छ। यसअनुसार अधिमित्र, मित्र र समका रूपमा बसेको ग्रहले शुभ फल दिन्छ भने अन्य ग्रहले अशुभ फल दिन्छ।

ग्रहका बाल, कुमार, युवा आदि अवस्था : ग्रहका अंशका आधारमा तिनलाई बाल आदि अवस्थामा विभाजन गर्ने गरिन्छ। विषम राशिमा रहेका ग्रहका ६/६ अंशका दरले बालादि अवस्था निर्धारण हुन्छ। यसअनुसार क्रमशः पहिलो ६ अंश बाल, त्यसपछि दोस्रो ६ अंश कुमार, तेस्रो ६ अंश युवा, चौथो ६ अंश वृद्ध र अन्तिमको ६ अंश मृत अवस्थामा रहन्छ। सम राशिमा स्थित ग्रहको ठिक उल्टो अवस्था हुन्छ। अर्थात् पहिलो ६ अंश मृत, दोस्रो ६ अंश वृद्ध, तेस्रो ६ अंश युवा, चौथो ६ अंश कुमार र पाँचौँ ६ अंश बाल अवस्था हुन्छ।

ग्रहका अवस्थाअनुसार फल : ग्रहका अवस्थाअनुसार ग्रहको शुभ वा अशुभ फल मिल्छ। बाल अवस्थाको ग्रहले थोरै फल दिन्छ। कुमार अवस्थावालाले आधा र युवा अवस्थाको ग्रहले सम्पूर्ण फल दिन्छ। वृद्ध अवस्थाको ग्रहले अनिष्ट फल र मृत अवस्थाको ग्रहले मृत्यु दिन्छ।

ग्रहका दीप्त आदि अवस्था : उच्च राशिमा रहेको ग्रह दीप्त हुन्छ। आफ्नो घरमा बसेको ग्रह स्वस्थ हुन्छ। मित्र राशिमा बसेको ग्रह हर्षित हुन्छ। शुभग्रहको राशि र

नवांशमा बसेको ग्रह लुप्त हुन्छ। नीच राशिमा बसेको ग्रह दीन हुन्छ। पाप ग्रह र शत्रु ग्रहको राशिमा बसेको ग्रह पीडित हुन्छ। यसमा दीन र पीडित ग्रहले अशुभ फल दिन्छ भने बाँकीले शुभ फल दिन्छ।

नवग्रहलाई अन्य विभिन्न दृष्टिले वर्गीकरण गरेर सूक्ष्म रूपमा कुण्डली विश्लेषण गर्न सकिन्छ। सामान्यतया उल्लिखित बालादि र दीप्तादि अवस्थाबाट फल निर्धारण गर्नु शुभ हुन्छ। यसका अतिरिक्त ग्रहका वर्ण, स्वभाव, प्रकृति, तत्त्व इत्यादि अनेक दृष्टिकोणबाट कुण्डली विश्लेषण गर्नु उपयुक्त हुन्छ। यसअनुरूप यहाँ कुण्डली विश्लेषणमा सहयोग पुग्ने प्रयोजनमा केन्द्रित भएर नवग्रहको परिचय दिइन्छ।

(१) सूर्य : नवग्रहमध्ये राजा मानिएको सूर्य कालपुरुषको आत्मा मानिन्छ। यो मेष राशिमा उच्च, तुलामा नीच र सिंहमा स्वराशि एवं मूलत्रिकोण मानिन्छ। यो रातो र गोरो वर्णको, पुरुष राशि र पूर्व दिशाको स्वामी हो। सूर्य पित्तप्रकृति र अग्नितत्त्वको बोधक हुन्छ। यो पुरुष ग्रह हो। सूर्यबाट व्यक्तिको आत्मबल, स्वभाव, पिता, राज्य, नेत्र, कलेजो, मेरुदण्ड, स्नायु आदिको विचार हुन्छ। यसले आफू बसेको स्थानबाट सातौँ स्थानमा पूर्ण दृष्टि दिन्छ। यो शुष्क र अग्नितत्त्ववाला ग्रह हो। पुरुषको दायाँ र महिलाको बायाँ नेत्रको विचार सूर्यबाट हुन्छ। सूर्य क्रूर ग्रह हो र यसका देवता अग्नि हुन्। यसको वर्ण कालो र रातो मिसिएको हुन्छ। शरीर सामान्य हुन्छ अर्थात् होचो वा अग्लो हुँदैन। बाथ रोगबाट पीडित, चिकित्सा शास्त्रमा रुचि भएको, गम्भीर मुहार र अन्य व्यक्तिमा प्रभाव पार्ने हुन्छ। सूर्य धन स्थानमा हुँदा धन र कुटुम्ब सुख हुँदैन, चतुर्थ स्थानमा चिन्ता बढाउँछ, षष्ठमा शत्रुबाट पीडा, अष्टममा शरीरलाई कष्ट, सूर्य र शनिको युति वा दृष्टि हुँदा व्यवसाय हानि, राज्य भय, झगडा, मुद्दामामिला, इच्छा अपूर्ण र पितृसुख कमी होला। सूर्यबाट चतुर्थमा शनि भए आपत्ति आउने र आयु क्षीण होला, सूर्यबाट दशममा शनि हुँदा व्यवसाय बदलिरहने, नोकरीमा कलह, पिता सुखमा कमी होला। सूर्य र चन्द्रमाको द्विर्द्वादश वा षडाष्टक योग भएमा काम सिद्धिका लागि गरिएका प्रयत्न निष्फल होलान् र ठुलो योग्यता पनि प्राप्त नहोला। यिनको केन्द्र त्रिकोण योग राम्रो होला। बुधादित्य वा रविगुरुको योगले विद्यामा राम्रो होला भने रविशुक्र योगले कला यान्त्रिक विद्यालाई राम्रो होला। सूर्य–मङ्गल योगले रासायनिक वा अग्निक्रियासम्बन्धी काम गर्दा राम्रो होला। सूर्य–राहुको योगले आत्मिक पीडा होला।

(२) चन्द्र : यो सूर्यपछिको दोस्रो शक्तिशाली ग्रह हो र यसलाई राजा पनि मान्ने गरिन्छ । चन्द्र वृषमा उच्च तथा मूलत्रिकोण, वृश्चिकमा नीच र कर्कटमा

स्वराशिको हुन्छ । कृष्णपक्षको षष्ठीदेखि शुक्लपक्षको दशमीसम्म क्षीण ज्योति रहने हुनाले पापग्रह मानिन्छ भने बाँकी तिथिमा शुभग्रह मानिन्छ। यसबाट जातकको मनको विचार हुन्छ। यसको रङ्ग सेतो र दिशा पश्चिमोत्तर (वायव्य) हो। यो स्त्रीग्रह तथा जलतत्त्ववाला ग्रह हो। चन्द्रबाट माता, चित्तवृत्ति, शारीरिक पुष्टि, राजानुग्रह र मानिस मेधावी हुने सम्बन्धी विचार गरिन्छ। सातौँ स्थानमा यसको पूर्ण दृष्टि रहन्छ र चतुर्थ स्थानमा बलवान हुन्छ। सूर्यको साथमा यो ग्रह निष्फल हुन्छ। चन्द्रबाट जातकको नेत्र, मस्तिष्क, पेट र गुप्ताङ्गको पनि विचार हुन्छ। यसका देवता जल वा वरुण हुन्। यो वैश्य जाति, सत्व गुणी, दयालु मानिन्छ। यसको प्रभावले मानिस देव–ब्राह्मणभक्त, कमजोर शरीर, शरीरमा वायु हुने, कफ प्रकृति, बुद्धिमान्, चञ्चल स्वभाव जस्ता लक्षण रहन्छ। १,४,७,१० राशिमा चन्द्रमा रहदा मन अत्यन्त चञ्चल होला । ३,७,११ राशिमा चन्द्र हुँदा बौद्धिक हुन्छ। लग्न कुण्डलीको ६, ८ र १२ स्थानमा चन्द्र भएमा अत्यन्त खराब फल मिल्ला। लग्न वा सप्तममा चन्द्र भएमा प्रवासी र विलासी हुन्छ। अमावस्यामा जन्म हुँदा अशुभ मानिन्छ। चन्द्र–मङ्गलको योग लक्ष्मीदायक भए पनि अनेक विमारीको कारक मानिन्छ। शनि, मङ्गल, राहु र केतुमध्ये कुनै दुई ग्रह चन्द्रका साथमा बसेमा मानसिक रोग दिन्छ। चन्द्रमामा उक्तमध्ये दुई ग्रहले देखेमा पनि मानसिक रोग दिन्छ। चन्द्र–राहुको योगले पनि मानसिक तनाव र अनेक समस्या ल्याउछ। अष्टम वा द्वादश स्थानमा यो योग भएमा मानिसले आत्महत्या पनि गर्न सक्छ। मकर राशिको चन्द्रले पनि जीवनमा एक पटक भयङ्कर असफलता ल्याउला। चन्द्र–बुधको योगले बुद्धिमत्ता ल्याउला। वक्तृत्वकला राम्रो होला। चन्द्र–गुरुको योगले शैक्षिक र आध्यात्मिक क्षेत्रमा राम्रो होला। चन्द्र–शुक्रयोगले कामदेवको जस्तो शरीर, ललितकलामा उन्नति र ठाँटबाँटपूर्ण जीवन दिन्छ। चन्द्र–शनिको योगले दुःख र दरिद्रता दिन्छ। तीक्ष्ण नक्षत्रमा, ६,८,१२ स्थानमा यो योग भएमा स्वास्थ्य निकै खराब होला।

जन्मलग्नमा चन्द्रमा रहेको स्थानबाट केन्द्रमा बृहस्पति भएमा गजकेशरी योग बन्दछ। यस योगको व्यक्ति विनम्र स्वभावको, निर्माण कार्यमा लाग्ने र यशस्वी होला। चन्द्र बसेको स्थानबाट दोस्रो भावमा सूर्यबाहेक अन्य ग्रह भएमा सुनफा योग बन्दछ। यस्तो योगले व्यक्तिलाई धनी, तीक्ष्ण बुद्धि, प्रसिद्ध र शासक बनाउँछ। चन्द्रमाबाट बाह्रौँ भावमा सूर्यबाहेक अन्य ग्रह भएमा अनफा योग हुन्छ। यस्तो योगवाला व्यक्ति पुष्ट शरीर, आकर्षक मुखाकृति, नम्र, उदार, आत्मसम्मानी र मनोरञ्जनप्रेमी होला। त्यस्तै चन्द्रबाट दोस्रो र बाह्रौँ स्थानमा सूर्यबाहेक अन्य ग्रहहरूमध्ये कुनै दुई वा सोभन्दा बढी बसेमा दुरुधरा योग बन्दछ। यस्तो योगले व्यक्तिलाई सुन्दर, धनी, वाहनादि सुखयुक्त बनाउँछ। चन्द्रबाट दोस्रो र बाह्रौँ दुवै

भावमा कुनै पनि ग्रह नभएमा केमद्रुम योग बन्दछ। यस योगमा उत्पन्न व्यक्ति मलिन, दुःखी, अनुचित काम गर्ने, गरिब, परनिर्भर, दुष्ट र ठग होला। तर जन्म लग्न वा चन्द्रबाट केन्द्रमा ग्रह भएमा केमद्रुम योग भङ्ग हुन्छ।

(३) मङ्गल : ग्रहमण्डलमा सेनापति मानिएको मङ्गल ग्रह क्रूर र पुरुष ग्रह हो। यो ग्रह मेष र वृश्चिकको मालिक हुन्छ भने मकरमा उच्च तथा कर्कटमा नीच हुन्छ। कुनै मतमा मेषको १२ अंश र कुनैमा १८ अंशसम्म मूलत्रिकोण मानिन्छ। यो धैर्य र पराक्रमको कारक हो। यो अत्यन्त रातो रङ्गको प्रतीक हो। यसको प्रभावले जातक रक्तगौर वर्णको हुन्छ। यो अग्निको बोधक र दक्षिण दिशाको स्वामी हो। शक्ति, भूसम्पत्ति, कृषि, धैर्य, रोग, भाइ (अनुज), पराक्रम, अग्नि, सेनापति तथा राजशत्रुको कारक हो। कुण्डलीमा तेस्रो र छैटौँ स्थानको कारक हो। यसबाट शरीरको शक्तिको विचार हुन्छ। यसले आफू बसेको स्थानबाट चौथो, सातौँ र आठौँ स्थानमा पूर्ण दृष्टि दिन्छ। यसको प्रभावले व्यक्ति साधारण शरीरको हुन्छ। यो क्षत्रिय, शक्तिसम्पन्न र तमोगुणी मानिन्छ। यसको प्रभाववाला व्यक्तिले अरुलाई धोका दिन्छ, व्यक्ति मूर्ख, अल्छी, क्रोधी र अतिनिन्दित हुन्छ। जवानी, रक्त, भाइबहिनी, भूमिमा प्रभाव हुन्छ। यसले हठी, सनकी, साहसी, समयमा हार नमान्ने, दीर्घउद्योगी, युक्तिले अरुलाई लडाएर आफ्नो कार्य सिद्ध गर्ने, उडाउ, दिलदार, स्वच्छन्द, खुला र सच्चा व्यवहार गर्ने, धर्ममा कम श्रद्धा राख्ने, सत्य बोल्ने, भविष्यको तुलनामा वर्तमान काललाई बढी महत्त्व दिने, सुधारवादी, निष्कपटी, मित्रता योग्य तर भ्रष्ट आचरणको हुन्छ। यसले शीतला, रक्तस्राव, ब्लडप्रेसर जस्ता रोग दिन्छ। शनि र मङ्गलको योगले भयङ्कर घटना गराउँछ। मङ्गलबाट चौथोमा शनि भए अझै भयङ्कर घटना गराउँछ। शरीरमा चोट र अपघात गराउला, धनको कमी र टाट पल्टिने सम्भावना हुन्छ। शनि मङ्गलको योगले जातकको जीवन नै खतरामा पर्न सक्छ। लग्नमा शनि मङ्गल योगले अकाल मृत्यु वा भयङ्कर व्याधिको सम्भावना रहन्छ। धनस्थानमा यस्तो योग भएमा धन र कुटुम्बको नाश, तेस्रोमा भए भाइहरूको अकाल मृत्यु, चतुर्थमा भए मातृ, घर, वाहन, जमिन सुखमा कमी, पञ्चममा भए गर्भपात वा सन्तान रोगी, षष्ठमा शत्रुनाशक, सप्तममा पति वा पत्नीहन्ता, जीवन कलहले युक्त, अष्टममा धननाश र अरिष्ट, नवममा अपकीर्ति र पितृसुखमा कमी, दशममा व्यवसाय विफल, धनहानि, मान हानि, राज्यबाट कष्ट, पिता सुखबाट वञ्चित, लाभस्थानमा भए सन्तति हानि, मित्र विरोध, व्यय स्थानमा भए दरिद्रता, ऋणवृद्धि, राजदण्डको सम्भावना रहला।

कर्कटको मङ्गलले स्त्रीको विषयमा अप्रिय घटना होला, १,५,९ राशि र अश्विनी, मघा, मूल नक्षत्रमा मङ्गल भए कुलमा श्रेष्ठ होला। मिथुनको मङ्गल

प्रबल वाणी र स्वाभिमानी बनाउला । तुलाको मङ्गलले अन्तस्करणमा स्फूर्ति दिन्छ। मङ्गल अहंकारी ग्रह भएकोले बौद्धिक राशिमा बसेमा गुरुको उपेक्षा गर्ने हुन्छ। लग्न, तृतीय र षष्ठमा मङ्गल भएमा साहस, वीरता र लडाकुपन दिन्छ। लग्न वा चन्द्रकुण्डलीबाट १,४,७,८ र १२ स्थानमा मङ्गल भएमा मङ्गली योग हुन्छ जुन दाम्पत्य जीवन खराब गराउला। यस्तोमा केटा र केटी दुवैको मङ्गला र मङ्गली मिलाएर विवाह गर्दा शुभ हुन्छ। लग्नबाट पञ्चममा क्रूर राशिमा मङ्गल भएमा गर्भपात होला। २ वा १२ मा मङ्गल हुँदा धन संग्रह नहोला। दशममा मङ्गल भएमा कठिन कार्य पनि पूरा गर्ने हुन्छ।

(४) बुध : ग्रहमण्डलमा राजकुमारका रूपमा रहेको बुध वाणीको कारक हो। यो मिथुन र कन्यामा स्वराशिको हुन्छ। कन्यामा उच्च र मीनमा नीच हुन्छ। बुध ग्रह पापग्रहको साथमा रहेमा पापी र शुभ ग्रहको साथमा रहेमा शुभ हुन्छ। यसको रङ्ग हरियो हुन्छ र यसको प्रभावले व्यक्ति कालो हुन्छ। यो उत्तर दिशाको स्वामी, नपुङ्सक ग्रह र पञ्चभूतमा पृथ्वी हो। वात-पित्त-कफ -(त्रिदोष) कारक हुन्छ। यसले ज्योतिष, चिकित्सा, वाणी, गणित, साहित्य, शिल्पकला, वकालत, वाणिज्य जस्ता विषयको विद्यामा उन्नति गराउँछ। चतुर्थ स्थानमा बुध निष्फल हुन्छ। यो शुष्क ग्रह हो र आफ्नो स्थानबाट सातौँमा पूर्ण दृष्टि दिन्छ। यसको प्रभावले भाषणमा आनन्द दिने, रातो र चौँडा आँखा भएको, सम अङ्ग, हास्यविनोदमा रुचि, छालामा अधिकार रहने, चलाख, राम्रो बोलीचालीको, बढी बोल्ने, ज्ञानी, सुन्दर, प्रफुल्लचित्त, वाक्पटु, स्पष्ट व्यवहारको, उत्साही, सधैँ आनन्दमा रहने, धूर्त, वाहनप्रिय, सहयोगीले युक्त, आर्थिक व्यवहारमा विचित्र, परिवारको विषयमा चिन्तारहित, व्यवसायमा नयाँ कल्पना गर्ने, आतुर भए पनि मुहारमा त्यस्तो भाव नआउने, विविध व्यवसायको ज्ञान भए पनि कुनैमा पनि प्रवीण नहुने, अध्यात्म विषयप्रेमी, धोकाको कार्य गर्ने, बुद्धिमत्ताको कार्यमा रुचि, अत्यन्त प्रभावशाली वक्त हुने हुन्छ। लग्नमा बलियो बुध भएमा राम्रो वक्ता होला, दोस्रोमा बुध भए अति वाचाल र विद्यासम्पन्न होला। पञ्चममा बुधले उत्तम बुद्धि दिन्छ। बुधको महत्त्व १,२,५,९ र १० स्थानमा हुन्छ। मिथुनको बुध अत्यन्त बलवान हुन्छ। शास्त्रज्ञान, वक्तृत्वकला, स्मरणशक्ति र पुस्तक लेखनमा राम्रो होला। कुम्भको बुध वक्तृत्वमा कमी गराउला तर वेदान्त जस्ता दर्शनमा विशेष विद्वत्ता रहला। तुलामा बुध हुँदा सबै प्रकारका विद्यामा राम्रो होला। नभुलिकन स्वयं काम गर्ने शक्ति बुधले दिन्छ। कन्या राशिमा वा उच्चमा बुध रहँदा हस्त कौशल, राजकीय वैभव, चिकित्सा र व्यापार आदिमा सफलता मिल्छ। बुध अस्त भए पनि फल दिन्छ। सूर्यको अगाडि हुँदा बढी फल दिन्छ। बुध र मङ्गलको योगले व्यर्थका कुरा गरेर झमेला ल्याउला। झुटो

बोल्ने प्रवृत्ति पनि हुन्छ। गुरु र बुधको योगले अध्यात्म र काव्य रचनामा रुचि होला। बुध र शुक्रको योगले कलाकौशल र यन्त्र रचनामा सफलता मिल्ला।

(५) गुरु : ग्रहमण्डलमा सचिवको रूपमा रहेको धनु र मीन राशिको स्वामी गुरु वा बृहस्पति सबैभन्दा शुभ ग्रह मानिन्छ। यो कर्कटमा उच्च र मकरमा नीच हुन्छ। यसको वर्ण पहेलो हुन्छ। यो ग्रह सुख र ज्ञानको सूचक हो। यो ईशान कोणको अधिपति र पुरुष ग्रह को। यो पञ्चभूतमध्ये आकाश तत्त्व हो र यसको प्रभावले मानिस मोटो र गोरो वर्णको हुन्छ। यो धर्मकर्म, देव, ब्राह्मण, गृह, पुत्र, बन्धु, नाति, हजुरबुबा, सत्त्वगुण, मित्र, मन्त्री, धनभण्डार, विद्या र राज्यको कारक हो। यसले पाचौँ, सातौँ र नवौँ स्थानमा पूर्ण दृष्टिले देख्छ। यो कालपुरुषको मन्त्री, सल्लाहकार र देवपुरोहित हो। यसबाट प्रभावित मानिस पहेला आँखा, रातो र पहेलो खालको केशयुक्त, उन्नत हृदय र बृहत् शरीर हुन्छ। यसले दर्शन शास्त्रमा रुचि जगाउँछ। शान्त स्वभाव, गुणसम्पन्न, विद्वान्, सत्यको कर्म र आचरणमा रहने, सामाजिक सेवामा रुचि राख्ने, परोपकारप्रिय, सत्य अभिमानी, बुद्धिमान, सङ्कटग्रस्त, अर्काको आपत्तिमा मद्दत गर्ने, राज्यमा सम्मानित, कुशल मध्यस्तकर्ता, कोमल हृदय, गुणी, मृदुवाणी, सर्वप्रिय, सत्यका लागि कष्ट सहेर विजय प्राप्त गर्ने, आर्थिक विषयमा उदार, धार्मिक एवं ईश्वरभक्त र अनीतिको मार्गबाट टाढा रहने हुन्छ।

कुनै कुण्डलीमा गुरु बलवान भएर सूर्य चन्द्रको षडष्टक योग भएमा कुण्डलीको महत्त्व रहदैन। ज्ञान, सुख, सम्पत्ति, वैभव, सन्तति, दूरदर्शी, अध्यापकत्व, परमार्थ, पुण्यकर्म, तीर्थ, साधुसमागम, योगमार्ग, दीर्घायु जस्ता विषयहरू यसका प्रधान धर्म हुन्। १, ९, १०, ५, ११ र २ स्थानमा यो ग्रहको विशेष महत्त्व रहन्छ। ६,८ र १२ स्थानमा यो निष्फल हुन्छ। अन्य स्थानमा मध्यम हुन्छ।

तुला राशिमा हुँदा गुरु सत्व गुणको प्रतीक हुन्छ। ३,७ र ११ राशिमा रहदा विद्वान् हुन्छ। १,४,५, ९ र १२ राशिमा हुँदा रहदा सम्पत्ति र वैभव दिन्छ। मकरमा रहे कर्मनिष्ठ हुन्छ। गुरु जहाँ बस्छ त्यो स्थानको नाश गर्छ र जहाँ दृष्टि दिन्छ त्यो स्थानको वृद्धि गर्छ भन्ने पनि मान्यता छ। गुरु सन्तानकारक हो तर अस्त भएमा सन्तान हानि गराउछ। सिंह र कुम्भ बन्ध्या राशि हुन् जसमा अस्तगत गुरु रहेमा गर्भ नै रहदैन। गुरु–मङ्गलको योगले सन्तान अल्पायु हुने वा गर्भ नरहने अवस्था आउछ। शनिका साथमा गुरु भएमा पनि सन्तान हुन कठिन हुन्छ। ४,८,१० र १२ बहुप्रसव राशिमा गुरु भएमा शीघ्र बढी सन्तान हुन्छन्। २,४,६, ८,१० र १२ राशिमा रहेको गुरुले कन्या सन्तान दिन्छ। पुरुष राशिका गुरु हुँदा पुत्र सन्तान हुन्छन्। वक्री गुरु हुँदा सन्तान अनुकूल हुँदैनन्।

गुरु र चन्द्रको योग निकै महत्त्वको मानिन्छ। केन्द्र र त्रिकोणमा गुरुको योग बढी लाभकारी मानिन्छ। त्रिकोणमा गुरुको योगले विद्या, बुद्धि, अध्यापकत्व, धार्मिक विद्या, शैक्षिक उन्नति, धार्मिकता, परोपकार र यश जस्ता शुभ फल दिन्छ। केन्द्रमा गुरुको योगले धन र राजवैभव दिन्छ। लग्न, सूर्य र चन्द्रबाट एकादशमा गुरु हुँदा अत्यन्त धन दिने हुन्छ।

(६) शुक्र : वृष र तुला राशिको मालिक शुक्र शुभ ग्रह मानिन्छ। यो ग्रहमण्डलमा सचिव हो। यसबाट मुख्य रूपमा सांसारिक सुख र कामवासनाको अध्ययन हुन्छ। यो आग्नेय कोणको स्वामी हो। यो स्त्री ग्रह र जलतत्त्वप्रधान मानिन्छ। यसलाई कर्म, वीर्य, धातुकारक, कलत्र, विवाहसम्बन्धी कार्य, सुख, काव्य, पुष्प, आभरण, नेत्र, वाहन, शैया, काव्य, राजभोग जस्ता विषयवस्तु हेरिन्छ। यसको वर्ण गहुँगोरो हुन्छ। यसको प्रभावले सुन्दर शरीर, सुखको इच्छा गर्ने, रजोगुणी, विशाल नेत्र, कालो र घुँगुरिएको कपालयुक्त जस्ता लक्षण हुन्छ। गीत, सङ्गीत र नृत्यप्रिय, चित्र, मूर्ति, वास्तु लगायतका ललितकलामर्मज्ञ, कस्मेटिक र फेन्सी पदार्थमा रुचि राख्ने, प्रपञ्चका काममा सिपालु, घमण्डी, कपडामा स्वच्छताप्रिय, अस्थिर र संकोची, स्वार्थबुद्धि, स्त्रीविषयमा आसक्त, गोप्य कर्ममा रुचि राख्ने, धर्ममा श्रद्धा गर्ने, व्यसनी मानिसमा मित्रता गर्ने, परस्त्रीमा मन लगाउने, पापबुद्धियुक्त, फजुलखर्ची, स्वतन्त्र, व्यापारव्यवसायमा नाम कमाएको र ईश्वरमा श्रद्धा राख्ने हुन्छ।

शुक्र ग्रह छैटौँमा निष्फल, सातौँमा अनिष्ट र वक्री हुँदा तथा चन्द्रमाको साथमा हुँदा चेष्टाबली हुन्छ। शुक्र धातु, विवाह, स्त्री, कामवासना, सुन्दर वस्त्र, सुगन्धित पदार्थ, चौसट्ठी कला, यान्त्रिक विद्या, खेलकुद, सट्टाबाजी, यन्त्रतन्त्र, अष्टसिद्धिका चमत्कार (अणिमा, गरिमा, लघिमा आदि),षड्यन्त्रमा रुचि राख्ने, रत्नको प्राप्ति जस्ता कुराहरू हेरिन्छन्।

लग्नमा शुक्र हुँदा सुन्दर, विलासी, रवाफिलो जीवन जिउने, राम्रा स्त्रीहरूप्रति लालायित र लम्पट होला। दोस्रोमा हुँदा पत्नी राम्री मिल्ला। पञ्चममा हुँदा कलाकौशल, गीतसङ्गीतमा रुचि, साहित्य, अभिनय, सट्टेबाजी आदिमा रुचि राख्ने हुन्छ। नवम स्थानमा पञ्चम जस्तै हो तर पञ्चम जत्तिको बलवान् हुँदैन। लाभस्थानमा भए रत्न आदिको व्यापार गर्न सक्छ। ६,८ र १२ स्थानमा निष्फल हुन्छ। दोस्रो स्थानमा सामान्य फल दिन्छ। कर्कट वा वृश्चिक राशिमा शुक्र भएमा अनेक स्त्रीप्रति आसक्त होला। अत्यन्त कामुक र व्यभिचारमा लाग्ने हुन्छ। तीक्ष्ण नक्षत्र (मूल, ज्येष्ठा, आर्द्रा र अश्लेषा) मा शुक्र भएमा प्रमेह(धेरै पिसाब लाग्ने र पिसाबमा

शुक्र निस्कने) आदि रोग होला। ५ र ९ राशिमा शुक्र भएमा शरीर बलवान्, गोरो वर्ण र काला आँखा भएको हुन्छ।

चन्द्र–शुक्र वा मङ्गल–शुक्रको योगले व्यभिचारी बनाउला। शुक्र र राहुको योगले बलात्कारी बनाउँछ। बुध वा गुरुसँग शुक्रको योग हुँदा विद्वान् होला। शनि र शुक्रको योगले नीच मनोवृत्तिको बनाउला। सूर्य र शुक्रको योगले राजकीय अधिकार दिन्छ तर शुक्रभन्दा पछाडि सूर्य हुनु आवश्यक छ।

(७) शनि : यो ग्रह मकर र कुम्भको मालिक र पश्चिम दिशाको स्वामी हो। यो पापग्रह हो तर यसलाई न्यायकर्ता पनि भनिन्छ। यो तुलामा उच्च र मेषमा नीच हुन्छ। शनिबाट कालो वर्ण, वायु तत्त्व, म्लेच्छ जाति, शूल रोग, दासदासी, दुःख, आयु, मृत्यु, विपद् जस्ता विषयवस्तुबारे हेरिन्छ। यो अङ्ग्रेजी विद्याको कारक हो। स्नायुमा यसको प्रभाव हुन्छ। यसले नोकरी वा सेवाकार्य गराउँछ। यो देव, ब्राह्मण र पश्चिम दिशाको स्वामी हो। शनिको प्रभावले मानिस तमोगुणी, अल्छी, कानो, अग्लो, ठुला दाँत भएको, कडा कपाल भएको, लङ्गडो शरीर, रातो र खैरो आँखा भएको, वायु प्रकृति, दुब्लो पातलो, विश्वासघाती जस्ता लक्षणले युक्त हुन्छ। यसले क्रूर, दयारहित, मूर्ख, ठुला र बाक्ला नङवाला, तामसी, अत्यन्त क्रोधी, कालो कपडा मनपराउने, गृहस्थीमा समस्याले युक्त, कृषि व्यवसायी, धूर्त, दुष्ट बुद्धिको, दुर्बल मन, मन्दबुद्धि, व्यवहारमा मनोमानी गर्ने, आत्मप्रशंसाप्रिय, उद्योगरहित, नीच कर्मरत, विश्वासघातमा आनन्दित, कलहप्रिय, बन्धुविरोधी, विरोधात्मक आन्दोलनकर्ता, मर्मभेदी वचन बोल्ने, असन्तुष्ट, उद्योगमा अल्प यश, व्यसनी, स्वार्थप्रिय, परदोष देख्न निपुण, कुविचारी, अर्काको धन हरणमा निपुण र द्रव्य तृष्णा बढी भएको हुन्छ।

यो नपुंसक ग्रह हो र सप्तम स्थानमा बलियो हुन्छ। वक्री र चन्द्रको साथमा भएमा चेष्टबली हुन्छ। यसको प्रभावले परपीडा, घात, क्रूरता, निर्लज्जता, चोरी, ठगी, मिथ्याभाषण, मायावी, दम्भी र मदमात्सर्यले युक्त हुन्छ।

मिथुन, तुला र कुम्भ राशिमा यसको विशेष महत्त्व हुन्छ। शनि बलवान् भएमा अत्यन्त ठुलो दाता बनेर असङ्ख्य सम्पत्ति प्रदान गर्दछ। शनि १,४,५,८ र ९ राशिमा रहेमा अनिष्ट फल दिन्छ। चन्द्रमालाई यसले बढी पीडा दिन्छ। व्यक्तिको जन्म राशि र त्यसको अगाडि वा पछाडिको राशिमा शनि गोचरमा पुग्दा साडेसातको दशा लाग्दछ। त्यस्तै शनि जातकको राशिबाट चौथो वा आठौँ स्थानमा पुग्दा शनि अढैया दशा लाग्छ। साडेसात र अढैया दशामा झुट्टा आरोप लाग्ने, शरीरमा आलस्य

पैदा हुने, मानसिक चिन्ता बढ्ने, काममा ढिलासुस्ती हुने, मानसम्मानमा आघात पर्ने, चोटपटक लाग्ने र सञ्चित धनको नाश गराउने हुन्छ। यस्तो दशा भए पनि जन्मकुण्डलीमा शनि स्वगृही, मित्रगृही, उच्च राशि वा ३,६ र ११ औँ स्थानमा भएमा शनिको अशुभ फल लाग्दैन।

शनि, सूर्य र मङ्गलको योग घातक हुन्छ। चन्द्र र शनिको योग पनि घातक नै हुन्छ। यस्तोमा मृत्यु, अपघात, भयङ्कर रोग, बन्धन, ठुलो सङ्कट र जीवनको अन्तिम समय कष्टपूर्ण रहला। शनि रोहिणी नक्षत्रमा पुग्दा लोकसंहारक बन्दछ। नेपालमा २०५८ साल जेठमा दरबार हत्याकाण्ड हुँदा पनि शनि रोहिणी नक्षत्रमा थियो। त्यसअघि २०३० सालमा पनि शनि रोहिणीमा थियो।

शनिले पुत्रचिन्ता उत्पन्न गराउँछ। ज्यादै ढिला सन्तान पैदा हुनुमा पनि शनि नै कारक मानिन्छ। १,५ र ९ स्थानको शनिले सन्तानमा समस्या दिन्छ। शनिप्रधान व्यक्ति दुर्गुणी हुन्छ। शनिमा सूर्यको दृष्टि हुँदा शनिको प्रभाव घट्दछ। शनि र गुरुको दशममा योग हुनु वा केन्द्र वा त्रिकोणमा योग भएमा राज्यबाट विशेष लाभ होला। शनि राज्यको तल्लो तहको नोकर हो।

(८) राहु : राह र केतु छाया ग्रह हुन् र दुवै पापग्रह पनि हुन्। यसमा राहुलाई शिर र केतुलाई गिँड मान्ने गरिन्छ। राहुलाई वृष वा मिथुनमा उच्च मान्ने र वृश्चिक वा धनुमा नीच मान्नेबारे मतभेद छ। राहु नैर्ऋत्य दिशाको मालिक हो। कालो वर्ण, सर्प, निद्रा, मुख, पितामह र मोक्षको कारक हो। तलाउ र धर्मशालामा यसको प्रभाव रहन्छ। उच्च शरीर, नीच वर्ण, रौँहरू बढी भएको, पापी, असत्यवादी, कपटी, बुद्धिहीन, जीर्ण वस्त्र र हिक्का रोगमा प्रभाव पर्दछ। यो मारक ग्रह पनि हो। राहु १,६,७ र १२ स्थानमा हानिकारक हुन्छ। तृतीय स्थानमा क्रूर नक्षत्रमा हुँदा भाइलाई, चतुर्थमा मातालाई, पञ्चममा सन्तानलाई, सप्तममा स्त्रीलाई र दशममा पितालाई हानि गर्दछ। नवम वा दशम राशि बलियो भएमा आफ्नो दशामा उन्नति गराउँछ। दाँत ओठभन्दा बाहिर र मोटो एवं धनुषाकार हुनु राहुको प्रभाव हो।

(९) केतु : पापग्रह भए पनि केतुले कतिपय अवस्थामा शुभ फल दिने गर्दछ। चर्मरोग, मातामह, नीच जाति, हात, पाउ एवं मोक्षबारे केतुबाट हेरिन्छ। फजुलखर्ची, रातो वर्ण, उग्र दृष्टि, अग्लो शरीर, सशस्त्र, पतित, धूम्रवर्ण, सधैँ धूम्रपान गर्ने, घाउको चिन्हले युक्त अङ्ग, दुब्लो शरीर आदि केतुका लक्षण हुन्।

अध्याय तीन

दशाफल

३.१ दशामा विचारणीय पक्ष

कुण्डली अध्ययन गर्दा दशाफलको विशेष महत्त्व रहन्छ। विंशोत्तरी, त्रिभागी, योगिनी, अष्टोत्तरी, चर, कालचक्र आदि अनेक दशाहरू हुन्छन् । तीमध्ये विंशोत्तरी र योगिनी दशा बढी मात्रामा हेर्ने चलन छ। त्यस्तै त्रिभागी दशा पनि हेर्ने चलन छ। दशा कसरी हेर्नु उपयुक्त होला भन्ने प्रश्नको उत्तर खोज्नु आवश्यक छ। यसमा निम्नानुसार हेर्नु उपयुक्त हुन्छ।

(१) **ग्रहको शुभाशुभ विचार :** सर्वप्रथम दशावाला ग्रहहरू कस्ता हुन् भन्ने विचार गर्नुपर्छ। गुरु र शुक्र शुभ ग्रह हुन्। सूर्य, मङ्गल, शनि, राहु र केतु पापग्रह हुन्। बुध पापग्रहको प्रभावमा हुँदा अशुभफलदाता र शुभको प्रभावमा हुँदा शुभफलदाता बन्दछ। एक्लै बस्दा बुध शुभ हुन्छ। क्षीण चन्द्रमा पापी र पक्षबली चन्द्रमा शुभ ग्रह मानिन्छ। यसअनुसार शुभ र अशुभफल हेर्नुपर्छ । योगिनी दशामा पनि सम्बन्धित योगिनीको मालिक ग्रहअनुसार हेर्नुपर्छ। यसबारे योगिनी दशासम्बन्धी शीर्षकमा प्रकाश पारिएको छ।

(२) **भावको अधिपतिअनुसार ग्रहको विचार :** केन्द्र र त्रिकोण अर्थात् लग्न, चतुर्थ, पञ्चम, सप्तम, नवम र दशमका मालिक शुभ हुन्छन् । द्वितीय, तृतीय र एकादश भावका स्वामी निर्बल शुभ मानिन्छन्। छैटौँ, आठौँ र बाह्रौँ भावका स्वामी अशुभ मानिन्छन् । एकादश भावका बारेमा विवाद छ। यसलाई कसैले अशुभ र कसैले शुभ मान्दछन्। आय भावको स्वामी भएकोले एकादशलाई प्रायः शुभफलदाता मान्नु उपयुक्त हो।

(३) **ग्रहका विशेष अवस्थाको विचार :** ग्रहको अवस्था हेर्दा लग्न कुण्डलीका साथै चन्द्र र नवमांश कुण्डली पनि हेर्नुपर्छ। लग्नमा उच्च र योगकारक भएको ग्रह चन्द्र र नवमांश कुण्डलीमा कमजोर हुन सक्छ। लग्नको उच्च ग्रह नवमांशमा नीच वा शत्रुनवमांशगत हुन सक्छ। यस्तो अवस्थामा लग्नगत उच्च फलमा कमी आउँछ। त्यस्तै लग्नमा नीच भएको ग्रह नवमांशमा उच्च भएमा शुभ फल मिल्न सक्छ। त्यस्तै कुनै ग्रह नीच भए पनि नीचभङ्ग

राजयोग कायम गरेको हुन्छ। यस्तो अवस्थामा ग्रहको नीचता समाप्त भएर राजयोग निर्माण गर्दछ। जसले ठुलो सफलता मिल्न सक्छ। फलकथन गर्दा चन्द्र कुण्डलीमा ग्रहको अवस्था पनि विचार गर्नुपर्छ। त्यस्तै ग्रह अस्त वा वक्री हुँदा पनि फलमा कमी वा वृद्धि हुनसक्छ। शयनादि, बालादि र दीप्तादि अवस्थाको पनि विचार गरेर फलकथन गर्नुपर्छ।

(४) **ग्रहका ताराको विचार :** नक्षत्रका आधारमा निर्धारित ताराअनुसार विपत्, प्रत्यरि र बधताराको दशामा अशुभ फल बेहोर्नुपर्छ। जन्म र अधिमित्र ताराका स्वामीको दशा सामान्य फलदायी हुन्छ भने सम्पत्, क्षेम, साधक र मित्र ताराका दशा अत्यन्त शुभदायी मानिन्छन्। ग्रहका दशा हेर्दा यसलाई पनि आधार मान्नुपर्छ।

(५) **गोचरमा ग्रहको विचार :** दशाफल विचार गर्दा लग्न र चन्द्रकुण्डलीअनुसार कुन भावेशको दशा हो र हाल त्यो ग्रह कहाँ पुगेको छ भन्ने विचार गर्नुपर्छ। उदाहरणका लागि कुनै धनु राशिवाला व्यक्तिको मेष लग्न रहेछ र हाल पञ्चमेश सूर्यको दशा चलेको रहेछ भने कसरी फल विचार गर्ने भन्ने प्रश्न आउँछ। यसमा लग्नअनुसार पञ्चमेशको दशा भएकोले यसबाट विद्या र सन्तानसम्बन्धी फल मिल्ने देखिन्छ। अब पञ्चमेश त्रिकोणको मालिक भएकोले शुभ मानिन्छ। मानौँ पञ्चमेश सूर्य चन्द्रमाको घरमा बसेको रहेछ भने पनि शुभ मानिन्छ। यस्तो अवस्थामा सूर्य जब शुभ स्थानमा पुग्छ तब पञ्चम भावसम्बन्धी विशेष लाभ मिल्छ भन्ने फलादेश गर्नुपर्छ। चन्द्रलग्नबाट पनि यस्तै विचार गर्नुपर्छ। यसबारे व्यावहारिक अध्यायमा थप प्रकाश पारिनेछ।

३.२ विंशोत्तरी महादशा र अन्तर्दशा

३.२.१ महादशाको फलकथनमा विचारणीय पक्ष

यसमा ग्रहको बलाबल, भावेशको बलाबल र नवतारामध्ये कुनमा परेको हो भन्ने विचार गर्नुपर्छ। त्यस्तै लग्न र चन्द्रकुण्डलीका साथै नवमांश कुण्डलीबाट पनि यी कुराहरू विचार गर्नुपर्छ। कुन भावेशको दशा हो सोअनुसारको फल मिल्ने भएकोले त्यसबारे पनि विचार गर्नुपर्छ। लग्नेश, पञ्चमेश र नवमेशको दशा सधैँ शुभ हुन्छ। चतुर्थ, सप्तम र दशमको मालिक पापग्रह भए शुभफल र शुभग्रह भए पापफल लाग्ने हुनाले दशाको फलकथनमा पनि यसको विचार गर्नुपर्छ। कुनै ग्रह

लग्नकुण्डली र नवमांश कुण्डलीमा एउटै राशिमा रहेमा वर्गोत्तमी हुन्छ जसको दशा शुभफल दिने हुन्छ। लग्नकुण्डलीमा उच्च वा मित्रगृही ग्रहको दशा पनि शुभ हुन्छ। त्यस्तै नवमांश कुण्डलीमा उच्च ग्रहको दशा पनि शुभ हुन्छ। यसबाहेक नीच, शत्रुगृही, नीच नवमांशगत वा शत्रु नवमांशगत ग्रहको दशा अशुभ हुन्छ। अस्त, बाल, वृद्ध र मृत ग्रहको दशा पनि अशुभ हुन्छ। यस्ता पक्षहरूका बारेमा मनन गरेर फलादेश गर्दा दशाफल सटिक हुन्छ।

३.२.२ अन्तर्दशाको फलकथनमा विचारणीय पक्ष

अन्तर्दशाको विचार गर्दा तीन पक्षबाट गर्नुपर्छ। लग्नकुण्डली, चन्द्रकुण्डली र महादशानाथ रहेको स्थानबाट अन्तर्दशानाथ कुन भावमा छ त्यसको विचार गर्ने। जन्मलग्न र चन्द्रलग्नबाट अन्तर्दशानाथ जुन भावमा छ त्यसको फल केही मात्रामा दिन्छ। विशेषगरी अन्तर्दशानाथ महादशानाथबाट जुन भावमा हुन्छ त्यसको फल विशेष रूपले मिल्छ। उदाहरणका लागि महादशानाथबाट अन्तर्दशानाथ पञ्चममा भएमा राज्यकृपा प्राप्त होला, नवममा भएमा उच्च पद प्राप्त होला र एकादशमा भएमा आर्थिक लाभ मिल्ला। तर महादशानाथबाट षष्ठ, अष्टम वा द्वादश स्थानमा भएमा कष्टदायी होला। अन्तर्दशानाथ र महादशानाथ जन्मकुण्डलीमा स्वराशि वा उच्च राशिस्थ भएर गोचरबाट स्वस्थान वा उच्च स्थानमा रहेमा पनि शुभफलमा वृद्धि गर्दछ। केन्द्रेश र त्रिकोणेशको दशा चलेका समयमा उच्च पद प्राप्तिको सम्भावना रहन्छ। कुनै ग्रहको महादशामा नवग्रहमध्ये अन्तिम अन्तर्दशालाई दशाछिद्र भनिन्छ। यस्तो दशाछिद्रमा प्रायः अशुभफल मिल्दछ। यसमा पनि अशुभ ग्रहको महादशामा अशुभ ग्रहकै अन्तर्दशा परेमा बढी कष्टकारी हुन्छ। उदाहरणका लागि राहुको दशामा मङ्गलको अन्तर्दशा पर्दा बढी अनिष्टकारी फल मिल्छ। अब यहाँ नवग्रहका महादशा र अन्तर्दशाका शुभाशुभ फलबारे प्रकाश पार्नुका साथै अशुभ महादशा र अन्तर्दशाका सामान्य पूजापाठ र उपायबारे बताइएको छ। नवग्रह र योगिनी दशा शान्तिका बारेमा केही विस्तारपूर्वक ग्रहदशा शान्ति प्रकरणमा प्रकाश पारिएको छ।

(१) सूर्य महादशा फल

देशान्तरं च निजबन्धुवियोगदुःखम्, उद्वेगरोगभयचौरभवा च पीडा।
पूर्वस्थितस्य निखिलस्य धनस्य नाशो, भानोर्दशाजननकालदशा भवन्ति॥

सूर्यको महादशामा परदेशको बास, बन्धुवियोगबाट दुःख, मानसिक तनाव, रोगभय, चोरबाट पीडा र सञ्चित धनको नाश गराउँछ। यसरी सूर्यको महादशाफल अनिष्ट बताइए पनि सूर्यको अवस्थाअनुसार शुभ फलप्रदायक पनि हुन सक्छ।

सूर्यको शुभफल मिल्ने अवस्था : सूर्य मेष वा सिंह राशिमा भएमा वा सूर्य केन्द्र, त्रिकोण वा लाभस्थानमा भएमा शुभ फल दिन्छ। जस्तै लग्नमा भएमा शारीरिक शक्ति राम्रो, पञ्चममा भएमा विद्या र सन्तानलाभ, नवममा भएमा भाग्यवृद्धि, दशममा भएमा राज्यबाट लाभ र एकादशमा भएमा आर्थिक उन्नति गराउला। सूर्य दशमेशसँग बसेको अवस्थामा पनि राज्यबाट लाभ हुन्छ। चतुर्थेशको साथमा सूर्य बसेमा वाहन, विद्या वा लोकप्रियता प्राप्त हुन्छ।

सूर्यको अशुभफल मिल्ने अवस्था : सूर्य नीच, शत्रुराशिस्थ, अथवा जन्मलग्नबाट षष्ठ, अष्टम वा द्वादश भावमा बसेमा वा पापग्रहसँग बसेमा वा षष्ठेश, अष्टमेश वा द्वादशेशसँग बसेमा सूर्यको महादशामा राज्यबाट कष्ट, धनहानि, हृदय रोग, आयमा कमी, मानहानि, कलह, पितालाई कष्ट, मानसिक व्यथा, जनआक्रोश जस्ता अशुभ फल मिल्छ। सूर्यलाई शुभग्रहले देखेमा केही शुभ फल मिल्छ। सूर्यमा पाप र शुभफलको मिश्रण भएमा शुभ र अशुभ दुवै फल बेहोर्नु पर्छ। सूर्यको महादशा शान्तिका लागि आइतबार व्रत, शिव, विष्णु र सूर्य पूजा, उदाउँदो सूर्यलाई अर्घ दिने जस्ता कार्य गर्न सकिन्छ।

सूर्यको महादशामा अन्तर्दशाको फल

सूर्यमा सूर्यको अन्तर्दशा : सूर्यको महादशामा बताइएका शुभ वा अशुभ फल अन्तर्दशाको अवधिमा विशेष रूपमा मिल्छ। विशेषगरी राज्यबाट लाभ, पित्तप्रकोप, बन्धुवर्गमा विपत्ति र खर्चमा वृद्धि हुन्छ। सूर्यको अशुभ दशा शान्तिका लागि सूर्य महादशामा बताइएका उपाय गर्नु उपयुक्त हुन्छ।

सूर्यमा चन्द्रको अन्तर्दशा

शुभ फल : जन्मलग्नबाट केन्द्र, त्रिकोण वा लाभस्थानमा चन्द्रमा भएमा शुभ कार्य हुन्छ, सुखसम्पत्तिमा वृद्धि हुन्छ र प्रत्येक क्षेत्रमा समृद्धि मिल्छ। चन्द्रमा स्वराशि, उच्चराशि वा शुभराशिमा रहेमा पनि मनोकामना पूर्ण होला, राज्यकृपा प्राप्त होला, दाम्पत्यसुख र सन्तानसुख मिल्ला। उच्च पद प्राप्ति र विदेश यात्रा पनि होला। पक्षबली चन्द्रमा सूर्यबाट केन्द्र, त्रिकोण वा एकादश स्थानमा रहँदा भाग्योदय, पदप्राप्ति, वाहनसुख, धनवृद्धि, शुभ उत्सव आदि फल मिल्ला।

अशुभ फल : क्षीण, पापयुक्त, पापदृष्ट वा नीच (वृश्चिक) राशिस्थ चन्द्रको अन्तर्दशा कष्टकारी होला। त्यस्तै सूर्यबाट ६,८ वा १२ औं स्थानमा चन्द्रमा भएमा पनि अशुभ फल मिल्ला। यस्तोमा स्त्री र सन्तानलाई कष्ट, कार्यहानि, मानिसहरूसँग विवाद, अधीनस्थ व्यक्तिसँग कलह, राज्य र शासकवर्गबाट कष्ट वा भय, धननाश, जलबाट भय, मानसिक व्यथा, बन्धन, स्थानहानि, राजकोप, चोरबाट भय जस्ता फल मिल्ला। यस अन्तर्दशा शान्तिका लागि भक्तिपूर्वक शिवपार्वतीको पूजा, सोमबार व्रत, चामल, दूध, दही, चाँदी आदि श्वेत पदार्थको दान जस्ता उपाय गर्न सकिन्छ।

सूर्यमा मङ्गलको अन्तर्दशा

शुभ फल : जन्मलग्नमा मङ्गल उच्च(मकर) राशिगत वा स्वराशिगत भएर केन्द्र, त्रिकोण वा एकादशस्थानगत भएमा, दशानाथ सूर्यबाट केन्द्र, त्रिकोण वा एकादश स्थानमा भएमा शुभफल मिल्छ। यस्तोमा भूमि, भवन र धनको प्राप्ति होला। साहसिक कार्यबाट सफलता मिल्ला। फौजी नोकरीका लागि उत्तम होला। प्रतियोगिता परीक्षामा सफलता मिल्ला। नोकरीमा पदोन्नतिको अवसर मिल्ला।

अशुभ फल : क्षीण, पापयुक्त, पापदृष्ट वा नीच (कर्कट) राशिस्थ, लग्नबाट अष्टम वा द्वादशस्थ, अस्त, वक्री, पापाक्रान्त वा पापदृष्ट मङ्गलको अन्तर्दशामा कलह, उन्माद, झन्झट, चञ्चल बुद्धि, कारावास, पदहानि, अर्थदण्ड, धनहानी जस्ता अशुभफल मिल्ला। मङ्गल विपत्, प्रत्यरि वा वध ताराको स्वामी हुँदा पनि यसको अन्तर्दशा कष्टकारी होला। यसमा दुर्घटनाको सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि दुर्गा पूजा, हनुमानपूजा र नृसिंहावतार विष्णु पूजा गर्नु उपयुक्त होला।

सूर्यमा राहुको अन्तर्दशा

शुभ फल : जन्मलग्नबाट केन्द्र वा त्रिकोणमा स्थित राहुको अन्तर्दशाको प्रारम्भिक दुई महिनामा आकस्मिक धन वा पदबाट हानि होला, चोरडाकुको भय होला, घाउचोट वा अन्य कुनै खतरा रहला। दुई महिनापछि स्थिति सामान्य होला। राहु शुभ ग्रहसँग बसेको वा शुभ नवांशमा रहेको भएमा धन प्राप्ति र स्वास्थ्यलाभ होला।

अशुभ फल : राहु जन्मलग्नबाट उपचय (३,६,१०,११ स्थान)मा रहेमा वा योगकारक ग्रहसँग रहेमा वा सूर्यबाट शुभ भावमा रहेमा भाग्योदय, राज्यकृपा, पदप्राप्ति, सुयश तथा माङ्गलिक कार्य होला। जन्मलग्नबाट ६,८ वा १२ औं स्थानमा स्थित राहु तथा

सूर्यबाट ६,८ वा १२ औँ स्थानमा स्थित राहु तथा पापाक्रान्त राहुको अन्तर्दशामा पदहानि, निलम्बन, कारावास, बन्धन, चोरबाट भय, पशुधन तथा कृषिउपजको हानि, बेरोगारी, व्यवसाय हानि, स्वास्थ्यहानी जस्ता अशुभ फ़ल मिल्ला। राहु लग्नबाट द्वितीय वा सप्तममा रहेको वा द्वितीयेश वा सप्तमेशसँग युत वा दृष्ट राहुको दशामा सर्प, विष, शत्रु वा मृत्युको भय रहला। यस अन्तर्दशाको शान्तिका लागि दुर्गा, भैरव र हनुमान पूजा गर्नु उपयुक्त होला।

सूर्यमा बृहस्पतिको अन्तर्दशा

शुभ फल : बृहस्पति उच्च, स्वगृही, मित्रगृही, केन्द्रगत, त्रिकोणगत, द्वितीय वा एकादश स्थानगत भएमा यसको दशामा राजकृपा, पदप्राप्ति, मानप्राप्ति, इच्छापूर्ति, व्यावसायिक उन्नति, धन, स्त्री एवं पुत्रलाभ जस्ता शुभ फल मिल्ला। गुरु नवमेश वा दशमेश भएमा पनि उच्च लाभ मिल्ला। सूर्यबाट केन्द्र, त्रिकोण, द्वितीय वा एकादश स्थानमा बृहस्पति भएमा पनि इच्छा पुग्ने र भाग्यवृद्धि गराउने हुन्छ।

अशुभ फल : बृहस्पति जन्म लग्न वा सूर्य बसेको स्थानबाट ६,८,१२ औँ स्थानमा भएमा, पापाक्रान्त, नीचराशिस्थ वा अस्त भएमा राजकोप, कार्यहानि, व्यवसायमा हानि, आर्थिक पतन, मानसिक रोग, शारीरिक कष्ट, लिवरको रोग, पेटको रोग, गुरुजनमा कष्ट जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि वामनअवतार विष्णु तथा विष्णु र शिव पूजा गर्नु उपयुक्त होला।

सूर्यमा शनिको अन्तर्दशा

शुभ फल : शनि जन्मलग्न तथा सूर्यबाट केन्द्र, त्रिकोण, तृतीय, षष्ठ, एकादश स्थानमा रहेको अवस्थामा शनिको अन्तर्दशा हुँदा शत्रुनाश, सुखप्राप्ति, उन्नति, माङ्गलिक कार्य जस्ता शुभ फल मिल्ला। शनि उच्च, स्वराशि, मित्रराशि वा मित्रग्रहसँग रहेमा पनि शुभ फल मिल्ला। आय वृद्धि, सम्मान प्राप्ति, श्रमिकवर्गको नेतृत्व प्राप्ति, उच्च पद प्राप्ति एवं उद्यममा सफलता मिल्ला।

अशुभ फल : शनि जन्मलग्नबाट अष्टम वा द्वादशस्थ तथा सूर्यबाट षष्ठ, अष्टम वा द्वादशस्थ अथवा वक्री, अस्त, पापाक्रान्त भएमा बाथरोग, उदर रोग, कारावास, व्यापारिक घाटा, व्यावसायिक अवनति, धनहानि, मानहानि, पारिवारिक कलह, मित्रहानि, मान्यजनको निधन, व्यर्थ भ्रमण, झमेला जस्ता अशुभफल मिल्ला। शनि मारकेश हुँदा वा मारकस्थानमा बस्दा मृत्यु तथा दुर्घटनाको भय होला। यस

अन्तर्दशाको शान्तिका लागि महाँकाल, महाकाली, रुद्रावतार हनुमान र कालो शिवलिङ्गको पूजा गर्नु उपयुक्त होला।

सूर्यमा बुधको अन्तर्दशा

शुभ फल : लग्नबाट केन्द्र, त्रिकोण, एकादश वा द्वितीय स्थानमा बुध हुँदा वा बुध बलियो हुँदा, उदित हुँदा, स्वराशि, स्वनवमांश, वा मित्रराशिमा हुँदा पदप्राप्ति, उत्सव, दाम्पत्य तथा पुत्र सुख, धन, वाहन सुख, प्राज्ञिक उन्नयन जस्ता शुभफल मिल्ला। बुध पञ्चमेश वा एकादशेशका साथमा भएमा आय वृद्धि होला। जन्म लग्न वा जन्म राशिबाट नवम, दशमा, पञ्चम वा जन्म लग्नमा नै बलियो भएर बुध बसेमा उच्च पद, आदर, उत्तम व्यवसाय, भाषणमा सफलता, प्रतियोगितात्मक परीक्षामा सफलता विवाह, पुत्रप्राप्ति, राज्यकृपा जस्ता शुभ फल मिल्ला। कुनै शुभ भावमा बुधादित्य योग हुँदा पनि कला, वकालत, विज्ञान, चिकित्सा, प्रविधि जस्ता क्षेत्रमा सफलता मिल्ला।

अशुभ फल : बुध नीच, पापाक्रान्त, जन्म राशि वा लग्नबाट ६,८ वा १२ औँ स्थानमा बसेमा मानसिक तनाव, पत्नी र पुत्रलाई कष्ट, विवेकहीनता, षड्यन्त्रको सिकार हुने जस्ता फल मिल्ला। बुध द्वितीयेश वा सप्तमेश हुँदा रोग र मृत्यु भय होला। यस अन्तर्दशाको शान्तिका लागि विष्णुका साथै सीतारामको पूजा गर्नु शुभ होला।

सूर्यमा केतुको अन्तर्दशा

शुभ फल : केतु लग्नबाट ३,६,१० वा ११ औँ स्थानमा रहेमा वा योगकारक ग्रहसँग युत वा दृष्ट भएमा अथवा शुभ वर्गमा भएमा भग्य वृद्धि, व्यावसायिक सफलता, मानसम्मान, सुख, सन्तोष, धन प्राप्ति, पदोन्नति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : सूर्यबाट आठौँ वा बाह्रौँ स्थानमा केतु भएमा गाला, चिउँडो, मुख, दाँत र गुप्ताङ्गमा रोग होला। शत्रु पीडा, धन हानि, राजकोप जस्ता अशुभ फल लाग्ला। केतु द्वितीय वा सप्तममा भएमा, द्वितीयेश वा सप्तमेशसँग बसेमा वा अग्नितत्त्ववाला ग्रहसँग बसेमा दुर्घटना, अग्निभय, विस्फोट, घाउ आदिले मृत्युसम्मको सम्भावना रहला। यस दशाको शान्तिका लागि गणेश र दुर्गा पूजा गर्नु उपयुक्त होला।

सूर्यमा शुक्रको अन्तर्दशा

शुभ फल : शुक्र उच्च, स्वराशि, मित्रराशि वा शुभ वर्गमा रहेमा, लग्नबाट केन्द्र, त्रिकोण वा एकादश स्थानमा रहेमा मनपरेको विवाह, धन प्राप्ति, शुखभोग, सन्तानलाभ, टाढाको यात्रा, सङ्गीतमा अभिरुचि, वाहन, आवासको सुख, राज्यकृपा, आभूषणलाभ जस्ता शुभ फल मिल्ला।

अशुभ फल : नीच, अस्त र कमजोर शुक्र लग्नबाट वा सूर्यबाट १२ औँ स्थानमा पापाक्रान्त भएर रहेमा शुक्रको अन्तर्दशा राज्यबाट हानि, मानसिक तनाव, दाम्पत्य कलह, पुत्रादिमा कष्ट, धनहानि, अवैध सम्बन्ध जस्ता अशुभ फल मिल्ला। शुक्र द्वितीयेश वा सप्तमेश भएमा त्यसको दशामा रोग लाग्ला। शुक्रले गुप्ताङ्ग, प्रमेह, यौनरोग, पायल्स रोग जस्ता समस्या ल्याउला। शुक्र अष्टमेश वा द्वादशेशसँग बसेमा दुर्घटना वा अकाल मृत्युसम्म हुन सक्छ। यस दशाको शान्तिका लागि गणेश र दुर्गाको पूजा गर्नु उपयुक्त होला।

(२) चन्द्र महादशा फल

हेमादिभूतिवरवाहनयानलाभः शत्रुप्रतापबलवृद्धिपरम्परा च।
इष्यन्नदानशयनासनभोजनानि नूनं सदा शशिदशागमने भवन्ति॥

अर्थात् चन्द्रमाको महादशामा सुवर्णादि ऐश्वर्यलाभ, राम्रा वाहनलाभ, शत्रु पराजय, बलवृद्धि, इच्छाअनुसारको अन्नदान, शयनस्थान, आसन, भोजन जस्ता लाभ होलान्।

चन्द्रको शुभफल मिल्ने अवस्था : जन्मकालीन चन्द्रमा उच्चराशि वा स्वराशिमा भएमा, केन्द्र, त्रिकोण वा एकादश स्थानमा भएमा, चन्द्रमा पक्षबली भएमा वा चन्द्रमा दशमेश, नवमेश वा चतुर्थेशसँग बसेमा चन्द्रमाको महादशा शुभ फलदायी होला। यसमा समुन्नति, भाग्योदय, धनलाभ, आय वृद्धि जस्ता शुभ फल मिल्ला। घरमा शुभ उत्सव होला। वाहनसुख प्राप्त होला। राज्यबाट लाभ मिल्ला। उद्यममा सफलता मिल्ला र मनोकामना पूर्ण होला। पुत्र, गोधन, पशुधन, व्यावसायिक उन्नति जस्ता शुभ फल मिल्ला। द्वितीय भावमा उच्च वा स्वराशिको पक्षबली चन्द्रमा भएमा विभिन्न क्षेत्रबाट धनलाभ, राज्यकृपा, भाग्योदय, मानसम्मान, शैक्षिक लाभ जस्ता शुभ फल मिल्ला।

चन्द्रको अशुभफल मिल्ने अवस्था : जन्मकालीन चन्द्रमा नीच राशि, नीच नवमांश, पापयुक्त, पापदृष्ट वा पक्षबलहीन हुँदा चन्द्रको महादशामा धनहानि, मानसिक

कष्ट, उदररोग, मातृपक्षबाट कष्ट जस्ता अशुभफल मिल्ला। त्यस्तै चन्द्रमा ६,८ वा १२ औँ भावमा पापयुक्त भएमा जड शरीर, मन्दबुद्धि, राजकोप, धनहानि, मानसिक रोग आदिको सम्भावना रहला। यस महादशाको शान्तिका लागि सेतो शिवलिङ्गको पूजा, शिवपार्वतीको पूजा, "ॐ नमः शिवाय" र "ॐ नमः शिवायै" मन्त्र जप गर्नु उपयुक्त होला।

चन्द्रमाको महादशामा अन्तर्दशाको फल

चन्द्रमामा चन्द्रको अन्तर्दशा : यस दशामा स्त्री, पुत्र, वस्त्राभरण प्राप्ति, आफ्नो पक्षबाट कल्याण र निद्रामा मन लाग्ने गराउँछ। विशेषतः चन्द्रमाको महादशामा बताइएअनुसार शुभ अवस्थामा शुभ फल र अशुभ अवस्थामा अशुभ फल मिल्ला। यस दशामा चन्द्र महादशामा बताइएको विधिले ग्रह शान्ति गराउन सकिन्छ।

चन्द्रमामा मङ्गलको अन्तर्दशा

शुभ फल : जन्म लग्न वा चन्द्रमाबाट मङ्गल केन्द्र, त्रिकोण, तृतीय, षष्ठ, एकादश स्थानमा भएमा भाग्योदय, पदप्राप्ति, उच्चाधिकार, शासनाधिकार, राजसम्मान, राजकृपा, गुरुकृपा, व्यवसायमा लाभ, आय वृद्धि, शत्रु पराजय जस्ता शुभ फल मिल्ला। मङ्गल उच्च वा स्वराशिमा भएमा कार्य तथा व्यवसायमा सफलता, महान सुख, उच्च पद प्राप्ति र भूसम्पत्तिको लाभ मिल्ला।

अशुभ फल : मङ्गल पापयुक्त, पापदृष्ट, जन्मलग्न वा चन्द्रमाबाट अष्टम वा द्वादश भावमा शत्रुग्रहबाट दृष्ट भएमा मङ्गलको अन्तर्दशामा शारीरिक कष्ट, रक्तदोष, दुर्घटना, शल्य चिकित्सा, शारीरिक आक्रमण, जग्गाको हानि, कृषि र पशुधनको हानि जस्ता अशुभ फल मिल्ला। व्यवहारमा कलह होला। मङ्गल द्वितीयेश वा सप्तमेश भएको वा विपत्, प्रत्यरि वा बध ताराको स्वामी भएर यिनै तीनमध्ये कुनै एक तारामा स्थित भएमा अथवा मङ्गल २२ औँ द्रेष्काणको स्वामी (अष्टमेश) भएमा वा अष्टमेशको साथमा अष्टम भावमा नै रहेकोमा त्यसलाई शनि वा द्वादशेशले देखेमा व्यक्तिको क्रूर ढङ्गले मृत्यु होला वा कारावासको सजाया मिल्ला। यस दशाको शान्तिका लागि गणेश, दुर्गा, हनुमान र नरसिंहावतार विष्णुको उपासना गर्नु उपयुक्त होला।

चन्द्रमामा राहुको अन्तर्दशा

शुभ फल : राहु शुभयुक्त वा शुभदृष्ट भएमा वा जन्मलग्न वा जन्मराशिबाट उपचय (३,६,१० र ११) मा बसेमा अथवा राहु योगकारक ग्रहसँग युक्त भएमा राहुको अन्तर्दशामा सबै प्रकारका कार्यमा सफलता मिल्ला। मनोकामना पूर्ण होला। पश्चिम वा दक्षिण–पश्चिम दिशाको यात्रा गर्दा लाभ होला। चन्द्रमाबाट केन्द्र वा त्रिकोणमा राहु हुँदा जातक धार्मिक वा दार्शनिक हुन्छ।

अशुभ फल : राहु जन्मलग्नबाट केन्द्र वा त्रिकोणमा भएमा राहुको अन्तर्दशाको पूर्वार्धमा शुभ र उत्तरार्धमा अपराधी, सरकार, सर्प, गुप्त शत्रु वा विषबाट भय होला। त्यस्तो व्यक्तिलाई अपमान, अवनति, शोक, द्रव्यनाश, पदभ्रंश, सत्ताभङ्ग, मानसिक शोक, महाभय, पत्नी तथा सन्तानबाट कष्ट, सर्प, बौलाहा कुकुर, चोर, डाँका, पुलिस, शासक, रोग आदिबाट भय होला। राहु जन्मलग्न वा चन्द्रमाबाट द्वितीय वा सप्तममा हुँदा अपमृत्यु वा शारीरिक तथा मानसिक कष्ट होला। यस दशाको शान्तिका लागि रुद्राष्टक पाठ र दुर्गा भगवतीको पूजाआराधना गर्नु उपयुक्त होला।

चन्द्रमामा गुरुको अन्तर्दशा

शुभ फल : जन्म लग्न वा चन्द्रलग्नबाट गुरु केन्द्र, त्रिकोण वा लाभ स्थानमा उच्च वा स्वराशिमा गुरु भएमा त्यसको अन्तर्दशामा उच्चाधिकार, मानपदवी, राज्यकृपा दैवी कृपा, इष्टसिद्धि, भूमि, वाहन तथा धन प्राप्ति, कार्यमा सफलता, प्रतियोगिता परीक्षामा सफलता जस्ता शुभ फल मिल्ला। गजकेशरी योग, हंस योग, गुरुकृत चन्द्राधियोग, वा अमला योग हुँदा गुरुको अन्तर्दशामा उत्तम फल मिल्ला।

अशुभ फल : गुरु नीच, अस्त, पापाक्रान्त वा जन्मलग्न वा चन्द्रबाट ६,८ वा १२ औं स्थानमा गुरु भएमा अथवा अशुभ शकटयोग, गुरुचाण्डाल योग वा असुरयोगको कारक भएमा गुरुको अन्तर्दशामा जातकले अशुभ कर्म गर्न सक्छ, पुत्र र गुरुजनमा संकट आउला, पद वा स्थानहानी होला, मुद्दामामिला, कलह, धननाश, वाहनादि हानि, व्यापार हानि, व्यवसाय हानि, स्वास्थ्य हानि जस्ता अशुभ फल मिल्ला। गुरु द्वितीयेश वा सप्तमेश हुँदा अन्तर्दशामा गम्भीर रोग वा मृत्युको भय होला। यस दशाको शान्तिका लागि शिव र विष्णु पूजाका साथै "ॐ नमः शिवाय" र "ॐ नमो नारायणाय" मन्त्र जप गर्नु उपयुक्त होला।

चन्द्रमामा शनिको अन्तर्दशा

शुभ फल : जन्म कुण्डलीअनुसार शनि उच्च राशिमा वा उच्च नवमांशमा, स्वराशि वा स्वनवमांशमा वा शुभयुत वा शुभदृष्ट भएमा अथवा जन्मलग्न वा चन्द्रलग्नबाट केन्द्र, त्रिकोण वा उपचय (३,६,१०,११ आँ स्थान) मा भएमा शनिको अन्तर्दशामा मन्द गतिमा भएपनि चारैतर्फ राम्रो उन्नति हुँदै जाला। व्यवसाय उन्नति, आय वृद्धि, राज्यकृपा, पुत्र तथा पत्नीबाट पनि लाभ होला। जन्मलग्नबाट चतुर्थ, दशम वा एकादश भावमा चन्दमा र शनिको युति भएमा राजयोग हुन्छ।

अशुभ फल : शनि नीच राशि, नीच नवमांश, वृश्चिक राशि, वृश्चिक नवमांशमा रहेमा वा अस्त वा वक्री भएमा वा जन्मलग्न वा चन्द्रलग्नबाट अष्टम, द्वादश वा द्वितीय भावमा शनि भएमा शनिको अन्तर्दशामा अनेक कष्ट बेहोर्नु पर्ला। शनि मारकेश हुँदा वा द्वितीय, सप्तम वा अष्टममा हुँदा लामो विमारी, मृत्युको भय वा अन्य ठुलो सङ्कट आउला। यस दशाको शान्तिका लागि महाकाल, महाकाली, कालभैरव र कालो शिवलिङ्गको पूजा गर्नु उपयुक्त होला।

चन्द्रमामा बुधको अन्तर्दशा

शुभ फल : बुध उच्च राशि, उच्च नवमांश, स्वराशि वा स्वनवमांशमा वा शुभ राशिमा उदित अवस्थामा भएमा वा जन्मलग्न वा चन्द्रमाबाट केन्द्र, त्रिकोण, एकादश वा द्वितीय भावमा भएमा बुधको अन्तर्दशामा विद्या, बुद्धि, ज्ञान, प्रतियोगितात्मक परीक्षा, धन, व्यापार, व्यवसाय, उच्च पद प्राप्ति, राज्यकृपा, स्वास्थ्यलाभ, वाहन प्राप्ति आदि शुभ फल मिल्ला।

अशुभ फल : बुध नीच राशि वा नीच नवमांशमा रहेमा, पापयुक्त वा जन्मलग्न वा चन्द्रमाबाट ६,८ वा १२ आँ भावमा रहेमा बुधको अन्तर्दशामा शारीरिक कष्ट, मानसिक असन्तुलन, विद्या-बुद्धिको हानि, व्यापार व्यवसायमा घाटा, कृषिमा हानि, व्यावसायिक अवनति, नोकरीमा झमेला, कारावास, परिवारमा कष्ट, शिक्षामा अवरोध जस्ता अशुभ फल मिल्ला। बुध मारकेश भएमा यसको अन्तर्दशामा मृत्युको भय होला। बुध विपत्, प्रत्यरि वा वध ताराको स्वामी भएर यिनै तीनमध्ये कुनै एक तारामा अवस्थित भएमा बुधको दशामा सङ्कट आउला। चन्द्रमामा बुधको अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र विष्णु पूजा गर्नुका साथै विष्णुसहस्रनाम पाठ गर्नु शुभ होला। त्यसैगरी "ॐ नमो भगवते वासुदेवाय" र "ॐ नमश्चण्डिकायै" मन्त्र जप गर्नु उपयुक्त होला।

चन्द्रमामा केतुको अन्तर्दशा

शुभ फल : केतु जन्म लग्न वा चन्द्रमाबाट केन्द्र, त्रिकोण, उपचय (३,६,१० र ११) स्थानमा भएमा केतुको अन्तर्दशामा आर्थिक उन्नति र सुखवृद्धि होला।

अशुभ फल : केतु जन्म लग्न वा चन्द्रमाबाट अष्टम वा द्वादश भावमा पापयुक्त वा पापदृष्ट भएमा केतुको अन्तर्दशामा कार्यनाश, व्यवसाय हानि, सङ्कट, शत्रुबाधा, कलह मुद्दामामिला आदि अशुभ फल मिल्ला। केतु द्वितीय वा सप्तम भावमा रहेमा आकस्मिक रूपमा रोग उत्पन्न हुन सक्छ। यस अन्तर्दशाको शान्तिका लागि गणेश, शिव र दुर्गा पूजाका साथै महामृत्युञ्जय मन्त्र जप गर्नु उपयुक्त होला।

चन्द्रमामा शुक्रको अन्तर्दशा

शुभ फल : शुक्र उच्च राशि, उच्च नवमांश, स्वराशि वा स्वनवमांशमा रहेमा वा जन्मलग्न वा चन्द्रमाबाट केन्द्र, त्रिकोण, द्वितीय वा एकादश भावमा रहेमा वा शुक्र र चन्द्रमाको युति भएमा शुक्रको अन्तर्दशामा पदप्राप्ति, राज्यबाट लाभ, धनलाभ, वाहनलाभ, गृहलाभ, स्वास्थ्यमा सुधार आदि शुभफल मिल्ला। शुक्रको युति नवमेश वा एकादशेशसँग भएमा शुक्रको अन्तर्दशामा भाग्योदय, मनोकामनापूर्ति, राज्यकृपा जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शुक्र नीच राशि, नीच नवमांश, अस्त, पापयुक्त, पापदृष्ट वा जन्मलग्न वा चन्द्रबाट ६,८ वा १२ औँ स्थानमा भएमा शुक्रको अन्तर्दशामा कष्ट, धनहानि, व्यवसायमा हानि र अपराधीबाट भय होला। शुक्र मारकेश वा अशुभ ताराको स्वामी हुँदा पनि रोग वा मृत्युको भय होला। यस अन्तर्दशाको शान्तिका लागि विघ्नहर्ता गणेश, भगवान् शिव र अन्नपूर्णा पार्वतीको पूजा गर्नु उपयुक्त होला।

चन्द्रमामा सूर्यको अन्तर्दशा

शुभ फल : सूर्य उच्च राशि, उच्च नवमांश, स्वराशि वा स्वनवमांशमा रहेमा वा सूर्य केन्द्र, त्रिकोण, उपचय (३,६,१०,११ भाव) वा द्वितीय भावमा भएमा सूर्यको अन्तर्दशामा गुमेको पद प्राप्त होला, धन, भूमि र पुत्रलाभ होला।

अशुभ फल : सूय नीच राशि, नीच नवमांश, अष्टम भाव वा द्वादश भावमा रहेमा वा पापयुक्त भएमा सूर्यको अन्तर्दशामा राजभय, अपराधी, सर्प, अग्नि आदिबाट भय, उच्च रक्तचाप, हृदयरोग, मान, पद, अधिकार र धनको हानि, राज्यबाट हानि आदि अशुभ फल मिल्ला। सूर्य अशुभ ताराको स्वामी हुँदा पनि सूर्यको अन्तर्दशामा अशुभ

फल मिल्ला । यस अन्तर्दशाको शान्तिका लागि आइतबार व्रत गर्ने, सूर्य र शिव पूजाका साथै शिव मन्त्र "ॐ नमः शिवाय" तथा सूर्यमन्त्र "ॐ आदित्याय नमः" जप गर्नु उपयुक्त होला ।

(३) मङ्गल महादशा फल

भूपालचौरभयवन्हिकृता च पीडा सर्वाङ्गरोगभयदुःखसुदुःखिता च ।
चिन्ताज्वरश्च बहुकष्टदरिद्रयुक्तः स्यात्सर्वदा कुजदशाजनने जनानाम् ॥

मङ्गलको महादशामा राजभय, चोरभय, अग्निपीडा, सर्वाङ्गमा रोगभय, दुःख, चिन्ता, ज्वरो, कष्ट, दरिद्रता जस्ता फल मिल्ला ।

मङ्गलको शुभफल मिल्ने अवस्था : जन्मकालमा मङ्गल उच्च राशि, उच्च नवमांश, स्वराशि, स्वनवमांश वा मूलत्रिकोणमा भएमा वा लग्नबाट केन्द्र, त्रिकोण, उपचय (३,६,१० र ११) वा द्वितीय भावमा भएमा वा शुभ नवमांशमा वा शुभयुक्त, शुभदृष्ट वा पूर्णबली भएमा मङ्गलको महादशामा राज्यबाट लाभ, शासनको अधिकार, धनलाभ, भूमिलाभ, भ्रातृसुख, विदेशमा लाभ, वाहनलाभ जस्ता शुभ फल मिल्ला। केन्द्र वा तृतीय भावमा स्थित मङ्गलको महादशामा पराक्रम वृद्धि, आर्थिक लाभ, शत्रुमाथि विजय होला । मङ्गलको दशाको अन्तिम समयमा केही कष्ट होला ।

मङ्गलको अशुभफल मिल्ने अवस्था : जन्मकालमा मङ्गल नीच, शत्रुराशि वा नीच नवांशमा भएमा, अस्त, वक्री, अतिचारी, दुष्टभावमा भएमा, पापयुत वा दृष्ट भएमा मङ्गलको महादशामा कष्ट, धननाश, राजभय, चोरभय, चोटपटक, दुर्घटना, सुगर रोग, ऋणग्रस्तता, अग्निप्रकोप आदि अशुभ फल सम्भव होला । यस अन्तर्दशाको शान्तिका लागि गणेश, कुमार, दुर्गा, हनुमान, नृसिंह आदिको पूजा गर्नु उपयुक्त होला ।

मङ्गलमा मङ्गलको अन्तर्दशा

यसमा महादशाकै जस्तो फल हुने हो । सामान्यतः मङ्गलको दशा अशुभकारक हुन्छ। यसमा शत्रुसँग कलह, भाइहरूसँग विवाद, रक्तविकार जस्ता अशुभफल मिल्ला ।

मङ्गलमा राहुको अन्तर्दशा

शुभ फल : राहु उच्च, मूलत्रिकोण, स्वराशि वा जन्मलग्न वा दशपतिबाट केन्द्र, त्रिकोण, तृतीय, एकादशमा भएमा वा राहु जन्मलग्नबाट षष्ठमा वा शुभयुक्त वा शुभदृष्ट भएमा राहुको अन्तर्दशामा आकस्मिक लाभ, मानसम्मान, यश प्रप्ति, आय वृद्धि, व्यापारिक लाभ, चुनावमा विजय, मुद्दामा विजय, राज्यकृपा, प्रतियोगितात्मक परीक्षामा सफलता जस्ता शुभ फल मिल्ला ।

अशुभ फल : राहु जन्मलग्नबाट अष्टम वा द्वादशस्थ भएमा, अथवा राहु मङ्गलबाट षष्ठ, अष्टम वा द्वादश भावमा रहेका राहु पापी ग्रहले युत वा दृष्ट भएमा वा राहु विपत्, प्रत्यरि वा वध तारामा भएर यिनै तीनमध्ये कुनै एकमा बसेमा राहुको अन्तर्दशामा चोर, डाँकु, अपहरणकारी, गुप्त गुण्डा, सर्पदंश, अग्नि, शस्त्रास्त्र, विस्फोट आदि अशुभ फल मिल्ला । यस अन्तर्दशाको शान्तिका लागि नागको गहनाधारी शिव पूजा र दुर्गा पूजा गर्नु उपयुक्त होला ।

मङ्गलमा गुरुको अन्तर्दशा

शुभ फल : मङ्गल र गुरुले मेष, कर्कट, सिंह, वृश्चिक, धनु र मीन जन्मलग्न भएका व्यक्तिलाई विशेष उन्नति दिने हुन्छ। यसमा मङ्गलमा गुरु वा गुरुमा मङ्गल दुवैको दशा शुभ हुन्छ। यसका साथै जन्मलग्नमा गुरु उच्च राशि, उच्च नवमांश, स्वराशि, स्वनवमांश वा मित्रराशि वा मित्र नवमांशमा भएमा अथवा गुरु लग्नेश, चतुर्थेश, पञ्चमेश, नवमेश वा दशमेशसँग बसेमा वा जन्मलग्न वा मङ्गलबाट गुरु केन्द्र, त्रिकोण, द्वितीय वा एकादश भावमा बसेमा, वा गुरु शुभ ताराको स्वामी भएर शुभ तारामा नै बसेमा गुरुको अन्तर्दशामा व्यापारमा लाभ, नोकरीमा लाभ, शैक्षिक उन्नति, पुत्रलाभ, राज्यबाट लाभ, उच्च पद प्राप्ति, भूमि, भवन, वाहन लाभ, माङ्गलिक कार्य जस्ता शुभ फल मिल्ला ।

अशुभ फल : जन्मकुण्डलीमा गुरु नीच राशि, नीच नवांश, अस्त, पापाक्रान्त, पापदृष्ट, वर्गबलमा कमजोर, जन्मलग्न वा मङ्गलबाट गुरु ६,८ वा १२ औँ स्थानमा बसेको, गुरु विपत्,प्रत्यरि वा वधताराको स्वामी भएर यिनै तीनमध्ये कुनै तारामा बसेमा वा गुरु बाधक भएमा गुरुको अन्तर्दशामा चोर डाँकाको डर, सर्प, विष, उच्च अधिकारीबाट भय, विभिन्न रोगको वृद्धि, अपयश, सन्तान कष्ट, आर्थिक हानि आदि होला । गुरु मारकेश हुँदा यसको अन्तर्दशा शारीरिक रूपले कष्टकारी होला । यस अन्तर्दशाको शान्तिका लागि १६ बिहीबार व्रतका साथै शिव, विष्णु, बगलामुखी तथा दत्तात्रेय पूजा गर्नु उपयुक्त होला ।

मङ्गलमा शनिको अन्तर्दशा

शुभ फल : शनि उच्च, मूलत्रिकोण, स्वराशि, उच्च नवांश, स्वनवांशमा भएमा वा जन्मलग्नबाट केन्द्र त्रिकोण, उपचय (३,६,१०,११ भाव) मा भएमा वा लग्नेश वा शुभग्रहसँग युक्त वा दृष्ट भएमा मङ्गलमा शनिको अन्तर्दशामा राज्यबाट सुख, चुनावमा विजय, पारिवारिक सुख, समुन्नति, व्यापारमा वृद्धि, व्यावसायिक उन्नति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शनि नीच, शत्रु राशिस्थ, नीच नवांशस्थ, जन्मलग्न वा नवांशबाट अष्टम वा द्वादश स्थानमा पापाक्रान्त भएर वा शनि अस्त वा वक्री भएमा शनिको अन्तर्दशामा राज्यबाट हानि, धनहानि, व्यवसायमा हानि, आयमा कमी, व्यापार घाटा, रोगभय, कारावास आदि अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि शिव र हनुमानको आराधनाका साथै हनुमान चालिसा पाठ गर्नु उपयुक्त होला।

मङ्गलमा बुधको अन्तर्दशा

शुभ फल : बुध उच्च, स्वराशि, जन्मलग्न अथवा मङ्गलबाट केन्द्र, त्रिकोण, एकादश भावमा भएमा बुधको अन्तर्दशामा राम्रो यश फैलन्छ, धनवृद्धि, विद्याको विकास, ऐश्वर्य प्राप्ति, व्यापार र नोकरीमा लाभ, मनोकामना पूर्ति, राज्यबाट लाभ होला। सिंह, कन्या र मिथुन जन्मलग्न वा जन्मराशि भएका व्यक्तिलाई बढी लाभ मिल्ला।

अशुभ फल : बुध नीच, अस्त, पापयुक्त, पापदृष्ट, मङ्गल वा जन्मलग्नबाट षष्ठ, अष्टम वा द्वादशस्थ भएमा बुधको अन्तर्दशामा हृदयरोग, अपमान, बन्धन, प्रियजन वियोग, धन तथा पशुहानि, दुर्बुद्धि, कलह, अग्निभय, राज्यभय आदि होला। यस अन्तर्दशाको शान्तिका लागि विष्णु र दुर्गाको आराधना गर्नु उपयुक्त होला।

मङ्गलमा केतुको अन्तर्दशा

शुभ फल : जन्मलग्न वा मङ्गलबाट केतु केन्द्र, त्रिकोण, एकादश भावमा भएमा तथा जन्मलग्नबाट षष्ठ भावमा स्थित केतुसँग शुभग्रह वा योगकारक ग्रहको युति वा दृष्टि भएमा केतुको अन्तर्दशामा सुख, उन्नति, धनलाभ भूमिलाभ, राज्यकृपा, उच्च पदलाभ, मानसम्मान जस्ता शुभफल मिल्ला।

अशुभ फल : केतु जन्मलग्न वा मङ्गलबाट अष्टम वा द्वादश स्थानमा भएमा वा केतु मङ्गलबाट षष्ठ स्थानमा भएमा केतु पापयुक्त वा अशुभ भावेशसँग युत भएमा वा अशुभ ताराको स्वामी भएर अशुभ तारामा नै बसेमा केतुको अन्तर्दशामा कलह, लडाइँ, मुद्दामामिला, दन्तरोग, अपराधीबाट वा पशुबाट भय, घाउचोट, अङ्गभङ्ग, चर्मरोग, क्यान्सर, बाथरोग जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र हनुमानको भक्ति गर्नु उपयुक्त होला।

मङ्गलमा शुक्रको अन्तर्दशा

शुभ फल : शुक्र उच्च, स्वराशि, स्वनवमांश, बलवान, भएर जन्मलग्न वा मङ्गलबाट केन्द्र, त्रिकोण, एकादश, द्वितीय भावमा भएमा वा शुक्र लग्नेश वा दशमेशसँग युत वा दृष्ट भएमा शुक्रको अन्तर्दशामा अधिकार वा पदप्राप्ति, राज्यलाभ, सुख, धन, समुन्नति, सौभाग्य, भग्योदय, घरायसी सुख, दाम्पत्य सुख, माङ्गलिक कार्य जस्ता शुभ फल मिल्ला।

अशुभ फल : मङ्गलबाट वा जन्मलग्नबाट शुक्र ६,८ वा १२ आँ भावमा पापयुक्त वा अस्त भएमा वा अशुभ ताराको स्वामी भएर अशुभ तारामा नै बसेमा शुक्रको अन्तर्दशा शोक, दुःख, कष्ट, रोग, धनहानि, व्यापारिक हानि, राजकोप, चोरभय, पारिवारिक कलह जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र शिवको पूजा गर्नु उपयुक्त हुन्छ।

मङ्गलमा सूर्यको अन्तर्दशा

शुभ फल : सूर्य उच्च, स्वराशि, स्वनवमांश, उच्च नवमांश वा शुभ भावेश भएर लग्नबाट वा दशानाश मङ्गलबाट केन्द्र, त्रिकोण, तृतीय, एकादश भावमा भएमा वा जन्मलग्नबाट षष्ठ भावमा भएमा वा नवमेश वा दशमेशसँग युत वा दृष्ट भएमा सूर्यको अन्तर्दशामा राज्यप्राप्ति, सम्मान, यश, व्यापारिक उन्नति, नोकरीमा उन्नति, राज्यकृपा, पुत्रलाभ, स्वास्थ्य सुधार, धनवृद्धि होला।

अशुभ फल : सूर्य जन्मलग्न वा मङ्गलबाट अष्टम वा द्वादशमा भएमा, पापयुक्त भएमा सूर्यको अन्तर्दशामा घाउचोट, शारीरिक र मानसिक तनाव, अग्निभय, कार्यहानि, व्यवसाय हानि आदि होला। त्यस्तै सूर्य अशुभ ताराको स्वामी भएर अशुभ तारामा बसेमा राज्य र दैवी भय होला। पापाक्रान्त वा दुःस्थानगत सूर्यले पनि अनेक झमेला ल्याउला। यस अन्तर्दशाको शान्तिका लागि आइतबार व्रत गरी गणेश, सूर्य र शिव पूजा गर्नु शुभ होला।

मङ्गलमा चन्द्रको अन्तर्दशा

शुभ फल : चन्द्र उच्च, स्वराशि, शुभयुक्त, शुभदृष्ट, शुभ भावेश भएर जन्मलग्न वा दशानाथ मङ्गलबाट केन्द्र, त्रिकोण, एकादश, तृतीय भावमा बसेमा अथवा चन्द्रमा लग्नेश, चतुर्थेश, नवमेश वा दशमेशसँग युक्त वा योगकारकसँग युक्त वा दृष्ट भएमा चन्द्रमाको अन्तर्दशामा पारिवारिक सुख, माङ्गलिक कार्य, मनोकामना पूर्ति, धनलाभ, राज्यकृपा, शासकवर्गको कृपा, व्यावसायिक सफलता जस्ता शुभ फल मिल्ला ।

अशुभ फल : चन्द्र नीच, शत्रुगृही, जन्मलग्न वा दशानाथ मङ्गलबाट ६,८ वा १२ औँ भावमा भएमा राज्यकोप, धनहानि, कलह, धन, भूमि, पशुधनको हानि, चोरभय जस्ता अशुभफल मिल्ला । चन्द्र मारकेश हुँदा मानसिक रोग वा आयुमा सङ्कट आउला । यस अन्तर्दशाको शान्तिका लागि सोमबार व्रत गरी गणेश, शिव र अन्नपूर्णाको पूजा गर्नु उपयुक्त होला ।

(४) राहु महादशा फल

दीनो नरो भवति बुद्धिविहीनचिन्ता, सर्वाङ्गरोगभयदुःखसुदुःखिता च ।
पापानि बन्धबहुकष्टदरिद्रयुक्तं, राहोर्दशाजननकालदशा भवन्ति ॥

अर्थात् राहुको दशामा मानिस बुद्धिहीन, दीन, चिन्ताले युक्त, शरीरका सबै अङ्गमा रोगयुक्त, भयभीत, दुःखी, पापकर्मबाट बन्धनमा पर्ने, अत्यन्त कष्टयुक्त र दरिद्रता प्राप्त होला ।

राहुको शुभफल मिल्ने अवस्था : राहुलाई प्रायः अशुभ र कष्टकारी ग्रहका रूपमा चित्रण गर्ने गरिन्छ। त्यस्तै गुरु र शुक्रलाई अत्यन्त शुभ फलदायी ग्रह मानिन्छ। तर कतिपय अवस्थामा गुरु र शुक्रले भनेजति शुभ फल दिन सक्दैनन् भने राहुले पनि कतिपय अवस्थामा शुभ फल दिएको पाइन्छ । राहु दशामा अनेक समृद्धि प्राप्त हुन्छ। वैध र अवैध तरिकाले अथाह धन प्राप्त हुन सक्छ तर अन्त्यमा जसरी समृद्धि आयो त्यसैगरी समाप्त पनि हुनसक्छ ।

राहुलाई वृष वा मिथुनमा उच्च र वृश्चिक वा धनुमा नीच मान्नेमा मतभेद छ। अर्कातिर राहुको मूलत्रिकोण राशि मिथुन हो । त्यसैले वृष र मिथुन दुवैमा राहु बलवान् मान्न सकिन्छ । यसअनुसार केतु वृश्चिक वा धनुमा उच्च र वृष वा मिथुनमा नीच मानिन्छ । राहु वृष, मिथुन, कन्या र कुम्भमा शुभ हुने हुँदा जन्म लग्नमा यी राशिमा रहेको राहुको महादशामा सुख र वैभव प्राप्त हुन्छ। धन, वाहन

र गृहलाभ हुन्छ। राहु शुभयुक्त वा शुभदृष्ट भएमा वा योगकारकसँग युत वा दृष्ट भएमा वा राहु जन्मलग्नअनुसार केन्द्र, त्रिकोण वा उपचयमा भएमा राहु महादशामा सरकार तथा विदेशको सहयोगले अथाह समृद्ध हासिल हुनसक्छ।

राहुको अशुभफल मिल्ने अवस्था : राहु अष्टम वा द्वादश भावमा रहेमा त्यसको महादशा कष्टकारी हुन्छ। राहु नीच वा प्रतिकूल राशिमा भएमा वा पापयुक्त, पापदृष्ट, मारकेशसँग सम्बन्ध भएको अवस्थामा राहुको महादशामा पदहानि, मानसिक तनाव, शोक, परिवारमा कष्ट, स्वास्थ्यहानि, दुर्घटना आदिको सम्भावना रहन्छ। राहु विपत्, प्रत्यरि वा वध ताराको स्वामी भएमा पनि राहु महादशामा अशुभ फल मिल्ला। यस महादशाको शान्तिका लागि कालभैरव, दुर्गा र हनुमानको उपासना गर्नु उपयुक्त होला।

राहुमा राहुको अन्तर्दशा : राहु महादशामा बताइएअनुसारका शुभ र अशुभ फल राहुको अन्तर्दशामा पनि मिल्दछ। यसबाहेक सामान्यतः राहुको दशामा अशुभ फलहरू नै मिल्दछ। यस दशामा पिता वा भाइबन्धुको विनाश, शरीरमा रोगवृद्धि, धननाश, परदेशगमन र गौरवमा हानि होला। यस अन्तर्दशाको शान्तिका लागि कालभैरव, दुर्गा र हनुमानको उपासना गर्नु उपयुक्त होला।

राहुमा गुरुको अन्तर्दशा

शुभ फल : गुरु उच्च, मूलत्रिकोण, स्वराशि, शुभ भावको स्वामी भएमा वा जन्मलग्न वा दशपति राहुबाट केन्द्र, त्रिकोण, द्वितीय, एकादश भावमा स्थित भएमा अथवा राहुबाट तृतीय भावमा गुरु भएमा गुरुको अन्तर्दशामा उच्च पद, धन, समृद्धि, सुख प्राप्ति, शत्रुनाश, मनोकामना पूर्ति, घरमा सुखशान्ति जस्ता शुभफल मिल्ला।

अशुभ फल : गुरु नीच राशि, नीच नवांश, शत्रुराशि, शत्रुनवांश, पापयुक्त, पापदृष्ट अस्त अथवा जन्मलग्न वा दशानाथ राहुबाट ६,८ वा १२ औँ भावमा भएमा गुरुको अन्तर्दशामा कलेजोको रोग, जन्डिस रोग, हृदय रोग, गुरुको निधन, व्यापार व्यवसाय हानि, सन्तान कष्ट जस्ता फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गुरुवार व्रत गरी नागयुक्त पित्तलको शिवजी र शेषनागयुक्त नारायणको पूजा गर्नु उपयुक्त हुन्छ।

राहुमा शनिको अन्तर्दशा

शुभ फल : शनि उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांशमा भएमा वा योगकारक वा शुभ भावेश भएमा वा बलवान, शुभग्रहले युक्त वा दृष्ट भएमा, शनि जन्मलग्न वा दशानाथ राहुबाट केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा वा जन्मलग्नबाट षष्ठ स्थानमा भएमा शनिको अन्तर्दशामा राज्यकृपा, सरकारी नोकरी, राज्यबाट सम्मान, विवाहादि शुभ कार्य, आर्थिक उन्नति, निम्न वर्गका मानिसबाट लाभ, चुनावमा विजय जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शनि नीच राशि, नीच नवांश, शत्रुराशि, शत्रु नवांश, जन्मलग्नबाट अष्टम वा द्वादशगत, राहुबाट ६,८ वा १२ औँ भावगत, पापयुक्त, पापदृष्ट, अस्त, वक्री, अशुभ ताराको स्वामी भएर अशुभ तारागत वा मारकेश भएमा शनिको अन्तर्दशामा राजभय, शत्रुभय, निम्नकोटिका मानिसबाट भय, परिवारमा कष्ट, नातागोतामा कलह, मुद्दामामिला, अपयश, हृदयरोग, मृत्युभय जस्ता अशुभफल मिल्ला। शनि र राहुको युतिमा शनिमा राहुको दशा उन्नतिदायक र राहुमा शनिको दशा कष्टकारी होला। यस अन्तर्दशाको शान्तिका लागि महाँकाल, कालभैरव, दुर्गा, कालो शिवलिङ्ग र कालो विष्णुको प्रतिमाको पूजा गर्नु उपयुक्त होला।

राहुमा बुधको अन्तर्दशा

शुभ फल : बुध उच्च, स्वराशि, स्वनवमांशमा भएमा वा जन्मलग्न वा दशापति राहुबाट केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा बुधको अन्तर्दशामा मनोकामना पूर्ति, राज्यबाट लाभ, व्यावसायिक सफलता, वाहन लाभ, स्वास्थ्य सुधार, सम्मान जस्ता शुभ फल मिल्ला।

अशुभ फल : बुध नीच, पापयुक्त, पापदृष्ट, जन्मलग्न वा दशापति राहुबाट बुध ६,८ वा १२ औँ स्थानमा हुँदा, बाधक हुँदा, बुध अशुभ ताराको स्वामी भएर अशुभ तारामा बस्दा अधिकार कटौती, पदच्युति, धन, मान र विद्यामा हानि, चोरभय, सर्पभय, कलह, रोग र मृत्यु जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि विष्णु, नीलसरस्वती र विष्णुदेवीको पूजा गर्नु उपयुक्त होला।

राहुमा केतुको अन्तर्दशा

शुभ फल : केतु शुभ भाव, लग्नेश वा शुभग्रहसँग युत वा दृष्ट भएमा केतुको अन्तर्दशामा धन, पद, सुख प्राप्ति, मनोकामनाको पूर्ति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : सामान्यतः राहुमा केतुको अन्तर्दशा हुँदा घाउ, चोटपटक, अग्निभय, विस्फोट, शत्रुभय, राजभय जस्ता अशुभफल मिल्ला। केतु अष्टम वा द्वादशमा रहनु वा अष्टमेश वा द्वादशेशका साथमा रहनु वा अशुभ तारासँग सम्बन्ध हुनु जस्ता अवस्थामा केतुको अन्तर्दशामा धन हानि, चोरी, डकैती, चोटपटक, मानसिक कष्ट, मातापिताको निधन, भाइहरूमा कलह, राज्यबाट कष्ट जस्ता अशुभ फल मिल्ला। जन्मलग्नमा केतुको मारकेशसँग सम्बन्ध रहेमा केतुको अन्तर्दशामा मृत्युसम्म हुने सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, महाकाली, चामुण्डा, छिन्नमस्ता आदिको आराधना गर्नु उपयुक्त होला।

राहुमा शुक्रको अन्तर्दशा

शुभ फल : शुक्र उच्चराशि, उच्च नवांश, स्वराशि, स्वनवांश, शुभ भावेश, लग्नेश, नवमेश वा पञ्चमेश शुक्र भएमा, शुक्र केन्द्रेश वा त्रिकोणेशसँग सम्बद्ध भएमा वा जन्मलग्न वा दशानाथ राहुबाट शुक्र केन्द्र, त्रिकोण, द्वितीय, एकादश भावमा बसेमा शुक्रको अन्तर्दशामा उच्च सफलता, प्रतियोगितामा सफलता, नोकरी वा उच्च पद प्राप्ति, व्यवसाय सफलता, धनलाभ, वाहनलाभ, सुख, समृद्धि जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शुक्र नीचराशि, नीच नवांश, शत्रुराशि, शत्रु नवांशमा भएमा वा अशुभ भावेश भएमा, शनि, मङ्गल वा राहुसँग युत भएमा, जन्मलग्न वा राहुबाट शुक्र ६,८ वा १२ औँ स्थानमा भएमा वा अशुभ तारांको स्वामी भएर अशुभ तारामा नै रहेमा शुक्रको अन्तर्दशामा रोग, कलह, कष्ट, परिवारमा संकट, कारावास, व्यापारिक हानि, सर्प भय जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, लक्ष्मी, दुर्गा र नागयुक्त शिवको प्रतिमाको पूजा गर्नु उपयुक्त होला।

राहुमा सूर्यको अन्तर्दशा

शुभ फल : सूर्य उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, शुभ भावेश भएर शुभयुक्त वा शुभदृष्ट भएमा वा सूर्य दशापति राहुबाट केन्द्र,त्रिकोण, तृतीय, एकादश स्थानमा रहेमा सूर्यको अन्तर्दशामा उच्च पद प्राप्ति, राज्यकृपा, धन प्राप्ति, आय वृद्धि, विदेश यात्रा जस्ता शुभफल प्राप्त होला।

अशुभ फल : सूर्य र राहुको युति भएमा कलंक लाग्न सक्छ। हृदय रोगको सम्भावना रहन्छ। सूर्य नीच राशि, नीच नवांश, शत्रु राशि, शत्रु नवांश, पापग्रहसँग बसेको वा

पापग्रहबाट दृष्ट भएमा, अशुभ भावको स्वामी भएमा, अशुभ भावमा बसेमा, पापकर्तरी योग भएमा, अशुभ तारासँग सम्बद्ध भएमा सूर्यको दशामा चोर, डाँकाको भय; रोग, आगजनीबाट पीडा, दुर्घटना, हृदय रोग, कलह, राज्यबाट झमेला, व्यर्थ भ्रमण, पिता वा पुत्रलाई कष्ट आदि अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि आइतबार व्रत र नागसहितका शिवको पूजा गर्नु उपयुक्त होला।

राहुमा चन्द्रको अन्तर्दशा

शुभ फल : चन्द्र उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्र राशि, शुभ भावेश भएर शुभयुक्त वा शुभदृष्ट भएमा वा पक्षबली भएर शुभ भावमा बसेमा, चन्द्रमा दशापति राहुबाट केन्द्र,त्रिकोण, एकादश स्थानमा रहेमा चन्द्रमाको दशामा धनलाभ, राज्यकृपा, उच्च पद प्राप्ति, स्वास्थ्यलाभ, भूमि, भवन, वाहन प्राप्ति, घरायसी सुख, उत्सव, समारोह आदि शुभ फल मिल्ला।

शुभ फल : चन्द्र नीच राशि वा नवांशमा भएमा, पक्षबलहीन भएमा, शत्रु राशि, शत्रु नवांशमा भएमा, पापयुक्त, पापदृष्ट भएमा, चन्द्रमाको अशुभ तारासँग सम्बन्ध भएमा, जन्मलग्न वा राहुबाट ६,८ वा १२ औँ स्थानमा रहेमा चन्द्रको अन्तर्दशामा पेटको रोग, घाउ, जलबाट खतरा, चोर, डाँकु, जङ्गली जनावरबाट खतरा जस्ता अशुभ फल मिल्ला। चन्द्र मारकेश भएमा अपमृत्युको सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि सेतो शिवलिङ्गको पूजाका साथै दुर्गा पूजा गर्नु उपयुक्त होला।

राहुमा मङ्गलको अन्तर्दशा

शुभ फल : मङ्गल उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, शुभ भावेश, योगकारक, शुभयुत वा दृष्ट अथवा जन्मलग्न वा राहुबाट केन्द्र, त्रिकोण, तृतीय, एकादश भावमा भएमा अथवा जन्मलग्नबाट षष्ठ भावमा भएमा मङ्गलको अन्तर्दशामा राज्यबाट लाभ, फसेको धन प्राप्ति, नोकरी निलम्बनमा परेको भए फुकुवा, रोकिएको तलब प्राप्ति, नोकरीमा भएमा राम्रो स्थानमा स्थानान्तरण, फौजी सेवामा भएमा विशेष उन्नति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : राहुमा मङ्गलको दशा छिद्र भएकोले र दुवै पाप ग्रह एवं कष्टकारी भएकाले यस अवधिमा राजालाई पनि रङ्क (भिखारी) बनाउनसक्छ। राहुमा मङ्गलको अन्तर्दशा आउनुअघि कमाएको धनमध्ये अनुचित मार्गबाट कमाएको धन जति

राहुमा मङ्गलको दशा आएको समयमा नष्ट भएर जान्छ। मङ्गल राहुबाट षष्ठ, अष्टम वा द्वादश भावमा भएमा अथवा मङ्गल अशुभ भावको स्वामी भएमा वा पापयुक्त वा पापदृष्ट भएमा अथवा मङ्गल अस्त, वक्री, अतिचारी वा अशुभ तारासँग सम्बद्ध भएमा मङ्गलको दशा अत्यन्त अशुभ होला। यस दशामा पदच्युति, पतन, अग्लो स्थानबाट लड्ने, चोर डाँकुबाट खतरा, अग्नि, विषको भय, दुर्घटना, अपमृत्यु, मुद्दामामिला, क्रूर हत्या आदि अशुभ फल मिल्नसक्छ। यस अन्तर्दशाको शान्तिका लागि गणेश, कुमार, हनुमान र नृसिंह पूजा गर्नु उपयुक्त होला।

(५) गुरु महादशा फल

राज्याधिकारपरिवर्धितचित्तवृत्तिं, धर्माधिकारपरिपालन शुद्धबुद्धिम्।
सद्विग्रहोपि धनधान्यसमृद्धिता च, स्याद्देवतागुरुदशागमने भवन्ति ॥

अर्थात् गुरुको महादशामा दशामा राज्यबाट मानसम्मान, मनमा सन्तोष, धर्ममा मन जाने, शरीरमा आरोग्य, राम्रा विचारको आगमन र धनधान्य वृद्धि जस्ता शुभफल मिल्दछ।

गुरुको शुभफल मिल्ने अवस्था : गुरु उच्च, स्वराशि, स्वनवमांश मूलत्रिकोणमा भएमा वा जन्मलग्नबाट केन्द्र, त्रिकोण वा एकादश भावमा भएमा वा शुभ भावेश वा योगकारक भएमा वा शुभग्रहले युक्त भएमा गुरुको महादशामा राज्यकृपा, मानसम्मान, उच्च पद प्राप्ति, वाहन सुख, देवभक्ति, ब्राह्मणभक्ति, धार्मिक कार्यमा मन जाने, अभिलाषा पूर्ति, धनलाभ, विवाह, पुत्रादि प्राप्ति, भवनप्राप्ति, समाजमा इज्जत वृद्धि जस्ता शुभ फल मिल्ला।

गुरुको अशुभफल मिल्ने अवस्था : गुरु नीच राशि, नीच नवांश, अस्त, पापयुक्त भएमा अथवा जन्मलग्नबाट षष्ठ, अष्टम वा द्वादशस्थ भएमा वा अशुभ ताराको स्वामी भएर अशुभ तारामा बसेमा वा बाधक भएमा गुरुको महादशामा पदच्युति, राज्यबाट हानि, पतन, अपयश, बेरोजगारी, सन्तानबाट अलग हुने स्थिति, रोग जस्ता अशुभ फल मिल्ला। यस महादशाको शान्तिका लागि बिहीबार व्रतका साथै विष्णु, शिव, बगलामुखी र दत्तात्रेय पूजा गर्नु उपयुक्त होला।

गुरुमा गुरुको अन्तर्दशा

शुभ फल : यसमा महादशामा बताइएको फल मिल्ने हो। विशेषगरी असल पुत्र प्राप्ति, बुद्धि, धन र धर्मको वृद्धि, सुवर्ण र वस्त्रको लाभ, सबै वर्णका मानिसबाट

धनलाभ जस्ता फल मिल्ला। यस्ता सबै फलहरू गुरु उच्च वा बलवान् भएको अवस्थामा मिल्ला। गुरु कमजोर हुँदा फलमा कमी आउँछ।

अशुभ फल : गुरु अकारक भएमा (वृष, मिथुन र कुम्भ लग्नमा गुरु अकारक हुन्छ, त्यस्तै पाँचौं स्थानमा पनि गुरु अकारक हुन्छ), पाप, शत्रुराशिस्थ वा कमजोर भएमा अशुभ फल दिन्छ। गुरुको अशुभ फल विशेषगरी विद्या, बुद्धि, सन्तान, व्यवसाय, शैक्षिक क्षेत्र आदिमा हुन्छ। यस अन्तर्दशाको शान्तिका लागि गुरु महदशामा बताइए जस्तै उपाय गर्नु उपयुक्त होला।

गुरुमा शनिको अन्तर्दशा

शुभ फल : शनि उच्चराशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्रराशि, मित्र नवांशमा भएमा वा शनि शुभ भावेश वा शुभ नवांशमा भएमा वा शनि योगकारक भएर केन्द्र, त्रिकोण, तृतीय, षष्ठ वा एकादश स्थानमा भएमा, शनि दशानाथ गुरुको धनु वा मीन राशिमा भएमा, शनि दशानाथ गुरुसँग युक्त वा गुरुबाट दृष्ट भएमा अथवा शनि दशानाथ गुरुबाट केन्द्र, त्रिकोण, द्वितीय वा एकादश स्थानमा भएमा वा शनि शुभ प्रभावमा भएमा गुरुमा शनिको अन्तर्दशामा धनलाभ, व्यापारिक सफलता, पुत्रलाभ, भूमि, कृषि, पशु आदिमा लाभ, पदलाभ, पश्चिम दिशाको यात्रामा सफलता, मजदुर वर्गबाट लाभ, जनसमर्थन, चुनावी सफलता, यश प्राप्ति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शनि नीच राशि, नीच नवांश, शत्रु राशि, शत्रु नवांश, अस्त, वक्री, पापयुक्त, पापदृष्ट, जन्मलग्नबाट अष्टम वा द्वादशस्थ, दशानाथ गुरुबाट शनि ६,८ वा १२ औं स्थानमा हुनु, अशुभ ताराको स्वामी भएर अशुभ तारामा रहेमा शनिको अन्तर्दशामा व्यापार घाटा, धननाश, नोकरीमा झमेला, राजनीतिक पतन, कार्यमा असफलता, मानहानि, मानसिक कष्ट, पशु, कृषि र भूसम्पत्तिमा हानि, भाइबन्धुमा मनमुटाव, मुद्दामामिला, राज्यबाट हानि जस्ता अशुभ फल मिल्ला। शनि मारकेश भएर मङ्गलसँग युत वा दृष्ट भएमा अपमृत्युको सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि शनिबार व्रत गरी बरपीपलको पूजा, महाँकाल र शिवपूजा गर्नु उपयुक्त होला।

गुरुमा बुधको अन्तर्दशा

शुभ फल : बुध उच्चराशि, उच्च नवांश, स्वराशि, स्वनवांश, जन्मलग्न वा दशानाथ गुरुबाट केन्द्र, त्रिकोण, द्वितीय वा एकादश भावमा भएमा, बुध शुभग्रहसँग युक्त वा दृष्ट भएमा वा शुभ ग्रहको प्रभावमा परेमा गुरुमा बुधको अन्तर्दशामा धनलाभ, स्वास्थ्यलाभ, पदलाभ, राज्यबाट सम्मान, मनोकामना पूर्ति, वाहनलाभ, पशुलाभ, व्यापारिक लाभ, नोकरीमा लाभ, शिक्षामा सफलता, प्रतियोगितात्मक परीक्षामा सफलता विदेशमा लाभ जस्ता शुभ फल मिल्ला।

अशुभ फल : बुध अशुभ भावेश, नीच, बाधक, अशुभ ताराको स्वामी भएर अशुभ तारामा नै स्थित भएमा, दशानाथ गुरुबाट षष्ठ, अष्टम वा द्वादश स्थानमा भएमा, शुभ प्रभावमा नरहेमा बुधको दशामा व्याापारिक घाटा, कलह, आयमा कमी, चोरी, डकैती, यात्रामा हानि, अकाल मृत्यु, रोगमा वृद्धि, धोकाधडी, शिक्षामा असफलता जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि बुधबार व्रत गरी विष्णुसहस्रनाम पाठ र विष्णु एवं दुर्गा पूजा गर्नु उपयुक्त होला।

गुरुमा केतुको अन्तर्दशा

शुभ फल : केतु शुभयुक्त, शुभदृष्ट, योगकारक, जन्मलग्नबाट केन्द्र, त्रिकोण, उपचय स्थानगत वा दशापति गुरुबाट ३, ४, ५, ९ वा ११ औँ स्थानमा भएमा केतुको अन्तर्दशामा राज्य र शासकवर्गबाट लाभ, व्यावसायिक लाभ, उद्योग, व्यापारमा ठुलो उन्नति, नोकरीमा उन्नति, विदेशबाट लाभ, भ्रष्ट वा अवैध धन्दाबाट ठुलो लाभ, सम्पूर्ण मनोकामना पूर्ति तर डरका साथ बाँच्नुपर्ने अवस्था आउला।

अशुभ फल : दशानाथ गुरुबाट केतु ६,८ वा १२ औँ भावमा भएमा, जन्मलग्नबाट ८ वा १२ औँ स्थानमा भएमा, पापयुक्त, पापदृष्ट भएमा, अशुभ भावेश वा अशुभ तारासँग केतुको सम्बन्ध भएमा केतुको अन्तर्दशामा राजदण्ड, कारावास, आर्थिक हानि, रोग, शत्रुबाट पीडा, मानसिक कष्ट, दुर्घटना जस्ता अशुभ फल मिल्ला। केतु मारकेशका साथमा मारक भाव (द्वितीय वा सप्तम) वा अष्टम वा द्वादश भावमा बसेमा केतुको अन्तर्दशामा गम्भीर रोग र दुर्घटनाको भय रहला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, शिव, बगलामुखी र छिन्नमस्ता पूजाका साथै महमृत्युञ्जय मन्त्र जप गर्नु उपयुक्त होला।

गुरुमा शुक्रको अन्तर्दशा

शुभ फल : शुक्र उच्चराशि, उच्च नवांश, स्वराशि, स्वनवांश भएमा वा शुक्र केन्द्रेश, त्रिकोणेशले युक्त भएमा, शुभयुक्त भएर लग्नेशबाट वा दशानाथबाट केन्द्र, त्रिकोण, एकादश, द्वादश भावमा बसेमा अथवा योगकारक तथा शुभ भावेश भएमा शुक्रको अन्तर्दशामा व्यावसायिक सफलता, व्यापार, वाणिज्य, कला, सिनेमासँग सम्बन्धित व्यवसायमा सफलता, वाहनलाभ, सुखप्राप्ति, आनन्दमय जीवन, भूमि तथा भवनलाभ, धनवृद्धि, राज्य र शासकवर्गबाट लाभ, दक्षिण पूर्वको यात्राबाट लाभ, घरमा माङ्गलिक कार्य जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शुक्र क्रूर राशि, अस्त, नीचराशि, शनि, मङ्गल, राहु, केतु वा सूर्यसँग युत भएमा वा बाधक भएमा वा अशुभ तारासँग सम्बद्ध भएमा वा पापग्रहले युक्त भएर षष्ठ, अष्टम वा द्वादश भावमा रहेमा शुक्रको अन्तर्दशामा पारिवारिक कलह, दाम्पत्य जीवनमा सङ्कट, सन्तानलाई कष्ट, स्वास्थ्यमा हानि जस्ता अशुभ फल मिल्ला। शुक्र मारक भावसँग सम्बन्धित (शुक्र द्वितीयेश वा सप्तमेश हुनु, द्वितीयेश वा सप्तमेशसँग बस्नु वा यस्तै अन्य सम्बन्धमा रहनु) भएमा महिलासँग कलह, राज्यबाट कष्ट, गुप्ताङ्ग रोग, मृत्युभय जस्ता समस्या आउलान्। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र शिव उपासना गर्नु उपयुक्त होला।

गुरुमा सूर्यको अन्तर्दशा

शुभ फल : सूर्य उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, लग्नेश, चतुर्थेश, पञ्चमेश, नवमेश, दशमेशमध्ये कुनै एक भएमा वा जन्मलग्न वा दशानाथ गुरुबाट सूर्य केन्द्र, त्रिकोण, द्वितीय, तृतीय, एकादश भावमा भएमा अथवा गुरु जन्मलग्नबाट ३,६,१० वा ११ औँ भावमा भएमा सूर्यको अन्तर्दशामा धनलाभ, राज्यबाट कृपा, राज्यबाट सम्मान, पदलाभ, वाहनलाभ, बहुमूल्य वस्तुलाभ, पुत्रलाभ, राजनीतिमा सफलता, व्यवसायमा लाभ जस्ता शुभ फल मिल्ला।

अशुभ फल : सूर्य नीच राशि, नीच नवांश, शत्रु राशि, शत्रु नवांशमा भएमा, अशुभ भावेश वा बाधक भएमा, अशुभ तारासँग सम्बद्ध भएमा, सूर्य पापग्रहसँग युक्त भएमा, जन्मलग्न वा दशानाथ गुरुबाट सूर्य अष्टम वा द्वादश स्थानमा भएमा कलह, हृदय रोग, शत्रुता, कार्यहानि, राज्यबाट हानि, व्यावसायिक सङ्कट, दुर्घटना, अग्निबाट कष्ट आदि अशुभफल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि विष्णु, शिव र सूर्य पूजा गर्नु, सूर्यलाई अर्घ दिनु र आदित्यहृदयस्तोत्र पाठ गर्नु उपयुक्त होला।

गुरुमा चन्द्रको अन्तर्दशा

शुभ फल : चन्द्र उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्रराशि, शुभ राशि, शुभ नवांश, पक्षबली, शुभ युक्त वा दृष्ट अथवा चन्द्रमा लग्नेश, चतुर्थेश, पञ्चमेश वा नवमेश भएमा वा चन्द्रमा जन्मलग्न वा दशानाथ गुरुबाट केन्द्र, त्रिकोण, द्वितीय वा एकादश भावमा रहेमा चन्द्रमाको अन्तर्दशामा राज्यबाट लाभ, शासक वर्गको कृपा, उच्च पद प्राप्ति, परिवारमा सुख, धन र आयमा वृद्धि, महिला वर्गलाई विशेष सुख जस्ता फल मिल्ला।

अशुभ फल : चन्द्र नीच, अस्त, पक्षबलहीन, पापयुक्त, पापदृष्ट, अशुभ ताराको सम्बन्धमा रहेको, बाधक भएको, जन्म लग्न वा दशानाथ गुरुबाट ६,८ वा १२ औँ स्थानमा भएमा चन्द्रको अन्तर्दशामा धन र मानमा हानि, पदच्युति, पारिवारिक कलह, दुःख, कष्ट, चोर, डाँकु र अपराधीबाट भय, जल र चिसोबाट हुने रोगको उत्पत्ति होला। पापी चन्द्रमा द्वितीयेश, षष्ठेश वा अष्टमेश भएमा अपमृत्युको सम्भावना रहला। चन्द्रमाको दशाफल बताउँदा गजकेशरी योग, अनफा, सुनफा, दुरुधरा, केमद्रुम योग आदिको पनि विचार गर्नुपर्छ। यस अन्तर्दशाको शान्तिका लागि चण्डीपाठका साथै दुर्गा र शिव पूजा गर्नु उपयुक्त होला।

गुरुमा मङ्गलको अन्तर्दशा

शुभ फल : मङ्गल उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, शुभ भावेश, योगकारक, शुभयुत, शुभदृष्ट, लग्नेश वा योगकारक ग्रहसँग युत वा दृष्ट भएमा वा जन्मलग्न वा दशानाथ गुरुबाट केन्द्र, त्रिकोण, तृतीय, एकादश, भावमा भएमा वा जन्मलग्नबाट षष्ठ वा दशानाथ गुरुबाट द्वितीय भावमा भएमा गुरुमा मङ्गलको अन्तर्दशामा उच्च पद प्राप्ति, अधिकार प्राप्ति, भूमिलाभ, मनोकामना पूर्ति, शिक्षामा सफलता, राज्यकृपा, व्यवसायमा लाभ, परिवारका सदस्यको उन्नति, भाइहरूको उन्नति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : मङ्गल नीच राशि, नीच नवांश, बाधक, अशुभ भावेशसँग युत वा दृष्ट भएमा, पापयुक्त वा दृष्ट भएमा अस्त, वक्री, अतिचारी भएमा, अशुभ तारासँग सम्बन्ध भएमा मङ्गलको अन्तर्दशामा धन, भूमि, विद्या हानि, आयमा कमी, अग्नि, विष, शस्त्रास्त्र भय, चोरभय, दुर्घटना, मुद्दामामिला, रगतमा विकार, राजदण्ड जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, कुमार, दुर्गा र नृसिंहको पूजा गर्नु उपयुक्त होला।

गुरुमा राहुको अन्तर्दशा

शुभ फल : राहु उच्च, मूलत्रिकोण, दशापति गुरुबाट केन्द्र, त्रिकोण, तृतीय, एकादश स्थानगत, जन्मलग्नबाट षष्ठ भावगत अथवा राहु केन्द्रेश, त्रिकोणेशसँग युक्त भएर केन्द्र वा त्रिकोणमा बसेको, राहु शुभग्रहले युक्त वा दृष्ट भएकोमा राहुको अन्तर्दशामा पदलाभ, पदोन्नति, कुनै महत्त्वपूर्ण जिम्मेवारी प्राप्ति, विदेश यात्राबाट लाभ, भूमिलाभ, स्वास्थ्य सुधार, धनप्राप्ति, मानसम्मान जस्ता शुभफल मिल्ला।

अशुभ फल : दशानाथ गुरुबाट राहु ६,८ वा १२ औँ स्थानमा भएमा वा जन्मलग्नबाट राहु अष्टम, द्वादश, द्वितीय वा सप्तम स्थानमा पापग्रहका साथमा बसेमा वा षष्ठेश, अष्टमेश वा द्वादशेशसँग युक्त भएमा राहुको अन्तर्दशामा चोर, डाँका, ठग, विषबाट हानि, घाउचोट, दुर्घटनाको सम्भावना, राज्यबाट भय, षड्यन्त्रको भय, परिवारमा झगडा, व्यापार व्यवसायमा घाटा, नोकरीमा झमेला, मुद्दामामिला, मानसिक तनाव, चिन्ता, रोगवृद्धि आदि अशुभ फल मिल्ला। राहु अशुभ तारासँग सम्बद्ध भएमा वा अष्टमेशसँग सम्बद्ध भएमा राहुको अन्तर्दशामा गम्भीर रोग र मृत्युको सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि शनिबार व्रत गरी शिव, दुर्गा, हनुमान र नृसिंहको पूजाका साथै चण्डीपाठ गर्नु उपयुक्त होला।

(६) शनि महादशा फल

मिथ्यापवादवधबन्धनमर्थहानिर्मित्रे च बन्धुवचनेषु च युद्धबुद्धिः।
सिद्धं च कार्यमपि यत्र सदा विनष्टं, स्यात्सर्वदा शनिदशागमने भवन्ति॥

अर्थात् शनिको महादशामा झुट्टा आरोप, हत्या, बन्धन, धननाश, मित्र र वन्धुवर्गसँग कलह, बुद्धिनाश, कार्यनाश जस्ता फल मिल्ला।

शनिको शुभफल मिल्ने अवस्था : शनि उच्च, स्वराशिस्थ, उच्च नवांशगत, स्वनवांशगत, मित्र राशिगत (वृष, मिथुन, कन्या) वा जन्मलग्नबाट नवम, तृतीय वा एकादश भावमा शनि भएमा शनिको दशामा राजसम्मान, राज्यबाट लाभ, यश, धनलाभ, विद्यालाभ, वाहनलाभ, सन्तानलाभ, परिवारमा सुख जस्ता शुभ फल मिल्ला। षष्ठ भावस्थित शनिको महादशामा शत्रुनाश र आर्थिक उत्थान गराउँछ। शनिको शुभस्थितिमा शनिको साडेसात वा अढैया दशा हुँदा पनि शुभ फल मिल्छ।

शनिको अशुभफल मिल्ने अवस्था : शनि नीचराशि, नीच नवांश, शत्रु राशि, शत्रु नवांश, अस्त, वक्री, पापाक्रान्त, अशुभ ताराको स्वामी भएर अशुभतारागत, शनि स्वराशि र उच्च राशिबाहेक जन्मलग्नबाट अष्टम वा द्वादश स्थानमा बाधक भएर

बसेको भएमा शनिको महादशामा शस्त्र, अग्नि, शत्रु, रोग, पदावनति, कारावास, राजकोप, शत्रुपीडा आदि अशुभ फल मिल्ला। शनिको अशुभस्थितिमा शनिको साडेसात वा अढैया दशा हुँदा अशुभ फल नै मिल्छ। यस महादशाको शान्तिका लागि शनिबार व्रत गरी कालो शिवलिङ्ग, महाकाल, महाकाली, कालभैरव र हनुमानजीको उपासना गर्नु शुभ होला। "ॐ नमो नारायणाय", "ॐ नमः शिवाय" जस्ता मन्त्र जप्नु उपयुक्त होला।

शनिमा शनिको अन्तर्दशा

शुभफल : शनि उच्च, स्वराशि, उच्च नवांशगत, योगकारक, शुभयुक्त वा दृष्ट भएमा शनि महादशामा बताइएका शुभफल शनि अन्तर्दशामा पनि मिल्ला।

अशुभफल : शनि नीच, नीचनवांशगत, शत्रुराशिगत, अकारक, बाधक, अस्त आदि अवस्थामा शनिको अन्तर्दशामा शरीरमा पीडा, स्त्री, पुत्रसँग कलह, स्त्रीका कारणबाट बुद्धिको नाश, विदेशगमन आदि अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि शनि महादशामा बताइएका जस्तै उपाय अवलम्बन गर्नु उपयुक्त होला।

शनिमा बुधको अन्तर्दशा

शुभफल : बुध उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, शुभभावेश, शुभयुक्त, शुभदृष्ट, योगकारकसँग युत वा दृष्ट, जन्मलग्न वा दशानाथ शनिबाट केन्द्र, त्रिकोण, एकादश भावस्थ भएमा बुधको अन्तर्दशामा चाहेको कुरा पुग्ने, प्रतियोगितात्मक परीक्षामा सफलता मिल्ने, पदप्राप्ति, व्यावसायिक सफलता प्राप्ति, व्यापार व्यवसायबाट लाभ, शिक्षामा सफलता र स्वास्थ्यमा सुधार जस्ता फल मिल्ला।

अशुभफल : बुध नीच राशि, नीच नवांश, शत्रुराशि, शत्रुनवांश, पापाक्रान्त, अशुभ भावेशसँग सम्बद्ध, अशुभ तारासँग सम्बद्ध, बुध अष्टमेश भएर अशुभ स्थानगत वा अशुभ ग्रहसँग सम्बद्ध भएमा वा जन्मलग्न वा दशानाथ शनिदेखि ६,८, वा १२ औँ स्थानमा अशुभ ग्रहका साथमा भएमा बुधको अन्तर्दशाको सुरुमा केही राम्रो फल मिले पनि शेष समयमा चिन्ता, भय, व्यापारिक हानि, धनहानि, बुद्धिनाश जस्ता अशुभ फल मिल्ला। बुध मारकेश भएमा बुधको अन्तर्दशामा मृत्युको सम्भावना पनि रहला। यस अन्तर्दशाको शान्तिका लागि शिव, दुर्गा, नारायण र हनुमानको आराधना गर्नु उपयुक्त होला।

शनिमा केतुको अन्तर्दशा

शुभफल : केतु सिंह, वृश्चिक, धनु वा मीन राशिमा भएमा वा योगकारक स्थानमा योगकारक ग्रहसँग युक्त वा दृष्ट भएमा वा केन्द्रमा त्रिकोणेश वा त्रिकोणमा केन्द्रेशले युक्त भएमा वा जन्मलग्न वा दशानाथ शनिबाट केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा वा जन्मलग्नबाट षष्ठस्थ भएमा केतुको दशामा सुख, धनलाभ, राज्यबाट लाभ, मानसम्मान, व्यावसायिक लाभ आदि होला।

अशुभफल : केतु जन्मलग्न वा दशानाथबाट अष्टम वा द्वादश स्थानमा पापाक्रान्त भएमा, अशुभ तारासँग सम्बद्ध भएमा, मारक वा मारकेशसँग सम्बद्ध भएमा रोग, अपमृत्यु, घाउचोट, राजदण्ड, पत्नी र पुत्रसँग वियोग जस्ता फल मिल्ला। दुर्घटना, हत्या वा आत्महत्याको सम्भावना पनि रहला। यस अन्तर्दशाको शान्तिका लागि शिव, गणेश, काली, दुर्गा र छिन्नमस्ता पूजा गर्नु उपयुक्त होला।

शनिमा शुक्रको अन्तर्दशा

शुभफल : शुक्र उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, शुभ भावेश, शुभयुत, शुभदृष्ट, जन्मलग्न वा दशानाथ शनिबाट केन्द्र, त्रिकोण, एकादश भावमा भएमा शुक्रको अन्तर्दशामा विवाह, पुत्रप्राप्ति, सुखसमृद्धिको प्राप्ति, शुभउत्सव, पारिवारिक सुख, भवन, वाहन सुख, मनोकामना पूर्ति, राज्यबाट लाभ, राज्यबाट सम्मान, विदेश यात्रा जस्ता शुभ फल मिल्ला।

अशुभफल : शुक्र नीच राशि, नीच नवांश, अस्त, पापयुत, पापदृष्ट, पापकर्तरी योग, अशुभ भावेश, अशुभ ताराको सम्बन्ध, जन्मलग्न वा दशानाथ शनिबाट ६,८ वा १२ औँ स्थानमा अशुभ सम्बन्धमा बसेको भएमा शुक्रको अन्तर्दशामा दाम्पत्य सुखको हानि, मनमा तनाव, रोग, यौनरोग, दुर्घटना दुःख, कष्ट, पायल्स रोग, जलमा डुब्ने भय, विश्वासघाती स्त्रीबाट खतरा, स्वजनसँग कलह आदि अशुभ फल मिल्ला। शुक्र मारकेश भएर अशुभ सम्बन्धमा रहेमा शुक्रको दशामा गम्भीर रोगबाट मृत्युको सम्भावना रहला। शनि र शुक्र दुवै बलवान् हुँदा यसमध्ये कुनैको अन्तर्दशामा अशुभ फल मिल्दछ। दुईमध्ये एक बलवान् र अर्को कमजोर हुँदा शुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, शिव र दुर्गा पूजा गर्नु उपयुक्त होला।

शनिमा सूर्यको अन्तर्दशा

शुभफल : सूर्य उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्र राशि, मित्र नवांशमा भएमा वा सूर्य लग्नेश, पञ्चमेश, नवमेश, दशमेश भएमा वा सूर्य गुरुबाट दृष्ट भएमा वा जन्मलग्न वा दशानाथ शनिबाट केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा शुभयुक्त वा शुभदृष्ट भएमा शनिमा सूर्यको अन्तर्दशामा राज्यबाट राम्रो लाभ, उच्च पद प्राप्ति, पुत्र लाभ, वाहन, भवन, धनलाभ जस्ता शुभ फल मिल्ला।

अशुभफल : सूर्य नीच राशि, नीच नवांश, शत्रुराशि, शत्रु नवांशमा भएमा, जन्मलग्नबाट अष्टम वा द्वादशस्थ भएमा, दशानाथ शनिबाट षष्ठ, अष्टम वा द्वादशस्थ भएमा, सूर्य पापयुक्त वा पापदृष्ट भएमा, सूर्यबाट पापकर्तरी योग भएमा, सूर्य षष्ठ, अष्टम वा द्वादश भावको मालिक भएमा वा षष्ठ, अष्टम वा द्वादश भावको मालिकसँग बसेमा वा सूर्यले अशुभ ताराको स्वामीसँग सम्बन्ध गाँसेमा हृदय रोग हुने वा कुनै कष्टकारी घटना हुन सक्छ। यस्तोमा अपयश, स्थानहानि, विस्थापन, कार्यबाधा, व्यवसाय हानि, व्यापार घाटा, काममा बाधा, राज्यबाट कष्ट, निराशा, आत्महत्यामा मन जाने, निकटवर्तीबाट धोका जस्ता अशुभ फल मिल्ला। आइतबार व्रतका साथै नित्य सूर्याष्टक र रुद्राष्टक पाठ गर्नु उपयुक्त होला।

शनिमा चन्द्रको अन्तर्दशा

शुभफल : चन्द्र उच्च, स्वराशि, उच्च नवांश, स्वनवांश, मित्रराशिस्थ, शुभ राशिस्थ वा शुभ नवांशस्थ भएमा, पक्षबली भएमा, लग्नेश, चतुर्थेश, पञ्चमेश वा नवमेश भएमा, योगकारकसँग युत वा दृष्ट भएमा, शुभयुक्त, शुभदृष्ट भएमा, जन्मलग्न वा दशानाथ शनिबाट चन्द्रमा केन्द्र, त्रिकोण वा एकादशस्थ भएमा चन्द्र अन्तर्दशामा राज्यबाट लाभ, उच्च पद प्राप्ति, सुख, परिवारमा सुख, पत्नी तथा मातालाई लाभ, धनप्राप्ति, अभिलाषा पूर्ति, वाहन, भूषण आदि प्राप्ति जस्ता शुभफल प्राप्त होलान्।

अशुभफल : चन्द्रमा नीच, पापयुक्त, पापदृष्ट, पक्षबलहीन, जन्मलग्नका लागि अशुभ, बाधक, अशुभ भावेश, अशुभ राशिस्थ, अशुभ तारामा सम्बन्धे भएमा चन्द्रमाबाट पापकर्तरी वा केमद्रुम योग बनेमा धनहानि, मानहानि, पदहानि, शत्रुवृद्धि, सुखनाश, बुद्धिनाश, सर्दी, पेटको रोग, जलबाट खतरा होला। चन्द्रमा मारकसँग सम्बन्ध भएमा पानीमा डुब्ने, पागल कुकुरले टोक्ने वा जलजनित रोगबाट मृत्यु हुने खतरा रहला। यस अन्तर्दशाको शान्तिका लागि शिव, पार्वती र भैरवको पूजा गर्नु उपयुक्त होला।

शनिमा मङ्गलको अन्तर्दशा

शुभफल : मङ्गल उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, दशानाथ शनिसँग युक्त, मङ्गल लग्नेश वा योगकारक ग्रहसँग युक्त, वा मङ्गल स्वयं लग्नेश भएमा, मङ्गल लग्न वा दशानाथ शनिबाट केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा वा जन्मलग्नबाट षष्ठ भावमा भएमा शनिमा मङ्गलको अन्तर्दशामा राज्यबाट लाभ, पद र मान प्राप्ति, धन र सुख प्राप्ति, व्यापार व्यवसाय वा नोकरीमा सफलता, सेना वा फौजी सेवामा पदोन्नति, राजनीतिमा सफलता, प्रतियोगितात्मक परीक्षामा सफलता जस्ता शुभ फल मिल्ला।

अशुभफल : मङ्गल नीच राशि, नीच नवांश, बाधक वा अशुभ भावेश, पापयुक्त, पापदृष्ट, अस्त, वक्री, अशुभ ताराको सम्बन्ध, जन्मलग्न वा दशानाथ शनिबाट अष्टम वा द्वादशस्थ भएर पापप्रभावमा रहेमा मङ्गलको अन्तर्दशामा घोर सङ्कट आउला, चारैतिरबाट समस्या पर्न जाला, अग्नि, विस्फोट, विष आदिको खतरा, दुर्घटना, घाउ चोट, रोगव्याधि, भाइलाई कष्ट, स्वजनमा कलह, फौजदारी मुद्दा, भूसम्पत्तिको हानि, व्यावसायिक समस्या, ऋणग्रस्तता आदि समस्या आउला। यस अन्तर्दशाको शान्तिका लागि दुर्गा र हनुमानको पूजाका साथै हनुमान चालिसा पाठ गर्नु उपयुक्त होला।

शनिमा राहुको अन्तर्दशा

शुभफल : शनिमा राहु वा राहुमा शनिको दशा प्रायः अशुभ फलदायक होला। यदि योगकारक ग्रहसँग राहु युत भएमा वा जन्मलग्न वा दशानाथ शनिबाट केन्द्र वा एकादश भावमा राहु भएमा दशाको पूर्वार्धमा मानसम्मान, तीर्थयात्रा, राज्यकृपा, धनलाभ आदि होला। दशाको उत्तरार्धमा भने कलह र सङ्कट आउला।

अशुभफल : शनिमा राहुको दशामा चोटपटक, मधुमेह रोग, ट्युमर, धननाश, प्यारालाइसिस, चोर डाँकाबाट खतरा, कलह, मुद्दामामिला, राज्यबाट सङ्कट जस्ता अशुभ फल मिल्ला। राहु लग्नबाट अष्टम वा द्वादश भावमा भएमा वा दशानाथ शनिबाट षष्ठ, अष्टम वा द्वादश भावमा भएमा वा अशुभ तारासँग सम्बद्ध भएमा कलह, रोग, शोक, अपमृत्यु आदि अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि कालभैरव, दुर्गा र हनुमान पूजा गर्नु उपयुक्त होला।

शनिमा गुरुको अन्तर्दशा

शुभफल : गुरु उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्र राशि, मित्र नवांशमा भएमा वा गुरु लग्नेश वा योगकारकसँग युत भएमा वा शुभग्रहसँग गुरु युत भएमा जन्मलग्न वा दशानाथ शनिबाट केन्द्र, त्रिकोण, द्वितीय वा एकादश भावमा बसेमा शनिमा गुरुको अन्तर्दशामा राज्यबाट राम्रो लाभ, उच्च पद प्राप्ति, विवाह, पुत्र लाभ, वाहन, भवन, धनलाभ, व्यावसायिक लाभ जस्ता शुभ फल मिल्ला। तर यो दशाछिद्र भएकोले फलमा न्यूनता आउला।

अशुभफल : गुरु नीच राशि, नीच नवांश, बाधक, लग्नेशको शत्रु भएमा, गुरु अस्त, बलहीन, पापाक्रान्त, अशुभ तारासँग सम्बद्ध, जन्मलग्न वा दशानाथ शनिबाट ६,८ वा १२ औँ भावमा भएमा शनिमा गुरुको अन्तर्दशामा परिवारमा कसैको निधन, धननाश, कार्य विफलता, व्यावसायिक हानि, व्यापार घाटा, चर्मरोग, जन्डिस रोग, उदररोग, आर्थिक दण्ड, कारावास, पदहानि, अपयस जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि शिव र विष्णु पूजा गर्नु उपयुक्त होला।

(७) बुध महादशा फल

दिव्याङ्गना-मदनसङ्गम-केलिसौख्यं, नानाविधैः समभिरागमनोऽभिरामैः ॥
हेमादिरत्नविभवागमकोशधान्यं, स्यात्सर्वदा बुधदशागमने भवन्ति ॥

अर्थात् बुधको महादशामा मनपर्ने जोडाजोडीसँग सम्पर्क, सुवर्ण रत्नादि लाभ, वैभवयुक्त खजाना र धनधान्यको लाभ होला।

बुधको शुभफल मिल्ने अवस्था : बुध उच्च, मूलत्रिकोण, स्वराशि, उच्च नवांश, मित्रनवांश, मित्रगृही, बुध लग्नेश, पञ्चमेश वा नवमेश वा दशमेश भएमा, बुध शुभग्रहले युक्त वा दृष्ट भएमा वा जन्मलग्नबाट बुध केन्द्र, त्रिकोण वा लाभ भावमा भएमा बुधको महादशामा आर्थिक उन्नति, भाग्योदय, व्यापारिक लाभ, व्यावसायिक सफलता, शैक्षिक उन्नयन, स्वास्थ्यमा सुधार, पारिवारिक सुख, राज्यबाट लाभ जस्ता शुभ फल मिल्ला।

बुधको अशुभफल मिल्ने अवस्था : बुध नीच राशिस्थ, नीच नवांशस्थ, पापयुक्त, पापकर्तरी योग बनाएर बस्दा, अशुभ ताराको स्वामी भएर अशुभ तारामा बस्दा, लग्नबाट ६,८ वा १२ औँ स्थानमा अशुभ भावेशका साथमा बस्दा बुधको महादशामा बुद्धि नाश, मानसिक तनाव, विद्यामा बाधा, प्रतियोगितात्मक परीक्षामा निराशा, राज्यबाट कष्ट, चोरभय, शत्रुबाट कष्ट, व्यापारिक बाधा आदि अशुभ फल

मिल्ला । यस महादशाको शान्तिका लागि बुधबार व्रत गरी विष्णु, दुर्गा, गणेश र सरस्वतीको आराधना गर्नु उपयुक्त होला ।

बुधमा बुधको अन्तर्दशा

शुभफल : बुधमा बुधको अन्तर्दशामा प्रायः महादशामा नै बताइएका फल मिल्ने हो । बुध बलवान् हुँदा बुद्धि र धर्मको योग, मित्र बन्धु समागम, ठुलो ज्ञान प्राप्ति जस्ता शुभ फल मिल्ला ।

अशुभफल : बुध नीच, कमजोर र दुःस्थानगत भएमा, पापयुक्त वा दृष्ट भएमा बुधको अन्तर्दशामा शरीरमा पीडा, व्यापारमा हानि, स्वास्थ्यमा समस्या जस्ता अशुभ फल मिल्ला । यस अन्तर्दशाको शान्तिका लागि बुध महादशामा बताइए जस्तै उपाय अवलम्बन गर्नु उपयुक्त होला ।

बुधमा केतुको अन्तर्दशा

शुभफल : केतु शुभयुक्त, शुभदृष्ट, लग्नेशसँग युक्त, जन्मलग्नबाट केन्द्र, त्रिकोण, तृतीय, षष्ठ भावमा केतुको अवस्थिति, दशानाथ बुधबाट केन्द्र, त्रिकोण, एकादश भावमा अथवा योगकारक ग्रहसँग युक्त भएर केतु बसेमा केतुको अन्तर्दशामा धनप्राप्ति, स्वास्थ्यलाभ, सुख, मानसम्मान, आयवृद्धि, राजकृपा, कृषि, पशुपालनलगायतका व्यवसायबाट लाभ जस्ता शुभ फल मिल्ला ।

अशुभफल : केतु पापयुक्त भएर जन्मलग्नबाट अष्टम वा द्वादशस्थ हुनु, दशानाथ बुधबाट केतु षष्ठ, अष्टम वा द्वादश भावमा पापयुक्त भएर रहनु, वा अशुभ तारासँग केतुको सम्बन्ध हुनु जस्ता अवस्थामा केतुको दशामा उच्च स्थानबाट पतन भएर दुर्घटना, अपराधीबाट भय, चोरबाट भय, अज्ञात शत्रुबाट भय, सर्पभय, विषभय, हत्या, आत्महत्या, दुर्घटना, अपमृत्यु, पुत्रकष्ट, राज्यबाट कष्ट, आपसी कलह, कुसङ्गति, कुकर्ममा मन जानु जस्ता अशुभ फल मिल्ला । मारकेशसँग केतुको सम्बन्ध रहँदा क्यान्सर वा यस्तै कडा रोगबाट आयुमा समस्या आउला । यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र विष्णु पूजा गर्नु उपयुक्त होला ।

बुधमा शुक्रको अन्तर्दशा

शुभफल : शुक्र उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्र राशि, मित्र नवांशमा रहेमा, जन्मलग्नबाट केतु केन्द्र, त्रिकोण, एकादश भावमा भएमा, अथवा

केतु शुभयुक्त वा शुभदृष्ट भएमा शुक्रको अन्तर्दशामा शुभकर्म, राजकृपा, उच्च पद प्राप्ति, मानसम्मानमा वृद्धि, भूसम्पत्तिको लाभ, शासनाधिकार, व्यवसायमा लाभ, आर्थिक उन्नति र परोपकारका कार्यमा समर्पण जस्ता शुभफल मिल्ला।

अशुभफल : शुक्र नीच, अस्त, बाधक, जन्मलग्नबाट ६,८ वा १२ औँ भावमा पापयुक्त भएर रहनु वा शुक्रको अशुभ तारासँग सम्बन्ध रहनु जस्ता अवस्थामा शुक्रको अन्तर्दशामा हृदय रोग, नेत्ररोग, उदर रोग, गुप्ताङ्ग रोग, मानसिक तनाव, दुःख कष्ट, जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, महालक्ष्मी र महाविष्णुको पूजा गर्नु उपयुक्त होला।

बुधमा सूर्यको अन्तर्दशा

शुभफल : सूर्य उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्रराशि, मित्र नवांश, लग्नेश, द्वितीयेश, पञ्चमेश, नवमेश वा दशमेश भएमा वा शुभयुक्त वा शुभ दृष्ट भएमा वा शुभकर्तरी योगमा भएमा वा योगकारक ग्रहसँग युत वा दृष्ट भएमा वा जन्मलग्नबाट केन्द्र, त्रिकोण, द्वितीय, तृतीय, षष्ठ वा एकादश भावमा भएमा सूर्यको दशामा राज्यबाट लाभ, उच्च पद र मानसम्मानको प्राप्ति, फौजी वा प्राविधिक क्षेत्रमा उन्नति, उद्योग व्यवसायमा उन्नति जस्ता शुभफल मिल्ला।

अशुभफल : सूर्य नीच राशि, नीच नवांश, त्रिकेश (६,८ वा १२ औँ भावको स्वामी), भएमा वा पापग्रहसँग युक्त भएमा वा अशुभ तारासँग सम्बद्ध भएमा सूर्यको अन्तर्दशामा अग्नि वा तातोबाट खतरा, मानसिक तनाव, शिरमा पीडा, हृदय रोग, राजकोप, मृत्युभय जस्ता अशुभ फल मिल्ला। सूर्यले मारकेशका साथै शनि, राहु वा केतुसँग पनि सम्बन्ध गाँसेमा मृत्युतुल्य कष्ट होला। यस अन्तर्दशाको शान्तिका लागि आइतबार व्रतका साथै सूर्य, शिव र विष्णुको पूजा गर्नु उपयुक्त होला।

बुधमा चन्द्रको अन्तर्दशा

शुभफल : चन्द्र उच्च राशि, स्वराशि, पक्षबली, मित्र राशिमा भएमा वा लग्नेश, चतुर्थेश, पञ्चमेश वा नवमेश भएमा वा योगकारकसँग युत वा दृष्ट भएमा वा जन्मलग्न वा दशानाथ बुधबाट केन्द्र, त्रिकोण, द्वितीय, तृतीय, एकादश भावमा भएमा चन्द्रमाको अन्तर्दशामा माङ्गलिक कार्य, विवाह, पुत्रप्राप्ति, भूमि, भवन, वाहन प्राप्ति, धन प्राप्ति, विद्यामा लाभ, प्रतियोगितात्मक परीक्षामा सफलता, विदेश यात्रा, चुनावमा विजय, राज्यबाट लाभ, कारोबारमा वृद्धि जस्ता शुभ फल प्राप्त होला।

अशुभफल : चन्द्र नीच, शत्रु राशिस्थ, पक्षबलहीन, पापग्रहयुक्त, पापदृष्ट, अशुभ तारासँग सम्बद्ध, जन्मलग्न वा दशानाथ बुधबाट षष्ठ, अष्टम वा द्वादशस्थ भएमा चन्दमाको दशामा अग्नि, चोर डाँका र अपराधीबाट भय, जलबाट भय, अपयश, धनहानि, स्वास्थ्य हानि जस्ता फल मिल्ला । मारकेश भएर पक्षबलहीन चन्द्रमा पापाक्रान्त वा दुःस्थानगत भएमा मृत्युभय गराउला । यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र शिवको पूजा गर्नु शुभ होला ।

बुधमा मङ्गलको अन्तर्दशा

शुभफल : मङ्गल उच्च राशि, स्वराशि, मित्र राशि, योगकारक, लग्नेश वा योगकारकसँग युत वा शुभदृष्ट भएमा जन्मलग्न वा दशानाथ बुधबाट केन्द्र, त्रिकोण, एकादश वा तृतीय भावमा भएमा मङ्गलको दशामा घरायसी सुख, राज्यबाट लाभ, धनलाभ, माङ्गलिक कार्य, भूमि, वाहन, भवन लाभ आदि शुभफल प्राप्त होला ।

अशुभफल : मङ्गल नीच, शत्रुराशिस्थ, अशुभ भावेश, अस्त, बाधक, दशानाथ बुधबाट षष्ठ, अष्टम वा द्वादश भावमा पापाक्रान्त भएमा वा अशुभ तारासँग सम्बद्ध भएमा बुधको दशामा शरीरमा चोटपटक, दुर्घटना, क्यान्सर जस्ता रोगको सम्भावना, चोर, डाँका, अपराधीबाट भय, राज्यबाट सङ्कट, पतन, कलह जस्ता अशुभ फल मिल्ला । मङ्गलको मारकेशसँग सम्बन्ध भएमा मृत्युको सम्भावना रहला । यस अन्तर्दशाको शान्तिका लागि नृसिंह विष्णु, नटराज शङ्कर, दुर्गा र हनुमानको उपासना गर्नु उपयुक्त होला ।

बुधमा राहुको अन्तर्दशा

शुभफल : राहु मेष, वृष, मिथुन, कन्या वा कुम्भ राशिको भएर जन्मलग्न वा दशानाथ बुधबाट केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा वा जन्मलग्नबाट षष्ठ भावमा राहु भएमा वा राहु गुरुबाट दृष्ट भएमा वा राहु योगकारक ग्रहसँग युत वा दृष्ट भएर शुभ भावमा रहेमा राहुको अन्तर्दशामा राज्यबाट लाभ, उच्च पदप्राप्ति, मानसम्मान प्राप्ति, उच्च अधिकारीबाट लाभ, धनलाभ, धर्ममा मन जाने जस्ता शुभ फल मिल्ला ।

अशुभफल : राहु दशानाथ बुधबाट षष्ठ, अष्टम वा द्वादशस्थ भएमा वा राहु जन्मलग्नबाट अष्टम वा द्वादशमा भएमा वा राहु पापग्रहसँग वा बाधक ग्रहसँग सम्बद्ध भएमा राहुको अन्तर्दशामा धन, पद, मान र व्यवसाय हानि होला । आरोप र

अपजस आइलाग्ला। रोग र दुर्घटनाको सम्भावना रहला। सर्प र विषको खतरा पनि रहला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र लक्ष्मीको उपासना गर्नु उपयुक्त होला।

बुधमा गुरुको अन्तर्दशा

शुभफल : गुरु उच्च, स्वराशि, मित्रराशिमा भएमा वा शुभयुक्त भएमा वा जन्मलग्न वा दशानाथ बुधबाट केन्द्र, त्रिकोण, द्वितीय वा एकादश भावमा भएमा गुरुको अन्तर्दशामा सुख, समृद्धि, राज्यबाट लाभ, मानसम्मान, उच्च पद प्राप्ति, विवाह, सन्तान प्राप्ति, भाग्योदय आदि शुभ फल मिल्ला। बुध र गुरुको संयोगले उच्च बौद्धिक उन्नति गराउला।

अशुभफल : गुरु नीच, पापयुत्त, पापदृष्ट, बाधक, अशुभ भावेशसँग युक्त, अशुभ तारासँग सम्बद्ध, जन्मलग्न वा दशानाथ बुधबाट गुरु ६,८ वा १२ औँ भावमा भएमा गुरुको अन्तर्दशामा राज्य तथा शासक वर्गसँग कलह, राज्यबाट सङ्कट, पदहानि, धनहानि, माता पिताको निधन, मानहानि, विष वा सर्पबाट हानि, व्यावसायिक सङ्कट आदि अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि शिव र विष्णुको पूजा गर्नु उपयुक्त होला।

बुधमा शनिको अन्तर्दशा

शुभफल : बुधमा शनिको दशा हुँदा दशाछिद्र दोषका कारण शुभ फल राम्रो मिल्दैन। शनि उच्च, स्वराशि, गुरुको धनु वा मीन राशि, जन्मलग्न वा दशानाथ बुधबाट शनि केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा वा जन्मलग्नबाट शनि षष्ठ भावमा भएमा शनिको दशामा उच्च पद, मानसम्मान, राज्यबाट लाभ, शुभ एवं माङ्गलिक कार्य, भूसम्पत्ति एवं पशुधनमा वृद्धि, व्यावसायिक लाभ आदि शुभ फल मिल्ला।

अशुभफल : शनि नीच, शत्रु राशिगत, अशुभ भावेश वा बाधक भएमा वा लग्नेशको शत्रु भएमा वा पापग्रह, अशुभ भावेश वा बाधक ग्रहसँग युत वा दृष्ट भएमा वा शनि अस्त वा वक्री भएमा वा अशुभ तारासँग सम्बद्ध भएमा शनिको अन्तर्दशामा शत्रुभय, कलह, शोक, कष्ट, व्यवसायका लागि अनेक सङ्घर्ष, पारिवारिक कष्ट, सङ्कट, बन्धन आदि अशुभ फल मिल्ला। शनि मारकेशसँग सम्बद्ध भएमा मृत्युको सम्भावना पनि रहला। यस अन्तर्दशाको शान्तिका लागि शिव, विष्णु र दुर्गा पूजा गर्नु उपयुक्त होला।

(८) केतु महादशा फल

भार्यावियोगजनितं च शरीरदुःखं, द्रव्यस्य हानिरतिकष्टपरम्परा च ।
रोगश्च बन्धुकलहश्च विदेशिता च, केतोर्दशाजननकालदशा भवन्ति ॥

अर्थात् केतुको महादशामा दाम्पत्य वियोग, शारीरिक कष्ट, धनहानि, अत्यन्त दुःख, रोगवृद्धि, बन्धुवर्गसँग कलह, विदेशको बास जस्ता फल मिल्ला ।

केतुको शुभफल मिल्ने अवस्था : केतु पापग्रह मानिए पनि कतिपय अवस्थामा शुभ फलप्रदायक हुन्छ । विशेषगरी केतु जन्मलग्नबाट केन्द्र, त्रिकोण, एकादश भावमा भएमा वा शुभ राशिमा भएमा वा शुभदृष्ट भएमा वा स्वराशि वा उच्च राशिमा भएमा वा शुभ वर्गमा भएमा केतुको दशामा राज्यबाट अनेक लाभ होला, उच्च पद मिल्ला, मानसम्मान बढ्ला, पुत्रलाभ, वाहन सुख, आफ्नो क्षेत्रमा विशेष प्रतिष्ठा र अधिकार प्राप्ति आदि शुभ फल मिल्ला । केतु तृतीय, षष्ठ वा एकादश भावमा भएमा केतुको महादशामा अत्यन्त शुभ फल मिल्ला ।

केतुको अशुभफल मिल्ने अवस्था : केतु जन्मलग्नबाट द्वितीय, अष्टम वा द्वादश भावमा पापदृष्ट वा पापयुक्त भएमा केतुको महादशामा बन्धन वा कारावास, पदहानि, राज्यबाट हानि, भ्रातृनाश, मानसिक चिन्ता, अन्य व्यक्तिबाट ब्ल्याकमेलिङ, रोग, घाउचोट, दुर्घटना, अग्नि, शस्त्रास्त्रबाट हानि, जीवनमा खतरा जस्ता फल मिल्ला । केतु अशुभ ताराको सम्बन्धमा रहेमा वा मारकेश भएमा केतुको दशामा रोग, दुर्घटना वा हत्याको सम्भावना रहला । यस महादशाको शान्तिका लागि श्रद्धा र भक्तिपूर्वक गणेश, दुर्गा, शिव र छिन्नमस्ताको आराधना गर्नु उपयुक्त होला ।

केतुमा केतुको अन्तर्दशा

शुभ फल : केतु शुभ र बलवान् भएको अवस्थामा केतुको दशामा सुख, समृद्धि, आकस्मिक लाभ, घरायसी सुख, विद्याप्राप्ति, शत्रुनाश, व्यावसायिक लाभ, धार्मिक कार्य, भाग्यवृद्धि, स्वास्थ्यलाभ, आय वृद्धि जस्ता शुभ फल मिल्ला ।

अशुभ फल : केतु शत्रु राशि, मारकेश, अशुभ तारा वा अशुभ भावमा रहँदा केतुको दशामा आकस्मिक हानि, दुर्घटना, रोगव्याधि आदि अशुभ फल मिल्ला । यस अन्तर्दशाको शान्तिका लागि केतु महादशामा बताइएअनुसारका उपाय गर्नु उपयुक्त होला ।

केतुमा शुक्रको अन्तर्दशा

शुभ फल : शुक्र उच्च, स्वराशि, शुभ भावेश, योगकारक, शुभयुक्त, शुभदृष्ट वा जन्नलग्न वा दशानाथ केतुबाट शुक्र केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा वा शुक्र दशमेशसँग युक्त भएमा शुक्र महादशामा राज्यबाट लाभ, मानसम्मान, उच्च पदस्थ व्यक्तिबाट लाभ, सुख, धनलाभ, वाहन सुख, माङ्गलिक कार्य, स्वास्थ्यमा सुधार जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शुक्र जन्मलग्न वा दशानाथ केतुबाट ६,८ वा १२ औँ भावमा पापयुक्त अथवा नीचस्थ ग्रहसँग युक्त भएमा वा शुक्र अस्त भएमा शुक्रको अन्तर्दशामा कलह, धनहानि, व्यावसायिक हानि, पारिवारिक कलह, सङ्कट, रोग, घाउचोट, पदहानि, नोकरीमा तनाव दाम्पत्य विवाद, सन्तान कष्ट आदि अशुभ फल मिल्ला। शुक्रको अशुभ तारासँग सम्बन्ध भएमा वा शुक्र अष्टमेश भएर अशुभ सम्बन्भमा रहेमा शुक्रक्रो अन्तर्दशामा गम्भीर रोगबाट जीवनलाई खतरा होला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, लक्ष्मी, दुर्गा र शिव पूजा गर्नु उपयुक्त होला।

केतुमा सूर्यको अन्तर्दशा

शुभ फल : सूर्य उच्च, स्वराशि, मित्रराशि, मित्र नवांश, उच्च नवांश, लग्नेश, पञ्चमेश, नवमेश, दशमेश भएमा वा शुभप्रभावमा भएमा वा लग्नबाट केन्द्र, त्रिकोण, तृतीय, षष्ठ वा एकादश भावमा भएमा वा केतुबाट केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा सूर्य भएमा केतुमा सूर्यको अन्तर्दशामा व्यापार व्यवसायमा सफलता, धनलाभ, स्वास्थ्यलाभ, शुभ उत्सव, पुत्रलाभ, राज्यकृपा, पदलाभ, नोकरीमा उन्नति, मनोकामना पूर्ति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : सूर्य नीच राशि, नीच नवांश, शत्रु राशि, अशुभ भावेश, पापी वा शत्रुग्रहसँग युक्त वा दृष्ट भएमा वा दशानाथ केतुबाट षष्ठ, अष्टम वा द्वादश भावमा पापयुक्त वा पापदृष्ट भएमा वा अशुभ तारासँग सम्बद्ध भएमा सूर्यको अन्तर्दशामा राज्यबाट सङ्कट, परिवारमा कलह, परदेश गमन, मातापिताबाट विछोड, चोर, डाँका आदिबाट खतरा, दुर्घटना, अग्निभय, व्यावसायिक हानि जस्ता अशुभ फल मिल्ला। सूर्य मारकेश भएर पाप प्रभावमा रहेमा मृत्युको सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, शिव र सूर्यको पूजाआराधना गर्नु उपयुक्त होला।

केतुमा चन्द्रको अन्तर्दशा

शुभ फल : चन्द्रमा उच्च, स्वराशि, मित्रराशि, उच्च नवांशमा भएमा वा लग्नेश, चतुर्थेश, पञ्चमेश वा नवमेश भएमा वा पक्षबली भएमा वा शुभ प्रभावमा रहेमा वा शुभकर्तरी योगमा रहेमा वा केमद्रुम योगमा चन्द्रमा नपरेमा जन्मलग्न वा दशानाथ केतुबाट चन्द्रमा केन्द्र, त्रिकोण, द्वितीय वा एकादश भावमा भएमा चन्द्रमाको अन्तर्दशामा राज्यकृपा, राज्यबाट लाभ, मानसम्मान, उच्च पदस्थ व्यक्तिबाट लाभ, सुख प्राप्ति, भवन, भूमि प्राप्ति, वाहन लाभ, व्यावसायिक सफलता, मित्रवर्गबाट सहयोग जस्ता शुभ फल मिल्ला।

अशुभ फल : चन्द्रमा पक्षबलहीन, नीच राशि, नीच नवांश, शत्रु राशिस्थ, पाप प्रभावमा परेको, अशुभ भावेशको प्रभावमा परेको, अशुभ तारासँग सम्बद्ध, मारकेश, जन्मलग्न वा दशानाथ केतुबाट चन्द्रमा ६,८ वा १२ औँ भावमा भएमा केतुमा चन्द्रमाको दशामा मानसिक तनाव, दुःख, मृत्यु वा मृत्युतुल्य कष्ट, रोग, व्यावसायिक पतन, धननाश जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, चन्द्रमा र शिवपार्वती पूजा गर्नु उपयुक्त होला।

केतुमा मङ्गलको अन्तर्दशा

शुभ फल : मङ्गल उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, शुभयुक्त, शुभदृष्ट, योगकारक, वा जन्मलग्नबाट केन्द्र, त्रिकोण, तृतीय, षष्ठ वा एकादशस्थ, वा दशानाथ केतुबाट मङ्गल केन्द्र, त्रिकोण, तृतीय वा एकादशस्थ भएमा मङ्गलको अन्तर्दशामा भूमिलाभ, भवनलाभ, वाहनलाभ, पशुधन लाभ, उच्च पदस्थ व्यक्तिबाट लाभ, मित्रादिबाट सुख, सन्तानबाट सुख, मानसम्मान प्राप्ति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : मङ्गल नीच राशि, नीच नवांश, जन्मलग्नबाट द्वितीय, अष्टम वा द्वादश भावस्थ, वा केतुबाट ६,८ वा १२ औँ भावमा पापप्रभावमा रहेमा वा अशुभ तारासँग मङ्गलको सम्बन्ध भएमा मङ्गलको दशामा रोग, मृत्युभय, मूत्ररोग, गुप्ताङ्ग रोग, चोर डाँकाबाट भय जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र हनुमानको उपासना गर्नु उपयुक्त होला।

केतुमा राहुको अन्तर्दशा

शुभ फल : केतुमा राहुको दशाको प्रारम्भमा केही कष्ट भए पनि त्यसपछिको समयमा लाभ मिल्ला। राहु वृष, मिथुन, कन्या, तुला, मकर वा कुम्भ राशिमा बसेर जन्मलग्नबाट केन्द्र, त्रिकोण, तृतीय, षष्ठ, एकादश वा द्वितीय भावमा शुभ प्रभावमा

रहेमा केतुमा राहुको दशामा आकस्मिक धनलाभ, शेयर वा सट्टेबाजीबाट लाभ, विदेशबाट लाभ, धनवृद्धि आदि शुभ फल मिल्ला।

अशुभ फल : राहु जन्मलग्नबाट अष्टम वा द्वादशस्थ भएर पापप्रभावमा परेमा वा अशुभ तारासँग सम्बन्ध कायम भएमा केतुमा राहुको अन्तर्दशा आउँदा मधुमेह रोग, कलह, मुद्दामामिला, धनहानि, आकस्मिक सङ्कट, राजदण्ड, राज्यबाट झमेला, हत्या, अपरहण, दुर्घटना, चोटपटक जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा, हनुमान र भैरवको आराधना गर्नु उपयुक्त होला।

केतुमा गुरुको अन्तर्दशा

शुभ फल : गुरु उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, मित्रराशि, मित्र नवांशमा भएमा, जन्मलग्नबाट गुरु केन्द्र, त्रिकोण, एकादश स्थानमा भएमा वा गुरु लग्नेश, नवमेश, दशमेश वा पञ्चमेशसँग युक्त भएमा केतुमा गुरुको अन्तर्दशामा राज्यबाट लाभ, मानसम्मान, पद प्राप्ति, धनलाभ, व्यवसाय लाभ, पुत्रलाभ, पुण्यकर्म, शत्रुमाथि विजय, सुखी जीवन, कार्यमा प्रगति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : गुरु नीच राशि, नीच नवांश, अस्त, पापयुक्त, लग्न वा दशानाथबाट गुरु ६,८ वा १२ औँ भावमा हुनु, गुरु मारकेश हुनु, अशुभ तारासँग सम्बद्ध हुनु जस्ता अवस्थामा गुरुको अन्तर्दशामा रोग, मृत्युतुल्य कष्ट, धननाश, मानसिक पीडा, शरीर मा कष्ट, चोर, सर्प, घाउचोट आदिबाट भय, स्त्री, पुत्र वियोग आदि अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, शिव र विष्णुको पूजा गर्नु उपयुक्त होला।

केतुमा शनिको अन्तर्दशा

शुभ फल : शनि उच्च, स्वराशि, मित्रराशि, वा शुभ नवांश, उच्च नवांश, धनु वा मीन राशिस्थ वा शनि योगकारक भएर शुभ युक्त वा शुभदृष्ट भएमा वा जन्मलग्न वा दशानाथ केतुबाट शनि केन्द्र, त्रिकोण, तृतीय वा एंकादश भावमा भएमा वा जन्मलग्नबाट षष्ठ भावमा भएमा केतुमा शनिको दशामा राज्यबाट लाभ, उच्च व्यक्तिबाट लाभ, नोकरीमा चाहेअनुसार पदस्थापन, धनलाभ, अनन्द जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शनि नीच, शत्रुराशिस्थ, अस्त, वक्री, पापयुक्त, जन्मलग्नबाट अष्टम वा द्वादशस्थ अथवा दशानाथ केतुबाट ६,८ वा १२ औँ भावमा शनि भएमा यसको

अन्तर्दशामा पदबाट अवकाश, मानहानि, व्यावसायिक बाधा, शारीरिक कष्ट, मनमा ताप, राज्यबाट दण्ड, चोर, डाँकाबाट भय जस्ता अशुभ फल मिल्ला। शनि मारकेश वा अशुभ ताराको सम्बन्धमा परेमा मृत्यु वा मृत्युतुल्य सङ्कट आउला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, महाकाली र हनुमानको उपासना गर्नु उपयुक्त होला।

केतुमा बुधको अन्तर्दशा

शुभ फल : केतुमा बुधको दशालाई दशाछिद्र मानिन्छ। यसले केही अशुभ फल दिन्छ। यहाँ बुध शुभ ग्रह भए पनि केतुमा बुधको अन्तर्दशामा पहिलेदेखि बनिबनाउ कार्यहरू विग्रन सक्छ। केतु र बुध दुवै अविश्वसनीय ग्रह भएकाले जुनसुकै बेलामा काम भताभुङ्ग हुन सक्छ। विशेष गरी बुधको अन्तर्दशामा शुभ फल दिने केही अवस्था छन्। बुध उच्च, स्वराशि, शुभ युक्त, शुभ दृष्ट, शुभ भावेश, षड्बलमा बलवान्, जन्मलग्न वा दशानाथ केतुबाट बुध केन्द्र, त्रिकोण, लाभ भावमा भएमा बुधको अन्तर्दशामा पद तथा अधिकार प्राप्ति, धन, भूमि, भवन, वाहन प्राप्ति, पुत्र प्राप्ति, ज्ञान प्राप्ति, नोकरी, व्यापार, व्यवसायमा उन्नति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : बुध अशुभ भावेश, बाधक, लग्नेशबाहेक केन्द्राधिपत्य दोष भएको, पापाक्रान्त, अस्त, नीच, जन्मलग्न वा दशानाथ केतुबाट षष्ठ, अष्टम वा द्वादशस्थ, मारकेश वा अशुभ ताराको सम्बन्धमा रहेको भएमा बुधको दशामा राज्यबाट हानि, सङ्कट, आर्थिक हानि, धनहानि, पदहानि, मानहानि, व्यापार व्यवसायमा हानि जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र विष्णुको पूजा गर्नु उपयुक्त होला।

(९) शुक्र महादशा फल

आरामवृद्धि परिसर्वशरीरवृद्धिम्, श्वेतातपत्रधनधान्यसमाकुलञ्च।
आयुः शरीर सुतपौत्रसुखं नराणां, द्रव्यञ्च भार्गवदशागमने भवन्ति॥

अर्थात् शुक्रको महादशामा बागबगैँचा आदिको प्राप्ति, शरीर पुष्टि, सेतो छाता प्राप्ति, धनधान्यवृद्धि, आयु र पुत्रपौत्रको वृद्धि, द्रव्यलाभ जस्ता शुभ फल मिल्ला।

शुक्रको शुभफल मिल्ने अवस्था : शुक्र उच्च राशि, स्वराशि, उच्च नवांश, स्वनवांश, मित्रराशिस्थ, शुभ राशिस्थ, शुभ भावेश, योगकारक, लाभेशबाट युक्त, शुभग्रह

युक्त, शुभदृष्ट, केन्द्र तथा त्रिकोणगत शुक्रको महादशामा राज्यबाट मानसम्मान, शासनमा अधिकार प्राप्ति, सुखका साधन प्राप्ति, भूमि, वाहन, भवन प्राप्ति, लक्ष्मीको कृपा प्राप्ति, घरमा माङ्गलिक कार्य जस्ता शुभ फल मिल्ला।

शुक्रको अशुभफल मिल्ने अवस्था : शुक्र नीच, अस्त, पापयुक्त, पापदृष्ट, जन्मलग्नबाट पापप्रभावमा परेर षष्ठ, अष्टम वा द्वादशस्थ, अस्त, अशुभ तारागत भएमा शुक्रको महादशामा व्यापारमा घाटा, व्यावसायिक धक्का, भाइबन्धुसँग शत्रुता, परिवारमा कलह, धनहानि, नजिकका नातेदारको मृत्यु, मधुमेह रोग, पायल्स रोग, गुप्ताङ्ग रोग जस्ता अशुभ फल मिल्ला। यस महादशाको शान्तिका लागि शुक्रबार व्रत गरी गणेश र लक्ष्मीको अथवा शिव र अन्नपूर्णा पार्वतीको पूजा गर्नु उपयुक्त होला। त्यसैगरी दुर्गा सप्तशती पाठ गर्नु पनि शुभ होला।

शुक्रमा शुक्रको अन्तर्दशा

शुभ फल : शुक्र शुभ ग्रह भएकोले यसको अन्तर्दशामा प्रायः मनोरञ्जन, स्त्रीसमागम, लाभ, धर्म, अर्थ, काम, कुशलयुक्त, महाकीर्ति र खजानाको लाभ होला। शुक्र बलवान हुँदा अनेक मनोरञ्जन, अनेक भौतिक सुखका साधनको प्राप्ति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : शुक्र कमजोर र अशुभ अवस्थामा रहँदा, अस्त वा बाधक हुँदा प्रायः अशुभ फल मिल्ला। यसमा रोग, शोक, धनहानि, मनमा तनाव जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि शुक्र महादशामा बताइएका उपाय अवलम्बन गर्नु उपयुक्त होला।

शुक्रमा सूर्यको अन्तर्दशा

शुभ फल : सूर्य उच्च राशि, स्वराशि, मित्रराशि वा लग्नबाट केन्द्र, त्रिकोण, द्वितीय, एकादश भावमा भएमा सूर्यको अन्तर्दशामा धन, मानसम्मान, उच्च अधिकारीको कृपा, पद प्राप्ति, परिवार तथा दाम्पत्य सुख, पैतृक सुख, समुन्नति, सौभाग्य, भाइ तथा पुत्रलाभ आदि शुभ फल मिल्ला।

अशुभ फल : सूर्य तृतीयेश, षष्ठेश, अष्टमेश वा द्वादशेश भएमा वा पापाक्रान्त अथवा जन्मलग्नबाट अष्टम वा द्वादशस्थ वा नीच वा शत्रुराशिस्थ अथवा अशुभ ताराको सम्बन्धमा रहेमा रोग, कष्ट, राज्यबाट दण्ड, हानि, उच्च पदस्थ व्यक्तिसँग कलह, पिता तथा भाइलाई खतरा, घाउचोट, दुर्घटना, धनहानि जस्ता अशुभ फल

मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि सूर्य र शिवको आराधना गर्नु उपयुक्त होला।

शुक्रमा चन्द्रको अन्तर्दशा

शुभ फल : चन्द्र उच्च राशि, स्वराशि, शुभ राशिमा भएमा, पक्षबलयुक्त भएमा शुभग्रहसँग नवमेश वा दशमेशसँग भएमा वा जन्मलग्न वा दशानाथ शुक्रबाट सूर्य केन्द्र, त्रिकोण, तृतीय वा एकादश भावमा भएमा चन्द्रमाको अन्तर्दशामा कला, लेखन, साहित्य, अभिनय जस्ता क्षेत्रबाट प्रसिद्धि मिल्ला। उच्च अधिकारीबाट लाभ होला। धन प्राप्त होला। व्यावसायिक लाभ, पारिवारिक सुख, धनलाभ मानसम्मान, भवन, वाहन सुख, परिवारको वृद्धि जस्ता सुभ फल मिल्ला।

अशुभ फल : चन्द्र नीच राशि, पापाक्रान्त, अस्त, बलहीन, षष्ठेश, अष्टमेश वा द्वादशेश भएमा वा जन्मलग्न वा दशानाथ शुक्रबाट चन्द्र षष्ठ, अष्टम वा द्वादश भावमा रहेमा वा अशुभ तारासँग सम्बद्ध भएमा शुक्रको अन्तर्दशामा कलह, भय, सट्टेबाजीमा घाटा, आकस्मिक हानि, शारीरिक कष्ट, मानसिक तनाव, राज्यबाट हानि, पद खोसिने, जलबाट खतरा, परिवारका सदस्यलाई कष्ट जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि शिव र अन्नपूर्णा पार्वतीको उपासना गर्नु उपयुक्त होला।

शुक्रमा मङ्गलको अन्तर्दशा

शुभ फल : मङ्गल उच्च, स्वराशि, लग्नेश वा योगकारक वा शुभयुक्त वा शुभदृष्ट वा लग्नेश, पञ्चमेश, नवमेश, दशमेशसँग युत भएमा वा जन्मलग्नबाट केन्द्र, त्रिकोण, तृतीय, षष्ठ वा एकादश भावमा भएमा वा दशानाथ शुक्रबाट केन्द्र, त्रिकोण, वा एकादश भावमा भएमा मङ्गलको अन्तर्दशामा धनलाभ, भूमिलाभ, सम्पत्तिमा लाभ, व्यापारिक र व्यावसायिक उन्नति, राज्यबाट लाभ, रोजगारी प्राप्ति आदि शुभ फल मिल्ला।

अशुभ फल : मङ्गल नीच, अस्त, शत्रुराशिस्थ, वक्री, पापाक्रान्त, अशुभ ताराको सम्बन्धमा रहेको, अशुभ भावेश वा जन्मलग्नबाट अष्टम वा द्वादश भावगत भएमा मङ्गलको दशामा रोग, जीवनमा खतरा, पदच्युति, राज्यबाट हानि, उच्च स्थानबाट खस्ने खतरा, धनहानि, मानहानि, मुद्दामामिला, मानसिक कष्ट, अपमृत्युको खतरा,

आर्थिक हानि आदि अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, दुर्गा र हनुमानको उपासना गर्नु शुभ होला।

शुक्रमा राहुको अन्तर्दशा

शुभ फल : राहु योगकारक ग्रहसँग बसेमा वा वृष, मिथुन, कन्या, तुला, कुम्भ राशिमा बसेमा शुभयुक्त वा शुभदृष्ट भएमा, जन्मलग्नबाट राहु केन्द्र, त्रिकोण, तृतीय, षष्ठ वा एकादश स्थानमा भएमा, दशानाथ शुक्रबाट राहु केन्द्र, त्रिकोण वा एकादश स्थानमा भएमा राहुको अन्तर्दशामा आय, भूमि, भवन, वाहन, पशुधन आदि लाभ मिल्ला। व्यवसायमा उन्नति, यात्राबाट लाभ, भौतिक समृद्धि, राज्य र उच्च पदाधिकारीबाट लाभ जस्ता शुभ फल मिल्ला।

अशुभ फल : राहु अशुभ ग्रहसँग रहेको, अशुभ ताराको सम्बन्धमा रहेको, जन्म लग्नबाट अष्टम वा द्वादशस्थ भएको वा दशानाथ शुक्रबाट षष्ठ, अष्टम वा द्वादश स्थानमा पापप्रभावमा रहेमा राहुको दशामा कार्यमा बाधा, मानसिक चिन्ता, जातक वा उसका मातापितालाई अनिष्ट, कलह, मुद्दामामिला, राज्यबाट सङ्कट, गलत काममा मन जानु जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि चण्डीपाठका साथै गणेश, शिव र दुर्गाको उपासना गर्नु उपयुक्त होला।

शुक्रमा गुरुको अन्तर्दशा

शुभ फल : गुरु उच्च राशि, स्वराशि, मित्रराशिमा भएमा वा लग्नेश, पञ्चमेश, नवमेश भएमा वा शुभयुक्त वा शुभ राशिमा भएमा, जन्मलग्न वा दशानाथ शुक्रबाट केन्द्र, त्रिकोण, एकादश वा द्वितीय भावमा भएमा शुक्रमा गुरुको अन्तर्दशा हुँदा पहिले हटेको पदमा पुनः स्थापना, पदोन्नति, मानसम्मान, यश प्राप्ति, धनलाभ, पुत्र प्राप्ति, घर र वाहनको सुख, राज्यबाट लाभ जस्ता शुभ फल मिल्ला।

अशुभ फल : जन्म लग्न वृष, मिथुन, कन्या, तुला, मकर र कुम्भ भएमा गुरु अशुभ मानिन्छ। त्यस्तै गुरु नीच, शत्रुराशिस्थ, पापयुक्त, जन्मलग्न वा दशानाथ शुक्रबाट गुरु ६,८ वा १२ औं भावमा भएमा, गुरु अस्त वा बलहीन भएमा वा अशुभ तारासँग सम्बद्ध भएमा गुरुको अन्तर्दशामा राज्यबाट कष्ट, अपराधीबाट सङ्कट, शारीरिक कष्ट, जिम्मेवारीबाट हट्नु पर्ने, व्यवसायमा हानि, आयमा कमी, राजकोप उच्च अधिकारीबाट हानि, रोगको सम्भावना रहला। गुरु मारकेश भएर अशुभ ग्रह वा

भावसँग सम्बद्ध भएमा रोगको गम्भीरताबाट मृत्यु हुने सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि शिव र विष्णुको आराधना गर्नु शुभ होला।

शुक्रमा शनिको अन्तर्दशा

शुभ फल : शनि उच्च राशि, उच्च नवांश, स्वराशि, स्वनवांश, लग्नेश, योगकारक, शुभयुक्त, शुभदृष्ट, बलवान् भएर जन्मलग्न वा दशानाथ शुक्रबाट केन्द्र, त्रिकोण, एकादश भावमा भएमा वा जन्मलग्नबाट शनि तृतीय, षष्ठ, दशम वा एकादशमा भएमा शनिको अन्तर्दशामा राज्यबाट लाभ, मानसम्मान, बन्धुवर्गसँग मिलन, सुखसमृद्धि, पद प्राप्ति, व्यावसायिक लाभ, सन्तानमा सुख, दानपुण्य, तीर्थयात्रा आदि शुभ फल मिल्ला।

अशुभ फल : शनि नीच राशि, नीच नवांश, शत्रुराशि, शत्रु नवांश, षष्ठेश, अष्टमेश वा द्वादशेश भएमा, शनि वक्री, अस्त, पापयुक्त वा पापदृष्ट भएमा, जन्मलग्नबाट शनि अष्टम वा द्वादशस्थ भएमा, वा दशानाथ शुक्रबाट शनि षष्ठ, अष्टम वा द्वादशस्थ भएमा वा शनि अशुभ तारासँग सम्बद्ध भएमा शनिको अन्तर्दशामा व्यावसायिक हानि, पतन, अवनति, नोकरीमा समस्या, पशुधनमा हानि, माता, पिता, पति, पत्नी, सन्तान आदिलाई कष्ट, रोगको वृद्धि, राज्यबाट हानि जस्ता अशुभ फल मिल्ला। शनि मारकेश भएमा दीर्घरोग वा मृत्युको सम्भावना रहला। यस अन्तर्दशाको शान्तिका लागि शिव, दुर्गा र हनुमानको पूजाका साथै सप्तशती पाठ र मृत्युञ्जय जप गर्नु उपयुक्त होला।

शुक्रमा बुधको अन्तर्दशा

शुभ फल : बुध उच्च, स्वराशि, स्वनवांशमा भएमा वा लग्नेश भएमा वा लग्नेश, पञ्चमेश वा नवमेशसँग युत भएमा वा शुभयुत वा शुभदृष्ट भएमा वा जन्मलग्नबाट बुध केन्द्र, त्रिकोण वा एकादश स्थानमा भएमा बुधको अन्तर्दशामा राज्यबाट लाभ, शासक वर्गबाट लाभ, भाग्यवृद्धि, सन्तानको उन्नति जस्ता शुभ फल मिल्ला।

अशुभ फल : बुध नीच, अस्त, पापयुक्त, पापदृष्ट, जन्मलग्नबाट षष्ठ, अष्टम वा द्वादशस्थ, बाधक, अशुभ भावेश, अशुभ तारासँग सम्बद्ध भएमा बुधको अन्तर्दशामा विद्यामा बाधा, शैक्षिक प्रगतिमा बाधा, बोलीको प्रभाव नपर्ने, व्यावसायिक हानि, पदहानि, पशुधनमा हानि, रोगको सम्भावना, व्यापारमा घाटा जस्ता अशुभ फल

मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि लक्ष्मीनारायण र नवदुर्गाको आराधना गर्नु उपयुक्त होला।

शुक्रमा केतुको अन्तर्दशा

शुभ फल : केतु योगकारक ग्रहसँग युक्त भएमा वा मेष, सिंह, वृश्चिक, धनु वा मीन राशिमा भएमा, जन्मलग्नबाट ३,६,१० वा ११ औँ स्थानमा भएमा, जन्मलग्न वा दशानाथ शुक्रबाट केतु केन्द्र, त्रिकोण वा एकादश स्थानमा भएमा केतुको अन्तर्दशामा व्यवसायमा लाभ, धनवृद्धि, शत्रुमाथि विजय जस्ता शुभ फल मिल्ला। शुक्रमा केतुको अन्तर्दशामा दशाछिद्र दोष रहने हुँदा शुभ फलमा केही कमी होला।

अशुभ फल : दशानाथ शुक्रबाट केतु ६,८ वा १२ औँ भावमा भएमा वा जन्मलग्नबाट २,८ वा १२ औँ भावमा पापयुक्त भएर रहेमा वा केतु षष्ठेश, अष्टमेश वा द्वादशेशसँग युक्त भएर रहेमा वा अशुभ तारासँग सम्बद्ध भएमा केतुको अन्तर्दशामा विषको प्रयोगबाट हानि, विषालु जीवबाट कष्ट, घाउचोट, अग्निबाट भय, शस्त्रास्त्र, विस्फोट, आत्महत्याको सम्भावना, मतिभ्रमको सम्भावना, अनेक झमेला, कष्ट, नोकरीमा झमेला, व्यावसायिक हानि जस्ता अशुभ फल मिल्ला। यस अन्तर्दशाको शान्तिका लागि गणेश, शिव, दुर्गा र छिन्नमस्ताको आराधना गर्नु शुभ होला।

३.३ योगिनी महादशा र अन्तर्दशा

योगिनी महादशाको फलकथनमा विचारणीय पक्ष

योगिनी दशाका आधारमा प्रायः हिन्दु ज्योतिषीहरूले फलादेश गर्दछन्। यसको प्रचलन नेपाललगायतका पहाडी क्षेत्रहरूमा बढी मात्रामा रहेको पाइन्छ। योगिनी दशालाई भगवान् शिवले बताएका हुन् भन्ने विश्वास छ। फलकथन गर्दा विंशोत्तरी र योगिनी दुवै दशाबाट विचार गर्दा सटिक फलादेश हुनसक्छ। यसमा गोचरलाई पनि साथसाथै विचार गर्नुपर्छ। यसरी फलादेश गर्दा व्यक्तिको जीवनमा घट्ने घटनाका बारेमा पूर्वानुमान गर्न सहज हुन्छ। योगिनी दशा शान्तिका उपायहरू विंशोत्तरीकै जस्ता हुन्। उदाहरणका लागि मङ्गलाको दशामा चन्द्रको उपायमा बताइएअनुसार गर्ने हो भने पिङ्गलामा सूर्यमा बताइएजस्तै उपाय गर्ने हो। यसका साथै योगिनीका छुट्टै जपहरू गर्नु आवश्यक छ। यहाँ अष्टयोगिनी महादशा र अन्तर्दशाको फलकथनबारे प्रकाश पारिन्छ।

(१) मङ्गला(चन्द्र) अवधि १ वर्ष

महादशा फल

वैरीणां विवदनं विनाशनं, वाहनस्य बहुरत्नलाभदा ।
कामिनीसुतगृहाद्विलासदा, मङ्गला सकल मङ्गलोदया ॥

अर्थात् मङ्गलाको महादशामा शत्रुसँगको विवाद अन्त्य, वाहन र अनेक रत्नहरूको लाभ, परिवारमा उत्सव र आनन्दको वातावरण, सबैतिरबाट मङ्गलोदय होला ।

व्याख्या : मङ्गलाको स्वामी चन्द्रमा भएकोले लग्न कुण्डली र गोचरमा चन्द्रमाको बलअनुसार मङ्गलाको शुभ वा अशुभ फल मिल्दछ । यसको वर्षमान १ वर्षको हुन्छ। यस महादशामा मन अत्यन्त स्वच्छ हुन्छ र धार्मिक क्षेत्रमा मन जान्छ। पुराण, कथा र प्रवचनमा लाग्नाले जातकलाई सुखसमृद्धि मिल्दछ। यस दशाको अवधिमा चन्द्र बलियो भएमा भवन, वाहन, गरगहना आदिको लाभ हुन्छ । घरमा पूजापाठ, विवाह, व्रतबन्ध आदि माङ्गलिक कार्य हुन्छ। मित्र र नाताकुटुम्बबाट स्नेह र हार्दिक सहयोग मिल्दछ । परिवारका सदस्यहरूका बिचमा सुमधुर सम्बन्ध र सहयोग मिल्छ।

मङ्गलामा विभिन्न अन्तर्दशा : मङ्गलामा मङ्गलादेखि सङ्कटासम्म क्रमशः अन्तर्दशा हुन्छ। यसमा मङ्गलाको अन्तर्दशा शुभ, पिंगलाको अशुभ, धान्याको शुभ, भ्रामरीको अशुभ हुँदै जान्छ । यसमा पिङ्गला, भ्रामरी, उल्का र सङ्कटाको अन्तर्दशा आउँदा दुःख, कष्ट, मनमा क्लेश, महिलासँग विवाद, राजदण्ड, पारिवारिक कलह, अपमान, अपयश र अन्तिममा सङ्कटाको अन्तर्दशा आउँदा रोगको जटिलतासँगै मृत्युसम्मको सम्भावना रहला । मङ्गलाका बाँकी दशाअवधि शुभ फलदायी होलान् ।

(२) पिङ्गला(सूर्य) अवधि २ वर्ष

महादशा फल

दुःख-शोक-कुलरोग-वृद्धिता, व्यग्रता च कलहः स्वजनैश्च ।
अन्त्यभागफलदा कथिताऽसौ, पिङ्गला च विदुषां सुखदाऽऽदौ ॥

अर्थात् पिङ्गलाको महादशामा दुःख, शोक, कुलरोगको वृद्धि, व्यग्रता, स्वजनसँग कलह होला । यस महादशाको सुरुमा सुख र अन्त्यमा दुःख पर्ला ।

व्याख्या : पिङ्गलाको स्वामी सूर्य उच्च, स्वगृही, मित्र राशिस्थ, शुभ प्रभावमा परेको भएमा पिङ्गलाको दशामा शुभ फल मिल्ला अन्यथा अशुभ फल बेहोर्नु पर्छ। पिङ्गला सरल र धार्मिक स्वभावकी राजनर्तकी थिइन्। आफ्नो सुगालाई रामनाम सिकाउँदै गर्दा पिङ्गलाको मृत्यु भएर उनले मोक्ष प्राप्त गरिन् भन्ने धार्मिक विश्वास छ। सूर्य कमजोर वा शत्रुगृही हुँदा शरीरमा कष्ट, हृदय रोग, अनावश्यक मनोकामनाबाट दुःख उत्पन्न हुनु, अनैतिक आचरण र खराब सङ्गतिका कारण धन र माननाश, पित्त रोग, ज्वरो र रक्तविकार, सन्तान र सहयोगीलाई कष्ट जस्ता अशुभ फल मिल्ला। सूर्य बलवान् हुँदा उच्च अधिकारीबाट सहयोग, पदलाभ, आर्थिक लाभ, राज्यबाट लाभ, प्रभावशाली महिलाबाट कार्यसिद्धि जस्ता फल मिल्ला।

पिङ्गलामा विभिन्न अन्तर्दशा : पिङ्गलामा पिङ्गलाकै अन्तर्दशा हुँदा दुर्व्यसन, दुराचार र मानसिक कष्ट होला। त्यस्तै पिङ्गलामा भ्रामरी, उल्का, सङ्कटा र मङ्गलाको दशा हुँदा परिवारमा कलह, धनहानि, राजदण्ड, अपयश, स्वास्थ्यहानि, रोग र मृत्युतुल्य कष्ट होला। त्यस्तै पिङ्गलामा धान्या, भद्रिका र सिद्धाको दशामा धनलाभ, व्यापारिक लाभ, स्वास्थ्यमा सुधार, सुख, वैभव, यश वृद्धि, मानसम्मान मिल्ला।

(३) धान्या(गुरु) अवधि ३ वर्ष

महादशा फल

धनधान्यवृद्धिं धरानाथमान्यं, सदा युद्धभूमौ जयं धैर्यवन्तम्।
कलत्राङ्गनानां सुखं चित्रवस्त्रैर्युतं धान्यका धातुवृद्धिं करोति॥

अर्थात् धान्याको महादशामा धनधान्यमा वृद्धि, राज्यबाट मानसम्मान, युद्धमा विजय, धैर्य, पतिपत्नी, पुत्रादिको सुख, रङ्गीचङ्गी वस्त्रादिको प्राप्ति तथा धातुको वृद्धि होला।

व्याख्या : धान्याको स्वामी बृहस्पति भएकोले यसको दशामा विद्या र शैक्षिक क्षेत्रमा उन्नति होला। गुरु बलवान् हुँदा शैक्षिक र धार्मिक उन्नति होला। शैक्षिक योग्यता बढ्ला। मानसम्मानमा वृद्धि, राज्यबाट लाभ, धार्मिक अनुष्ठानमा मन जाने, तीर्थयात्रा हुने जस्ता शुभ फल मिल्ला। यस दशामा स्वास्थ्य, मानसम्मान, पारस्परिक सम्बन्ध, प्रतिष्ठा आदिमा वृद्धि हुन्छ। जन्मकुण्डलीमा बृहस्पति कमजोर हुँदा धान्याको दशामा गुप्ताङ्गरोग, जीवनमा झमेला, व्यवहारमा समस्या जस्ता अशुभ फल मिल्ला।

धान्यामा विभिन्न अन्तर्दशा : धान्यामा भ्रामरी, उल्का, सङ्कटा र पिङ्गलाको दशा आउँदा कलह, क्लेश, परदेशगमन, मानहानि, धनहानि, कष्ट, बन्धन, कारावास, मानसिक तनाव, राज्यबाट कष्ट र शिरको रोग होला। यसबाहेक धान्यामा अन्य योगिनीको दशा आर्थिक लाभ, स्वास्थ्य लाभ, व्यापारिक लाभ, राज्यबाट लाभ, मानसम्मान आदि दिने हुन्छ।

(४) भ्रामरी(मङ्गल) अवधि ४ वर्ष

महादशा फल

विदेशे भ्रमं हानिमुद्वेगता च, कलत्राङ्गपीडा सुखैर्वर्जितं च।
ऋणं व्याधिवृद्धिं तथा भूपकोपं, दशाभ्रामरी भोगभङ्गं करोति॥

अर्थात् भ्रामरीको महादशामा विदेशको भ्रमण, हानि, उद्वेग, पति वा पत्नीमा पीडा, अनेक दुःख, ऋणवृद्धि, रोगवृद्धि र राज्यपक्षबाट कष्ट मिल्ला।

व्याख्या : भ्रामरीको स्वामी मङ्गलले प्रायः कष्ट दिन्छ। यसको दशा अन्तिमसम्म कष्टकारी मानिन्छ। जन्मकालीन मङ्गल शुभ हुँदा भ्रामरीको दशा केही कम कष्टकारी हुन्छ। यस दशामा विभिन्न स्थानमा व्यर्थ भ्रमणमा जानुपर्ने हुन्छ। विदेश भ्रमण पनि विफल हुनसक्छ। पदबाट हट्ने, कर्मचारीलाई नचाहेको स्थानमा सरुवा भएर जानुपर्ने, घरमा वा बाहिर जहाँ गए पनि सुख नमिल्ने हुन्छ।

भ्रामरीमा विभिन्न अन्तर्दशा : भ्रामरीमा भ्रामरीका साथै उल्का, सङ्कटा र पिङ्गलाका दशामा अनेक झमेला बेहोर्नु पर्ला। यसमा क्लेश, विष वा सङ्क्रमणको पीडा, धनहानि, परिवारमा हानि, व्यर्थ भ्रमण, थकान, झुट्टा आरोप, अपमान, राज्यबाट कष्ट आदि अशुभ फल मिल्ला। भ्रामरीमा भद्रिका, सिद्धा जस्ता शुभ दशा आउँदा नोकरी, व्यवसाय, स्वास्थ्य पारिवारिक आदि क्षेत्रमा लाभ होला।

(५) भद्रिका(बुध) अवधि ५ वर्ष

महादशा फल

धनानां विवृद्धिं गुणानां प्रकाशं, समीचीनवस्त्रागमं राजमानम्।
अलङ्कारदिव्याङ्गनाभोगसौख्यं, दशाभद्रिका भद्रकार्यं करोति॥

अर्थात् भद्रिकाको महादशामा धनको वृद्धि, गुणहरू प्रकाशित हुने, सुन्दर वस्त्रादि लाभ हुने, राज्यबाट मानसम्मान मिल्ने, विवाह भएर सुमधुर दाम्पत्य जीवनको प्रारम्भ हुने र अन्य विभिन्न सुखद क्षण आउने हुन्छ।

व्याख्या : भद्रिकाको स्वामी ग्रह बुधलाई भद्र ग्रह भनिन्छ। जन्मकुण्डलीमा बुध बलवान् हुँदा भद्रिकाको शुभ फल बढी मात्रामा मिल्छ। यस दशामा परिवारमा आपसी स्नेह, सद्भाव र सहयोग बढ्ला। जातकले सन्तमहात्मा, शासक वर्ग वा उच्च वर्गबाट धन, मानसम्मान र सहयोग प्राप्त गर्ला। घरमा माङ्गलिक कार्य होला। साथीभाइका साथमा आमोदप्रमोद होला। उच्च वर्गको सहयोगले मनोकामना पूर्ण होला। व्यक्ति स्वस्थ, गुणी, उदार, परोपकारी, अर्काको सेवामा तत्पर र मानसम्मान पाउने हुन्छ। बुध कमजोर हुँदा भद्रिकाको दशामा अशुभ स्थिति आउला र अनेक सङ्कट आउला। व्यापार व्यवसायमा हानि होला। मानसम्मानमा आँच आउला।

भद्रिकामा विभिन्न अन्तर्दशा : भद्रिकामा उल्का, सङ्कटा, पिङ्गला र भ्रामरीको दशा अनिष्टप्रद हुन्छ। यसमा जातकको सामान चोरिने, कलह हुने, मनमा क्लेश हुने, अनेक बाधाव्यवधान आउने, मतिभ्रम हुने, मानसिक तनाव बढ्ने, स्वास्थ्य खराब हुने, अग्नि वा विद्युत्बाट आर्थिक नोक्सानी हुने, रक्तदोष, दुर्घटना, मृत्युको भय जस्ता अशुभ फल मिल्ला।

(६) उल्का(शनि) अवधि ६ वर्ष

महादशा फल

> **जनानां विवादं ज्वराणां प्रकोपं, धनादीष्टदारादिकानां वियोगम्।**
> **स्वगोत्रे विवादं सुहृद्बन्धुवैरं, दशा चोल्किकाऽनर्थकर्त्री सदैव ॥**

अर्थात् उल्काको महादशामा स्वजनसँग विवाद, ज्वरोको प्रकोप, धन, स्त्री, इष्ट आदिबाट वियोग, आफ्ना गोत्रमा विवाद, मित्रबन्धुसँग वैरभाव र सदा अनर्थकारी हुन्छ।

व्याख्या : उल्काको स्वामी शनि भएकोले यसको दशा प्रायः कष्टकारी हुन्छ। यस दशामा अनेक सङ्कट आउन सक्छन्। उल्का भनेको कुनै अग्निपिण्ड आकाशबाट खस्नु हो। यसलाई कुनै आपत्तिको पहाड आएको मान्न सकिन्छ। जन्मलग्नअनुसार शनि अशुभ वा अकारक हुँदा उल्काको दशामा धन र वाहनको नाश, सन्तान र सेवकबाट कष्ट, परिवारमा कलह, सगोत्री बन्धुवर्गमा पनि कलह, शरीरमा पीडा, स्वास्थ्यमा हानि, अग्निको प्रकोप जस्ता अशुभ फल मिल्ला।

उल्कामा विभिन्न अन्तर्दशा : उल्का आफैं अनिष्टकारी भएकोले यसमा उल्का, सङ्कटा, पिङ्गला र भ्रामरीको अन्तर्दशा आउँदा बढी कष्टप्रद हुन्छ। यसमा शत्रुबाट भय, प्रतिष्ठामा आँच आउने, पदभङ्ग, मृत्युभय, परिवारका सदस्यमा विपत्ति,

मानसिक तनाव, भ्रमणमा कष्ट, चर्मरोग, शिरको रोग, मित्रसँग कलह जस्ता अशुभ फल मिल्ला। उल्कामा बाँकीको अन्तर्दशा पनि ज्यादा शुभ हुँदैन। उल्कामा मङ्गला र धान्याको दशामा केही आर्थिक लाभ, स्वास्थ्यलाभ एवं सुखमा वृद्धि होला।

(७) सिद्धा(शुक्र) अवधि ७ वर्ष

महादशा फल

राज्ञाऽधिकारं स्वजनादिसौख्यम्, धनादिलाभं गुणकीर्तिसिद्धिम्।
वामादिलाभं सुतवृद्धिसौख्यम्, विद्यां च सिद्धा प्रकरोति पुंसाम्॥

अर्थात् सिद्धाको महादशामा राज्यबाट विशेष जिम्मेवारी पाइने, स्वजनादिबाट सुख, धनादि लाभ, गुण र कीर्तिको सिद्धि होला, विवाहबाट राम्रो जोडीको लाभ, पुत्रादि सन्तानको वृद्धिबाट आनन्द प्राप्ति, विद्याको सिद्धि प्राप्त होला।

व्याख्या : सिद्धाको स्वामी शुक्र मनोरञ्जनको प्रतीक भएकोले यसको दशामा मनमा आनन्द दिने फल मिल्ला। शुक्र शुभ र बलवान् भएमा सिद्धाको दशामा सुख, सौभाग्य, मानसम्मान, तथा प्रतिष्ठामा वृद्धि होला। धन, वस्त्र, रत्न, आभूषण र वाहनादि सुख प्राप्त होला। सन्तानको विवाहबाट सुख मिल्ला। उच्च पद र अधिकार प्राप्त होला। सिद्ध महात्माको कृपाले दैवी गुण र शक्ति प्राप्त होला। व्यक्तिलाई मध्यस्थकर्ता बनाउन र सबैको कलह साम्य पार्न सफलता मिल्ला।

सिद्धामा विभिन्न अन्तर्दशा : सिद्धामा सङ्कटा, पिङ्गला, भ्रामरी र उल्काको दशामा अनेक कष्ट मिल्ला। यसमा राजदण्ड, बन्धन, कारावास, बाधा, चिन्ता, आपसी कलह, अग्नि र चोरबाट भय, अन्यायबाट धनलाभ, भ्रमणबाट कष्ट, धननाश, मानसिक व्यथा जस्ता अशुभ फल मिल्ला। त्यस्तै सिद्धामा अन्य शुभ योगिनीको दशामा शुभ फल मिल्ला। यसमा सिद्ध पुरुषबाट लाभ, माङ्गलिक कार्य, सुख, आनन्द, चाहनाको पूर्ति जस्ता शुभ फल मिल्ला।

(८) सङ्कट (राहु) अवधि ८ वर्ष

महादशा फल

जनानां विवादं ज्वराणां प्रकोपं, कलत्रादिकष्टं पशूनां विनाशम्।
गृहे स्वल्पवासं प्रवासाभिलासं, दशा सङ्कय सङ्कटं राजपक्षात्॥

अर्थात् सङ्कटको महादशामा आफन्त जनसँग विवाद, ज्वरोको प्रकोप, पति वा पत्नीलाई कष्ट, पशुधनको विनाश, घरमा कम मात्र बसोबास, विदेशमा जाने अभिलाषा र राज्यपक्षबाट कष्ट हुन्छ।

व्याख्या : सङ्कटको स्वामी राहु भएकोले यसको दशामा अनेक कष्ट बेहोर्नुपर्छ। राहु अकारक र अनिष्ट हुँदा सङ्कटको दशामा धन, मान, पद, प्रतिष्ठाको हानि होला। चोरी, अग्नि र अन्य उपद्रवबाट धननाश होला। परिवारमा वियोग, शरीरको दुर्बलता, मनमा खराब विचार आउलान्। जातकले मनोमानी र खराब कर्म गर्ला। जसले सङ्कट निम्त्याउला। दुर्घटना, रोग र मृत्युसम्मको सम्भावना रहला। नीति विपरीतको कार्यले अपजस आउला। मनमा विकार पैदा होला। राहुको शुभ स्थिति र शुभ सम्बन्ध भएमा सङ्कटको दशामा पनि केही लाभ होला।

सङ्कटमा विभिन्न अन्तर्दशा : सङ्कटमा सङ्कट, पिङ्गला, भ्रामरी र उल्काका अन्तर्दशा बढी अनिष्टकारी होला। जातकलाई मृत्युबाट भय होला। शरीर दुर्बल होला, दुर्व्यसन र दुराचरको सिकार होला, आर्थिक हानि, सन्तानमा कष्ट, यात्रामा कष्ट, दुर्घटना, धननाश जस्ता अशुभ फल मिल्ला। सङ्कटमा शुभ योगिनीको अन्तर्दशा आउँदा जन्मलग्न तथा गोचरमा राहुको शुभ स्थिति भएमा केही शुभ फल मिल्ला।

अध्याय चार

कुण्डली विश्लेषण

फलित ज्योतिषको मुख्य पाटो कुण्डली विश्लेषण हो। कुण्डलीको सटिक विश्लेषणबाट ज्योतिषीको परीक्षण हुन्छ। "विद्यावतां भागवते परीक्षा" अर्थात् विद्याको परीक्षा भागवतमा हुन्छ भने जस्तै ज्योतिषीको परीक्षा फलित प्रकरणमा हुन्छ। यसमा ज्योतिषीको अध्ययन, साधना, अनुभव, अनुमान क्षमता, सिर्जनात्मक क्षमता, प्रस्तुतिको प्रभावकारिता आदि पक्षहरूले प्रभाव पार्दछन्। ज्योतिषीले फलादेश गर्ने स्थानको पनि प्रभाव रहन्छ। ज्योतिषीले शान्त स्थानमा बसेर प्रश्नकर्ताले जान्न चाहेको जिज्ञासामा केन्द्रित रहेर फलित ज्योतिषका प्रामाणिक ग्रन्थहरूलाई आधार मानेर देश, काल र परिस्थितिसमेत बुझेर फलादेश गर्नुपर्छ। हाल फलित ज्योतिषमा पनि केही विकृति देखा पर्न थालेको छ। यस्ता विकृतिको अन्त्यका लागि विद्वान् ज्योतिषीहरू अगाडि आउनु आवश्यक छ। भूकम्प र कोरोना जस्ता मानवीय विपत्तिको समयमा मनगढन्ते कुरा गरेर समाजमा भ्रम फैलाउने कथित ज्यातिषीहरूको भ्रमको जालो चिर्नु पनि आवश्यक छ।

सच्चा ज्योतिषीको परम कर्तव्य ज्योतिष विद्याका नामबाट जनताको सेवा गर्नु हो। फलादेश गर्दा व्यक्तिको जिज्ञासामा केन्द्रित हुनुपर्दछ। अनावश्यक व्याख्या गर्ने, बढी बोल्ने, व्यक्तिलाई तर्साउने जस्ता कार्य गर्नु हुँदैन। व्यक्तिको प्रभावमा आएर फलादेश गर्नु पनि हुँदैन। अब यहाँ केही प्रसिद्ध व्यक्तिका साथै सर्वसाधारणका कुण्डलीको कसरी फलादेश गर्ने भन्ने विषयतर्फ केन्द्रित भएर लागौँ।

४.१ राजा पृथ्वीनारायण शाहको कुण्डली विश्लेषण

जन्म वि.सं. १७७९ पौष २७ गते

जन्म समय : सूर्योदयबाट इष्ट घट्यादि ३६:१५

कुण्डली स्रोत : राजवंशी, वि.सं. २०३३, पृ. १७६



आयु विचार : कुण्डलीको विश्लेषण गर्दा सर्वप्रथम आयुको विचार गर्नुपर्छ। पृथ्वीनारायणको आयु ५२ वर्ष रहेको थियो। यसलाई मध्यमम आयु भनिन्छ। यस कुण्डलीमा लग्नेश सूर्य र अष्टमेश बृहस्पति दुवै द्विस्वभाव राशिमा छन्। यसले मध्यायुयोग बन्दछ। शनि द्विस्वभाव राशिमा र चन्द्र चर राशिमा हुँदा अल्पायु योग भयो। लग्न स्थिर राशिमा र होरालग्न द्विस्वभावमा हुँदा दीर्घायु योग बन्यो। यसमा अल्प, मध्य र दीर्घ तीन वटै आयु आएकोले मध्यायु योग मानियो। तर बृहस्पति पापयुक्त भएकोले आयुमा ह्रास भयो। उनको मृत्युको समयमा अष्टमेश बृहस्पतिमा राहुको अन्तर्दशा रहेको थियो। मारकेश मङ्गलसँग राहुको सम्बन्ध रहेको समयमा उनको मृत्यु भएको हो। यिनी धेरैपटक मृत्युको मुखबाट उम्किएका थिए। यिनको उमेर २० वर्षको भएपछि राहुको दशा सुरु भएको हो। यस दशा अवधिमा यिनीमाथि आक्रमण हुन लागेको समयमा जोगिएर बाँच्न सफल भएका थिए। यस्ता अनेक आकस्मिक घटनामा यिनी जोगिएका हुन्।

स्वभाव विचार : लग्न र लग्नेश, नवांश र यसमा चन्द्रको अवस्था हेरेर व्यक्तिको व्यक्तित्व, रूपरङ्ग, स्वभाव आदिबारे जानकारी लिन सकिन्छ। यसमा सर्वप्रथम सिंह लग्नको जातकको फल र मकर राशिका व्यक्तिको फल र लक्षण हेर्नु आवश्यक छ। सिंह लग्न भएकोले पृथ्वीनारायण शाह दृढ, हठी र क्रोधमा भयङ्कर हुने स्वभावका थिए। सिंह लग्न स्वयं राजसी लग्न भएकोले राजामा हुने गुण उनमा थियो। उनले क्रोधमा आएर अनेक व्यक्तिहरूलाई भयङ्कर सजाय दिएका थिए। कुण्डली फलकथनका सूत्र नं. ३९ मा सिंह लग्नको जातक क्रोधी भए पनि परोपकारी र

असल स्वभावको हुन्छ भन्ने लेखिएको छ। इतिहासको अध्ययनबाट पनि पृथ्वीनारायणमा यस्ता लक्षण रहेको पाइन्छ। मकर राशिको जातक प्रभावशाली, क्रोधी, दृढप्रतिज्ञ, ख्यातीप्राप्त हुन्छ भन्ने बताइएको छ। यस्ता लक्षण पनि पृथ्वीनारायणमा रहेको पाइन्छ।

अन्य विचारणीय पक्ष : सन् १७४३ को अप्रिलमा पिता नरभूपाल शाहको निधनपछि पृथ्वीनारायण शाहको राज्यारोहण भएको हो। यसमा परम्परागत गणनामा मङ्गलको महादशा देखाइएको छ भने आधुनिक प्रचलित सफ्टवेरले राहुको महादशामा राहुकै अन्तर्दशा देखिन्छ। वास्तवमा राहुकै दशामा राज्यारोहण भएको सही मान्न सकिन्छ। राहु जन्मकालमा मिथुन र राज्यारोहणकालमा वृषमा रहेको देखिन्छ। वास्तवमा वृष र मिथुन दुवैलाई राहुका उच्च राशि मान्ने चलन छ। त्यस्तै राज्यारोहणकालमा राहु जन्मकुण्डलीको दशम स्थान वा राज्यभावमा उच्च भएर रहेको अवस्थामा जसलाई शनिले पनि देखेको अवस्थामा राज्यारोहण भएको छ। राजाका लागि राज्यारोहण पिताको निधनपछि हुने भएकोले सुख र दुःख दुवै मानिन्छन्। शनि राहु दुवै विच्छेदकारक ग्रहको दशम स्थानमा परेको प्रभावले पिताबाट विच्छेदका साथै राज्यको अधिकार प्राप्त भएको देखिन्छ।

पृथ्वीनारायणले राहुमा राहुको अन्तर्दशामा नै सन् १७४४ को सेप्टेम्बरमा नुवाकोटमाथि विजय प्राप्त गरे। सन् १७६० देखि जीवनभर उनको बृहस्पतिको महादशा परेको थियो। उनको कुण्डलीमा बृहस्पति पञ्चमस्थ र स्वगृही छ। सामान्य अवस्थामा गुरु पञ्चमस्थ हुँदा निष्फल हुन्छ भन्ने हो। तर यहाँ गुरु स्वगृही भैकन यसमा लग्नेश सूर्य, चतुर्थेश एवं नवमेश मङ्गल, सप्तमेश शनि जस्ता ग्रहका साथमा बसेको छ। यसले गुरुको दशामा उनलाई राज्य विस्तारमा ठुलो सफलता मिलेको देखिन्छ। गुरुको अवधिमा उनले कान्तिपुर, पाटन, भादगाउँलगायत पूर्वका विजयपुर, चौदण्डी जस्ता राज्यहरू कब्जा गरी पूर्वमा इलामसम्म विजयपताका फहराएका थिए। पश्चिमी नेपालको एकीकरणमा भने उनी सफल भएनन्।

४.२ राजा वीरेन्द्र विक्रम शाह

जन्म मिति र समय : वि.सं. २००२ पौष १४ गते, पूर्वाह्न ११:३० बजे,

जन्मस्थान : काठमाडौँ, स्पष्ट लग्न : ११।३।५६।२२ स्पष्ट सूर्य : ८।१२।५३।५६



यिनको जन्म मीन लग्न, सिंह नवांशमा भएको हो। लग्नेश गुरु अष्टमस्थ छ। द्वितीयेश एवं नवमेश मङ्गल नीच भए पनि वक्री छ। शनि(वक्री) र राहु चतुर्थ केन्द्रमा छ तर केही नेपाली सफ्टवेयरले पञ्चम स्थानमा शनि देखाएका छन्। उनको बाल्यकालमा माताको निधन भएकोले चतुर्थ स्नानमा नै शनि रहेको मान्दा सटिक फल आउँछ। सूर्य, केतु र शुक्र दशम केन्द्रमा छ। बुध भाग्यभावमा अवस्थित छ जुन केन्द्रधिपत्य दोषबाट दूषित छ।

आयु विचार : यी राजाको ५५ वर्ष ५ महिनाको उमेरमा २०५८ साल जेठ १९ गते राति नारायणहिटी राजदरबारमा भएको रहस्यमय हत्याकाण्डमा परिवार र इष्टमित्रका साथ निधन भयो। यिनको कुण्डलीमा चरमा लग्नेश र द्विस्वभावमा अष्टमेशले अल्पायु योग देखिन्छ। त्यस्तै द्विस्वभावमा शनि र चरमा चन्द्रमाले पनि अल्पायु योग देखिन्छ। लग्न द्विस्वभाव राशिमा र चन्द्रमा चर राशिमा भएकोले पनि अल्पायु नै देखिन्छ। अब होरालग्न साधन गरौँ। इष्टकाल ११ घडी २३ पलामध्ये ११ घडीको घडीफल सारिणीबाट आएको राश्यादि फल ४।१२ आयो। पला २३ को पलाफल सारिणीबाट आएको अंशादि फल ४।३६ भयो। दुवैको यथास्थानमा जोड गर्दा ४।१६।३६ राश्यादि योगफल आयो। यहाँ लग्न सम भएकोले लग्नकै राश्यादि ११।३।५६।२२ मा जोड्दा योगफल १५।२०।३२।२२ अर्थात् ३।२०।३२।२२ होरालग्न अर्थात् चरराशिमा होरालग्न भयो। यसमा लग्न द्विस्वभाव र होरालग्न चरमा भएकोले अल्पायु योग नै देखियो। यसरी सबैतिरबाट अल्पायु योग देखिएकोले अल्पायुमा निधन हुनुपर्ने हो। तर आयु निर्धारणको अर्को विधिअनुसार लग्नेश बृहस्पति सूर्यको मित्र भएकोले

दीर्घायु देखिन्छ। त्यस्तै लग्नेश गुरु शुक्रका घरमा बसेको छ जुन शत्रु भए पनि कुण्डलीअनुसार तात्कालिक मित्रको घरमा बसेको छ। यसआधारमा लग्नेश गुरु समका घरमा बसेकोले मध्यायु देखिन्छ। गुरुमा पक्षबलहीन चन्द्रमाको प्रभावले आयु बढाएको देखिँदैन। यसबाट यिनी अल्पायुमा नै अनेकपल्ट मृत्युतुल्य कष्टबाट पार पाएका मान्नुपर्छ।

२०५८ जेठ १९ गते रात्रि ९:०० बजे दरबार हत्याको समयतिरको कुण्डली



राजदरबारमा भएको हत्याकाण्डका समयमा राजा वीरेन्द्रको कुण्डलीअनुसार बुधमा बुधकै अन्तर्दशा चलेको थियो। योगिनी दशा उल्कामा भद्रिकाको थियो। मीन लग्नको कुण्डलीमा प्रथम मारकेश मङ्गल भाग्यभावको स्वामी पनि भएकोले कम मारक मानिन्छ। द्वितीय मारकेश बुध केन्द्राधिपत्य दोषबाट दूषित पनि भएकोले प्रबल मारक मानिन्छ। दरबार हत्या काण्डका दिनको ग्रहस्थिति हेर्दा राजा वीरेन्द्रको मारकेश बुध राहुसँग बसेको र अर्को मारकेश मङ्गलले देखेको हुँदा घोर षड्यन्त्रको सिकार भएर मारिने योग परेको देखिन्छ। बुध, राहु, केतु र मङ्गल मृत्युका कारक भएका छन्। यी सबै ग्रहहरू षड्यन्त्र र अपघातका कारक मानिन्छन्। बुधले आकस्मिक रूपमा सङ्कटमा पार्दछ भने राहु र केतुले आकस्मिक घटना गराउँछ। योगिनी दशामा उल्कामा भद्रिका पनि अशुभ हो। उल्काको मालिक शनि गोचरमा राजा वीरेन्द्रको जन्मकुण्डलीबाट तृतीय स्थानमा षष्ठेश सूर्यका साथमा बसेको छ। यसले पनि शत्रुबाट षड्यन्त्र गराउने परिस्थिति सृजना गराएको छ। राजा वीरेन्द्रको जन्मकुण्डलीको द्वितीय परिवार स्थानमा चन्द्र र गुरुको दृष्टि शुभ मानिए पनि

द्वितीयेश मङ्गल नीच भएर पञ्चम स्थानमा व्ययेश शनिको नक्षत्रमा बस्नाले पनि परिवारसहित षड्यन्त्रको सिकार भएको देखिन्छ।

रूपरङ्ग र स्वभाव विचार : राजा वीरेन्द्रको मीन लग्नको मालिक बृहस्पति भएकोले उनको स्वभाव भद्र, शिक्षामा रुचि राख्ने, विद्याव्यसनी, कलामर्मज्ञ जस्ता लक्षण देखिन्छन्। नवांश सिंह भएकोले राजसी स्वभाव र भद्र स्वभाव देखिन्छ। यिनको तुला राशि भएकोले माननीय, भोगी, कलाको ज्ञाता, व्यापारमा रुचि राख्ने, स्त्रीको वचनमा चल्ने, स्वजनप्रिय, क्रोधी जस्ता लक्षण देखिन्छन्।

अन्य विचारणीय पक्ष : राजा वीरेन्द्रको कुण्डलीको चतुर्थभाव वा मातृभावमा शनि र राहुको दृष्टि हुनु र मातृकारक चन्द्रमा पनि पक्षबलहीन भएर अष्टम स्थानमा बसेकोले उनकी माता इन्द्र राज्यलक्ष्मी शाहको २००७ साल भाद्र महिनामा निधन भएको थियो । त्यसबेला वीरेन्द्रको राहुमा गुरुको अन्तर र शनिको प्रत्यन्तर्दशा चलेको थियो। शनि र राहु दुवै विच्छेदकारक ग्रह भएकाले यिनलाई सानै उमेरमा माताबाट विच्छेद गराएको देखिन्छ। यिनको २०२६ साल फागुनमा लग्नेश गुरुमा सप्तमेश बुधको दशामा विवाह भएको र यसै दशामा २०२८ माघ महिनामा राज्यारोहण भएको हो। त्यस्तै गुरुमा शुक्रको दशामा २०३१ साल फागुन १२ गते यिनको राज्याभिषेक भएको हो। यसै समयमा यिनले नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव विश्वसामु राखे। गुरुमा राहुको अन्तर्दशा हुँदा यिनले २०३६ साल जेठ १० गते जनमत सङ्ग्रह घोषणा गरे। शनिमा शुक्रको अन्तर्दशा हुँदा २०४६ सालको जनआन्दोलन भएर पञ्चायती व्यवस्था समाप्त भई बहुदलीय व्यवस्था लागु भयो। त्यसपछि शनिमा राहुको दशा हुँदा २०५२ साल फागुनबाट माओवादी विद्रोह प्रारम्भ भयो।

४.३ एक साधारण ब्राह्मण पुरुष

जन्म मिति र समय : वि.सं. १९९७ कार्तिक २७ गते बेलुका ६:१५ बजे

जन्मस्थान : काठमाडौँ, नेपाल।

मृत्यु : वि.सं. २०७६ कार्तिक, काठमाडौँ।

एक साधारण पुरुषको कुण्डली



आयु विचार : यो कुण्डली साधारण ब्राह्मण पुरुषको हो। ज्योतिषको अध्ययन गर्दा प्रसिद्ध र सार्वजनिक जीवनमा कहलिएका व्यक्तिको भन्दा साधारण व्यक्तिको कुण्डली विश्लेषण गर्दा प्रभावकारी रूपमा फलादेश गर्न सहज हुन्छ।

(१) यी जातकको कुण्डलीमा लग्नेश शुक्र द्विस्वभावमा र अष्टमेश गुरु चर राशिमा भएर अल्पायु योग गराएको छ।

(२) चरमा शनि र द्विस्वभावमा चन्द्रमाले पनि अल्पायु योग बनाएको छ।

(३) लग्न स्थिरमा र चन्द्रमा द्विस्वभावमा हुँदा दीर्घायु योग बनेको छ।

(४) लग्नको मालिक शुक्र बुधको घरमा बसेको छ जुन नैसर्गिक मित्र र तात्कालिक पनि मित्र भएकोले अधिमित्रको घरमा बसेको छ, जसले दीर्घायु योग बनाएको छ।

(५) लग्नको मालिक शुक्र सूर्यको शत्रु भए पनि शुक्र र सूर्य तात्कालिक मित्र भएकाले दुवैबाट सम हुन पुगेको छ, जसले मध्यायु योग बनाएको छ।

यी जातकको दुई तिरबाट अल्पायु, एक तिरबाट मध्यायु र दुई तिरबाट दीर्घायु भएकोले सामान्य दीर्घायु देखियो। लग्नेश शुक्र पञ्चम त्रिकोण स्थानमा मित्र बुधका घरमा बसेकोले पनि आयु वृद्धि गराएको देखिन्छ। यसले गर्दा जातक ७९ वर्षको उमेरसम्म बाँचेका हुन्। जातकको मृत्यु २०७६ कार्तिकको अन्तिम समयतिर भएको हो जुनबेला जातकको कुण्डलीअनुसार गुरुमा शुक्रको अन्तर र गुरुको प्रत्यन्तर्दशा चलेको थियो। त्यसबेला जातकको लग्नबाट गुरु मृत्यु स्थानमा

शनि र केतु जस्ता क्रूर ग्रहका साथमा थिए। मारकेश बुध र मङ्गल नीच सूर्यका साथमा रहेको समयमा जातकको मृत्यु भएको हो। वृष लग्नको कुण्डलीमा अष्टमेश बृहस्पतिको दशामा मृत्युको सम्भवाना बढी रहन्छ। यस्तो मृत्युदाता ग्रहसँग शनिको सम्बन्ध भएमा शनि नै प्रबल मारक भएर मृत्यु गराएको देखिन्छ।

शारीरिक लक्षण : यो कुण्डलीमा लग्न र नवांश दुवैको मालिक शुक्र भएकोले र लग्नेश शुक्र बुधका घरमा राहुका साथमा बसेकोले ठिक्क शरीर र गहुँगोरो वर्णको देखिन्छ। वृष लग्नवाला व्यक्ति प्रायः दुब्लो हुन्छ। वास्तवमा जातक दुब्ला, पातला र छरितो शरीरका थिए।

विद्या विचारणीय : सामान्यतः पञ्चम स्थान र बृहस्पतिबाट विद्या हेर्ने चलन छ। तर विद्याको चतुर्थ र बुद्धिको पञ्चम स्थानबाट विचार हुन्छ। विद्या र बुद्धिको घनिष्ठ सम्बन्ध रहन्छ। त्यस्तै नवम स्थानबाट आध्यात्मिक विद्या र दशम स्थानबाट विद्याबाट प्राप्त हुने कीर्तिबारे हेरिन्छ। सामान्यतः धनबाट विद्या प्रभावित हुने हुँदा द्वितीय वा धनस्थानका बारेमा पनि विचार गर्नु आवश्यक छ। हाल डाक्टर बन्ने क्षमता भए पनि चिकित्सा शिक्षा महङ्गो भएकोले योग्यताले मात्र डाक्टर बन्न सकिँदैन। यसका लागि धनको पनि आवश्यकता पर्छ। त्यसैले विद्याको लागि धनस्थानको पनि विचार गर्नुपर्छ। यी जातकको पञ्चम वा विद्यास्थानमा राहुका साथमा रहेको नीच शुक्रमा चन्द्रको दृष्टि परेको छ। पञ्चमेश बुध नीच सूर्य र सप्तमेश तथा द्वादशेश मङ्गलका साथमा षष्ठ अर्थात् दुःस्थानगत भएकोले विद्या सामान्य रहन्छ। यसमा पञ्चमेश बुध षष्ठस्थ हुनाले विद्यामा उच्च सफलता नमिलेको भए पनि त्यसलाई विद्याको कारक बृहस्पतिको दृष्टि र शनिको उच्च दृष्टि परेकोले विद्यामा केही मात्रामा प्रगति देखिएको हो। सन्तान भावमा पनि विद्याकै जस्तो सामान्य शुभ देखिन्छ। जातकले लगभग २० वर्षको उमेरमा आई ए (हालको १२ कक्षा) सम्म उत्तीर्ण गरेका थिए। विक्रम संवत् २०१६/१७ सालतिर आई ए पास गर्नु पनि राम्रो विद्या हासिल गरेको मानिन्थ्यो। तर जातकलाई अनेक प्रयास गर्दा पनि सरकारी सेवाको अवसर मिलेन। लग्न कुण्डलीमा सूर्य नीच हुनु, दशमेश शनि नीच भएर द्वादश स्थानमा बस्नु र नवमांश कुण्डलीमा पनि सूर्य र शनि शक्तिशाली नहुनुले जातकलाई काम, नोकरी वा व्यवसायमा राम्रो सफलता मिल्न नसकेको देखिन्छ।

दाम्पत्य र सन्तान विचारणीय : दाम्पत्य जीवनका बारेमा चर्चा गर्दा सप्तम स्थान, सप्तमेश र पुरुषको कुण्डलीमा शुक्र र स्त्रीको कुण्डलीमा बृहस्पतिको बलाबल हेर्नुपर्छ। यसबारेमा लग्न, चन्द्र र नवांश कुण्डलीका साथै पुरुषका बारेमा हेर्दा शुक्र

बसेको स्थानलाई लग्न मानेर पनि हेर्न सकिन्छ। सप्तमेश मङ्गल जन्मकुण्डलीमा षष्ठस्थ हुनु, नीच सूर्यसँग बस्नु, जसलाई शनि र गुरुको दृष्टि पर्नुले दाम्पत्य जीवन सामान्य रहेको बुझिन्छ। सन्तान हेर्ने पञ्चम भावमा लग्नेश शुक्र र राहुको योग छ, जसमा चन्द्र र केतुको दृष्टि छ, त्यस्तै यसले पुत्री सन्तानको योग बनाएको छ। त्यसैगरी पञ्चमेश बुध ग्रह, सूर्य र मङ्गल जस्ता पुत्रकारक ग्रहका साथ बस्नु, जसलाई पुत्रकारक ग्रह शनि र गुरुले देख्नु जस्ता कारणले पुत्रयोग पनि बनाएको छ। तर पञ्चम भावमा राहु र केतुको सम्बन्धका साथै पञ्चमेश षष्ठस्थ हुनुले केही सन्तान खेर गएका देखिन्छन्। वास्तवमा जातकका तीन पुत्र सन्तान र पुत्रीसमेत रहेका छन्।

अन्य विविध पक्ष : जातकको आयेश शनि व्यय स्थानमा रहनुले आय र व्यय बराबर जस्तो देखिन्छ। तर आय स्थानमा चन्द्रमा र केतु रहनुले आयमा अनियमितता रहेको बुझिन्छ। त्यस्तै धनेश बुध षष्ठस्थ भएकोले धनको कमी देखिन्छ। कुण्डलीमा शुक्र र राहुको योगलाई राम्रो मानिँदैन। यस्तो योग हुँदा कामवासनाले बढी सताउने देखिन्छ। यसले गर्दा व्यक्तिले ठिकसँग आफ्ना कामव्यवसाय गर्न सक्दैन। शनिको साथमा बृहस्पति हुनुले आध्यात्मिक विद्या र वेदान्त दर्शनप्रति रुचि जागृत हुन्छ।

४.४ लता मङ्गेशकर

जन्म मिति र समय : २८ सेप्टेम्बर १९२९, रात्रि १०:३० बजे भारतीय समय

जन्मस्थान : इन्दोर, मध्यप्रदेश, भारत

हालको उमेर : ९१ वर्ष (सन् २०२० मा)

लता मङ्गेशकरको कुण्डली



यो कुण्डली विश्वविख्यात भारतीय सङ्गीत साधिका लता मङ्गेशकरको हो। यिनका पिता पं. दीनानाथ मङ्गेशकरका चार छोरी र एक छोरामध्ये लता सबैभन्दा जेठी हुन्। यिनका परिवारका सबैजसो सङ्गीत क्षेत्रमा आबद्ध छन्। लता मङ्गेशकरको कुण्डलीको विश्लेषण निम्नानुसार छ :

आयु विचारणीय : लग्नेश र अष्टमेश स्थिरमा छ। त्यस्तै द्विस्वभावमा शनि र चरमा चन्द्रमा छ। यसले अल्पायु योग गराएको छ। लग्न स्थिर राशिमा र चन्द्रमा चर राशिमा हुँदा मध्यायु योग गराएको छ। अर्को प्रकारले हेर्दा लग्नेश शुक्र सूर्यको नैसर्गिक शत्रु भए पनि तात्कालिक मित्र भएकोले समका घरमा लग्नेश रहेको छ जसले मध्यायु योग बनाएको छ। यसबाट मध्यायु योग बन्दछ। यसमा लग्नमा बृहस्पति रहनाले आयु वृद्धि गराएको छ। यसले गर्दा मध्यायुबाट दीर्घायुमा कक्षा वृद्धि भएको देखिन्छ। त्यसमाथि अष्टम स्थानमा नवमेश तथा दशमेश शनि बसेकोले पनि आयु वृद्धि गराएको छ। जातिकाको मङ्गल सप्तमेश तथा द्वादशेश भएकोले प्रबल मारकेश मानिन्छ। मङ्गल षष्ठस्थ भएर राहु र केतुको प्रभावमा परेकोले अत्यन्त बलियो मारकेश मानिन्छ। त्यस्तै द्वितीय मारकेश बुध उच्च भएकोले सामान्य मारकेश मात्र हुन्छ। मङ्गलको दृष्टिमा परेको अष्टमेश बृहस्पति पनि मारकोश मानिन्छ। त्यस्तै अष्टमा स्थानमा बसेको शनि पनि मारकेश मानिन्छ।

यिनको कुण्डलीअनुसार सन् २०१४ देखि २०३० सम्म गुरुको दशा चलेको छ। यसमा गुरु र शनिको अन्तर्दशा सकिएर हाल सन् २०२० मा बुधको अन्तर्दशा चलेको छ। यिनको स्वास्थ्यका लागि हाल चलेको बुधका साथै केतु, शुक्र, मङ्गल र राहुका अन्तर्दशा अशुभ मानिन्छन्।

अन्य विचारणीय पक्ष : वृष लग्न र कर्कट राशि भएकोले जातिकामा महिलामा हुने कोमलता, सरलता, सुमधुर वचन जस्ता गुण र स्वभाव देखिन्छन्। अष्टम भाव रहस्यमय कला र विद्याको भाव हो भने एकादश भाव कलाका माध्यमबाट लाभ दिने भाव हो। यस कुण्डलीमा अष्टमेश तथा एकादशेश गुरु लग्नमा बसेर कलाका माध्यमबाट आर्थिक लाभका साथै मानसम्मान बढाउने देखिन्छ। द्वितीय भाव वाणीको कारक हो जसको मालिक बुध हुँदा वाणी अत्यन्त प्रभावकारी हुन्छ। त्यसमाथि बुध उच्चको भएर चतुर्थेश सूर्यका साथमा पञ्चम विद्या र कलासम्बन्धी भावमा बसेकोले वाणीको क्षेत्रमा उच्चतम सफलता मिलेको देखिन्छ। पञ्चम त्रिकोणमा बुध आदित्य योगले पनि शुभफल प्रदान गरेको छ।

दशम भाव प्रसिद्धि र यशको भाव हो जसको मालिक शनिले आफ्नै घरमा तृतीय दृष्टि दिएर भावको फल वृद्धि गराएको छ। कीर्ति वा प्रसिद्धिको कारक सूर्य चतुर्थेश पञ्चम भावमा बसेर केन्द्रत्रिकोण सम्बन्ध र बुधादित्य योगसमेत बनाएको छ। दशम भावमा कलाको कारक शुक्रको मित्रदृष्टि पनि छ। चन्द्रबाट दशम भावमा मङ्गलको स्वराशिमा दृष्टि छ। यस्ता ग्रहहरूको तारतम्यले कलाका माध्यमबाट जातिकालाई प्रसिद्धिको शिखरमा पुऱ्याएको देखिन्छ।

कुण्डलीका एकादश स्थानबाट दाजु वा दिदी र तृतीय स्थानबाट भाइ वा बहिनीको विचार हुन्छ। लता सबैभन्दा जेठी भएकीले उनका भाइबहिनीको विचार तृतीय स्थान, तृतीयेश र भ्रातृकारक मङ्गलबाट गर्न सकिन्छ। तृतीय स्थानमा स्वगृही चन्द्रमा रहेको यसमा अन्य अशुभ प्रभाव नपरेकोले भाइबहिनीको प्रगति गराउने योग बनेको छ। चन्द्रबाट तृतीय स्थानमा बुधादित्य योग बनाएर बसेको उच्च बुधसहितको सूर्यले पनि भ्रातृभावलाई बल प्रदान गरेको छ।

सप्तमभाव दाम्पत्य भाव हो। यसको मालिक मङ्गल षष्ठस्थानमा केतुको प्रभावमा परेको छ। चन्द्रबाट सप्तम स्थानको मालिक शनि पनि लग्नबाट अष्टमस्थ र चन्द्रबाट षष्ठस्थ भएर रहेको छ। यसले गर्दा यिनको विवाह नभएको हो।

अध्याय पाँच

ग्रहदशा शान्ति

५.१ ग्रह शान्तिको आवश्यकता

फलित ज्योतिषशास्त्र सूर्यादि नवग्रह र मेषादि बाह्र राशिको पारस्परिक सम्बन्धमा आधारित छ। यसमा व्यक्तिका कुण्डलीजन्य शुभयोग र राजयोगहरू हुन्छन् भने अशुभ योगहरू पनि हुन्छन्। कतिपय व्यक्तिका कुण्डलीमा शुभ र राजयोग हुँदाहुँदै पनि भनेजस्तो प्रगति भएको देखिँदैन। कतिपय राजयोग भएका व्यक्तिको उल्टो अर्थात् अधोगति पनि भएको छ। यसका विपरीत अशुभ योगमा पनि प्रगति भएका उदाहरण छन्। कुण्डलीमा एकातिर राजयोग भए पनि अर्कातिरबाट त्यसको कटौती भएको हुन्छ भने कतिपय अवस्थामा दुर्योग पनि भङ्ग भएर सुयोगमा परिवर्तन भएको हुन्छ। कतै नीच ग्रह वक्री वा नीचभङ्ग राजयोगबाट शुभ फलदाता बनेका हुन्छन् भने कतै उच्च ग्रह वक्र भएर वा मृत वा अस्त भएर अशुभ फलदाता बनेका हुन्छन्। यस्ता विषयवस्तुको विश्लेषण अत्यन्त जटिल छ। विशेषतः ग्रह र राशिबाट बन्ने लग्न, चन्द्र, नवांश आदि कुण्डलीहरूलाई चारैतिरबाट विवेचना गरेर मात्र निष्कर्षमा पुग्नु आवश्यक छ।

कुण्डली विश्लेषणपछि विंशोत्तरी महादशा र अन्तर्दशाका साथै प्रत्यन्तर्दशामध्ये कुन ग्रहको कस्तो फल मिलेको छ पत्ता लगाउनु पर्छ। त्यस्तै योगिनी दशा, शनिको साडेसात र अढैया दशा पनि कस्तो अवस्थामा छ र कति अवधिसम्म चल्छ भन्ने निश्चय गर्नुपर्छ। त्यसपछि ती ग्रहहरूले शुभ वा अशुभ कुन फल दिएका छन् वा दिनेवाला छन् भन्ने पत्ता लगाएर ग्रहशान्तितर्फ लाग्नुपर्छ। कुण्डलीमा बनेका शुभ वा अशुभ योगहरू सधैँ सक्रिय वा फलप्रद हुँदैनन्। वास्तवमा कुण्डलीजनित शुभाशुभ फलहरू आफ्ना महादशा, अन्तर्दशा र प्रत्यन्तर्दशाकालमा फलित हुन्छन्। यसबारे स्पष्ट भएर सम्बद्ध ग्रहको शान्ति निम्नानुसारका प्रयोजनका लागि गर्नु आवश्यक छ :

(१) शुभ फलप्रद ग्रहहरूले आफ्ना दशा कालमा दिने शुभफल वृद्धि गराउन त्यस्ता ग्रहका पूजापाठ र अन्य उपाय गर्ने।

(२) अशुभ फलप्रद गहहरूले आफ्ना दशाकालमा दिने अशुभफल कमी गराउन त्यस्ता ग्रहका पूजापाठ र अन्य उपाय गर्ने।

(३) कतिपय अशुभ फलप्रद ग्रहहरूको पूजापाठ वा उपायबाट ती ग्रह शक्तिशाली भई थप हानि गर्नसक्ने अवस्था पहिल्याएर तिनका प्रतिरोधी ग्रहका पूजापाठ र अन्य उपाय गर्ने।

५.२ ग्रह शान्तिका प्रकार

ज्योतिषमा ग्रहशान्तिका विभिन्न उपाय बताइएका छन्। त्यस्ता उपायहरू सम्बन्धित ग्रहका दशा अवधिमा अवलम्बन गर्न सकिन्छ। यसका साथै कतिपय ग्रहका उपाय नियमित रूपमा गर्नु पनि लाभदायक हुन्छ। उदाहरणका लागि लग्नेश, पञ्चमेश र नवमेशका उपाय आजीवन गर्न सकिन्छ। रत्न धारणमा भने विशेष सावधानी अपनाउनु पर्छ। लग्नेशको रत्न सधैँ शुभदायक मानिन्छ। तर कुनै ग्रह शुभ वा अशुभ दुवै भावका स्वामी हुँदा रत्न धारण गर्दा हानि पनि हुन सक्छ। उदाहरणका लागि कुम्भ लग्नमा बुध र सिंह लग्नमा बृहस्पति पञ्चमेश र अष्टमेश दुवै हुन्छ। मिथुन लग्नमा शनि अष्टमेश र नवमेश दुवै हुन्छ। यस्तोमा ती ग्रहका रत्न धारण गर्दा लाभभन्दा हानि हुन सक्छ। यसबारे सजग भएर उपाय अवलम्बनतर्फ लाग्नु पर्छ। ग्रह शान्तिका प्रमुख उपाय निम्नानुसार छन् :

(१) ग्रहका देवताको पूजा : सूर्य ग्रहको शान्तिका लागि मुख्य रूपमा शिव पूजा गर्ने विधान छ। त्यसैगरी सूर्यको देवताका रूपमा प्रत्यक्ष सूर्य वा तिनको प्रतिमा र विष्णु पूजा पनि गर्ने चलन छ। चन्द्र ग्रहको शान्तिका लागि शिवपार्वती र चन्द्रमाको पूजा गर्ने चलन छ। मङ्गल ग्रहको शान्तिका लागि गणेश, कुमार र हनुमानजीको पूजा गर्न सकिन्छ। बुधको शान्तिका लागि गणेश, विष्णु र दुर्गा पूजा गर्ने। बृहस्पतिको शान्तिका लागि विष्णु, दत्तात्रेय, कृष्ण र बगलामुखी पूजा गर्नुपर्छ। शुक्रको शान्तिका लागि इन्द्राणी र महालक्ष्मीको पूजा तथा शनिको शान्तिका लागि शिव, महाँकाल र हनुमानजीको पूजा गर्नुपर्छ। राहुका लागि भैरव र दुर्गा पूजा तथा केतुका लागि गणेश, भैरव र छिन्नमस्ताको पूजा गर्ने चलन छ।

(२) ग्रहको स्तोत्र पाठ : नवग्रहका स्तोत्र नियमित पाठ गर्नाले पनि ग्रह शान्ति हुन्छ। यसबारे सम्बद्ध ग्रहपूजा विधानमा थप प्रकाश पारिनेछ।

(३) ग्रहका मन्त्र जप : नवग्रहका तान्त्रिक, बीज र वैदिक मन्त्रका साथै योगिनीका मन्त्रहरूको जप, हवन, मार्जन, ब्राह्मण भोजन आदि गर्नाले पनि ग्रहशान्ति हुन्छ।

(४) ग्रहका दान : नवग्रहका दान गर्ने वस्तुहरू विधिपूर्वक उचित पात्रलाई दान गर्नाले ग्रहशान्ति हुन्छ।

(५) ग्रहका व्रत : नवग्रहका लागि विधिपूर्वक व्रत गरी ग्रहसम्बद्ध देवताको पूजापाठ गर्नाले ग्रह शान्ति हुन्छ।

(६) रत्नधारण : ग्रहसम्बद्ध रत्न वा बाधक ग्रहका प्रतिरोधी रत्नधारण पनि ग्रहशान्तिका उपाय हुन्। रत्नधारण गर्न असमर्थ व्यक्तिले गहका जडी वा रुद्राक्ष धारण पनि गर्न सक्दछन्।

५.३ नवग्रह शान्ति विधि

जन्म कुण्डली र दशा कालमा कुनै ग्रह अशुभ भएको अवस्थामा त्यसको शान्ति गर्नुपर्छ। यसमा तीन वटाभन्दा बढी ग्रह अशुभ भएको अवस्थामा नवग्रहको नै शान्ति गराउनु शुभ हुन्छ। नवग्रह शान्तिका लागि नवग्रहको पूजापाठ, स्तोत्रपाठ र ग्रहहरूका केही सामग्रीको दान गर्नाले शुभ हुन्छ।

हिन्दु समाजमा भगवान् गणेश, ब्रह्मा, विष्णु, शिव, सरस्वतीलगायतका देवीदेवताका साथै नवग्रहको उपासनाको पनि निकै महत्त्व छ। यज्ञअनुष्ठानको क्रिया नवग्रहको स्थापनाबिना अपूर्ण हुन्छ। त्यसैले गणपति, सरस्वती, क्षेत्रपालका साथै नवग्रहको स्थापनापश्चात् पूजा गरेर प्रणाम गर्नुपर्छ :

ॐ गणाधिपं नमस्कृत्य नमस्कृत्य पितामहम्।
विष्णुं रुद्रं देवीं वन्दे वन्दे भक्त्या सरस्वतीम्॥
स्थानाधिपं नमस्कृत्य ग्रहनाथं निशाकरम्।
धरणीगर्भसम्भूतं शशिपुत्रं बृहस्पतिम्॥
दैत्याचार्यं नमस्कृत्य सूर्यपुत्रं महाग्रहम्।
राहुं केतुं नमस्कृत्य यज्ञारम्भे विशेषतः॥

सूर्यादि नवग्रहको स्तोत्र नित्य पाठ गर्नु पनि विशेष लाभदायक, कल्याणकारक, शुभफलदायक, आयु, आरोग्य र ऐश्वर्यदायका मानिन्छ।

नवग्रह स्तोत्र :

जपाकुसुमसंकाशं काश्यपेयं महाद्युतिम्।
तमोऽरिं सर्वपापघ्नं प्रणतोऽस्मि दिवाकरम्॥

अर्थ : जपापुष्पजस्तो रातो वर्ण भएका, महान् तेजले सम्पन्न, अन्धकारका विनाशक, सबै पाप नष्ट गर्ने र महर्षि कश्यपका पुत्र भगवान् सूर्यलाई म प्रणाम गर्दछु ।

दधिशङ्खतुषाराभं क्षीरोदार्णवसम्भवम् ।
नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम् ॥

अर्थ : दही, शङ्ख र हिउँजस्तो कान्तिवाला, क्षीरसमुद्रबाट उत्पन्न भएका, भगवान् शङ्करका शिरोभूषण तथा अमृतस्वरूप भएका चन्द्रमालाई म प्रणाम गर्दछु ।

धरणीगर्भसंभूतं विद्युत्कान्तिसमप्रभम् ।
कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ॥

अर्थ : धर्तीमाताबाट प्रादुर्भाव भएका, विद्युत्को कान्तिजस्ता तेजिला, कुमार अवस्थावाला र हातमा शक्ति लिएका मङ्गललाई म प्रणाम गर्दछु ।

प्रियङ्गुकलिकाश्यामं रूपेणाप्रतिमं बुधम् ।
सौम्यं सौम्यगुणोपेतं तं बुधं प्रणमाम्यहम ॥

अर्थ : प्रियङ्गु लताको कलीको समान गाढा हरियो वर्णवाला, अतुलनीय सौन्दर्यवाला, तथा सौम्यगुणसमान भएका चन्द्रमाका पुत्र बुधलाई म प्रणाम गर्दछु ।

देवानां च ऋषीणां च गुरुं काञ्चनसन्निभं ।
बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ।

अर्थ : देवाता र ऋषिहरूका गुरु, सुनौलो आभावाला, ज्ञानले सम्पन्न, तीन लोकका स्वामी बृहस्पतिलाई म प्रणाम गर्दछु ।

हिमकुन्दमृणालाभं दैत्यानां परमं गुरुम् ।
सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम् ॥

अर्थ : हिम, कुन्दपुष्प र कमलनालको तन्तुसमान सेतो वर्णका, दैत्यहरूका परम गुरु, सबै शास्त्रका उपदेष्ट्या, महर्षि भृगुका पुत्र शुक्रलाई म प्रणाम गर्दछु ।

नीलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम् ।
छायामार्तण्डसम्भूतं तं नमामि शनैश्चरम् ॥

अर्थ : निलो अञ्जनसमान आभावाला, रविका पुत्र, यमराजका अग्रज, सूर्यपत्नी छाया र मार्तण्ड(सूर्य) बाट उत्पन्न भएका शनिश्चरलाई म प्रणाम गर्दछु ।

अर्धकायं महावीर्यं चन्द्रादित्यविमर्दनम् ।
सिंहिकागर्भसम्भूतं तं राहुं प्रणमाम्यहम् ॥

अर्थ : आधा शरीरवाला, महापराक्रमी, सूर्य र चन्द्रमालाई ग्रसित पार्न समर्थ, सिंहिकाका गर्भबाट उत्पन्न भएका राहुलाई म प्रणाम गर्दछु।

पलाशपुष्पसंकाशं तारकाग्रहमस्तकम्।
रौद्रं रौद्रात्मकं घोरं तं केतुं प्रणमाम्यहम्॥

अर्थ : पलासको पुष्पजस्तो आभा भएका, रुद्रस्वभाववाला, रुद्रका पुत्र, भयङ्कर स्वरूपका तारकादि ग्रहमा प्रमुख भएका केतुलाई म प्रणाम गर्दछु।

इति व्यासमुखोद्गीतं यः पठेत् सुसमाहितः।
दिवा वा यदि वा रात्रौ विघ्नशान्तिर्भविष्यति॥

अर्थ : महर्षि व्यासको मुखारविन्दबाट उत्पन्न भएको यो स्तुतिको जसले दिनमा वा रातमा एकाग्रचित्त गरेर पाठ गर्दछ त्यसका सबै विघ्न शान्त हुन्छन्।

नरनारीनृपाणां च भवेद्दुःस्वप्ननाशनम्।
ऐश्वर्यमतुलं तेषामारोग्यं पुष्टिवर्धनम्॥

अर्थ : यसले स्त्री, पुरुष र राजाहरूका दुःस्वप्न नाश हुन्छन्। पाठकर्ताको ऐश्वर्यवृद्धि, आरोग्य र पुष्टिमा वृद्धि होला।

नवग्रह पूजन गर्ने सामग्री : आसन, पूजाको चौकी, नवग्रहको प्रतिमा, चित्र वा नौ वटा सुपारी, ग्रहअनुसार रातो, हरियो, पहेलो, सेतो, निलो र कालो वस्त्र, पूजाका सामग्री अबीर, केशरी, अक्षता, धुप, बत्ती, नैवेद्य, फलफूल, सुपारी आदि, कालो र सेतो तिल, तेल, मास, पान, दूध, दही, गाईको गोबर, गहुँत, गङ्गाजल, तुलसीपत्ता, चन्दन, फूल, माला, दूबो आदि।

नवग्रह स्थापना यसप्रकार गर्ने :

ईशान कोणमा धनुषाकार हरियो बुध	पूर्वमा चतुष्कोण सेतो शुक्र	अग्निकोणमा अर्धचन्द्राकार सेतो चन्द्र
उत्तरमा अष्टदल पहेलो गुरु	मध्यभागमा गोलाकार रातो सूर्य	दक्षिणमा त्रिकोण रातो मङ्गल
बायव्यकोणमा ध्वजा आकार कालो केतु	पश्चिममा मनुष्याकार कालो शनि	नैर्ऋत्यकोणमा मकर आकार कालो राहु

नवग्रह पूजन विधि :

पूजनकर्ताले सर्वप्रथम गङ्गाजल मिलाएको जलले स्नान गरी जनै फेरी, धोती वा शुद्ध वस्त्र धारण गरी पूर्व फर्केर बस्ने। पुरोहित उत्तर फर्केर बस्ने। त्यसपछि कर्ताले आचमन गरी सवैतिर गङ्गाजल छर्केर शुद्ध पारी सूर्य, चन्द्र, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु र केतुको आवाहन गर्ने। त्यसपछि दियो, कलश र गणेशको पूजनपूर्वक क्रमशः सूर्यादि नवग्रहको पूजा गर्ने। अन्त्यमा नवग्रह स्तोत्रपाठ गर्ने।

५.४ नवग्रहको छुट्टाछुट्टै पूजाविधि

५.४.१ सूर्यको पूजा विधि

सूर्य नवग्रहमध्ये राजा हुन्। सूर्य कमलमा विराजमान र दुई हातयुक्त छन्। यिनका दुवै हातमा कमल छन्। शिरमा स्वर्णमुकुट र गलामा रत्नको माला छ। यिनको रातो वर्ण छ र सात घोडायुक्त रथमा आरूढ छन्।

(१) सूर्यको जप :

सूर्यको वैदिक मन्त्र : ॐ आ कृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यं च। हिरण्ययेन सविता रथेन देवो याति भुवनानि पश्यन्।

बीज मत्र : ॐ ह्रां ह्रीं ह्रौं सः सूर्याय नमः।

सामान्य मन्त्र : ॐ घृणि सूर्याय नमः।

उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या ७००० र जप समय प्रातः काल।

(२) सूर्यको ध्यान र स्तोत्र पाठ :

सूर्यको ध्यान

पद्मासनः पद्मकरः पद्मगर्भः समद्युतिः।
सप्ताश्वः सप्तरज्जुश्च द्विभुजः स्यात् सदारविः॥

सूर्य द्वादशनाम स्तोत्रम्

आदित्यः प्रथमं नाम द्वितीयं तु दिवाकरः।
तृतीयं भास्करः प्रोक्त चतुर्थं तु प्रभाकरः॥
पञ्चमं तु सहस्रांशुः षष्ठं त्रैलोक्यलोचनः।
सप्तमं हरिदश्वश्च अष्टमं च विभावसुः॥

नवमं दिनकरः प्रोक्तो दशमं द्वादशात्मकः।
एकादशं त्रयोमूर्तिः द्वादशं सूर्य एव च॥

(३) सूर्यको व्रत र देवताको पूजा

सूर्यका देवताका रूपमा भगवान् शिव, विष्णु र सूर्यको पूजा गर्नुपर्छ। नियमित रूपमा उदाउँदो सूर्यलाई रातो फूल, जल, दूबो, अबिर, अक्षता, रक्तचन्दन, जल राखेर अर्घ दिनुपर्छ। सूर्यको शान्तिका लागि आइतबारको व्रत गर्नु राम्रो हुन्छ। यसका लागि शुभ तिथि र नक्षत्र परेको आइतबारबाट आरम्भ गरेर १२ वा ३० आइबारको व्रत गरी विधिपूर्वक शिवजी, विष्ण र सूर्यको पूजा गर्नुपर्छ। व्रतका दिन रातो वस्त्र धारण गर्नु शुभ हुन्छ। सूर्यको मन्त्रका साथै भगवान् शिवको मन्त्र "ॐनमः शिवाय" र भगवान् विष्णुको मन्त्र "ॐ नमो नारायणाय" जप गर्नु शुभ हुन्छ। व्रतका दिन सूर्यास्त हुनुअघि हलुवा, दूध, दही, चिनी इत्यादि खान सकिन्छ। त्यस दिन बिनानूनको खाना खानु शुभ हुन्छ।

५.४.२ चन्द्रको पूजा विधि

चन्द्रदेव गोरो वर्णका छन्। यिनका वस्त्र, अश्व र रथ सबै सेता छन्। यिनी सुन्दर रथमा कमलमाथि विराजमान छन्। यिनको शिरमा सुन्दर स्वर्णमुकुट र गलामा मोतीको माला छ। यिनले एक हातमा गदा लिएका र अर्को हात वरमुद्रामा रहेको छ।

(१) चन्द्रको जप :

चन्द्रको वैदिक मन्त्र : ॐ इमं देवा असपत्नँ सुवध्वं महते क्षत्राय महते ज्यैष्ठ्याय महते जानराज्यस्येन्द्रियाय। इमममुष्य पुत्रममुष्यै विश एष वोऽमि राजा सोमोऽस्माकं ब्राह्मणानाँ राजा।

बीज मत्र : ॐ श्रां श्रीं श्रौं सः चन्द्राय नमः।

सामान्य मन्त्र : ॐ सोम् सोमाय नमः।

उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या ११००० र जपसमय सन्ध्याकाल।

(२) चन्द्रको ध्यान र स्तोत्र पाठ :

चन्द्रको ध्यान

श्वेतः श्वेताम्बरधरः श्वेताश्वः श्वेतवाहनः ।
गदापाणिद्विबाहुश्च कर्तव्यो वरदः शशी ॥

चन्द्राष्यविंशतिनाम स्तोत्रम्

विनियोग : अस्य श्रीचन्द्रष्यविंशतिनामस्तोत्रस्य गौतमऋषिः सोमो देवता विराट् छन्दः चन्द्रप्रीत्त्यर्थे पाठे विनियोगः ।

चन्द्रस्य शृणु नामानि शुभदानि महीपते ।
यानि श्रुत्वा नरे दुःखान्मुच्यते नात्र संशयः ॥
सुधाकरश्च सोमश्च ग्लौरब्जः कुमुदप्रियः ।
लोकप्रियः शुभ्रभानुश्चन्द्रमा रोहिणीपतिः ।
शशी हिमकरो राजा द्विजराजो निशाकरः ।
आत्रेय इन्दुः शीतांशुरौषधीशः कलानिधि ॥
जैवातृको रमाभ्राता क्षीरोदार्णवसम्भवः ।
नक्षत्रनायकः शम्भु शिरश्चूडामणिर्विभुः ॥
तापहर्ता नभोदीपो नामान्येतानि यः पठेत् ।
प्रत्यहं भक्तिसंयुक्तस्तस्य पीडा विनश्यति ॥
तद्दिने च पठेद्यस्तु लभेत्सर्वं समीहितम् ।
ग्रहादीनां च सर्वेषां भवेच्चन्द्रबलं सदा ॥

(३) चन्द्रमाको व्रत र देवताको पूजा

चन्द्र ग्रहको शान्तिका लागि सोमबार र पूर्णिमाको व्रत गर्न सकिन्छ। यसका लागि विशेषतः व्रतका दिन सेतो वस्त्र धारण गरी १० वा ४५ सोमबार व्रत गरी शिवपार्वतीको पूजा गर्नुपर्छ। शिवपार्वतीको मन्त्र "ॐ नमः शिवाय" र "ॐ नमः शिवायै" जप गर्नुपर्छ। व्रतका दिन सकभर बगेको पानीमा नुहाउनु राम्रो हुन्छ। भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ। चन्द्र शान्तिका लागि सेता चिजहरू चामल, दूध, दही, चिनी, सेतो वस्त्र, घिउ, मोती, शङ्ख, कपूर, चाँदी आदि दान गर्नुपर्छ।

५.४.३ मङ्गलको पूजा विधि

मङ्गलको शरीर रातो वर्णको छ र हात चार छन्। यिनका हातमा क्रमशः अभयमुद्रा, त्रिशूल, गदा र वरमुद्रा छन्। यिनले रातो माला र रातै वस्त्र लगाएका छन्। यिनको शिरमा स्वर्णमुकुट छ र यिनको वाहन भेडो हो।

(१) मङ्गलको जप :

मङ्गलको वैदिक मन्त्र : ॐ अग्निर्मूर्धा दिवः ककुत्पतिः पृथिव्या अयम् अपा ँरेता ँसि जिन्वति।

बीज मत्र : ॐ क्रां क्रीं क्रौं सः भौमाय नमः।

सामान्य मन्त्र : ॐ अं अङ्गारकाय नमः।

उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या १0000 र जपसमय बिहान ८ बजेतिर।

(२) मङ्गलको ध्यान र स्तोत्र पाठ :

मङ्गलको ध्यान

रक्तमाल्याम्बरधरः शक्तिशूलगदाधरः।
चतुर्भुजः रक्तरोमा वरदः स्याद् धरासुतः॥

मङ्गलको शान्तिका लागि अङ्गारक स्तोत्रम्

अस्याङ्गारकस्तोत्रस्य विरुपाङ्गिरस ऋषिः अग्निदेवता गायत्री छन्दः भौमप्रीत्यर्थे पाठे विनियोगः।

अङ्गारकः शक्तिधरो लोहिताङ्गो धरासुतः।
कुमारो मङ्गलो भौमो महाकायो धनप्रदः॥
ऋणहर्त्ता दृष्टिकर्त्ता रोगकृद्दोषनाशनः।
विद्युत्प्रभः व्रणकरः कामदो धनहृत्कुजः॥
सामगानप्रियो रक्तवस्त्रो रक्तायतेक्षणः।
लोहितो रक्तवर्णश्च सर्वकर्मावबोधकः॥
रक्तमाल्यधरो हेमकुण्डली ग्रहनायकः।
नामान्येतानि भौमस्य यः पठेत्सततं नरः॥
ऋणं तस्य च दौर्भाग्यं दारिद्र्यं च विनश्यति।
धनं प्राप्नोति विपुलं स्त्रियं चैव मनोरमाम्॥

वंशोद्योतकरं पुत्रं लभते नात्र संशयः ।
योऽर्चयेदन्हि भौमस्य मङ्गलं बहुपुष्पकैः ॥

(३) मङ्गलको व्रत र देवताको पूजा

मङ्गल ग्रहको शान्तिका लागि मङ्गलबार व्रत गर्न सकिन्छ। यसका लागि व्रतका दिन विशेषतः रातो वस्त्र धारण गरी २१ वा ४५ मङ्गलबार व्रत गरी गणेश, कुमार र हनुमानको पूजा गर्नुपर्छ। गणेशको मन्त्र "ॐ गं गणपतये नमः", कुमारको मन्त्र "ॐ स्कन्दाय नमः" र हनुमानको मन्त्र "ॐ हं हनुमते नमः" जप गर्नुपर्छ। भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ।

५.४.४ बुधको पूजा विधि

बुधको शरीर करवीरको फूलजस्तो पहेलो रङ्गको छ। यिनले आफ्ना चार हातमा क्रमशः तरबार, ढाल, गदा र वरमुद्रा धारण गरेका छन्। यिनले पहेलो पुष्पमाला र पहेलो वस्त्र धारण गरेका छन्। यिनको शिरमा स्वर्णमुकुट छ र यिनको वाहन सिंह हो।

(१) बुधको जप :

बुधको वैदिक मन्त्र : ॐ उद्बुध्यस्वाग्ने प्रति जागृहि त्वमिष्टापूर्ते सँ सृजेथामयं च। अस्मिन्त्सधस्थे अध्युत्तरस्मिन् विश्वेदेवा यजमानश्च सीदत।

बीज मत्र : ॐ ब्रां ब्रीं ब्रौं सः बुधाय नमः। सामान्य मन्त्र : ॐ बुं बुधाय नमः।

उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या ९००० र जपसमय बिहान सूर्योदयको दुई घण्टापछि।

(२) बुधको ध्यान र स्तोत्र पाठ :

बुधको ध्यान

पीतमाल्याम्बरधरः कर्णिकारसमद्युतिः ।
खड्गचर्मगदापाणि सिंहस्थो वरदो बुधः ॥

बुध पञ्चाविंशतिनाम स्तोत्रम्

विनियोग : अस्य श्री बुधपञ्चाविंशतिनामस्तोत्रस्य प्रजापतिऋषि त्रिष्टुपछन्दः बुधो देवता बुधप्रीत्यर्थे पाठे विनियोगः।

बुधो बुद्धिमतां श्रेष्ठो बुद्धिदाता धनप्रदः ।
प्रियङ्गुकलिकाश्यामः कञ्जनेत्रो मनोहरः ॥
ग्रहोपमो रौहिणेयो नक्षत्रेशो दयाकरः ।
विरुद्धकार्यहन्ता च सौम्यो बुद्धिविवर्धनः ॥
चन्द्रात्मजो विष्णुरूपी ज्ञानी ज्ञो ज्ञानिनायकः ।
ग्रहपीडाहरो दारा-पुत्र-धान्य-पशुप्रदः ॥
लोकप्रियः सौम्यमूर्तिर्गुणदा गुणवत्सलः ।
पञ्चविंशतिनामानि बुधस्यैतानि यः पठेत् ॥
स्मृत्वा बुधं सदा तस्य पीडाः सर्वाविनश्यति ।
तद्दिने वा पठेद्यस्तु लभते स मनोगतम् ॥

(३) बुधको व्रत र देवताको पूजा

बुध ग्रहको शान्तिका लागि बुधबार व्रत गर्न सकिन्छ। यसका लागि विशेषतः व्रतका दिन हरियो वस्त्र धारण गरी २१ वा ४५ बुधबार व्रत गरी गणेश, विष्ण, दुर्गा, शिवपार्वती र सरस्वतीको पूजा गर्नुपर्छ। व्रतका दिन तीन तुलसीपत्ता र विष्णु भगवान्को पाउको जल खानुपर्छ। विष्णु सहस्रनाम पाठ गर्नुपर्छ। "ॐ नमो नारायणाय" मन्त्र जप गर्नुपर्छ। भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ।

५.४.५ गुरु वा बृहस्पतिको पूजा विधि

गुरु पहेलो वर्णका छन्। यिनले आफ्ना चार हातमा क्रमशः दण्ड, रुद्राक्षको माला, पात्र र वरमुद्रा धारण गरेका छन्। यिनले पहेलो पुष्पमाला र पहेलो वस्त्र धारण गरेका छन्। यिनको शिरमा स्वर्णमुकुट छ र गलामा सुन्दर माला छ।

(१) गुरुको जप :

गुरुको वैदिक मन्त्र : ॐ बृहस्पते अति यदर्यो अर्हाद् द्युमद्विभाति क्रतुमज्जनेषु । यद्दीदयच्छवस ऋतप्रजात तदस्मासु द्रविणं धेहि चित्रम् ॥
बीज मत्र : ॐ ग्रां ग्रीं ग्रौं सः गुरवे नमः । सामान्य मन्त्र : ॐ बृं बृहस्पतये नमः ।
उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ।
कुल जप सङ्ख्या १९००० र जपसमय सन्ध्याकाल।

(२) गुरुको स्तोत्र पाठ :

बृहस्पति स्तोत्रम्

गुरुर्बृहस्पतिर्जीवः सुराचार्यो विदांवरः ।
वागीशोधिषणो दीर्घश्मश्रुः पीताम्बरो युवा ॥
सुधादृष्टिर्ग्रहाधीशो ग्रहपीडापहारकः ।
दयाकरः सौम्यमूर्तिः सुरार्च्यः कुड्मलद्युतिः ॥
लोकपूज्यो लोकगुरुर्नीतिज्ञो नीतिकारकः ।
तारापतिश्चाङ्गिरसो वेदवैद्यः पितामहः ॥
भक्त्या बृहस्पतिं स्मृत्वा नामान्येतानि यः पठेत् ।
आरोग्यो बलवान् श्रीमान् पुत्रवान् स भवेन्नरः ॥
जीवेद्वर्षशतं मर्त्य पापं नश्यति नश्यति ।
यः पूजयेद्गुरुदिने पीतगन्धाक्षताम्बरैः ॥
पुष्पदीपोपहारैश्च पूजयित्वा बृहस्पतिम् ।
ब्राह्मणान् भोजयित्वा च पीडाशान्तिर्भवेद्गुरोः ॥

(३) गुरुको व्रत र देवताको पूजा

गुरुको शान्तिका लागि बिहीबार व्रत गर्न सकिन्छ। यसका लागि विशेषतः व्रतका दिन पहेलो वस्त्र धारण गरी तीन वर्ष, एक वर्ष वा १६ बिहीबार व्रत गरी विष्णु, दत्तात्रेय, बगलामुखी र शिवको पूजा गर्नुपर्छ। भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ।

५.४.६ शुक्रको पूजा विधि

दैत्यका गुरु शुक्र सेतो वर्णका छन्। यिनले आफ्ना चार हातमा क्रमशः दण्ड, रुद्राक्षको माला, पात्र र वरमुद्रा लिएका छन्। यिनी योगका आचार्य पनि हुन्। यिनी आफ्ना दानव शिष्यहरूप्रति सधैँ कृपादृष्टि दिइरहन्छन्।

(१) शुक्रको जप :

शुक्रको वैदिक मन्त्र : ॐ अन्नात्परिस्रुतो रसं ब्रह्मणा व्यपिबत् क्षत्रं पयः सोमं प्रजापतिः । ऋतेन सत्यमिन्द्रियं विपानँ शुक्रमन्धस इन्द्रस्येन्द्रियमिदं पयोऽमृतं मधु ॥

बीज मत्र : ॐ द्रां द्रीं द्रौं सः शुक्राय नमः । सामान्य मन्त्र : ॐ शुं शुक्राय नमः । उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या १६००० र जपसमय सूर्योदयकाल ।

(२) शुक्रको स्तोत्र पाठ :

विनियोग : अस्य शुक्रस्तोत्रस्य प्रजापतिऋर्षिः अनुष्टुप् छन्दः शुक्रो देवता शुक्रप्रीत्यर्थे पाठे विनियोगः ।

शुक्रः काव्यः शुक्ररेताः शुक्लाम्बरधरः सुधीः ।
हिमाभः कुन्दधवलः शुभ्रांशुः शुक्लभूषणः ॥
नीतिज्ञो नीतिकृत् नीतिमार्गगामी ग्रहाधिपः ।
उशना वेद-वेदाङ्ग-पारगः कविरात्मवित् ॥
भार्गवः करुणासिन्धुर्ज्ञानगम्यः सुतप्रदः ।
शुक्रस्यैतानि नामानि शुक्रं स्मृत्वा तु यः पठेत् ॥
आयुर्धनं सुखं पुत्रं लक्ष्मी वसतिमुत्तमाम् ।
विद्यां चैव स्वयं तस्मै शुक्रस्तुष्टो ददाति च ॥

(३) शुक्रको व्रत र देवताको पूजा

शुक्रको शान्तिका लागि शुक्रबार व्रत गर्न सकिन्छ। यसका लागि विशेषतः व्रतका दिन सेतो वस्त्र धारण गरी २१ वा ३१ शुक्रबार व्रत गरी लक्ष्मी, इन्द्राणी र गाईको पूजा गर्नुपर्छ । लक्ष्मीको मन्त्र "ॐ श्रीं महालक्ष्म्यै नमः" जप गर्नुपर्छ । भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ।

५.४.७ शनिको पूजा विधि

न्यायका देवता मानिएका शनिको शरीरको कान्ति इन्द्रनीलमणिको जस्तो छ। यिनले शिरमा स्वर्णमुकुट, गलामा माला र शरीरमा निलो रङ्गको वस्त्र धारण गरेका छन्। यिनको वाहन गिद्ध हो। यिनले आफ्ना चार हातमा क्रमशः धनुष, बाँण, त्रिशूल र वरमुद्रा धारण गरेका छन्।

(१) शनिको जप :

शनिको वैदिक मन्त्र : ॐ शं नो देवीरभिष्टय आपो भवन्तु पीतये। शं योरभि स्रवन्तु नः ॥

बीज मत्र : ॐ प्रां प्रीं प्रौं सः शनैश्चराय नमः ।

सामान्य मन्त्र : ॐ शं शनैश्चराय नमः ।

उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या २३००० र जपसमय सन्ध्याकाल ।

(२) शनिको स्तोत्र पाठ :

नमस्ते कोणसंस्थाय पिङ्गलाय नमोऽस्तु ते ।
नमस्ते विभुरूपाय कृष्णाय च नमोऽस्तु ते ॥
नमस्ते रौद्रदेहाय नमस्ते चान्तकाय च ।
नमस्ते यमसंज्ञाय नमस्ते सौरये विभो ॥
नमस्ते मन्दसंज्ञाय शनैश्चर नमोऽस्तु ते ।
प्रसादं कुरु देवेश दीनस्य प्रणतस्य च ॥

पीपलमा जल चढाउने मन्त्र :

मूलतो ब्रह्मरूपाय मध्यतो विष्णुरूपिणे ।
अग्रतः शिवरूपाय अश्वत्थाय नमो नमः ॥

पीपलको प्रार्थना गर्ने मन्त्र :

अश्वत्थ ! यस्मिन्त्वयि वृक्षराजे नारायणस्तिष्ठति सर्वकाले ।
अतः स्तुतस्त्वं सततं तरूणां धन्योऽसि चारिष्टविनाशकोऽसि ॥

(३) शनिको व्रत र देवताको पूजा

शनिको शान्तिका लागि शनिबार व्रत गर्न सकिन्छ। यसका लागि विशेषतः व्रतका दिन कालो वस्त्र धारण गरी ५१ वा १९ शनिबार व्रत गरी शिव, महाँकाल, कालभैरव र हनुमानको पूजा गर्नुपर्छ। शिवजीको मन्त्र "ॐ नमः शिवाय" महाँकालको मन्त्र "ॐ महाकालाय नमः" कालभैरवको मन्त्र "ॐ कालभैरवाय नमः" र हनुमानको

मन्त्र "ॐ हं हनुमते नमः" जप गर्नुपर्छ। भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ।

५.४.८ राहुको पूजा विधि

राहुको मुख भयङ्कर छ। यिनले शिरमा मुकुट, गलामा माला र शरीरमा कालो रङ्गको वस्त्र धारण गरेका छन्। यिनको वाहन सिंह हो। यिनले आफ्ना चार हातमा क्रमशः तरबार, ढाल, त्रिशूल र वरमुद्रा धारण गरेका छन्। राहुकी माताको नाम सिंहिका भएकोले राहुलाई सैंहिकेय पनि भनिन्छ। राहु छायाग्रह मानिन्छ।

(१) राहुको जप :

राहुको वैदिक मन्त्र : ॐ कया नश्चित्र आ भुवदूती सदावृधः सखा। कया शचिष्ठयावृता ॥

बीज मत्र : ॐ भ्रां भ्रीं भ्रौं सः राहवे नमः। सामान्य मन्त्र : ॐ रां राहवे नमः।

उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या १८००० र जपसमय रात्रिकाल।

(२) राहुको स्तोत्र पाठ :

विनियोग : अस्य श्री राहुस्तोत्रस्य वामदेवऋषि गायत्री छन्द राहुर्देवता राहुप्रीत्यर्थे पाठे विनियोगः।

राहुर्दानवमन्त्री च सिंहिकाचित्तनन्दनः।
अर्धकाय सदाक्रोधी चन्द्रादित्यविमर्दनः ॥
रौद्रो रुद्रप्रियो दैत्यः स्वर्भानुर्भानुभीतिदः।
ग्रहराज सुधापायी राकातिथ्यभिलाषकः ॥
कालदृष्टिः कालरूपः श्रीकण्ठहृदयाश्रयः।
विधुन्तुदः सैंहिकेयो घोररूपो महाबलः ॥
ग्रहपीडाकरो दंष्ट्री रक्तनेत्रो महोदरः।
पञ्चविंशतिनामानि स्मृत्वा राहुं सदा नरः ॥

यः पठेन्महती पीडा तस्य नश्यति केवलम् ।
आरोग्यं पुत्रमतुलां श्रियं धान्यं पशूंस्तथा ॥
ददाति राहुस्तस्मै यः पठेत् स्तोत्रमुत्तमम् ।
सततं पठते यस्तु जीवेद्वर्षशतं नरः ॥

(३) राहुको व्रत र देवताको पूजा

राहुको शान्तिका लागि शनिबार व्रत गर्न सकिन्छ। यसका लागि विशेषतः व्रतका दिन कालो वस्त्र धारण गरी १८ शनिबार व्रत गरी दुर्गा भवगती र कालभैरवको पूजा गर्नुपर्छ। भैरवको मन्त्र "ॐ कालभैरवाय नमः" र दुर्गा भगवतीको मन्त्र "ॐ नमश्चण्डिकायै" जप गर्नुपर्छ । शनिबार बेलुका पीपलको वृक्षमा घिउको बत्ती बाल्नुपर्छ। भैरवको वाहन कुकुरलाई खानेकुरा खुवाउनुपर्छ। भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ।

५.४.९ केतुको पूजा विधि

केतुको शरीर धूम्रवर्णवाला छ र मुख विकृत छ। यिनले शिरमा मुकुट र शरीरमा कालो रङ्गको वस्त्र धारण गरेका छन्। यिनको वाहन गिद्ध हो। यिनका दुई भुजा छन् जसमा गदा र वरमुद्रा धारण गरेका छन् । भगवान् विष्णुको चक्रद्वारा काटिएकोले शिर राहु र धड केतु भएको मानिन्छ । राहुजस्तै केतु पनि छायाग्रह मानिन्छ।

(१) केतुको जप :

केतुको वैदिक मन्त्र : ॐ केतुं कृण्वन्नकेतवे पेशो मर्या अपेशसे । सुमुषद्भिरजायथाः ॥

बीज मत्र : ॐ स्रां स्रीं स्रौं सः केतवे नमः । सामान्य मन्त्र : ॐ कें केतवे नमः । उक्तमध्ये कुनै एक मन्त्र श्रद्धाअनुसार कुनै निश्चित सङ्ख्यामा नित्य जप गर्नुपर्छ। कुल जप सङ्ख्या १७००० र जपसमय रात्रिकाल ।

(२) केतुको स्तोत्र पाठ :

विनियोग : अस्य श्री केतुपञ्चविंशतिनामस्तोत्रस्य वामदेवऋषि मधुपछन्दो ऋषिः गायत्रीछन्दो केतुर्देवता केतुप्रीत्यर्थे पाठे विनियोगः ।

केतुः कालः कलयिता धूम्रकेतुर्विवर्णकः।
लोककेतुर्महाकेतुः सर्वकेतुर्भयप्रदः॥
रौद्रो रुद्रप्रियो रुद्रः क्रूरकर्मा सुगन्धधृक्।
पलाश-धूम्र-संकाशश्चित्र-यज्ञोपवीतधृक्॥
तारागणविमर्दी च जैमिनेयो ग्रहाधिपः।
पञ्चविंशतिनामानि केतोर्यः सततं पठेत्॥
तस्य नश्यन्ति बाधाश्च सर्वाः केतुप्रसादतः।
धनधान्यपशूनां च भवेद्वृद्धिर्न संशयः॥

(३) केतुको व्रत र देवताको पूजा

केतुको शान्तिका लागि शनिबार व्रत गर्न सकिन्छ। यसका लागि विशेषतः व्रतका दिन कालो वस्त्र धारण गरी १८ शनिबार व्रत गरी गणेश र छिन्नमस्ता भगवतीको पूजा गर्नुपर्छ। गणेशको मन्त्र "ॐ गं गणपतये नमः" र छिन्नमस्ताको मन्त्र "ॐ छिन्नमस्तायै नमः" जप गर्नुपर्छ । शनिबार बेलुका पीपलको वृक्षमा घिउको बत्ती बाल्नुपर्छ। भोजनमा बेलुका सादा र चोखो खाना खान सकिन्छ।

५.५ ग्रहका रत्नचयन र धारण विधि

आधुनिक समयमा फलित ज्योतिषमा रत्नधारणको प्रचारप्रसार बढेको छ। हाल रत्न धारण गर्नेहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ। ग्रहका लागि रत्न धारण गर्न नसक्नेले उपरत्न वा जडी पनि धारण गर्न सक्दछन्। रत्नलाई औँठी वा लकेटमा धारण गर्न सकिन्छ। सबैभन्दा महत्त्वपूर्ण विषय रत्न छनोटसँग सम्बन्धित छ। मानिसहरूले ज्योतिषीको सल्लाहले वा त्यसै पनि राशिअनुसार विभिन्न रत्न धारण गर्ने गर्दछन्। यसरी अनेक रत्न धारण गर्दा पनि अपेक्षित लाभ नभएर ज्योतिषी र ज्योतिष विद्याप्रति नै नकारात्मक धारणा बनाउनेहरू पनि समाजमा प्रशस्त छन्। त्यसैले रत्न छनोट र धारण विधिबारे राम्ररी बुझेर रत्न धारण गर्नाले अवश्य पनि मनोवाञ्छित फल मिल्न सक्छ।

रत्न छनोटसम्बन्धी अनेक मतमतान्तरहरू पनि छन्। सामान्यतया लग्नेश, पञ्चमेश र नवमेशको रत्न धारण गर्नु सबैभन्दा राम्रो मानिन्छ। लग्न केन्द्र र त्रिकोण

दुवै हो भने पञ्चम र नवमस्थान त्रिकोण हो। केन्द्रलाई विष्णु र त्रिकोणलाई लक्ष्मी मान्ने गरिन्छ। जन्म लग्नका साथै चन्द्रलग्न वा राशिलग्नका आधारमा पनि रत्न चयन गर्न सकिन्छ। यसका अतिरिक्त रविलग्नलाई पनि प्रमुख मानिन्छ। रविलग्न भन्नाले सूर्य बसेको घरलाई लग्न मान्ने हो। उच्च पद, सरकारी जिम्मेवारी र नोकरी व्यवसायका लागि रविलग्न विशेष महत्त्वपूर्ण मानिन्छ। जन्मकुण्डलीमा सबैभन्दा बढी अंशमा भएको ग्रहलाई आत्मकारक भनिन्छ। आत्मकारक ग्रहको रत्न पनि भाग्यशाली मानिन्छ। यसअनुसार कुनै व्यक्तिको लग्न तुला, राशि मिथुन, रविलग्न वृश्चिक र आत्मकारक ग्रह शनि भएमा तुलाको हिरा, मिथुनको पन्ना, वृश्चिकको मुगा र शनिको नीलम भाग्यशाली रत्न मानिन्छन्।

जन्मलग्नअनुसार भाग्यशाली रत्नसम्बन्धी तालिका

लग्न	लग्नेश र रत्न		पञ्चमेश र रत्न		नवमेश र रत्न	
मेष	मङ्गल	मुगा	सूर्य	माणिक	गुरु	पुखराज
वृष	शुक्र	हीरा	बुध	पन्ना	शनि	नीलम
मिथुन	बुध	पन्ना	शुक्र	हीरा	शनि	नीलम
कर्कट	चन्द्रमा	मोती	मङ्गल	मुगा	गुरु	पुखराज
सिंह	सूर्य	माणिक	गुरु	पुखराज	मङ्गल	मुगा
कन्या	बुध	पन्ना	शनि	नीलम	शुक्र	हीरा
तुला	शुक्र	हीरा	शनि	नीलम	बुध	पन्ना
वृश्चिक	मङ्गल	मुगा	गुरु	पुखराज	चन्द्र	मोती
धनु	गुरु	पुखराज	मङ्गल	मुगा	सूर्य	माणिक
मकर	शनि	नीलम	शुक्र	हीरा	बुध	पन्ना
कुम्भ	शनि	नीलम	बुध	पन्ना	शुक्र	हीरा
मीन	गुरु	पुखराज	चन्द्र	मोती	मङ्गल	मुगा

सामान्यतया जन्म लग्नका आधारमा रत्न चयन गर्नु शुभ हो। जस्तैः कुनै जातकको जन्म लग्न मेष छ भने मेषको मालिक मङ्गलको रत्न मुगा धारण गर्न सकिन्छ। त्यस्तै मेष लग्नवाला जातकले पञ्चमेष सूर्यको माणिक धारण गर्न सक्छ भने नवमेश गुरुको रत्न पुखराज धारण गर्न सक्छ। यसैगरी अन्य लग्नअनुसार पनि लग्नेश, पञ्चमेष र नवमेशको रत्न धारण गर्नु शुभ मानिन्छ।

रत्न चयनमा सावधानी : त्रिकोणेश वा लग्नेश, पञ्चमेश र नवमेश सधैँ शुभ हुँदैनन्। कतिपय अवस्थामा त्रिकोणेश षष्ठेश, अष्टमेश वा द्वादशेश पनि भएका खण्डमा तिनको रत्न धारण गर्नाले लाभको सट्टा हानि हुनसक्छ। त्यसैगरी द्वितीयेश र सप्तमेश मारकेश मानिन्छन्। यदि त्रिकोणेश भैकन मारकेश पनि भएमा तिनको रत्न पनि धारण गर्दा विचार पुऱ्याउनु पर्छ। त्यसैगरी लग्नेश, पञ्चमेश र नवमेश विपत्, प्रत्यरि वा वध ताराको स्वामी भएमा तिनको रत्न पनि धारण गर्नु हुँदैन। यसमा ताराको गणना गर्दा विंशोत्तरी दशाको तालिका हेरेमा सहज हुन्छ। जातकको विंशोत्तरी दशा सुरुको ग्रह जन्म, त्यसपछिका ग्रहहरू क्रमशः सम्पत्, विपत्, क्षेम, प्रत्यरि, साधक, वध, मित्र र अधिमित्र तारा हुन्छन्। यीमध्ये विपत्, प्रत्यरि र वध ताराको स्वामीको रत्न धारणले पनि हानि गर्न सक्छ। अब अशुभ भाव वा ताराका स्वामीको रत्न धारण गर्नै नहुने हो त भन्ने प्रश्न उठ्न सक्छ। वास्तवमा यसमा पनि केही अपवाद छ। यदि लग्नेशको रत्न सधैँ शुभ हुने हुँदा लग्नेश षष्ठेश, अष्टमेश वा द्वादशेश भएमा अथवा विपत्, प्रत्यरि वा वध ताराको स्वामी भएमा पनि त्यसको रत्न आजन्म धारण गर्न सकिन्छ। पञ्चमेश र नवमेशको रत्नका सम्बन्धमा भने ती ग्रहहरू अशुभ भावेश वा अशुभ ताराका स्वामी भएमा तिनको रत्न आजन्म धारण गर्न मिल्दैन। त्यस्ता रत्न विंशोत्तरी महादशाका समयसम्म भने धारण गर्दा शुभ फल मिल्दछ। उदाहरणका लागि मेष, कर्कट वा सिंह लग्न वा राशिवाला जातकले पुखराज आजन्म धारण नगरेर बृहस्पतिको महादशा चलेका समयमा मात्र धारण गर्न सक्दछ। अन्य लग्न वा राशिमा पनि शुभ र अशुभ दुवै भावको स्वामीको रत्न चयन गर्दा यसैअनुसार विचार गर्नु शुभ हुन्छ।

कुनै ग्रह अशुभ भावेश वा अशुभ ताराको स्वामी भएमा रत्न धारण गर्दा हानि हुने भएकोले त्यस्ता ग्रहको रत्न धारणको सट्टा सम्बन्धित ग्रहको जप, पूजापाठ र ग्रहका सामग्रीको दान गर्नु राम्रो हुन्छ।

नवग्रहको रत्न धारण : मुहूर्तचिन्तामणिको गोचर प्रकरणमा सुनको अङ्गुठीमा चार कुने वा अष्टदल आकारको पातामा पूर्वमा हीरा, अग्निकोणमा मोती, दक्षिणमा मुगा, नैर्ऋत्यमा गोमेद, पश्चिममंमा नीलम, वायव्यमा वैदूर्य(लहसुनियाँ), उत्तरमा पुखराज, ईशानमा पन्ना र बिचमा माणिक जडेर धारण गर्नु भन्ने बताइएको छ।

नवग्रहको रत्न धारण गर्न नसकेमा के गर्ने : नवग्रहको रत्न धारण गर्ने क्षमता नभएमा अनिष्ट ग्रहको मात्र रत्न धारण गर्नु भन्ने पनि मुहूर्तचिन्तामणिमा लेखिएको छ। यस्ता रत्न धारण गर्ने पनि क्षमता नभएमा राहु र केतुको शान्तिका लागि लाजावर्तक (नीलो रङ्गको नरम पत्थर), शुक्र र चन्द्रको प्रसन्नताका लागि चाँदी, गुरुको लागि मोती, शनिको लागि फलाम, सूर्य र मङ्गलका लागि मुगा धारण गर्न सकिने बताइएको छ।

कुन रत्न कुन औँलामा धारण गर्ने : मुहूर्तचिन्तामणिकारले "धार्यं लाजावर्तकं राहुकेत्वो ...." इत्यादि बताएका छन्। यसबाट ग्रहका रत्नहरू धारण गर्नु मात्र भन्ने छ। कुन औँलामा कुन रत्न धारण गर्ने भन्ने बताइएको छैन। केही विशेषज्ञहरूले ग्रहविशेषका रत्न निश्चित औँलामा धारण गर्नुपर्ने बताएका छन्। त्यसैगरी रत्नका लागि धारण गर्नुपर्ने औँला र धातु पनि बताएका छन्।

ग्रहको रत्न, तौल, धातु, धारण गर्ने औँला आदि विवरण तालिका

ग्रह	रत्न	न्यूनतम तौल रत्ती	धातु	औँला	बार	समय
सूर्य	माणिक	सवा तीन	सुन	साहिँली	आइत	प्रातः
चन्द्र	मोती	सवा तीन	चाँदी	कान्छी	सोम	प्रातः
मङ्गल	मुगा	सवा छ	तामा	साहिँली	मङ्गल	प्रातः
बुध	पन्ना	सवा चार	सुन	कान्छी	बुध	प्रातः
गुरु	पुखराज	सवा चार	सुन	चोरी	गुरु	प्रातः
शुक्र	हीरा	चौथाइ	चाँदी	कान्छी	शुक्र	प्रातः
शनि	नीलम	सवा चार	पञ्चधातु	माझी	शनि	सन्ध्या
राहु	गोमेद	सवा पाँच	पञ्चधातु	माझी	शनि	सूर्यास्त
केतु	लहसुनियाँ	सवा छ	चाँदी	साहिँली	मङ्गल/ गुरु	सूर्यास्त

रत्नधारण र रत्नका धातु एवं औँलाका बारेमा मतभेद छन्। यसबाट ज्योतिषीहरूमा द्विविधा उत्पन्न हुन्छ। आधुनिक विज्ञानसम्मत तरिकाले पनि रत्नधारणबारे अनुसन्धान भएको छ। यसअनुसार माणिक, मुगा, पुखराज र हीरा ताता(गरम) रत्न मानिन्छन् भने मोती, पन्ना, नीलम, गोमेद र लहसुनियाँ चिसा (ठण्डा) रत्न मानिन्छन्। चिकित्साविज्ञानका अनुसार पुरुषको दायाँ हात गरम र बायाँ हात ठण्डा मानिन्छ भने महिलाका दायाँ हात ठण्डा र बायाँ हात गरम मानिन्छ। गरम हातका पनि चोरी र साहिँली औँला गरम मानिन्छन् भने बाँकी औँला ठण्डा मानिन्छन्। यसअनुसार गरम रत्नलाई गरम हातका पनि गरम औँलामा र ठण्डा रत्नलाई ठण्डा हातका पनि ठण्डा औँलामा धारण गर्दा विशेष लाभ हुन्छ भन्ने आधुनिक मत छ(फ्यूचर समाचार, सन् २०१०, जून, पृ. ७५-७६) यससम्बन्धी विवरण निम्नानुसारको तालिकाबाट बुझ्न सकिन्छ :

रत्न	पुरुषको औंला	महिलाको औंला
माणिक	दायाँ साहिँली	बायाँ साहिँली
मोती	बायाँ माझी वा कान्छी	दायाँ माझी वा कान्छी
मुगा	दायाँ साहिँली	बायाँ साहिँली
पन्ना	बायाँ माझी वा कान्छी	दायाँ माझी वा कान्छी
पुखराज	दायाँ तर्जनी(चोरऔंला)	बायाँ तर्जनी(चोरऔंला)
हीरा	दायाँ साहिँली	बायाँ साहिँली
नीलम	बायाँ माझी वा कान्छी	दायाँ माझी वा कान्छी
गोमेद	बायाँ माझी वा कान्छी	दायाँ माझी वा कान्छी
लहसुनियाँ	बायाँ माझी वा कान्छी	दायाँ माझी वा कान्छी

५.६ योगिनी दशा शान्ति

मङ्गला, पिङ्गला आदि योगिनी दशाको शान्तिका लागि सम्बन्धित ग्रहको पूजापाठ, जप, दान आदि गर्नु उपयुक्त हुन्छ। यसका साथै योगिनीहरू देवीका रूपमा रहेकाले सम्बन्धित योगिनीको पूजाआराधना गर्न सकिन्छ। योगिनीका जपहरू पनि छन्। योगिनी दशाका समयमा निम्नानुसारका मन्त्रहरू जप गर्नु उपयुक्त हुन्छ :

योगिनी मन्त्र र दान गर्ने वस्तु

योगिनी	मन्त्र, जप सङ्ख्या र समय	दान गर्ने वस्तुहरू
मङ्गला	ॐ ह्रीं मङ्गले मङ्गलायै स्वाहा। १००० (बेलुका)	चन्द्रमाको जस्तै
पिङ्गला	ॐ ग्लौं पिङ्गले वैरिकारिणि प्रसीद फट् स्वाहा। २००० (सूर्योदय)	सूर्यको जस्तै
धान्या	ॐ श्रीं धनदे धान्यै स्वाहा। ३००० (बेलुका)	बृहस्पतिको जस्तै
भ्रामरी	ॐ भ्रामरि जगतामधीश्वरी भ्रामरी क्लीं स्वाहा। ४००० (सूर्योदयको १ घण्टापछि)	मङ्गलको जस्तै
भद्रिका	ॐ भद्रिके भद्रं देहि अभद्रं नाशय स्वाहा। ५००० (सूर्योदयको २ घण्टापछि)	बुधको जस्तै
उल्का	ॐ उल्के मम रोगम् नाशय जृम्भय स्वाहा। ६००० (बेलुका)	शनिको जस्तै
सिद्धा	ॐ ह्रीं सिद्धे मे सर्वमानसम् साधय स्वाहा। ७००० (सूर्योदय)	शुक्रको जस्तै
सङ्कटा	ॐ ह्रीं सङ्कटे मम रोगम् नाशय स्वाहा। ८००० (बेलुका)	राहुकेतुको जस्तै

अध्याय छ

फलित ज्योतिषका केही व्यावहारिक पक्ष

आधुनिक समयमा फलित ज्योतिषमा नयाँ नयाँ विषयवस्तुको प्रवेश हुँदै आएको छ। पहिलेका शास्त्रीय आधारमा मात्र फलकथन गर्दा कतिपय अवस्थामा ज्योतिषीहरू नै उपहासको पात्र बन्न सक्छन्। जस्तै बृहस्पतिले धेरै पुत्र सन्तान दिन्छ भन्ने शास्त्रीय मान्यता हो। तर आधुनिक समयमा एक वा दुई मात्र सन्तान उत्पन्न गराउने प्रचलन छ। पहिले विदेश गमनलाई अशुभ मानिन्थ्यो भने हाल शुभ मान्ने गरिन्छ। पहिले प्राकृतिक रूपमा बच्चा उत्पन्न गरिन्थ्यो भने हाल कृत्रिम गर्भाधानदेखि सिजरिनबाट बच्चा जन्माउने प्रचलन पनि बढ्दो छ। यसले गर्दा ज्योतिषीसमक्ष फलकथनमा नयाँ चुनौती थपिएका छन्। यसअनुसार आधुनिक समयमा ज्योतिषीमा आइपर्ने समस्या र तिनका समाधानका बारेमा केही प्रकाश पार्ने प्रयास गरिएको छ। यसमा प्रकाश पारिएका विषयहरू नयाँ र प्रयोगात्मक पनि भएकाले यसलाई पूर्ण मान्न सकिन्न। यसमा विज्ञ ज्योतिषी महानुभावहरूको सुझावसमेत अपेक्षा गरिएको छ।

६.१ सिजेरियन डेलिभरी (Cesarean Delivery) को विचार

हाल बच्चा जन्माउँदा सिज़ेरिन अपरेसन गर्ने प्रचलन बढ्दो छ। विशेषगरी डाक्टरले जाँच गरी गर्भवती वा गर्भमा रहेको शिशु वा दुवैलाई खतरा उत्पन्न हुने अवस्था आएमा सिजेरियन अपरेसन गरेर बच्चा निकाल्ने गरिन्छ। यो प्राविधिक विषय भएकोले र गर्भवती महिला र शिशुको जीवनसँग सम्बद्ध भएकोले यसमा चिकित्सकको सल्लाहअनुसार गर्नु उचित हो। तथापि केही ज्योतिषप्रेमी व्यक्तिहरू सिजेरियनका लागि उचित समय निकाल्न ज्योतिषीलाई अनुरोध गर्ने गर्दछन्। यसमा सामान्यतया चार पाँच दिनको अन्तरालमा समय निकाल्नुपर्ने हुन सक्छ। ज्योतिषीले यसमा निम्नलिखित विषयमा ध्यान दिएर मुहूर्त निकाल्नु शुभ हुन्छ :

(१) मिलेसम्म तिथिक्षय, पञ्चक, भद्रा, गण्डमूल नक्षत्र, व्यतीपात, व्याघात, वैधृति, शूल, गण्ड, परिघ, वज्र, यमघण्ट, मृत्यु, कालदण्ड, दग्ध र दारुण योगका साथै राहुकालको समय छलेर मुहूर्त निकाल्ने,

(२) बच्चाको जन्मलग्न, लग्नेश र चन्द्रमा पीडित नभएको समय चयन गर्ने,
(३) जन्मलग्न र दशाको निर्धारण गम्भीरतापूर्वक गरेर समय निकाल्ने,
(४) गर्भवती महिलाको कुण्डली हेरेर अपरेसनको योग भए नभएको अनुमान गर्ने। यदि यस्तो योग नभएमा दिएको मुहूर्तभन्दा अघि नर्मल डेलिभरीबाट बच्चा जन्मन सक्छ।
(५) सिजेरियन गरिने परिवारको पृष्ठभूमि, शिशुका अभिभावकको चाहना इत्यादिलाई पनि ध्यान दिएर समय दिने,
(६) शिशुको शारीरिक, मानसिक र बौद्धिक सबैतर्फको विकासका साथै स्वास्थ्य र आयुलाई समेत विचार गरेर समय दिने,
(७) मूल, अश्लेषा जस्ता अशुभ नक्षत्रको समय नपार्ने,
(८) औँसी र कृष्णपक्षको चतुर्दशी तिथि नपार्ने,
(९) शिशुका माता, पिता र अग्रजको जन्मनक्षत्र र शिशुको जन्मनक्षत्र एकै नपार्ने,
(१०) सूर्य वा चन्द्रग्रहणको नक्षत्र नपार्ने,

६.२ विदेश गमन

हाल नेपाल, भारतलगायतका देशबाट विदेश गमनलाई विशेष महत्त्व दिइएको पाइन्छ। विशेषगरी अध्ययन र रोजगारीका लागि विदेश जाने र उतै बस्ने प्रचलन हाल बढ्दो छ। आकर्षक कमाइ, उच्च जीवनस्तर बालबच्चाको भविष्य राम्रो होस् भन्ने चाहनाले सपरिवार विदेश जाने चलन पनि बढ्दो छ। त्यस्तै श्रमिकका रूपमा विदेश गएर रोजगारी गर्नेहरू पनि धेरै छन्।

विदेश यात्राका कारक ग्रहहरू : विदेश यात्राका लागि जलीय ग्रह चन्द्रमाको विशेष स्थान हुन्छ। चन्द्रमाको प्रभावले समुद्रपार यात्रा गराउँछ। बृहस्पति वायुकारक ग्रह भएकोले हवाई यात्रा वा लामो यात्राबाट विदेश गमनमा बृहस्पतिको विशेष भूमिका रहन्छ। शुक्रले पनि विदेश यात्रामा विशेष योगदान दिन्छ। शनिले हवाइजहाजबाट विदेश यात्रामा भूमिका खेल्दछ भने राहुले आकस्मिक यात्रा गराउँछ। त्यसैले ज्योतिषीले विदेश यात्राको फलकथन गर्दा उक्त ग्रहहरूको स्थिति हेर्नुपर्छ। उक्त ग्रहहरूको बलाबलका आधारमा निर्णय गर्नुका साथै गोचरमा उक्त ग्रहहरूको शुभ स्थितिमा विदेश यात्रा हुने हुँदा त्यसतर्फ पनि विचार गरेर फलकथन गर्नुपर्छ।

त्यसैगरी कुण्डलीमा विदेश योग र विदेशमा सफलताका लगि ज्योतिषीले निम्नानुसार विचार गर्नुपर्छ :

(१) कुण्डलीको अष्टम स्थान समुद्र र नवमस्थान समुद्रपार वा विदेश मानिन्छ। त्यसैगरी नवमबाट चतुर्थ भएकोले द्वादशस्थान विदेशको घर हो। जातकको कुण्डलीको नवम र द्वादश स्थानमा चर राशि भएमा र तिनका स्वामी पनि चर राशिमा बसेमा विदेश यात्राको योग बन्दछ।

(२) लग्नेश लग्नमा र नवमेश नवममा भएमा विदेश यात्रा हुन्छ। यसका साथै नवमेश र लग्नेशले घर साटेमा पनि विदेश योग बन्दछ।

(३) चन्द्रमा चर राशिमा भएर नवम तथा द्वादश भावसँग सम्बद्ध भएमा पनि विदेश योग बन्दछ। जस्तै चन्द्रमा नवम वा द्वादश भावमा बसेमा वा नवमेश र द्वादशेशका साथ अन्य कुनै भावमा बसेमा नवम वा द्वादश भाव वा भावेशसँग दृष्टि सम्बन्ध कायम गरेमा पनि विदेशयोग बन्दछ।

(४) नवमेश र द्वादशेश जुन भावमा छन् तिनका स्वामी पनि चर राशिमा बसेमा।

(५) चर राशिको लग्न भएमा र लग्नेशलाई चर राशिस्थ ग्रहले देखेमा।

(६) लग्नेश अष्टम भावमा बसेमा।

(७) तृतीय, चतुर्थ, नवम वा द्वादश भावमा राहु र केतु बसेमा।

(८) लग्नेश नवम र द्वादशेश द्वादश भावमा बसेमा।

(९) द्वादशेश अष्टम भावमा चर राशिमा बसेमा वा द्वादशेश उच्च वा स्वराशिमा शुभ ग्रहको साथमा बसेमा।

(१०) लग्नेश र चतुर्थेश द्वादश भावमा बसेमा।

(११) लग्नेश, नवमेश तथा द्वादशेश ३,४,७,८,११,१२ राशिमा बसेमा।

(१२) लग्नेशभन्दा द्वादशेश बलियो भएर सूर्यबाट दृष्ट भएमा।

(१३) द्वादशेश लग्नबाट केन्द्र वा त्रिकोणमा उच्च वा मित्रगृही भएर त्यसका दुवैतर्फ शुभग्रह बसेमा।

(१४) द्वितीय तथा षष्ठ भावमा गुरु, चन्द्र तथा शुक्रको दृष्टि परेमा।

(१५) लग्नेश जुन भावमा बसेको छ त्यसदेखि द्वादश स्थानको स्वामी लग्नेशको शत्रु भएमा तथा नीच वा दुर्बल भएमा।

६.३ व्यवसाय तथा आर्थिक उन्नति

व्यवसायका बारेमा कुण्डलीको दशम भावबाट हेर्नुपर्छ। दशम भावमा बसेको ग्रहको गुण, स्वभाव तथा साधनका अनुसार व्यवसाय निर्धारण हुन्छ। दशम भावमा एकभन्दा बढी ग्रह भएमा बलवान् ग्रहअनुसार व्यवसाय होला। दशम भावमा कुनै ग्रह नभएमा दशमेशअनुसार विचार गर्नुपर्छ। त्यसैगरी दशम भावमा ग्रह नभएमा र कुनै ग्रहको दृष्टि पनि नपरेमा दशमेशको नवांशेशअनुसार व्यवसाय निर्धारण हुन्छ। लग्नको पनि व्यवसायसँग सम्बन्ध रहन्छ। सूर्यसँग बसेको ग्रहले पनि व्यवसायमा प्रभाव पार्दछ। एकादशेशको दिशालाई लाभको दिशा मानिन्छ। त्यसैले आफ्नो निवासबाट एकादशेशको दिशातर्फ व्यवसाय गर्दा लाभ होला। यस्ता सबै पक्षमाथि विचार गरेर व्यवसायबारे फलादेश गर्नु शुभ हुन्छ।

व्यापारको विचार गर्दा वाणिज्यकारक बुधको स्थितिको अध्ययन गर्नुपर्छ। साझेदारीको व्यापारका लागि सप्तम भाव र निजी व्यापारका लागि दशम भावबाट विचार गर्नुपर्छ। द्वितीय स्थानबाट धन र एकादश स्थानबाट लाभबारे हेरिने हुँदा ती भावका शुभाशुभ स्थिति हेर्नुपर्छ। चतुर्थ स्थानबाट भूसम्पत्ति हेर्नुपर्छ। भूसम्पत्तिबाट पनि व्यवसाय गर्न सकिन्छ। व्यवसायका लागि सूर्यबाट पनि हेर्नुपर्छ। विशेषगरी लग्न, चन्द्र र सूर्य कुण्डलीबाट सप्तम र दशम स्थानको शुभाशुभ प्रभावबाट व्यवसाय विचार गर्नु उपयुक्त हुन्छ। सूर्य र बुध जस्ता ग्रहबाट सरकारी नोकरीको विचार गर्नुपर्छ। राहु र केतुबाट आयात र निर्यातलगायतका व्यापार हेर्ने। चन्द्रमाले जनतासँग प्रत्यक्ष सम्पर्क गर्ने व्यवसायमा लाभ दिन्छ। बृहस्पतिले शिक्षा क्षेत्रको व्यवसाय दिन्छ भने शुक्रले कलासँग सम्बद्ध व्यवसाय दिन्छ। दशम स्थानमा चर राशि भएमा स्वतन्त्र व्यापार फाप्छ भने स्थिर राशि भएमा अरुको काम वा नोकरी फाप्छ। त्यस्तै दशम स्थानमा द्विस्वभाव राशि भएमा नोकरी र स्वतन्त्र व्यापार दुवै गर्न सकिन्छ। तर व्यावसायिक उन्नतिका लागि दशम स्थान, दशमेश, धनेश, लाभेश जस्ता भावको बलाबल हेर्नुपर्छ।

स्वतन्त्र व्यवसाय

(१) चन्द्रमाबाट केन्द्रमा बुध, बृहस्पति र शुक्रमध्ये कुनै वा सबै ग्रह भएमा।
(२) बुध, शुक्र र चन्द्र एक अर्काबाट द्वितीय र द्वादशस्थ भएमा।
(३) चन्द्रमाबाट बुध र शुक्र तृतीय वा एकादशस्थ भएमा।
(४) दशम भावमा बुध, शुक्र वा शनि भएमा वा दशम भावमा यी ग्रहको दृष्टि भएमा।
(५) दशमेशका साथमा बुध, शुक्र वा शनि अन्य कुनै भावमा बसेमा।
(६) तीन वा त्यसभन्दा बढी ग्रह उच्च, स्वराशि वा मित्र राशिमा बसेमा।

नोकरी

(१) दशमेश गुरु, शुक्र वा मङ्गल भएमा।

(२) दशम भावमा गुरु, शुक्र वा मङ्गलको युति वा दृष्टि भएमा।

(३) दशमेश यी ग्रहसँग अन्य कुनै भावमा बसेमा।

ग्रहअनुसार व्यवसाय

दशम भावमा जुन ग्रहको प्रभाव छ त्यसअनुसार व्यवसाय वा नोकरी निर्धारण हुन्छ। यदि एकभन्दा बढी ग्रह दशम भावमा रहेमा जुन बलियो छ सोही ग्रहअनुसार व्यवसाय निर्धारण हुन्छ। दशम भावमा कुनै ग्रह नभएमा दशममा दृष्टि दिने ग्रहका आधारमा व्यवसाय निर्धारण हुन्छ। दशममा कुनै ग्रहको दृष्टि पनि नभएमा दशमेशको नवांशेशका आधारमा व्यवसाय निर्धारण गर्नुपर्छ। उदाहरणका लागि मेष लग्नको कुण्डलीमा दशमेश शनि हुन्छ। दशम भावमा कुनै ग्रहको युति वा दृष्टि पनि नभएमा दशमेश शनि नवांश कुण्डलीमा कुन राशिमा बसेको छ हेर्ने। त्यसपछि त्यस राशिको स्वामी ग्रहसँग सम्बद्ध व्यवसाय गर्दा लाभ हुन्छ भन्ने पत्ता लाग्दछ। यदि शनि नवांश कुण्डलीमा कर्कट राशिमा बसेको छ भने चन्द्रमासँग सम्बद्ध व्यवसाय हुन्छ भन्ने बताउन सकिन्छ। सूर्यादि ग्रहबाट हुने व्यवसायबारे निम्नानुसार प्रकाश पारिन्छ :

सूर्य : दशम भावमा सूर्यको प्रभाव भएमा सरकारी वा अर्धसरकारी नोकरी मिल्दछ। सूर्यले राज्यबाट लाभका साथै सुन, चाँदी, ऊनका सामान, औषधी जस्ता व्यवसायबाट लाभ मिल्छ।

चन्द्र : चन्द्रमा जनताको कारक भएकोले जनसम्पर्कका कार्यालयको काम वा नोकरी मिल्न सक्छ। जस्तै विद्युत, दूरसञ्चार, मोबाइल सेवाप्रदायक, बैङ्किङ, फाइनान्स, आयात-निर्यात स्थानीय निकाय जस्ता कार्यालयमा नोकरी मिल्न सक्छ। यसका साथै चन्द्रको प्रभावले डेरी व्यवसाय, फलफूल, जुस, लिकोर आदि व्यवसायबाट लाभ मिल्ला।

मङ्गल : दशम भावमा मंङ्गलको प्रभाव भएमा सेना, पुलिस, सेक्युरिटी गार्ड, ज़िल्ला प्रशासन, आन्तरिक र बाह्य सुरक्षा कार्यालय जस्ता क्षेत्रमा नोकारीं मिल्न सक्छ। यसका साथै अग्निको प्रयोग हुने, मासु काट्ने, कपाल काट्ने र अन्य साहसिक कार्य गर्ने व्यवसायबाट लाभ हुन्छ।

बुध : दशम भावमा बुधको प्रभाव भएमा साहित्य, लेखन, प्रकाशन, मोबाइल, टि.भी, रोडियो, अन्य इलेक्ट्रोनिक सामान, समाचार पत्र, डिलरसिप, एजेन्ट जस्ता कार्यबाट लाभ हुन्छ।

गुरु : दशम भावमा गुरुको प्रभाव भएमा सामाजिक कार्य, राजनीति, न्यायाधीश, शासकवर्ग, शासकका सल्लाहकार, जनप्रतिनिधि, वकिल, धार्मिक नेता, पुजारी, ज्योतिषी, शिक्षाको कर्मचारी, स्कुल, कलेजको सञ्चालक, बैङ्कको नोकरी, खानेकुराको व्यापार आदि व्यवसाय लाभदायक हुन्छ।

शुक्र : दशम भावमा शुक्रको प्रभाव भएमा कलात्मक वस्तु, हस्तकलाका सामान, फेन्सी, कस्मेटिक सामान, भोगविलासका सामान, गरगहना, महिलाका शृङ्गारका सामान, गीतसङ्गीत, पेन्टिङ, मोटरकार जस्ता व्यवसायबाट लाभ हुन्छ।

शनि : दशम भावमा शनिको प्रभावले दर्शन-शास्त्रको व्याख्याता, धार्मिक प्रवचनकर्ता, सन्यासी, भूमि, बिमाको एजेन्ट, फलामको व्यापार, बैंङ्कको कर्मचारी, कृषि ठेकेदारी, मिस्त्री, मजदुरी जस्ता व्यवसायबाट लाभ हुन्छ।

राहु-केतु : दशम भावमा राहु वा केतुको प्रभावले सामाजिक कार्य वा राजनीतिबाट लाभ मिल्छ। राहु केतु अशुभ ग्रह र छलकपटका प्रतीक भएकाले दशम भावमा यिनका प्रभावले व्यक्ति कपटपूर्ण व्यवसायतर्फ लाग्न सक्छ।

६.४ कालसर्प योग

६.४.१ परिचय

फलित ज्योतिषका विविध ग्रन्थमा सर्पदोषका बारेमा प्रकाश पारिएको पाइन्छ। वर्तमान समयमा यसबारे विशेष चर्चा प्रारम्भ भएको छ। हिन्दु समाजमा नागको विशेष महत्त्व छ। यहाँ परापूर्व कालदेखि नै नागपूजा गर्ने प्रचलन रहदै आएको पाइन्छ। त्यसैगरी नागपञ्चमी पर्व देशभरि नै श्रद्धा र भक्तिपूर्वक मनाउने गरिन्छ। यस दिन नागको चित्रपट बनाएर घरको मूलद्वारमा टाँसेर नागपूजा गरिन्छ। यस दिन नागदर्शन अत्यन्त शुभ मानिन्छ। नेपालका व्यक्तिका घर, टोल र बस्तीहरूमा नागका स्थान राखिएका हुन्छन्। सोमबार वा बिहीबार नागदेवताको पूजा गर्ने चलन पनि छ। नेपालका विभिन्न स्थानमा नागका प्रसिद्ध मन्दिर र पोखरी छन्। काठमाडौँको नक्सालमा नागपोखरी छ भने पशुपतिमा बासुकी मन्दिर छ जुन नागदेवताको मन्दिरका रूपमा चिनिन्छ। काठमाडौँको सुन्धारामा पनि नागस्थान छ। काठमाडौँको दक्षिण तर्फको टौदह र ललितपुरको धापाखेलमा नागदह छन् जुन नागदेवताका प्रसिद्ध तीर्थस्थल हुन्।

नागलाई शक्ति र सूर्यको अवतार मानिन्छ। नाग भगवान् शिवको गलाको हार पनि हो। भगवान् विष्णु शेषनागमाथि शयन गरेका हुन्छन्। हप्ताका सात दिनको नाम सात ग्रहका आधारमा राखिएका भए पनि राहु र केतुलाई कुनै बारसँग आबद्ध गरिएको छैन। यी दुवै छायाग्रह भएकाले यिनलाई सप्ताहका बारसँग आबद्ध नगरिएको हो। शनिवत् राहु, कुजवत् केतु भनेर राहु र केतुलाई क्रमशः शनि र मङ्गलजस्तो मानिएको छ।

राहु र केतुलाई एउटै शरीरका शिर र गिँड मानिन्छ। शिरमा विचार शक्ति हुन्छ तर शरीरको अभावले कार्य गर्न असमर्थ हुन्छ। त्यसैले राहु विचारप्रधान मानिन्छ। यसका विपरीत केतुको कार्य गर्ने शरीर छ तर विचार पक्षको प्रतीक शिर छैन। राहु जुन भावमा बस्छ त्यो भावेश, त्यस भावमा स्थित ग्रह वा जहाँ दृष्टि दिन्छ त्यो राशि, राशीश एवं त्यो भावमा स्थित ग्रहलाई आफ्नो विचारशक्तिले प्रभावित गरेर कार्य गर्न प्रेरित गर्दछ। केतु जुन भावमा बस्छ त्यो राशि, त्यसको भावेश र केतुमा दृष्टि दिने ग्रहको प्रभावमा कार्य गर्दछ। केतु मङ्गलजस्तै अशुभ ग्रह मानिन्छ। यसको महादशा तथा अन्तर्दशामा मानिसको बुद्धि भ्रमित हुन्छ र सुखसमृद्धिको ह्रास हुन्छ। राहुको दशा बाधाकारक हुन्छ। यहाँ विचारणीय पक्ष के हो भने राहु सम्बन्धित ग्रहका माध्यमले आफ्नो कार्य गराउँछ भने केतु सम्बन्धित ग्रहको प्रभावमा आएर त्यस ग्रहअनुसार कार्य गर्दछ।

राहु र केतु सधैँ सात घरको फरकमा रहने हुँदा यिनका बिचमा अन्य ग्रहहरू आएमा कालसर्प योग बन्दछ। राहु र केतु सधैँ वक्रगतिमा हिँड्छन्। यसबाट बाँया गोलार्ध र दायाँ गोलार्ध गरी दुई स्थिति हुन्छ। राहुको बाया भाग काल मानिन्छ। यसैले राहुबाट केतुतर्फ बन्ने योग नै कालसर्पको श्रेणीमा आउँछ। केतुदेखि राहुतर्फ बन्ने योगलाई ज्योतिषीहरू कालसर्पयोग मान्दैनन्। कालसर्प योगलाई कुनै पूर्वजन्मको दोष तथा पितृदोष मान्ने गरिन्छ। ज्योतिषका शास्त्रीय ग्रन्थहरूमा कालसर्प योगको उल्लेख भएको पाइँदैन। तैपनि कतिपय ज्योतिषीहरूले यस योग अनुसार पनि फलादेश गर्न थालेका छन्। मुख्यतः कालसर्प योगलाई उदित र अनुदित गरी दुई भागमा विभाजन गरिन्छ।

उदित गोलार्ध कालसर्प योग

(राहुको वक्र गतिले सबै ग्रह प्रभावित)

उदित गोलार्ध कालसर्प योगको नमुना कुण्डली



अनुदित गोलार्ध कालसर्प योग

(राहुको गतिबाट कुनै ग्रह तत्काल प्रभावित नहुने)

अनुदित गोलार्ध कालसर्प योगको नमुना कुण्डली



यसमा उदित गोलार्ध कालसर्पयोग जन्मकालदेखि नै प्रभावित हुन्छ भने अनुदितको प्रभाव गोचरमा ग्रहहरू राहुको प्रभावमा आउँदा मात्र हुन्छ। अतः उदित कालसर्प योगको प्रभाव बढी कष्टकारी मानिन्छ।

कालसर्पयोगको अध्ययन सावधानीपूर्वक गर्नुपर्छ। सर्वप्रथम कुन भावबाट कुन भावसम्म कालसर्प योग परेको छ त्यसको अध्ययन गर्नुपर्छ। कालसर्पयोग कतिपय अवस्थामा भङ्ग पनि हुन सक्छ। राहुको साथमा अन्य ग्रहको युति भएको अवस्थामा राहुभन्दा राहुसँग युक्त ग्रहको बल बढी भएमा कालसर्पयोग भङ्ग हुन्छ। कालसर्पयोग कष्टकारी मात्र नभएर उन्नतिदायक पनि हुन्छ। कहिलेकाहीँ यस योगले सम्पत्ति, धन, वैभव, यश आदि प्रदान गर्नुका साथै विश्वस्तरीय प्रसिद्धिसम्म दिन सक्दछ। कतिपय विश्वप्रसिद्ध राजनेताका कुण्डलीमा कालसर्पयोग रहेको पाइन्छ। त्यसैले कालसर्पयोगलाई ठुलो अनिष्टको अर्थमा लिनु गलत हो। कालसर्पयोग भए नभएको निश्चय गर्न र भए पनि कतिपय अवस्थामा भङ्ग भएको वा प्रभावहीन अवस्थामा रहेको हुनसक्छ। यसबारे अनुभवी ज्योतिषीलाई देखाएर मात्र आवश्यक उपाय गर्नु उपयुक्त हुन्छ।

६.४.२ कालसर्पयोगका प्रकार

कालसर्पयोग अनेक प्रकारका हुन सक्छन्। यसमा राहु र केतुका बिचमा एकातर्फ मात्र बाँकी सात ग्रह हुनु आवश्यक छ। एउटा मात्र ग्रह पनि राहु र केतुको घेराबाट बाहिर गएमा कालसर्पयोग भङ्ग हुन्छ। यसमा पनि राहुका घेरामा परेको वा उदित कालसर्पयोग नै बढी प्रभावकारी हुन्छ। विशेषतः कुण्डलीका जम्मा १२ भावका निम्नानुसार १२ प्रकारका कालसर्पयोग हुन्छन :

(१) अनन्त कालसर्पयोग : यो प्रथम भावमा राहु र सप्तममा केतु भएर बन्ने कालसर्पयोग हो। यस योगवाला व्यक्तिलाई शारीरिक तथा मानसिक समस्या आउला। सरकारी वा अदालती समस्या पनि आउला। यस योगबाट प्रभावित व्यक्ति साहसी, निडर, स्वतन्त्र विचारको र स्वाभिमानी हुन्छ।

उपाय : चाँदीको थालीमा भोजन गर्नु, दुध दान गर्नु, कालो र निलो रङ्गको कपडा नलगाउनु, पकेटमा फलामका सग्ला गोली राख्नु।

(२) कुलिक कालसर्पयोग : दोस्रो भावमा राहु र आठौँमा केतु हुँदा यो योग बन्दछ। यसको प्रभावले आर्थिक कष्ट, पारिवारिक कलह, सामाजिक स्थिति असन्तोषजनक, बोलीमा कडापनले हानि, विवाहमा विलम्ब, दाम्पत्य जीवनमा अवरोध जस्ता समस्या आउलान्।

उपाय : चाँदीको ठोस गोली साथमा राख्नु, सुन, केशर वा पहेँलो वस्तु धारण गर्नु, चारित्रिक अवस्था शुद्ध पार्नु, दुई रङ्गवाला कालो र सेतो रङ्गको कम्बल धार्मिक स्थानमा दान गर्नु, कान छेड्नु र हात्तीको पाउको माटो इनारमा हाल्नु।

(३) वासुकी कालसर्पयोग : तेस्रोमा राहु र नवौँमा केतुबाट यो योग बन्दछ। यसले जीवनमा सङ्घर्ष, नोकरी, व्यवसायमा समस्या, परिवारमा विरोध, भाइबहिनीसँग विवाद, मित्रबाट धोका, भाग्यको प्रतिकूलता, नोकरीमा बाधा, धर्मप्रति नास्तिकता, कानुनी समस्या आदि होला। धन कमाए पनि गलत बाटोबाट कमाउला। मानसम्मान प्राप्तिमा पनि सङ्घर्ष गर्नुपर्ला।

उपाय : हात्तीको दाँतका वस्तु साथमा नराख्नु, पलङ्का खुट्टामा तामाको किला ठोक्नु, रातमा सिरानीमा अन्न राखेर बिहान पन्छीहरूलाई खुवाउनु, झुटो नबोल्नु, सुनको औँठी वा कुनै गहना धारण गर्नु, केशरको तिलक लगाउनु।

(४) शङ्खपाल कालसर्पयोग : चतुर्थमा राहु र दशममा केतुबाट यो योग बन्दछ। यसको प्रभावले आर्थिक समस्या, मानसिक तनाव, जग्गाजमिनको विवाद, आमाका कारणले कष्ट, व्यवसाय, अध्ययन, नोकरी आदिमा समस्या, वाहन र सहयोगी कर्मचारीबाट झमेला, आर्थिक कष्टबाट टाट पल्टिने सम्मको अवस्था आदि आउन सक्छ।

उपाय : गङ्गा वा पवित्र नदीमा स्नान गर्नु, चाँदीको औँठी धारण गर्नु, घरको छतमा कोइला नराख्नु, रोग बढेमा ४०० ग्राम बदाम पानीमा बगाउनु, चाँदीको बट्टामा मह भरेर घरबाहिर सुनसान स्थानमा गाड्नु।

पद्म कालसर्पयोग : पञ्चममा राहु र एकादशमा केतुबाट यो योग बन्दछ। यसको प्रभावले सन्तान सुखमा कमी, सन्तानसँग टाढा रहनुपर्ने अवस्था, गुप्तरोगबाट समस्या, रोगको उपचारमा बढी खर्च, दुर्घटना र हातमा कष्ट, मित्र र पत्नीबाट विश्वासघात, जुवा वा सेयर वा सट्टाबाजीबाट सर्वस्व गुम्ने भय, शिक्षा प्राप्तिमा बाधा, शिक्षा अपूर्ण रहने सम्भावना, जसलाई सर्वाधिक विश्वास गरिन्छ त्यसैबाट धोकाको सम्भावन, सङ्घर्षबाट पनि सुख प्राप्तिमा बाधा र सङ्घर्षपूर्ण जीवन जिउने बाध्यता जस्ता समस्या आउलान्।

उपाय : आफ्नी पत्नीसँग सबै विधिपूर्वक दोस्रो पल्ट विवाह गर्नु, घरमा गाई वा कुनै दुधालु पशु पाल्नु, चाँदीको सानो ठोस हात्ती आफ्नो साथमा राख्नु, मूल ढोका बनाउने अवसरमा त्यसको तल चाँदीको पाता लगाउनु, परस्त्रीसँग टाढा रहनु, नित्य सरस्वती स्तोत्र पाठ गर्नु।

(६) महापद्म कालसर्पयोग : षष्ठमा राहु र द्वादशमा केतुबाट यो योग बन्दछ। यसको प्रभावले मामाबाट कष्ट, निराशाका कारण व्यसनमा फस्ने, लामो समयसम्म

शारीरिक कष्ट भोग्नुपर्ने, प्रेम सम्बन्धमा समस्या, पत्नीसँग विछोड, चरित्रमा दाग लाग्ने, शत्रुबाट कष्ट, आत्मबलमा कमी र गुप्त शत्रुको षड्यन्त्रको सिकार बनिने जस्ता समस्या आउलान्।

उपाय : घरमा पूरै कालो रङ्गको कुकुर पाल्ने, कालो चस्मा लगाउने, भाइबहिनीसँग कहिल्यै पनि झगडा नगर्ने र चालचलनमा संयम राख्ने।

(७) तक्षक कालसर्पयोग : सप्तममा राहु र लग्नमा केतुबाट यो योग बन्दछ। यसको प्रभावले वैवाहिक जीवनमा समस्या, सम्पत्तिको स्थायित्वमा समस्या, शत्रुबाट हानि, असाध्य रोगबाट समस्या, पदोन्नतिमा निरन्तर अवरोध, मानसिक कष्ट, साझेदारीका काममा लाभ नहुने जस्ता समस्या आउलान्।

उपाय : घरमा कुकुर नपाल्ने, बगेको पानीमा नरिवल बगाउने, विवाहका समयमा चाँदीको इँट पत्नीलाई दिने, त्यस इँटलाई नबेच्ने, त्यसलाई जतनसाथ घरमा राख्ने।

(८) कर्कोटक कालसर्पयोग : अष्टम भावमा राहु र द्वितीय भावमा केतुबाट यो योग बन्दछ। यसको प्रभावले रोग र दुर्घटनाबाट कष्ट, अर्थहानि, व्यापारमा घाटा, नोकरीमा समस्या, सहकर्मी कर्मचारीहरूसँग विवाद र कलह, पदावनति, मित्रबाट हानि, साझेदारीमा धोका, रोगमा वृद्धि, रोगको उपचारमा अपरेसन गर्नुपर्ने अवस्था, विषको प्रभाव र अकाल मृत्युको सम्भावना रहला।

उपाय : निधारमा तिलक लगाउने, चार नरिवल पानीमा बगाउने, बेइमानीबाट पैसा नकमाउने, सुक्खा मेवा चाँदीको भाँडामा हालेर धार्मिक स्थलमा दिने, जन्मको आठौँ महिनामा केही बदाम मन्दिरमा लगेर आधा त्यहीँ छाड्ने र आधा आफ्नो साथमा राख्ने।

(९) शङ्खचूड/शङ्खनाद कालसर्पयोग : नवममा राहु र तृतीयमा केतुबाट यो योग बन्दछ। यसको प्रभावले भाग्य दूषित हुने, व्यापारमा हानि, पारिवारिक र कार्यालयका कर्मचारीबाट समस्या, प्रशासनिक कार्यमा अवरोध, पिताको सुखमा कमी, व्यक्तिगत जीवनमा दुःख, कारोबारमा नोक्सानी आदि समस्या आउलान्।

उपाय : सुन धारण गर्नु, केशरको तिलक लगाउनु, पहेलो वस्त्र लगाउनु, बिहान पन्छीहरूलाई दानपानी दिनु।

(१०) घातक कालसर्पयोग : दशममा राहु र चतुर्थमा केतुबाट यो योग बन्दछ। यसको प्रभावले पारिवारिक कलह, नोकरी र रोजगारीमा कठिनाइ, मातापिता र हजुरबा, हजुरआमालाई कष्ट, सन्तानलाई समस्या जस्ता अशुभ फल मिल्ला।

उपाय : शिर खाली नराख्ने, टोपी वा फेटाले शिरलाई ढाक्ने, सरस्वती पूजा गर्ने, चाँदीको चारकुने टुक्रा पकेटमा राख्ने, सुनको सिक्री धारण गर्ने, बेसारको तिलक लगाउने, साबुत मुसुरोका गेडा नदीमा प्रवाहित गर्ने।

(११) विषाक्त वा विषधर कालसर्पयोग : एकादशमा राहु र पञ्चममा केतु हुँदा यो योग बन्दछ। यस योगबाट नेत्रपीडा, हृदयरोग, बन्धुविरोध, अनिद्रारोग, जन्मस्थानबाट टाढा रहने बाध्यता, दीर्घरोगको सम्भावना, सन्तानबाट कष्ट, नेत्ररोग, स्मरण शक्ति कमजोर, उच्च शिक्षामा अवरोध, मानप्रतिष्ठामा कमी जस्ता समस्या आउलान्।
उपाय : मन्दिरमा दान गर्ने, तामा वा राता चिज दानमा नदिने, अस्त्रशस्त्र घरमा नराख्ने, सुनको औँठी लगाउने, चार नरिवल जलमा प्रवाहित गर्ने, चाँदीको गिलासमा पानी पिउने, रातमा दुध नपिउने।

(१२) शेषनाग कालसर्पयोग : द्वादश भावमा राहु र षष्ठ भावमा केतुबाट यो योग बन्दछ। यसको प्रभावले जातकलाई गुप्त शत्रुले निरन्तर दुःख दिने, जातकको अधिक बदनामी हुने, नेत्रको शल्यक्रिया गराउनु पर्ने, मुद्दामामिलामा पराजय बेहोर्नुपर्ने, बाँचुन्जेल मानसिक तनाव रहने तर मृत्युपछि ख्याति फैलिने सम्भावना रहला।
उपाय : रातो मुसुरोको दाल दान गर्ने, धार्मिक स्थलमा तामाका भाँडा दान गर्ने, चाँदीको ठोस हात्ती घरमा राख्ने, सुनको सिक्री लगाउने, निलो फूलले सरस्वतीको पूजा गर्ने, कन्या र बहिनीलाई उपहार दिने।

६.४.३ कालसर्पयोगका लक्षण र अनिष्टकारी समय

कालसर्पयोग भएको व्यक्तिलाई सपनामा प्रायः सर्प देखिन्छ। काममा बढी परिश्रमबाट पनि आशातीत सफलता मिल्दैन, सधैँ मानसिक तनावमा रहनुपर्छ, जसले गर्दा सही निर्णय लिन असमर्थ हुन्छ। अकारण मानिसहरूसँग शत्रुता रहन्छ। गुप्त शत्रु सक्रिय रहेर कार्यमा अवरोध पैदा गराउँछन्। पारिवारिक जीवन कलहपूर्ण हुन्छ। विवाहमा ढिलाइ र दाम्पत्य जीवनमा कलहका साथ पारपाचुकेको सम्भावना रहला।

यस योगमा राहुको महादशा र अन्तर्दशामा बढी कष्ट मिल्ला। शनि, सूर्य र मङ्गलको दशामा पनि कष्ट मिल्ला। जीवनको मध्यकाल अर्थात् ४० देखि ४५ वर्षको उमेरतिर बढी सङ्कट आउला।

६.४.४ कालसर्पयोगको शान्ति

कालसर्पयोगको शान्ति घरमा गर्नु शुभ मानिँदैन। यसको शान्ति कुनै नागमन्दिर वा पवित्र नदीकिनारामा गर्नु उपयुक्त र प्रभावकारी हुन्छ। कालसर्प दोषको शान्तिका लागि कालसर्पयोग यन्त्र पनि उपलब्ध हुन्छ। यस्तो यन्त्र जातकले घरमा वा व्यापरिक प्रतिष्ठानमा स्थापित गरी नित्य दर्शन गर्नु र कालसर्पदोष निवारण मन्त्रको

नित्य न्यूनतम एक माला जप गर्नु शुभ मानिन्छ। कालसर्पदोष निवारण मन्त्र निम्नानुसार छन् :

ॐ सर्पेभ्यो नमः।

ॐ नमोऽस्तु सर्पेभ्यो ये के च पृथिवीमनु ये अन्तरिक्षे ये दिवि तेभ्यः सर्पेभ्यो नमः।

ॐ क्रौं नमोऽस्तु सर्पेभ्यो कालसर्प शान्तिं कुरु कुरु स्वाहा।

ॐ भ्रां भ्रीं भ्रौं सः राहवे नमः।

ॐ स्त्रां स्त्रीं स्त्रौं सः केतवे नमः।

उक्त मन्त्रहरूमध्ये कुनै एक मन्त्र नित्य जप गर्नु शुभ होला। यसमा राहु र केतु दुवैको मन्त्र जप्नु शुभ हुन्छ। कालसर्पदोष शान्तिका अन्य उपाय निम्नानुसार छन् :

(१) प्रतिदिन विष्णु भगवान्को मन्दिरमा गएर पूजा गर्ने।
(२) साउनको सोमबार शिवजीलाई रुद्राभिषेक गर्ने।
(३) गोमेद वा चाँदीको धातुले बनेको नागको आकृतिवाला औँठी धारण गर्ने।
(४) घरको मुख्य द्वारमा चाँदीले बनेको स्वस्तिक लगाउने।
(५) शनिबार थोरै कोइला बगेको पानीमा प्रवाहित गर्ने।
(६) नागपञ्चमीमा व्रत गर्ने, शिवजीलाई रुद्रभिषेक गर्ने र घरको पूजास्थलमा कालसर्पयोगयन्त्र स्थापित गरेर नित्य पूजा गर्ने।
(७) महाशिवरात्रिभन्दा एक दिन पहिले रातो कपडामा खाने सुप बाँधेर सिरानीमुनि राखेर सुत्ने। अर्को दिन बिहान त्यो पोको खोलेर त्यो सुप खाने।
(८) प्रतिदिन "ॐ नमः शिवाय" मन्त्र २१ माला जप गर्ने।
(९) कालसर्पयोग यन्त्र बनाएर सर्स्युको तेलको बत्ती बालेर पूजा गर्ने।
(१०) सूर्य वा चन्द्रग्रहणका दिन सात अनाजले तुलादान गर्ने।
(११) राहु मन्त्र "ॐ रां राहवे नमः" ७२००० पल्ट जप गर्ने।
(१२) माता सरस्वती र श्रीगणेशको नित्य पूजा गर्ने।
(१३) प्रत्येक पुष्य नक्षत्रमा जल एवं दुध चढाउने र रुद्रको जप एवं अभिषेक गर्ने।
(१४) राहु र केतुका वस्तु दान गर्ने।
(१५) पारद शिवलिङ्ग बनाएर घरमा प्राणप्रतिष्ठा गरी नित्य पूजा गर्ने।
(१६) श्रावण महिनाभर शिवलाई अभिषेक गर्ने।
(१७) हनुमान चालीसाको १०८ पल्ट जप गर्ने र मङ्गलबारका दिन हनुमानजीको प्रतिमामा रातो वस्त्र, सिन्दुर, चमेलीको तेल र बतसा चढाउने।
(१८) एघार शनिबारसम्म पीपलको वृक्षमुनि स्थापित शिवलिङ्गमा जल चढाएर शिव मन्त्र "ॐ नमः शिवाय" जप गर्ने।

अध्याय सात

वास्तु प्रकरण

७.१ वास्तुसम्बन्धी महत्त्वपूर्ण तथ्य

वास्तुपुरुषको प्रादुर्भाव : भगवान् शङ्करले अन्धकासुर दैत्यको वध गर्दा निस्केको पसिनाबाट विकराल मुखवाला प्राणी उत्पन्न भएर अन्धकको रक्तपान गर्न लाग्यो। यसबाट पनि तृप्त नभएकोले त्यस प्राणीले भगवान् शिवको तपस्या गऱ्यो। त्यसको मागबमोजिम शिवजीले तीन लोकलाई ग्रसित गर्न सक्ने वर दिए। त्यसपछि त्यो प्राणी तीन लोकलाई अवरुद्ध पारेर पृथ्वीमा आएर पछारियो। यसबाट भयभीत देवताहरूले त्यसलाई घोप्टो मुख पारेर त्यहीँ स्तम्भित गरे। जुन देवताले त्यस प्राणीका जुन अङ्गमा दबाएका थिए त्यसै अङ्गमा ती देवताको निवास भयो। त्यसैले यसलाई वास्तु भनिएको हो।

७.२ घडेरीको माटो परीक्षण

घडेरीको माटो परीक्षण चक्र

0	0	0
0	0	0
0	0	0

माटो परीक्षणमा ग्रहको स्थान

बुध	शुक्र	चन्द्र
गुरु	सूर्य	भौम
केतु	शनि	राहु

उल्लिखित नौ कोठाहरू भएको एउटा खाली तालिका बनाउने। त्यसमा घडेरीको माटो ल्याउने व्यक्तिलाई कुनै एक कोठमा माटो राख्न लगाएर साइत गराउने। ग्रहका बारेमा थाहा पाएका व्यक्तिबाट साइत गराउन मिल्दैन। त्यसपछि निम्नानुसार ग्रहजन्य घडेरीको शुभाशुभ फल बताउने :

सूर्य : सिसौलगायतका वृक्ष भएको उत्तम भूमि,

चन्द्र : दूध निस्कने वृक्षवाला, कपट गरिएको र कील गरिएको भूमि,

मङ्गल : काँडायुक्त वृक्ष भएको र नाग, धमिरा तथा मुसा लाग्ने भूमि,

बुध : फल नलाग्ने वृक्ष भएको भूमि,

गुरु : फल तथा पहेला फूल लाग्ने भूमि,

शुक्र : सेता फूल फुल्ने वृक्षयुक्त भूमि,

शनि : निकृष्ट वृक्षयुक्त र मसान खेल्ने भूमि,

राहु/केतु : चिहान भएको भूमि।

उक्त आधारमा सूर्य, गुरु र शुक्रको स्थानको भूमि शुभ र अन्य भूमि अशुभ मानिन्छ।

७.३ घडेरीको चयन

भूमिको सतहअनुसार घडेरीका लागि शुभाशुभ मानिन्छ। कुन दिशामा अग्लो र होचो भूमिको कस्तो फल हुन्छ भन्ने निम्नानुसार तालिकाबाट अवगत गर्न सकिन्छ :

सि.नं.	दिशा	अग्लो वा होचो	फल
१	पूर्व	अग्लो	पुत्र र धननाशक
२	आग्नेय	अग्लो	भूमि र धनदायक
३	दक्षिण	अग्लो	स्वास्थ्यलाभ र मनोकामना पूर्ण
४	नैर्ऋत्य	अग्लो	भूमि र धनदायक
५	पश्चिम	अग्लो	भूमि, पुत्र र धनदायक
६	वायव्य	अग्लो	भूमि र धनदायक
७	उत्तर	अग्लो	भूमि, पुत्र र धननाशक
८	ईशान	अग्लो	महाक्लेशकारक
९	पूर्व	होचो	भूमि, पुत्र र धनदायक
१०	आग्नेय	होचो	धननाशक, मृत्यु, शोक र अग्निभय
११	दक्षिण	होचो	मृत्यु र रोगदायक, सन्ताननाशक
१२	नैर्ऋत्य	होचो	धननाशक, भय, रोग र चोरभय
१३	पश्चिम	होचो	धन र कीर्तिनाशक, शोक कलहकारक, पुत्रक्षयकारक
१४	वायव्य	होचो	उद्वेग, मृत्यु, कलह, रोगदायक, धननाशक
१५	उत्तर	होचो	धनधान्य र वंशवर्धक
१६	ईशान	होचो	विद्या, धन, रत्न र सुखदायक

७.४ घडेरीको भूमि शुद्धि

घर बनाउने घडेरीलाई माथिट्टिको केही माटो खनेर फाल्ने, सरसफाइ गर्ने, गाईको गोबरले पोत्ने, गहुँत र गङ्गाजल छर्कने र गाईलाई एक दिनरात राख्ने गरी पाँच प्रकारले शुद्ध पार्न सकिन्छ। घडेरीको जमिनमुनि गाईको हाड भएमा राजभय, मानिसको हाड भएमा सन्ताननाशक, बाख्राको हाड भएमा अग्निभय, घोडाको हाड भएमा रोग, गधा वा ऊँटको हाड भएमा हानि र कुकुरको हाड भएमा कलह हुन्छ। घडेरीमा एक पुरुषको उचाइ बराबरको नापभन्दा मुनि कुनै हाड भएमा त्यसको दोष लाग्दैन।

७.५ गृहारम्भ मुहूर्त

शुभ महिना : वैशाख, साउन, मङ्सिर, माघ र फागुन महिना गृहारम्भका लागि शुभ हुन्छ। कार्तिक महिना मध्यम मानिन्छ। जेठ, असार, भदौ, असोज, पुस र चैत महिनामा गृहारम्भ गर्नु अशुभ हुन्छ।

शुभ पक्ष : शुक्ल पक्ष।

शुभ तिथि : द्वितीया, तृतीया, पञ्चमी, षष्ठी, सप्तमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी र पूर्णिमा।

शुभ बार : सोम, बुध, गुरु, शुक्र र शनि।

शुभ नक्षत्र : अश्विनी, रोहिणी, मृगशिरा, पुष्य, उत्तराफल्गुनी, हस्त, चित्रा, स्वाती, अनुराधा, ज्येष्ठा, मूल, उत्तराषाढा, श्रवण, उत्तराभाद्रपदा र रेवती।

भूमिशयन विचार : सूर्य बसेको नक्षत्रबाट चन्द्रमाको नक्षत्र वा दिन नक्षत्र यदि ५,७,९,१२,१९ र २६ औँ मा परेमा भूमि सुतेको मानिन्छ। यस्तो भूमि सुतेको अवस्थामा घर, मन्दिर, पोखरी आदि निर्माणका लागि खन्नु हुँदैन।

७.६. जग खन्दा राहुको विचार

घर, मन्दिर र जलाशय(पोखरी) निर्माण गर्दा राहुको मुख र पुच्छर भएको दिशाबाट खन्नु हुँदैन। राहुको पीठ वा ढाडबाट खन्नुपर्छ। यसका लागि निम्नानुसारको तालिकाअनुसार गर्नु शुभ हुन्छ :

गृहारम्भ	भदौ, असोज, कार्तिक	मङ्सिर, पुस, माघ	फागुन, चैत्र, वैशाख	जेठ, असार, साउन
मन्दिरारम्भ	चैत्र, वैशाख, जेठ	असार, साउन, भदौ	असोज, कार्तिक मङ्सिर	पुस, माघ, फागुन
जलाशयारम्भ	माघ, फागुन, चैत्र	वैशाख, जेठ, असार	साउन, भदौ, असोज	कार्तिक, मङ्सिर, पुस
राहुको मुख	ईशान	वायव्य	नैर्ऋत्य	आग्नेय
राहुको पुच्छर	नैर्ऋत्य	आग्नेय	ईशान	वायव्य
राहुको पीठ (ढाड)	आग्नेय	ईशान	वायव्य	नैर्ऋत्य

उदाहरणका लागि मङ्सिर, पुस वा माघ महिनामा गृहारम्भ गर्नुपर्दा राहुको मुख र पुच्छर क्रमशः वायव्य र आग्नेय कोणमा हुने हुँदा ती दिशालाई छाडेर राहुको पीठ वा ईशान कोणमा जग खन्नुपर्छ।

७.७ गृहारम्भका लागि वृषवास्तु चक्र

गृहारम्भको नक्षत्रअनुसार वृषवास्तुचक्रको शुभाशुभ हेर्नुपर्छ। यसका लागि वृषभको आकार मानेर निम्नानुसार सूर्यको नक्षत्रबाट चन्द्रमाको नक्षत्रसम्म गणना गर्दा निम्नानुसार फल प्राप्त हुन्छ :

स्थान	सूर्यनक्षत्रबाट इष्ट नक्षत्रसंख्या	फल	नक्षत्रसंख्या र शुभ /अशुभ फल
शीर्ष	३	दाह	३ अशुभ
अग्रपाद	४	शून्य	७ अशुभ
पृष्ठपाद	४	स्थिरता	११ शुभ
पृष्ठ	३	लक्ष्मी प्राप्ति	१४ शुभ
दक्षिण कुक्ष	४	लाभ	१८ शुभ
पुच्छ	३	स्वामीनाश	२१ अशुभ
वाम कुक्ष	४	निर्धनता	२५ अशुभ
मुख	३	पीडां	२८ अशुभ

उदाहरणका लागि २०७७ मङ्सिर १० गते गृहारम्भ गर्नका लागि वृषवास्तुचक्र हेर्नु परेमा त्यस दिनको चन्द्रनक्षत्र उत्तरभाद्रपदा छ भने सूर्य नक्षत्र अनुराधा छ। अब सूर्य नक्षत्र अनुराधाबाट चन्द्रनक्षत्र उत्तरभाद्रपदासम्म गणना गर्दा १० सङ्ख्या आयो। यसमा सूर्यबाट चन्द्रनक्षत्र ७ सम्म अशुभ त्यसपछि ८ देखि १८ सम्म शुभ हुन्छ भन्ने उक्त चक्रबाट अवगत गर्न सकिन्छ। यसअनुसार त्यस दिन गृहारम्भका लागि वृषवास्तु चक्र जुर्ने देखियो। यसमा अभिजित् नक्षत्र पनि गन्नुपर्छ।

७.८ शिलान्यासका लागि सामग्री

शिलान्यास वा जग पूजा निर्माणाधीन भवनको आग्नेय दिशामा गर्नुपर्छ। शिलान्यासका लागि आवश्यक सामग्रीहरूमा पाँच सग्ला इँटा, पाँच ओटा चारकुने ढुङ्गा, पाँच ओटा बिर्कोसहितका तामाका घडा, पारो, नाग जोडी एक, पञ्चरत्न, सर्वौषधी, गीता वा धार्मिक पुस्तक, पानीवाला नरिवल एक, जनै २ जोर, रातो वस्त्र, कौडा, सुपारी पाँच ओटा, नदीको माटो, गङ्गाजल, तामाको कछुवा एक, सिक्का पैसा, गाईको काँचो दूध, गाईको गहुँत, पूजा सामग्री, फलफूल, नैवेद्य आदि।

शिलान्यास गर्दा सर्वप्रथम आग्नेय दिशामा गर्नुपर्छ र त्यसपछि प्रदक्षिणा क्रमले अर्थात् मन्दिरलाई दाहिने पारेर घुमे जसरी आग्नेयबाट दक्षिण, नैर्ऋत्य, पश्चिम, वायव्य, उत्तर, ईशान र पूर्व दिशातर्फ निर्माण गर्दै जानुपर्छ। गृह निर्माणको समाप्ति दक्षिण दिशामा गर्नुहुँदैन । शिलान्यासका लागि चारकुने ढुङ्गा लिनु पर्छ । लामो, छोटो, टेढोमेढो, खण्डित, कालो र टुटफूट भएको ढुङ्गा अशुभ र भयप्रद मानिन्छ। गृहारम्भको समयमा कठोर वचन बोल्नु, थुक्नु, हाच्छ्यु गर्नु अशुभ मानिन्छ।

७.९ घरको मुख्य द्वार र कम्पाउण्डको गेट

कम्पाउण्डको द्वारबाट प्रवेश गर्दा घरको मूलद्वार दाहिनेतर्फ परेमा यसलाई सव्य द्वार भनिन्छ। यस्तो द्वार हुनु सुख, समृद्धि र धनधान्यको सूचक मानिन्छ। यसको विपरीत कम्पाउण्डको द्वारबाट पस्दा भित्री द्वार बायाँतर्फ भएमा अपसव्य द्वार भनिन्छ। यस्तो द्वार हुनु अशुभसूचक हो। कम्पाउण्डको द्वार र भित्री मूल द्वार एउटै दिशामा हुनु शुभ मानिन्छ। घरको मुख्य द्वार कुन दिशामा राख्नु शुभ होला भन्ने हेर्नुपर्छ। विशेषगरी पूर्व र उत्तर दिशामा द्वार हुनु बढी शुभ मानिन्छ। दक्षिणतर्फको द्वारले सङ्घर्ष गराउँछ र स्त्रीवर्गलाई दुःखदायी गराउँछ भने पश्चिमको द्वारले अल्छीपना बढाउँछ।

वास्तुचक्रका चार दिशामा गरेर कुल ३२ देवता रहेका हुन्छन् भन्ने मानिन्छ। यसमा कुनकुन दिशाको कुन स्थानमा द्वार बनाउनु शुभ होला भन्ने जानकारी लिनका लागि निम्नानुसारको तालिका हेर्नु आवश्यक छ :

ईशान पूर्व आग्नेय

उत्तर (बायाँ) / दक्षिण (दायाँ)

		द्वार	द्वार	द्वार				
								द्वार
द्वार								द्वार
द्वार								द्वार
				द्वार	द्वार	द्वार		

वायव्य पश्चिम नैर्ऋत्य

उदाहरणका लागि घरको मूल ढोका पूर्वतर्फ राख्नुपर्दा घरको पूर्वी भागको नाप लिने। त्यसलाई नौ भाग गरेर ईशान कोणबाट पूर्वतर्फको दुई भाग छाडेर तेस्रो, चौथो वा पाँचौं भागमा मूल द्वार राख्नु शुभ हुन्छ। त्यसैगरी उत्तरतिर मूल द्वार राख्नुपर्दा घरको उत्तरी भागको नापोलाई नौ भाग गरेर वायव्य कोणबाट उत्तरतर्फ जाँदाको तीन भाग छाडेर चौथो वा पाँचौं भागमा द्वार राख्नु शुभ हुन्छ। उक्त चक्रमा हेर्दा चार दिशाका द्वार लेखिएका स्थानमा मूलद्वार राख्दा शुभ र बाँकी स्थानमा द्वार राख्दा अशुभ हुने देखिन्छ।

७.१० वास्तुअनुरूप घरको संरचना

घर बनाउँदा आयताकार घर शुभ मानिन्छ। यस्तो घरमा चौडाइको दुईगुनाभन्दा बढी लम्बाइ हुनु शुभ मानिँदैन। पिल्लरवाला घर बनाउँदा जोर सङ्ख्याका पिल्लर राख्नु शुभ हुन्छ तर अन्त्यमा शून्य सङ्ख्या आउनु राम्रो हुँदैन। जस्तै : पिल्लर दश, बिस वा तिस ओटा राख्नु शुभ हुँदैन। पिल्लर सङ्ख्या बाह्र, चौध, सोह्र इत्यादि जोर सङ्ख्यामा राख्नु शुभ हुन्छ। यदि विजोडा वा अन्त्यमा शून्य सङ्ख्याका पिल्लर राख्नुपर्ने भएमा केही फल्स पिल्लर थप्नु राम्रो हुन्छ।

गृह वास्तुका प्रमुख सूत्र

(१) पानी व्यवस्थापन : घरको अन्डरग्राउन्ड पानी ट्याङ्की, इनार वा बोरिङ उत्तर, पूर्व वा ईशानमा बनाउनु शुभ हुन्छ। ओभरहेड पानी ट्याङ्की घरको छतको दक्षिणतर्फ राख्नुपर्छ।

(२) ब्रह्मस्थान : घरको मध्यभाग अर्थात् बिचको स्थानलाई ब्रह्मस्थान भनिन्छ। यो स्थान खुला हुनुपर्छ। यहाँ पिल्लर हुनु हुँदैन।

(३) भान्सा : खाना पकाउने स्थान आग्नेय कोणमा उत्तम हुन्छ। विकल्पमा वायव्य कोणमा पनि शुभ हुन्छ। पकाउने व्यक्तिले पूर्व फर्केर पकाउनु राम्रो हुन्छ। भोजन गर्दा पूर्व वा उत्तर फर्केर गर्नुपर्छ। दक्षिण वा पश्चिम फर्केर भोजन गर्नु अशुभ हुन्छ। जसले गोडा नधोइकन खान्छ, दक्षिण फर्केर खान्छ र शिरमा वस्त्र बेरेर खान्छ त्यसको त्यो अन्न प्रेतले खान्छ भन्ने शास्त्रमा लेखिएको छ।

(४) शौचालय तथा स्नानकक्ष : शौचालय र स्नानकक्ष एकै स्थानमा बनाउनुपर्दा दक्षिण र नैर्ऋत्यको कुनामा अथवा पश्चिमतर्फ बनाउनु शुभ हुन्छ। दिनमा उत्तर र रात्रिमा दक्षिणतर्फ फर्केर दिसापिसाब गर्नु राम्रो मानिन्छ। ईशान वा पूर्वतर्फ स्नानकक्षमात्र बनाउँदा पूर्व दिशामा पनि शुभ हुन्छ। ईशान वा पूर्वतर्फ शौचालय बनाउनु ठुलो वास्तुदोष मानिन्छ। सेप्टिक ट्याङ्क पश्चिम वा

वायव्य कोणतर्फ बनाउनु शुभ हुन्छ। घरको शौचालयको फोहोर निकाल्ने पाइप पूर्व वा ईशान कोणतर्फ लग्नु हुँदैन।

(५) स्वागत कक्ष : वायव्यकोण वा पूर्व तथा ईशानकोणको बिचमा स्वागत कक्ष बनाउनु शुभ हुन्छ।

(५) शयन कक्ष : नैर्ऋत्य, दक्षिण वा पश्चिम दिशामा शयन कक्ष बनाउनु शुभ हुन्छ। घरको मुख्य व्यक्ति पश्चिम वा नैर्ऋत्य दिशाको कोठामा सुत्नु राम्रो हुन्छ। पूर्वतर्फ शिर पारेर सुत्दा विद्याप्राप्ति हुन्छ भने दक्षिणतर्फ शिर पारेर सुत्दा धन र आयुको वृद्धि हुन्छ। पश्चिमतर्फ शिर पार्दा चिन्ता र उत्तरतर्फ शिर पार्दा मृत्यु हुन्छ।

(६) भऱ्याङ : घरको दक्षिण, नैर्ऋत्य वा पश्चिम दिशामा भऱ्याङ बनाउनु शुभ हुन्छ। भऱ्याङ चढ्दा दाहिने घुमेर चढ्नु राम्रो हुन्छ र यसका खुड्किला विषम हुनुपर्छ। भऱ्याङ मुनि भान्सा वा शौचालय बनाउनु राम्रो हुँदैन। भऱ्याङको माथि पूजास्थल पनि शुभ मानिँदैन।

(७) पूजास्थल : पूजास्थल पूर्व वा ईशान कोणमा बनाउनु शुभ हुन्छ। घरमा एक बित्ताभन्दा ठुला मूर्ति राख्नु राम्रो मानिँदैन। मूर्ति काठ, पत्थर, सुन वा अन्य धातुबाट बनेको र प्राणप्रतिष्ठा गरिएको हुनुपर्छ। घरमा दुई शिवलिङ्ग, तीन गणेश, दुई शङ्ख, दुई सूर्य प्रतिमा, तीन देवी, दुई द्वारकाका गोमती चक्र र दुई शालिग्रामको पूजा गर्नु हुँदैन। पूजा गर्दा पूर्व, उत्तर वा ईशान कोणतर्फ फर्किनुपर्छ।

व्यावसायिक वास्तुका सूत्र

(१) व्यापारिक संस्थानको मालिक दक्षिण–पश्चिम दिशामा उत्तर वा पूर्व फर्केर बस्नुपर्छ।

(२) कार्यालयका आर्थिक कारोबार गर्ने कर्मचारीहरू उत्तर दिशामा बस्नुपर्छ।

(३) मुख्य कार्यालयको प्रवेशद्वार पूर्वतर्फ हुनुपर्छ।

(४) बिक्री काउन्टरमा बस्ने सेल्सम्यानको मुख पूर्व वा उत्तरतर्फ हुनुपर्छ।

(५) पसल र सोरुममा बिक्रीका सबै सामान पश्चिम एवं वायव्य कोणमा हुनुपर्छ।

(६) कार्यालय वा पसलमा बस्ने मालिक, कर्मचारी, विक्रेता आदि सबैको बस्ने स्थानको ठिक माथि बिम हुनु हुँदैन।

(७) पसल वा सोरुममा बढी तौलका, ठुला र कम उपयोगी सामान नैर्ऋत्य कोणमा राख्नुपर्छ।

(८) कुनै सामान लामो समयसम्म पनि नबिकेमा वायव्य कोणमा राख्नाले छिटै बिक्छ।

(९) कार्यालयमा क्यान्टिन आग्नेय कोणमा हुनुपर्छ।

(१०) कार्यालयका सबै क्याबिनका द्वार भित्रबाट खुल्ने हुनुपर्छ।

(११) कार्यालयको स्वागत कक्ष प्रवेशद्वारसँगै हुनुपर्छ र स्वागतकर्ताको मुख पूर्व वा उत्तरतर्फ फर्किनुपर्छ।

(१२) स्वागत कक्षमा उत्तर, पूर्व तथा ईशान कोणमा सजावटी बिरुवा र फूल राख्नुपर्छ।

(१३) रेस्टुरेन्टको डाइनिङ हल पश्चिममा बनाउनु राम्रो हो, विकल्पमा दक्षिण वा पूर्वमा पनि बनाउन सकिन्छ।

(१४) रेस्टुरेन्टको खाना पकाउने स्थान आग्नेय र वितरण काउन्टर वायव्य कोणमा बनाउनु राम्रो हुन्छ।

(१५) अस्पताल र नर्सिङ् होममा दक्षिणको द्वार बनाउनु हुँदैन।

(१६) अस्पतालको इमर्जेन्सी कक्ष वायव्य कोणनजिकै उत्तरमा बनाउनु पर्छ।

(१७) अस्पतालको आई सी यु कक्ष वायव्य कोणमा बनाउनु पर्छ।

(१८) अस्पतालमा प्रसूति वार्ड ईशान र पूर्वको बिचमा बनाउनु पर्छ।

(१९) अस्पतालमा अपरेशन वार्ड पश्चिममा बनाउनु पर्छ।

(२०) अस्पतालको नैर्ऋत्य कोणमा कुनै वार्ड बनाउनु हुँदैन।

(२१) रोगीका कोठा दक्षिणमा बनाउनु हुँदैन।

(२१) मुर्दाघर र पोस्टमार्टम कक्ष दक्षिणमा बनाउनु पर्छ।

(२२) लिफ्ट उत्तर वा पूर्वमा बनाउनु पर्छ।

(२३) अस्पतालमा डाक्टरको होस्टल पश्चिममा र नर्सको होस्टल वायव्य र उत्तरको बिचमा बनाउनु पर्छ।

(२४) विद्यालयमा अध्यापन कक्ष पूर्व, उत्तर र पश्चिममा बनाउनु पर्छ।

(२५) अध्ययन गर्दा विद्यार्थीको मुख उत्तर वा पूर्वतर्फ हुनुपर्छ।

(२६) विद्यालयमा कर्मचारी कक्ष वायव्य वा त्यसको वरपर हुनुपर्छ।

(२७) ज्योतिष कार्यालयमा ज्योतिषीको दायाँतर्फ पञ्चाङ्ग र पुस्तक हुनुपर्छ।

७.११ गृहप्रवेश मुहूर्त र विधि

गृहप्रवेश अपूर्व, सपूर्व र द्वन्द्व गरी तीन प्रकारका हुन्छन्। नयाँ बनाएको घरमा प्रवेश गर्नु अपूर्व हो भने यात्रा आदिबाट फर्किएर प्रवेश गर्नु सपूर्व हो। पुरानो जीर्णोद्धार गरिएको घरमा प्रवेश गर्नुलाई द्वन्द्व प्रवेश भनिन्छ। हामीले यहाँ विचार गर्ने अपूर्व प्रवेश हो।

गृहप्रवेशका लागि शुभ मास : यसका लागि माघ, फागुन, वैशाख र जेठ महिना उत्तम तथा कार्तिक र मङ्सिर महिना मध्यम मानिन्छन्। जीर्णोद्धार गरिएको घरमा प्रवेशका लागि दक्षिणायनका महिना शुभ मानिन्छन्।

शुभ तिथि : कृष्णपक्षमा दशमीसम्म र शुक्लपक्षमा चन्द्रोदयपछिका तिथिमा प्रवेश गर्नु शुभ हो। यसमा पनि रिक्ता तिथि(चतुर्थी, नवमी र चतुर्दशी) अशुभ हुन्।

शुभ नक्षत्र : रोहिणी, मृगशिरा, चित्रा, अनुराधा, तीन उत्तरा र रेवती नक्षत्र शुभ हुन्। यसका साथै निम्नानुसारका दिशामा द्वार भएका घरमा प्रवेशका लागि निम्नानुसारका नक्षत्र भएमा पनि शुभ मानिन्छन् :

क्र.सं.	द्वार दिशा	शुभ नक्षत्र
१	पूर्व	कृत्तिका, रोहिणी, मृगशिरा, आर्दा, पुनर्वसु, पुष्य, अश्लेषा
२	दक्षिण	मघा, पू.फा., उ.फा.,हस्त, चित्रा, स्वाती, विशाखा
३	पश्चिम	अनुराधा, ज्येष्ठा, मूल, पू.षा., उ.षा.,अभिजित, श्रवण
४	उत्तर	धनिष्ठा, शतभिष, पू.भा., उ.भा., रेवती, अश्विनी, भरणी

यस चक्रमा दिइएबमोजिम पूर्व दिशामा द्वार भएको घरमा प्रवेश गर्दा कृत्तिका, रोहिणी आदि सात नक्षत्र शुभ हुन्छन् भने दक्षिण दिशावाला घरमा प्रवेश गर्दा मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी आदि सात नक्षत्र शुभ हुन्छन्। यसै अनुसार का नक्षत्रमा गृहप्रवेश गर्न सकिन्छ।

गृह प्रवेशका लागि लग्न विचारणीय : चरलग्न र चरांशक छाड्ने, गृहस्वामीको जन्मराशिदेखि अष्टम लग्न छाड्ने, जन्मराशि वा लग्नदेखि तृतीय, षष्ठ र एकादश स्थानमा पापग्रह हुनुपर्ने र केन्द्र (१।४।७।१०), त्रिकोण (५।९) तथा आयधनत्रिग (११।२।३) स्थानमा शुभग्रह भई ४।८ स्थान शुद्ध (शुभ र पापा दुवै ग्रह नभएको) पारेर गृहप्रवेश गर्नु शुभ हुन्छ।

गृह प्रवेशका लागि कुम्भचक्र : सूर्य नक्षत्रदेखि दिन नक्षत्र वा चन्द्र नक्षत्रसम्म गणना गर्दा फल यसप्रकार हुन्छ : सूर्य नक्षत्रदेखि ५ नक्षत्रसम्म अशुभ, सूर्य नक्षत्रदेखि ६–१३ नक्षत्रसम्म शुभ, सूर्य नक्षत्रदेखि १४–२१ नक्षत्रसम्म अशुभ, सूर्य नक्षत्रदेखि २२–२७ नक्षत्रसम्म शुभ हुन्छ। यसमा अभिजित् नक्षत्रको गणना हुँदैन।

वास्तुमुहूर्त : वैशाख, श्रावण, कार्तिक, मार्गशीर्ष र फागुन महिनामा अश्विनी, रोहिणी, मृगशिरा, पुनर्वसु, पुष्य, ३ उत्तरा, हस्ता, चित्रा, स्वाती, अनुराधा, श्रवण, धनिष्ठा, शतभिषा र रेवती नक्षत्रमा २।३।५।६।१० र ११ लग्नमा वास्तुमुहूर्त जुराई वास्तु गर्नु शुभ हुन्छ।

अध्याय आठ

उपयोगी उपाय सङ्ग्रह

ज्योतिषीहरूको मुख्य कर्तव्य मानिसका शुभाशुभ फल बताएर शुभ फल वृद्धि र अशुभ फल नाश गराउने उपाय बताउनु हो। यसका साथै व्यक्तिलाई उपयुक्त मार्गमा अग्रसर गराउन उचित सल्लाह दिनु हो। ज्योतिषीका साथै विशेषज्ञ विद्वान्हरूले बताएका कतिपय उपाय वा विधि कठिन हुनसक्छ। विभिन्न ज्योतिषप्रेमी महानुभावहरूले आफैँले गर्न सकिने सरल र लाभदायक उपायहरू हुन सक्छन् कि भन्ने जिज्ञासा राख्ने गर्नुहुन्छ। त्यसैले यहाँ केही सरल ज्योतिषीय र अन्य अनुभवजन्य उपायहरूबारे प्रकाश पारिन्छ।

८.१ मालाद्वारा जप गर्ने विधि

(१) ग्रहका मन्त्र वा अन्य उपयोगी मन्त्रहरू निश्चित सङ्ख्यामा जप गर्नुपर्ने हुन्छ। यसका लागि मालाको प्रयोग गर्नुपर्छ। जपमाला प्रायः १०८ वा ५४ दानाका हुन्छन्। यसमा थप १ दाना छुट्टै हुन्छ। यसलाई मालामा धागोको फुर्को झुन्ड्याइएको हुन्छ जसलाई मालाको सुमेरु भनिन्छ। जप गर्दा एक माला पूरा भएपछि त्यसलाई नाघेर वा क्रस गरेर जानु हुँदैन भन्ने धार्मिक विधान छ। त्यसैले एक मालाभन्दा बढी जप गर्नुपर्ने अवस्थामा मालाको सुमेरुको एक छेउको दानाबाट जप गर्दै जाँदा अर्को छेउमा पुगेपछि मालालाई अर्कोतर्फ फर्काएर निरन्तर जप गर्न सकिन्छ।

(२) जप गर्दा मालालाई खुला राख्नु हुँदैन। यसलाई गोमुखी (कपडाको थैली) मा राखेर वा सामान्य कपडाले छोपेर जप गर्नुपर्छ।

(३) जप गर्दा दायाँ हातले मालाका दाना सार्नुपर्छ। एक पल्ट मन्त्र जपेपछि एक दाना सार्ने हो। जप गर्दा तर्जनी वा चोरी औँलाले मालाको दाना सार्ने वा छुने गर्नु हुँदैन। जप गर्दा बुढी औँला, माझी औँला, साहिँली औला र कान्छी औँलाको सहयोगले गर्नुपर्छ।

(४) जप गर्दा शुद्ध आसनमा पूर्व वा उत्तर फर्केर आचमन गरी मालालाई गङ्गाजल वा शुद्ध जलले धोएर जप प्रारम्भ गर्नु राम्रो हुन्छ। जपका समयमा एकाग्र चित्त लगाएर गर्नुपर्छ। जपका समयमा अरुसँग कुरा गर्नु हुँदैन।

८.२ केही उपयोगी मन्त्रहरू

(१) राशिका मन्त्र र देवता

यहाँ १२ राशिका मन्त्र र देवताका नाम दिइएका छन्। व्यक्तिले आफ्नो राशिको मन्त्र निश्चित सङ्ख्यामा (दैनिक एक माला, तीन माला वा पाँच माला) का दरले जप गर्नुका साथै सम्बन्धित देवताको तस्विर राख्ने वा देवताको ध्यान गर्नु शुभ होला :

मेष- ॐ लक्ष्मीनारायणाभ्यां नमः (देवता-लक्ष्मीनारायण)।

वृष- ॐ ह्रीं विश्वरूपाय नमः (देवता-विराट स्वरूप)।

मिथुन- ॐ ह्रीं क्रीं केशवाय नमः (देवता-शङ्खचक्रधारी नारायण)।

कर्कट- ॐ राधाकृष्णाभ्यां नमः (देवता-राधाकृष्ण)।

सिंह- ॐ बालमुकुन्दाय नमः (देवता-दही खाँदैगरेका बालकृष्ण)।

कन्या- ॐ ह्रीं पीताम्बराय परमात्मने नमः (देवता-पीताम्बरधारी विष्णु)।

तुला- ॐ श्रीरामचन्द्राय नमः (देवता-श्रीरामचन्द्र)।

वृश्चिक- ॐ नमो नारायणाय (देवता-गजेन्द्रमोक्ष नारायण)।

धनु- ॐ ह्रीं श्रीं क्रीं धरणीधराय नमः (देवता-शेषशायी नारायण)।

मकर- ॐ श्रीवत्साय उपेन्द्राय नमः (देवता-वामन अवतार)।

कुम्भ- ॐ श्री गोपालगोविन्दाय नमः (देवता-गाईसहितका कृष्ण)।

मीन- ॐ ह्रीं श्रीं क्रीं रथाङ्गचक्राय नमः (देवता-ओखलमा बाँधिएका बालकृष्ण)।

अन्य प्रमुख मन्त्रहरू

(१) कालसर्प दोष निवारण मन्त्र : जन्म कुण्डलीमा राहु र केतु वा केतु र राहुका बिचमा अन्य सबै ग्रह आएमा कालसर्प दोष मानिन्छ। यस दोषयुक्त व्यक्तिलाई अनेक कष्ट हुन सक्छ भन्ने केही ज्योतिषीहरूले बताउँछन्। हुन त हाम्रा शास्त्रीय ज्योतिषीय ग्रन्थहरूमा कालसर्प योगका बारेमा विशेष चर्चा गरिएको पाइँदैन। त्यसैले कालसर्प दोष भयो भनेर आत्तिनुपर्ने देखिँदैन। तैपनि यस्तो दोष भएका व्यक्तिले नागदेवताको स्तुति गरिएको निम्नलिखित मन्त्र दैनिक निश्चित सङ्ख्यामा जप गर्नु राम्रो मानिन्छ।

ॐ क्रौं नमोऽस्तु सर्पेभ्यो कालसर्प शान्तिं कुरु-कुरु स्वाहा।

(२) बटुकभैरव मन्त्र : बटुक भैरवको मन्त्र विशेषगरी शनि, राहु र मङ्गलका अनिष्ट दशा शान्तिका लागि गरिन्छ। यस मन्त्रको जप गरी बटुकभैरवको आराधना गर्नाले भैरवको कृपा प्राप्त हुन्छ। बटुकभैरव छिटो प्रसन्न हुने देवता मानिन्छन्। बटुक भैरवको यो मन्त्र नित्य जप गर्नाले ग्रहजनित कष्ट हटेर जान्छ भन्ने विश्वास छ :

ॐ ह्रीं बटुकाय आपदुद्धारणाय कुरु कुरु बटुकाय ह्रीं ॐ स्वाहा।

(३) विद्याप्राप्ति मन्त्र : विद्याका लागि विद्याकी देवी सरस्वतीको मन्त्र भक्तिपूर्वक जप गर्नु शुभ मानिन्छ :

ॐ ऐं महासरस्वत्यै नमः।

(४) धनप्राप्ति मन्त्र : धनकी देवी महालक्ष्मीको भक्तिपूर्वक मन्त्र जप गर्नाले व्यापार, व्यवसाय, नोकरी आदिबाट आय वृद्धि हुने विश्वास छ :

ॐ श्रीं महालक्ष्म्यै नमः।

(५) सन्तानप्राप्ति मन्त्र : सन्तान प्राप्त होस् भन्ने कामनाका साथ सन्तानगोपाल श्रीकृष्ण भगवान्को आराधना गरिएको यो मन्त्र नित्य जप गर्नुका साथै श्री गोपालनन्दन भगवान्को पूजा आराधना गर्नु उपयुक्त हुन्छ :

ॐ क्लीं देवकीसुत गोविन्द वासुदेव जगत्पते।
देहि मे तनयं कृष्णः त्वामहं शरणं गतः क्लीं ॐ ॥

(६) महामृत्युञ्जय मन्त्र : रोगबाट मुक्तिका लागि र विभिन्न दशा शान्तिका लागि भगवान् शिवको आराधना गर्नु शुभ महामृत्युञ्जय मन्त्रको जप गर्नुका साथै मानिन्छ :

ॐ त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्।
उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय माऽमृतात् ॥

(७) सर्वसिद्धदायक हनुमान मन्त्र : अनेक डर, त्रास र अज्ञात भयबाट मुक्ति, आयु, आरोग्य वृद्धि, कष्ट निवारण आदिका लागि रुद्रावतार हनुमानजीको यो मन्त्र जप गर्नु शुभ मानिन्छ :

ॐ हम् हनुमते रुद्रात्मकाय हुं फट् स्वाहा ।

(८) बगलामुखी मन्त्र : मुद्दामामिला, दुःख, कष्ट, रोग, शत्रुबाधा आदिबाट मुक्ति र मनोकामना पूर्तिका लागि बगलामुखी देवीको यो मन्त्र जप गर्नु शुभ हुन्छ :

ॐ ल्हीं बगलामुखि सर्वदुष्टानां वाचं मुखं पदं स्तम्भय ।

जिह्वाम् कीलय बुद्धिं विनाशय ल्हीं ॐ स्वाहा ।

८.३ नवग्रहका केही सरल उपाय

नवग्रहबाट नै व्यक्तिको उन्नति र अवनति हुन्छ भन्ने ज्योतिषीय मान्यता छ । नवग्रहका पूजापाठ, जप, दान र व्रतका बारेमा ग्रहशान्ति अध्यायमा प्रकाश पारिएको छ । यहाँ नवग्रहपीडा निवारणका केही उपायका बारेमा प्रकाश पारिन्छ ।

सूर्य

(१) सूर्यलाई बलवान् बनाउन प्रातः काल सूर्योदयको समयमा रातो फूलवाला बिरुवा वा वृक्षमा जल चढाउनु पर्छ ।

(२) तामाको भाँडामा पानी भरेर राति सुत्नअघि सिरानमाथि राख्ने र अर्को दिन बिहान उक्त जल पिउने ।

(३) दायाँ हातमा तामाको बाला लगाउने ।

(४) दायाँ हातमा मोली(कलवा) छ पल्ट बेरेर बाँध्ने ।

(५) कुनै महत्त्वपूर्ण कामका लागि घरबाट निस्कँदा गुलियो खाएर जाने ।

(६) आइतबार रातो गाईलाई दुवै हातले गहुँ लिएर खुवाउने, यसरी खुवाउँदा गहुँ भूमिमा पोखिन नदिने ।

(७) रातो चन्दन घोटेर नुहाउने पानीमा मिलाएर स्नान गर्ने ।

सूर्यका उपाय आइतबार सूर्यका नक्षत्र(कृत्तिका, उत्तराफाल्गुनी वा उत्तराषाढा) मा र रविको होरामा गर्नु उत्तम हुन्छ ।

चन्द्र

(१) राति सुत्दा चन्द्रमाको प्रकाश आउने स्थानमा सुत्ने ।

(२) राति अबेरसम्म जागा नरहने र रात्रिको समयमा घुमफिर वा यात्रा सकभर नगर्ने ।

(३) घरमा दूषित पानी नराख्ने।
(४) वर्षाको पानी काँचको सिसीमा भरेर राख्ने।
(५) सोमबारको दिन गुलियो दूध नपिउने।
(६) वर्षमा एक पल्ट कुनै पवित्र नदी वा सरोवरमा स्नान गर्ने।
(७) सेतो सुगन्धित फूलको बिरुवा घरमा लगाएर त्यसको स्याहारसुसार गर्ने।

चन्द्रका उपाय सोमबार चन्द्रका नक्षत्र (रोहिणी, हस्ता र श्रवण नक्षत्र) मा र चन्द्रको होरामा गर्नु विशेष शुभ हुन्छ।

मङ्गल

(१) आफ्नो घर बनाउँदा त्यसमा रातो रङ्गको ढुङ्गा लगाउने।
(२) बन्धुजनलाई मिठाइ खुवाउने।
(३) रातो कपडामा खाने सुपका दाना बाँधेर शयनकक्षमा राख्ने।
(४) मङ्गलबार हनुमानजीको चरणबाट सिन्दुर लिएर निधारमा लगाउने।
(५) बाँदरलाई सखर र चना खुवाउने।
(६) आफ्नो घरमा रातो फूल फुल्ने बिरुवा लगाएर त्यसको हेरचाह गर्ने।
(७) रातो कपडामा दुई मुठी मुसुरोको दाल बाँधेर मङ्गलबार कुनै भिखारीलाई दान दिने।

मङ्गलका उपाय मङ्गलबार मङ्गलका नक्षत्र (मृगशिरा, चित्रा र धनिष्ठा नक्षत्र) मा र मङ्गलको होरामा गर्नु विशेष शुभ हुन्छ।

बुध

(१) गाईलाई हरिया सब्जी र घाँस खुवाउने।
(२) च्यातिएका र अपूरा पुस्तक घरमा नराख्ने।
(३) घरमा सुगा पाल्ने।
(४) घरमा तुलसी लगाउने, त्यसको निरन्तर हेरचाह गर्ने र बुधबार तुलसीको पात खाने।
(५) बुधबार हरिया चुरा हिजडालाई दान गर्ने।
(६) बुधबार गणेश मन्दिरमा मुङको लड्डु भोग लगाएर बच्चालाई बाँड्ने।
(७) घरमा काँडावाला बोटबिरुवा र झाडी नराख्ने। फलवाला वृक्ष लगाउने।

बुधका उपाय बुधबार बुधका नक्षत्र(अश्लेषा, ज्येष्ठा र रेवती) मा तथा बुधको होरामा गर्नु विशेष शुभ हुन्छ।

गुरु

(१) सेतो चन्दन घोटेर त्यसमा केशर मिलाएर निधारमा टीका लगाउने।

(२) कुनै देवताका रथ वा झाँकी घर नजिकबाट निस्कँदा त्यसप्रति श्रद्धाले शिर झुकाउने।

(३) बिहीबारको दिन मन्दिरमा केराको बोट अगाडि गाईको घिउमा भिजाएको बत्ती बाल्ने।

(४) आफ्ना मातापिता, गुरुजन र अन्य पूजनीय व्यक्तिप्रति आदरभाव राख्ने र कुनै महत्त्वपूर्ण समयमा तिनको चरणस्पर्श गर्ने।

(५) मन्दिर वा धार्मिक स्थलमा निःशुल्क सेवा गर्ने।

(६) परस्त्री वा परपुरुषसँग बढी हिमचिम नगर्ने।

(७) बिहीबार गहुँको पिठो मुछेर त्यसमा चनाको दाल, सखर र बेसार मिलाएर गाईलाई खुवाउने।

गुरुका उपाय बिहीबार बृहस्पतिको नक्षत्र(पुनर्वसु, विशाखा र पूर्वाभाद्रपदा नक्षत्र) मा तथा गुरुको होरामा गर्नु विशेष शुभ हुन्छ।

शुक्र

(१) शुक्रबार सेतो गाईलाई रोटी खुवाउने।

(२) कुनै महत्त्वपूर्ण काममा जाने समयमा १० वर्षभन्दा कम उमेरकी कन्याको चरण स्पर्श गरेर आशीर्वाद लिने।

(३) कुनै कन्याको विवाहमा कन्यादानको अवसर मिलेमा सहर्ष स्वीकार गर्ने।

(४) काला कमिलालाई चिनी खुवाउने।

(५) कुनै कानो व्यक्तिलाई सेतो वस्त्र र सेतो मिष्ठान्न दान गर्ने।

(६) आफ्नो घरमा सेता ढुङ्गा लगाउने।

(७) शुक्रबार गाईको दुधले स्नान गर्ने।

शुक्रका उपाय शुक्रबार शुक्रको नक्षत्र(भरणी, पूर्वाफाल्गुनी र पूर्वाषाढा नक्षत्र)मा तथा शुक्रको होरामा गर्नु विशेष शुभ हुन्छ।

शनि

(१) शनिबारका दिन फलाम, छाला र काठका वस्तु र कुनै पनि प्रकारका तेल खरीद नगर्ने।

(२) भिखारीलाई तेल दान गर्ने।

(३) कुनै दुःखी व्यक्तिको आँशु आफ्नै हातले पुछ्ने।

(४) शनिबार पीपलको फेदमा तिलको तेलमा भिजाएको बत्ती बाल्ने।
(५) शनिबारको दिनमा कपाल, दारी र जुँगा नकाट्ने।
(६) भिखारीलाई मासको दालको बारा खुवाउने।
(७) घरमा कालो ढुङ्गा लगाउने।

शनिका उपाय शनिबारका दिन शनिको नक्षत्र (पुष्य, अनुराधा र उत्तरभाद्रपदा) मा तथा शनिको होरामा गर्नु विशेष शुभ हुन्छ।

राहु

(१) हात्तीको दाँतको लकेट गलामा धारण गर्ने।
(२) जमादारलाई सुर्ती दान गर्ने।
(३) कुनै अन्य व्यक्तिमा रकम फसेको भएमा प्रातः कालमा पक्षीहरूलाई अन्न दिने।
(४) अष्टधातुको बाला दायाँ हातमा लगाउने।
(५) सेतो चन्दन साथमा राख्ने र सेतो चन्दनको माला पनि धारण गर्ने।
(६) दिनका सन्धयाकाल अर्थात् सूर्योदय र सूर्यास्तको समयमा कुनै महत्त्वपूर्ण कार्य नगर्ने।
(७) झुटो कसम नखाने।

राहुका उपाय शनिबारका दिन राहुका नक्षत्र (आर्द्रा, स्वाती र शतभिषा) मा तथा शनिको होरामा गर्नु विशेष शुभ हुन्छ।

केतु

(१) नरिवलमा मेवा भरेर जमिनमा पुर्ने।
(२) छाँगो वा झरनाको पानीमा नुहाउने।
(३) पलङ वा खाटको तल ढुङ्गा राख्ने।
(४) भिखारीलाई दुई रङ्गको कम्बल दान दिने।
(५) बाखालाई हरियो घाँस खुवाउने।
(६) घरमा दुई रङ्गका ढुङ्गा लगाउने।
(७) कुनै पवित्र नदी वा सरोवरको जल घरमा ल्याएर राख्ने।

केतुका उपाय मङ्गलबारका दिन केतुका नक्षत्र (अश्विनी, मघा, मूल)मा तथा मङ्गलको होरामा गर्नु विशेष शुभ हुन्छ।

८.४ दुर्गा सप्तशतीका श्लोकबाट उपाय

दुर्गा सप्तशतीको पाठबाट अनेक सिद्धि प्राप्त गर्न सकिने विश्वास छ। यसका सबै श्लोकहरू मन्त्रमय मानिन्छन्। सप्तशतीका केही श्लोकको नित्य एक माला वा निश्चित सङ्ख्यामा नियमित पाठ गर्नाले विभिन्न लाभ हासिल गर्न सकिन्छ। यसका निम्नलिखित श्लोकको पाठबाट निम्नानुसारको लाभ प्राप्त हुन्छ :

(१) गरिबी हटाउनका लागि

दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि।
दारिद्र्यदुःखभयहारिणी का त्वदन्या सर्वोपकारकरणाय सदार्द्रचित्ता॥

(२) रक्षाका लागि

शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके।
घण्टास्वनेन नः पाहि चापज्यानिः स्वनेन च॥

८.५ हनुमान चालीसाका चौपाईबाट उपाय

हिन्दु समाजमा हनुमान चालीसाको पाठ अत्यन्त प्रसिद्ध र महत्त्वपूर्ण मानिन्छ। हनुमान चालीसाको पाठले सङ्कट नाश हुनुका साथै सुखसमृद्धि प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास छ। हनुमान चालीसाको नित्य पाठ गर्नु अत्यन्त राम्रो मानिन्छ। यसको पूरा पाठ गर्न नसक्नेले हनुमानजीमा श्रद्धा र भक्तिभावका साथ निम्नानुसारका प्रयोजनका लागि कुनै एक चौपाईको नित्य १०८ पटक पाठ गर्नाले विशेष लाभ मिल्छ भन्ने मानिन्छ। यसअनुसार निम्नानुसारको प्रयोजनका लागि निम्नलिखित चौपाईको पाठ गर्नु आवश्यक छ :

(१) बल, बुद्धि र विद्या प्राप्तिका लागि

बुद्धिहीन तनु जानिके सुमिरौं पवन-कुमार।
बल बुधि बिद्या देहु मोहिं हरहु कलेस बिकार॥

(२) सुत्ने समयमा डर लाग्ने र खराब सपना देख्नेका लागि

भूत पिसाच निकट नहिं आवै।
महाबीर जब नाम सुनावै॥

(३) रोगबाट मुक्तिका लागि

नासै रोग हरै सब पीरा।
जपत निरन्तर हनुमत बीरा॥

(४) मानसम्मान र प्रसिद्धि प्राप्तिका लागि

अष्ट सिद्धि नौ निधि के दाता।
अस बर दीन जानकी माता॥

(५) खराब विचारबाट मुक्तिका लागि

महाबीर बिक्रम बजरंगी
कुमति निवार सुमति के संगी

(६) शत्रुमाथि विजय प्राप्तिका लागि

भीम रूप धरि असुर सँहारे।
रामचन्द्र के काज सँवारे॥

(७) विद्या प्राप्तिका लागि

बिद्यावान गुनी अति चातुर।
रामकाज करीबे को आतुर॥

(८) सङ्कटबाट मुक्तिका लागि

संकट कटै मिटै सब पीरा।
जो सुमिरै हनुमत बलबीरा॥

८.६ रामचरितमानसबाट उपाय

रामचरित मानसका रचनाकार गोस्वामी तुलसीदासजी हुन्। यो ग्रन्थ अत्यन्त प्रसिद्ध छ। श्री रामचन्द्रजीको कथामा आधारित यस ग्रन्थमा अत्यन्त सुललित शब्दावलीमा रामकथामाथि प्रकाश पारिएको छ। हिन्दु समाजमा यस ग्रन्थको अत्यन्त श्रद्धा र भक्तिपूर्वक वाचन गर्ने गरिन्छ। यसका चौपाईहरू पनि मन्त्रमय मानिन्छन्। भगवान् रामचन्द्रजीमा श्रद्धाका साथ रामचरित मानसका निम्नानुसारका चौपाईहरू निम्न प्रयोजनका लागि मन्त्रका रूपमा दैनिक एक माला (१०८ पटक) वा निश्चित सङ्ख्यामा जप गर्नु शुभ हुन्छ भन्ने विश्वास छ।

(१) धनसम्पत्ति प्राप्तिका लागि

जे सकाम नर सुनहि जे गावहि। सुख संपत्ति नाना विधि पावहि॥

(२) पुत्र प्राप्तिका लागि

प्रेम मगन कौसल्या निसिदिन जात न जाना।

सुत सनेह बस माता बालचरित कर गाना॥

(३) विवाह होओस् भन्ने प्रयोजनका लागि

जब जनक पाइ वशिष्ठ आयसु व्याह साजि संवारि कै।

मांडवी श्रुतकीरति उर्मिला कुँवारि लई हँकारि कै॥

(४) हराएको व्यक्ति वा वस्तु प्राप्तिका लागि

गई बहोर गरीब नेवाजू। सरल सबल साहिब रघुराजू॥

(५) पढाइ वा परीक्षामा सफलताका लागि

जेहि पर कृपा करहिं जनु जानी। कबि उर अजिर नचावहिं बानी॥

मोरि सुधारिहि सो सब भाँती। जासु कृपा नहिं कृपाँ अघाती॥

(६) हनुमानजीको कृपा प्राप्तिका लागि

सुमिरि पवनसुत पावन नामू। अपने बस करि राखे रामू॥

(७) सफल र कुशल यात्राका लागि

प्रबिसि नगर कीजै सब काजा। हृदयँ राखि कोसलपुर राजा॥

(८) शत्रुता हटाउनका लागि

बयरु न कर काहू सन कोई। राम प्रताप विषमता खोई॥

(९) सङ्कटबाट मुक्तिका लागि तथा भूतप्रेतको बाधा हटाउनका लागि

प्रनवउँ पवन कुमार, खल बन पावक ग्यान घन।

जासु हृदयँ आगार, बसहिं राम सर चा धर॥

(१०) बिमारी तथा अशान्ति हटाउनका लागि

दैहिक दैविक भौतिक तापा। राम राज काहूहिं नहि ब्यापा॥

(११) अकाल मृत्युभय तथा सङ्कट हटाउनका लागि

नाम पाहरु दिवस निसि ध्यान तुम्हार कपाट।

लोचन निज पद जंत्रित जाहिं प्रान केहि बाट॥

८.७ रामचरितमानसको चौपाईबाट गरिबी हटाउने अचुक उपाय

यहाँ रामचरित मानसको अयोध्याकाण्डका सुरुका चार चौपाई (श्लोक) र तिनको नेपाली अर्थ दिइएको छ। यी चौपाईको दैनिक पाठ गर्ने व्यक्तिको घरमा गरिबी कहिल्यै आउँदैन भनेर पं. डोङग्रेजी महाराजले बताउनुभएको छ। महाराजका अनुसार यसको नित्य पाठ गर्ने व्यक्तिका घरमा सम्पन्नता कति आउँछ भन्ने बताउन नसकिए पनि गरिबी कहिल्यै आउँदैन भन्ने कुरामा ठोकुवा गर्न सकिन्छ।

जब तें रामु व्याहि घर आए। नित नव मङ्गल मोद बधाए॥
भुवन चारिदस भूधर भारी। सुकृत मेघ बरषहिं सुख बारी ॥१॥

अर्थात् जहिलेदेखि श्रीरामचन्द्रजी विवाह गरेर घरमा आउनुभयो, त्यसैबेलादेखि अयोध्यामा नयाँनयाँ मङ्गलकार्य भइरहेका छन् र बाजागाजाका सुमधुर धुन बजिरहेका छन्। चौध लोकरूपी विशाल पर्वतमा पुण्यरूपी मेघले सुखरूपी जल बर्साइरहेको छ।

रिधि सिधि सम्पति नदीं सुहाई। उमगि अवध अम्बुधि कहुँ आई॥
मनिगन पुर नर नारि सुजाती। सुचि अमोल सुन्दर सब भाँती ॥२॥

अर्थात् ऋद्धिसिद्धि र सम्पत्तिरूपी सुन्दर नदीहरू उर्लदै अयोध्यारूपी समुद्रमा आएर मिसिएका छन्। नगरका नरनारी असल जातका मणिहरूका समूह हुन्, जुन सबै प्रकारले पवित्र, अमूल्य र सुन्दर छन्।

कहि न जाइ कछु नगर बिभूती। जनु एतनिअ बिरञ्चि करतूती।
सब बिधि सब पुर लोग सुखारी। रामचन्द मुख चन्दु निहारी ॥३॥

अर्थात् नगरको ऐश्वर्यको वर्णन गर्न निकै कठिन छ। ब्रह्माजीको कालीगढीको चरम स्वरूप यही नै भएजस्तो लाग्दछ। श्रीरामचन्द्रजीको परम तेजस्वी मुहार हेरेर सम्पूर्ण नगरवासीहरू अत्यन्त आनन्दित भएका छन्।

मुदित मातु सब सखीं सहेली। फलित बिलोकि मनोरथ बेली॥
राम रूपु गुन सील सुभाऊ। प्रमुदित होइ देखि सुनि राउ ॥४॥

अर्थात् सबै माता र साथीसहेलीहरू आफ्नो मनोरथरूपी लहरामा फल लागेको देखेर आनन्दित छन्। श्रीरामचन्द्रजीको रूप, गुण, शील र स्वभावलाई देखेर सुनेर महाराज दशरथजी अत्यन्त आनन्दित हुनुभएको छ।

८.८ पत्ता नलागेको रोगनाशक स्तुति पाठ (भागवतको ज्वरस्तुति)

श्रीमद्भागवत महापुराणको दशम स्कन्धको ६३ औँ अध्यायमा भगवान् श्रीकृष्णका साथमा बाणासुरको युद्धको वर्णन गरिएको छ। यस युद्धका क्रममा श्रीकृष्णका नाति अनिरुद्धलाई बाणासुरले नागपासले बाँधेर राखेकोमा श्रीकृष्णले उद्धार गरेको प्रसङ्ग आउँछ। भागवतमा वर्णन गरिएअनुसार बाणासुरको राज्य शोणितपुर हो। यो स्थान काठमाडौँ उपत्यकाको पश्चिमतर्फको थानकोट हो भन्ने मानिन्छ र बाणासुरको राज्य भएकोले थानकोट नजिकैको एउटा गाउँलाई हाल बाणस्थली भन्ने गरिन्छ। भागवतको उक्त अध्यायमा वर्णन भएअनुसार भगवान् शिवले समेत बाणासुरका तर्फबाट भगवान् कृष्णसँग लडाइँ भएको थियो। त्यस क्रममा भगवान् शिवले छोडेको तीन वटा शिर र तीन वटै गोडा भएको माहेश्वर ज्वरो दशै दिशालाई जलाउँदै श्रीकृष्ण नजिकै आयो। त्यसपछि श्रीकृष्णले त्यो ज्वरोसँग लड्नका लागि आफ्नो तर्फबाट वैष्णव ज्वरो उत्पन्न गराउनुभयो। यसरी भएको युद्धमा वैष्णव ज्वरोबाट माहेश्वर ज्वरो पीडित भएकोले माहेश्वर ज्वरोले श्रीकृष्णको स्तुति गरेर पीडाबाट मुक्त भएको कथा भागवतमा आएको छ। यसअनुसार भागवतको उक्त ज्वरस्तुति पाठ गर्नाले असाध्य रोगबाट मुक्ति मिल्दछ र कुनै पत्ता नलागेको रोगमा समेत यस स्तुतिको पाठले रोग निदान हुन्छ भन्ने विश्वास छ। भागवतमा वर्णित ज्वरस्तुति निम्नानुसार छ :

ज्वर उवाच

नमामि त्वानन्तशक्तिं परेशं सर्वात्मानं केवलं ज्ञप्तिमात्रम्।

विश्वोत्पत्तिस्थानसंरोधहेतुं यत्तद् ब्रह्म ब्रह्मलिङ्गं प्रशान्तम्॥

ज्वरोले भन्यो : हे भगवान् श्रीकृष्ण प्रभु ! हजुरको शक्ति अनन्त छ। हजुर ब्रह्मादि ईश्वरका पनि परम महेश्वर हुनुहुन्छ। सबैका आत्मा र सर्वस्वरूप हुनुहुन्छ। अद्वितीय र केवल ज्ञानस्वरूप हुनुहुन्छ। संसारको उत्पत्ति, स्थिति र संहारको कारण पनि हजुर नै हुनुहुन्छ। श्रुतिहरूमा हजुरकै वर्णन र अनुमान गरिएको हुन्छ। हजुर सबै विकारहरूबाट रहित स्वयं ब्रह्म हुनुहुन्छ। म हजुरलाई प्रणाम गर्दछु।

कालो दैवं कर्म जीवः स्वभावो द्रव्यं क्षेत्रं प्राण आत्मा विकारः।

तत्सङ्घातो बीजरोहप्रवाहस्त्वन्मायैषा तन्निषेधं प्रपद्ये॥

काल, दैव(अदृष्ट), कर्म, जीव, स्वभाव, सूक्ष्मभूत, शरीर, सूत्रात्मा प्राण, अहङ्कार, एकादश इन्द्रिय र पञ्चभूत– यी सबैको सङ्घात लिङ्गशरीर तथा बीजाङ्कुर

न्यायका अनुसार त्यसमा कर्म र कर्मबाट फेरि लिङ्गशरीरको उत्पत्ति- यो सबै यहाँको माया हो। हजुरको मायाको निषेधको परम अवधि हुन्छ। म हजुरको शरण ग्रहण गर्दछु।

नानाभावैर्लीलयैवोपपन्नैर्देवान् साधूंल्लोकसेतून् बिभर्षि ।

हंस्युन्मार्गान् हिंसया वर्तमानान् जन्मैतत्ते भारहाराय भूमेः ॥

प्रभु ! हजुर आफ्नो लीलाबाट नै अनेक रूप धारण गर्नुहुन्छ र देवता, साधु तथा लोकमर्यादाहरूको पालन-पोषण गर्नुहुन्छ। यसका साथै उन्मार्गगामी हिंस्रक असुरहरूको संहार पनि गर्नुहुन्छ। हजुरको यो अवतार पृथ्वीको भार उतार्नका लागि नै भएको हो।

तप्तोऽहं ते तेजसा दुःसहेन शान्तोग्रेणात्युल्बणेन ज्वरेण ।

तावत्तापो देहिनां तेऽङ्घ्रिमूलं नो सेवेरन् यावदाशानुबद्धाः ॥

हे प्रभु ! हजुरको शान्त, उग्र र अत्यन्त भयानक दुस्सह तेजिलो ज्वरोबाट म अत्यन्त सन्तप्त भएको छु। हे भगवान् ! देहधारी जीवहरू आशारूपी जालोमा फसेका कारणले जबसम्म हजुरको चरणकमलको शरणमा पर्दैनन् तबसम्म तिनलाई ताप-सन्ताप रहिरहन्छ।

श्रीभगवानुवाच

त्रिशिरस्ते प्रसन्नोऽस्मि व्येतु ते मज्ज्वराद्भयम् ।

यो नौ स्मरति संवादं तस्य त्वन्नभवेद् भयम् ॥

भगवान् श्रीकृष्णले भन्नुभयो : हे त्रिशिरा ! म तिमीसँग प्रसन्न भएँ। अब तिमी मेरो ज्वरोबाट निर्भय होऊ। संसारमा जसले हामी दुईको संवादको स्मरण गर्दछ त्यसलाई तिम्रो(ज्वरो वा अन्य रोगको) भय रहँदैन।

८.९ सप्तबार व्रत परिचय, व्रतकथा र सङ्क्षिप्त विधि

हिन्दु समाजमा आइतबारदेखि शनिबारसम्मका व्रत बस्ने धार्मिक परम्परा र विधान छ। धार्मिक विधिपूर्वक यस्ता व्रत बसेर सम्बन्धित देवताको पूजापाठ गरी कथा श्रवण गर्नाले मनोवाञ्छित फल मिल्छ भन्ने विश्वास छ। हरेक बारका व्रतकथासमेत समाजमा प्रचलित छन्। यसरी हिन्दु समाजमा प्रचलित सप्तबार व्रतका कथाहरू परम्परागत पुस्तकहरूबाट साभार गरी केही भाषिक संशोधनका साथ यहाँ प्रस्तुत गरिएको छ।

(१) आइतबार व्रत

परिचय : आइतबार भगवान् सूर्यको व्रत गरिन्छ। यस व्रत गर्नेले आइबार नून नहालेको सात्विक भोजन एक पटक मात्र ग्रहण गर्नुपर्छ। खानुकुरा सूर्य अस्ताउनुअघि खाइसक्नुपर्छ। सूर्यको पूजा सकेपछि कथा सुन्नुपर्छ। सूर्यको मन्त्र जप, दान र सूर्यको स्तोत्रपाठ गर्नुपर्छ। यसबारे ग्रहशान्ति अध्यायमा सूर्यको पूजापाठ शीर्षकमा प्रकाश पारिएको छ। यस व्रत गर्नाले कष्ट निवारण हुन्छ, राज्यबाट उच्च पद मिल्छ, राजनीतिमा सफलता मिल्छ, शत्रुको नाश हुन्छ र नेत्ररोग निको हुन्छ भन्ने विश्वास छ।

रविबार व्रतकथा : कुनै वृद्धाले हरेक आइतबारका दिन ब्राह्म मुहूर्तमा उठेर छिमेकीको घरबाट गाईको गोबर ल्याएर घर लिपेर खानेकुरा पकाएर भगवान्लाई अर्पण गरी खाने गर्दथिन्। यसले गर्दा तिनको घरमा सुखशान्ति र समृद्धि बढेको थियो। यस्तो देखेर गाईधनी अर्की छिमेकी महिलामा ईर्श्या जागेकोले उसले आफ्नो गाई घरभित्र बाध्न थाली। जसले गर्दा ती वृद्धा गोबरको अभावले घर लिपेर खाना पकाएर भगवान्लाई अर्पण गरी खान असमर्थ भएकीले भोकै सुत्न बाध्य भइन्। राति सपनामा भगवान्लाई बृद्धाले गोबर नपाएर भोकै सुत्न परेसम्मको वृत्तान्त विस्तार पूर्वक सुनाइन्। त्यसपछि भगवान्ले वृद्धालाई वरदान दिनुभयो। भोलिपल्ट बिहान वृद्धा ब्युँझदा घरको आँगनमा बाच्छोसहितको राम्रो गाई बाँधिएको देखिन् र तिनको स्याहारसुसार गरिन्। त्यो गाईले सुनको गोबर दिने गरेको छिमेकी महिलाले देखेर त्यसलाई सुटुक्क उठाएर अर्को साधारण गोबर ल्याएर राख्न थाली। यो क्रम निरन्तर चलेको र वृद्धाले पत्तो नपाएकीले भगवान्ले ठुलो आँधी चलाइदिनुभयो। त्यसबाट गाईलाई जोगाउन वृद्धाले आफ्नो गाई घरभित्र लगेर बाँधिन्।

त्यसपछि गाईले सुनको गोबर दिने गरेको वृद्धाले पत्तो पाइन्। यसबाट छिमेकी महिलाले सुन चोर्न नपाएको रिसले राजाकहाँ उजुरी गरी। राजाका कर्मचारीहरूले बलपूर्वक वृद्धाको गाई लगे। तर राजदरबारमा त्यस गाईले सुनको गोबर नदिएर साधारण गोबर दिएकोले यथार्थ कुरा बुझ्न राजाले वृद्धालाई दरबारमा हाजिर गराए। वृद्धाले नित्य गोबरले लिपेर खानेदेखि सुनको गोबर दिनेसम्मको बेलिबिस्तार राजालाई सुनाइन्। त्यसछि राजाले वृद्धालाई सम्मानका साथ गाई फिर्ता गरे र अर्की छिमेकी महिलालाई उचित दण्ड दिए।

(२) सोमबार व्रत

परिचय : सोमबार शक्तिसम्बन्धी व्रत हो र यसका स्वामी सोम हुन्। यस व्रतमा दिनको तेस्रो प्रहर(दिनलाई चार भाग गर्दा तेस्रो भागसम्म अर्थात् सूर्योदयदेखि लगभग ९ घण्टासम्मको समय)सम्म निराहार बस्नुपर्छ। त्यसछि दिनमा वा रातमा केवल एक पटक सात्विक भोजन गर्न सकिन्छ। खानेकुरा सूर्य अस्ताउनुअघि खाइसक्नुपर्छ भन्ने पनि मान्यता छ। यो व्रत प्रत्येक सोमबार गर्ने, प्रदोषसहित सोमबार गर्ने र सोह्र सोमबार गर्ने गरी तीन किसिमले गर्न सकिन्छ। सबैको विधि एकै हो र सबैमा विशेष गरी शिवजीको पूजा गरी कथा सुन्नुपर्छ।

(क) सोमबार व्रतकथा : पहिलेको कुरा हो। कुनै एकजना अत्यन्त धनी साहुका सन्तान नभएकाले उसले सन्तान प्राप्तिका लागि शिव-पार्वतीको पूजा गर्दथ्यो। सायंकालमा मन्दिरमा घिउको बत्ती बाल्दथ्यो। साहुले गरेको आराधना देखेर पार्वतीले शिवलाई पुत्रप्राप्तिको वरदान दिन अनुरोध गरिन्। शिवजीले त्यस साहुलाई पुत्र मिल्न नसक्ने बताए पनि पार्वतीले करकाप गरेकीले शिवले साहुलाई पुत्र त दिए तर १२ वर्षसम्म मात्र आयु हुने बताए। यो कुरा साहुले पनि सुनेकोले ऊ हर्षित हुन सकेन। त्यसपछि साहुकी पत्नीले छोरा जन्माई। छोरो एघार वर्षको लागेपछि त्यसलाई साहुले आफ्नो सालोका साथमा काशीमा पढ्न पठायो। काशी जाने क्रममा बाटोमा यज्ञ गरी ब्राह्मण भोजन गराउँदै जानु भनेर साहुले प्रशस्त धन पनि दियो। उनीहरू जाँदाजाँदै बाटोमा एउटा सहर आइपुग्यो जहाँकी राजाकी छोरीलाई विवाह गरेर ल्याउन एउटा कानो(एक आँखा नभएका) केटा जन्तीका साथ दरबारतर्फ जान लागेको थियो। कानो केटासँग विवाह गर्ने कुरामा राजा सहमत नभएमा समस्या आउने देखेकोले दुलाहाको बाबुले साहुको छोरालाई नक्कली दुलाहा बनाएर लग्यो। विवाह सम्पन्न भएपछि साहुको छोराले दुलहीको चुनरीमा उनको विवाह आफूसँग नभएर कानो केटासँग भएको रहस्य खोल्ने बेहोरा लेखेर काशीतर्फ गयो। यसले गर्दा ती राजकुमारी कानो केटासँग नजाने जिद्दी गरेर माइतमा नै बसिन्।

उता काशी गएर पढ्दै गरेको समयमा १२ वर्षको भएपछि एक दिन बिरामी भएर साहुको छोरो मर्‍यो। त्यसपछि साहुको सालो अलापविलाप गरेर रुन लागेको समयमा काशीमा शिव-पार्वती आइपुगेकाले पार्वतीले साहुको छोरालाई ब्युँताउन जिद्दी गरेकीले शिवले त्यसलाई ब्युँताइदिए। त्यसपछि साहुको छोरा र उसको मामा घरतर्फ फर्कने क्रममा पुनः पहिले विवाह भएको नगरमा पुगेर यज्ञ गराउन लागे। त्यसैबेला पहिले विवाह भएको दुलहीको बाबुले केटलाई चिनेर दरबारमा लगी धेरै धनदौलत र दासदासीसमेत उपहार दिई छोरी र ज्वाइँसमेतको बिदाइ गरे।

उनीहरू घर पुग्ने बेलामा केटाको मामाले भन्यो : "म घर गएर हामीहरू आइपुगेको समाचार दिएर आउँछु, अनि सँगै जाउँला ।" उता केटाका आमाबाबु छोरो सकुशल आइपुगेमा तल झर्ने अन्यथा त्यहीँबाट हाम्फालेर मर्ने भन्ने प्रतीज्ञा गरेर घरको कौसीमा बसेका रहेछन् । त्यसै समयमा केटाको मामा आएर दिदी भिनाजुलाई छोराले राजाको छोरी विवाह गरी प्रशस्त धनसमेत दाइजो लिई आउँदै गरेको खबर सुनायो । सुरुमा साहुलाई त्यो कुरामा विश्वास नभएकोले उसले सपथ खाएर छोरो फर्केको विश्वास दिलायो । त्यसपछि साहुले छोराबुहारीलाई स्वागतसत्कार गरेर घरमा भित्र्याए र सपरिवार आनन्दपूर्वक रहन लागे ।

सोमबार व्रत गरी जुन व्यक्तिले यो कथा पढ्ने र सुन्ने गर्दछ उसको सबै कष्ट निवारण भएर मनका सबै इच्छासमेत पूरा हुन्छ । यसमा कुनै शङ्का छैन । सोमबारको व्रतमा सेता सामग्रीहरू प्रयोग गर्नुपर्छ । जस्तै : सेतो वस्त्र, सेतो फूल, चामल, चिनी, दही, चाँदी आदि ।

(ख) सौम्य प्रदोष व्रतकथा : पूर्वकालमा एक ब्राह्मणी पतिको मृत्युपछि भिक्षाटन गरेर जीविका चलाउन बाध्य भइन् । उनी बिहान छोरालाई लिएर निस्कन्थिन् र साँझमा मात्र घर पुग्थिन् । एक दिन तिनले विदर्भ देशका राजकुमारलाई भेटिन् जसको पितालाई शत्रुहरूले मारेकाले तिनी आश्रयहीन भएर राज्यबाट लखेटिएका थिए । ब्राह्मणीले राजकुमारलाई घरमा ल्याएर राम्ररी पालनपोषण गरिन् । त्यसपछि ती राजकुमार र ब्राह्मण बालक वनमा खेल्न गएका बेलामा तिनले गन्दर्व कन्याहरू भेटे । ब्राह्मण बालक घर फर्किए भने राजकुमार चाहिँ अंशुमती नामकी गन्दर्व कन्यासँग कुराकानी गर्न थाले । भोलिपल्ट अंशुमती आफ्ना आमाबाबुसँग घरमा बसिरहेको बेलामा राजकुमार उनको घरमा पुगे । यता ब्राह्मणी ऋषिहरूको उपदेशले प्रदोषको व्रत गर्न थालेकी थिइन् । केही दिनपछि अंशुमतीका आमाबाबुले राजकुमार सँग भने : "तिमी विदर्भ देशका राजकुमार धर्मगुप्त हौ, हामी आशुतोष शङ्करजीको आज्ञाले छोरी अंशुमतीको विवाह तिमीसँग गर्न तयार छौं ।" त्यसपछि अंशुमतीको विवाह राजकुमारसँग भयो । राजकुमारले गन्दर्वराजका सेनाको सहयोगले विदर्भ देशमाथि आफ्नो अधिकार क़ायम गरेर आफू राजा भए भने ब्राह्मणका पुत्रलाई मन्त्री बनाए । वास्तवमा यस्तो सबै तारतम्य ब्राह्मणीले गरेको व्रतका प्रभावले भएको थियो । यो प्रदोष व्रत त्यसै समयदेखि संसारभर प्रचलित र प्रतिष्ठित भयो । नियमपूर्वक यो व्रत गर्नाले कुनै प्रकारको दुःख कष्ट हुँदैन र घरमा धनधान्यको वृद्धि हुन्छ । भगवान् शिव प्रसन्न भएर लामो आयु दिनुहुन्छ ।

(ग) सोह्र सोमबार व्रतकथा : कुनै समयमा भगावन् शङ्कर पार्वतीसहित भूमण्डलमा भ्रमण गर्दै जाँदा एक सुन्दर स्थानमा अत्यन्त राम्रो शिवालय देखेर केही दिन त्यहीँ निवासका लागि रहनुभयो। त्यसैबेला पार्वतीको अनुरोधमा शिव–पार्वतीले पासा खेल्न थाले। पासामा कसको जित हुन्छ भन्ने पार्वतीको जिज्ञासामा मन्दिरको पुजारीले शिवजीको जित हुने बताए। तर पासामा पार्वतीको जित भएकोले पुजारीलाई पार्वतीले मिथ्या बोल्ने भनेर श्राप दिन तयार भइन्। शिवजीले रोक्दारोक्दै पनि पार्वतीले श्राप दिएकीले पुजारीलाई कुष्ठरोग लाग्यो। पुजारी केही समय कष्टसाथ जीवन निर्वाह गर्दै आएकामा स्वर्गबाट अप्सराहरूले सोह्र सोमबारको व्रत गर्ने सल्लाह दिनुका साथै विधि पनि बताए। यसको विधि भनेको सोमबारका दिन स्नानादि गरेर शुद्ध वस्त्र धारण गरी भक्तिपूर्वक व्रत गर्नुपर्छ। आधा किलो गहुँको पिठोको (चूरमा) मिठाइ बनाएर तीन भाग गराउने। प्रदोषको समय (सायंकाल) भएपछि धूप, दीप, घिउ, सखर, नैवेद्य, जनै, सुपारी, बेलपत्र, चन्दन, अक्षता र फूलमालाले आशुतोष शङ्कर र माता पार्वतीको पूजा गर्ने। भोजनको एक भाग भगवान्लाई अर्पण गरेर अर्को भाग भक्तजनहरूलाई बाँड्ने। तेस्रो भाग आफूले फलाहार गर्ने। सोह्र सोमबारसम्म यसै विधिले व्रत गर्ने। सत्रौँ सोमबारका दिन सवा सेर गहुँको पिठोको बाटी (पिठोलाई सुन्तलाबराबरको डल्लो बनाएर गुइँठाको आगोमा पोल्ने) बनाई त्यसमा घिउ र सखर मिलाएर धुलो पार्ने। त्यसलाई पुनः सानासाना लड्डु बनाएर भक्तजनलाई प्रसाद बाँड्नुका साथै व्रतालुले पनि परिवारसहित ग्रहण गर्ने। यसरी भगवान् शङ्करमा श्रद्धा एवं भक्तिका साथ सोह्र सोमबार व्रत गर्नाले भगवान्का कृपाले सबै मनोरथ पूर्ण होला।

अप्सराहरूले बताएको विधिअनुसार ब्राह्मणले सोमबार व्रत पूर्ण गरेकाले तिनी रोगबाट मुक्त भए। त्यसको केही दिनपछि शिवपार्वती त्यही ठाउँमा आएर ब्राह्मण रोगमुक्त भएकोमा आश्चर्य मान्दै पार्वतीले त्यसको कारण सोधिन्। ब्राह्मणले सोह्र सोमबारको व्रतका प्रभावले निको भएको बताए। फेरि पार्वतीले ती ब्राह्मणसँग व्रतको विधान सोधेर आफू पनि व्रत गर्न लागिन्। पार्वतीले व्रत गर्दा रिसाहा स्वभावका छोरा स्वामी कार्तिकेय माताका आज्ञाकारी हुन पुगे। यसको रहस्य मातासँग बुझेर कार्तिकेयले पनि व्रत गरे। यसबाट उनका लामो समयदेखि हराएका मित्र ब्राह्मणसँग भेट भयो। ती ब्राह्मण अविवाहित भएकाले उनले विवाहको कामनाका साथ यो व्रत गरे। त्यसपछि ती ब्राह्मण कामविशेषले अर्को देशमा पुगे। त्यहाँकी राजकुमारीको विवाहमा स्वयंवरका लागि त्यस देशका राजाले हात्तीलाई सूँडमा वरमाला दिएर

हात्तीले जसका गलामा वरमाला लगाउला उसैसँग राजकुमारीको विवाह गर्ने घोषणा गरेका रहेछन्। संयोगवश हात्तीले तिनै ब्राह्मणलाई वरमाला लगाइदिएकोले राजाले तिनीसँग राजकुमारीको विवाह गराइदिए। राजाले छोरी र ज्वाइँलाई यथेष्ट सम्पत्ति प्रदान गरेकाले ती दम्पती आनन्दपूर्वक रहे।

एक दिन राजकुमारीले ब्राह्मणसँग सोधिन्: "हे स्वामी ! हजुरले त्यस्तो कुन पूण्यकर्म गर्नुभयो ? जसका प्रभावले हात्तीले ठुलाठुला देशका सम्पन्न राजकुमार हरूलाई छोडेर हजुरलाई वरमाला लगायो ?" राजकुमारीको प्रश्नको जवाफमा ब्राह्मणले सोह्र सोमबारको व्रतको प्रभाव भएको बताएर उनलाई पनि व्रतको विधि बताए। त्यसपछि राजकुमारीले पुत्र प्राप्तिको कामनाका साथ यो व्रत गर्दा उनलाई धर्मात्मा, सुशील, विद्वान् र सुन्दर पुत्र प्राप्त भयो। तिनको पुत्र युवावस्थाका भएपछि मातासँग सोह्र सोमबारको व्रतको महत्त्व र विधिबारे बुझेर आफूले पनि व्रत गर्न प्रारम्भ गरे। त्यसैबेला कुनै देशका वृद्ध राजाको शेषपछि राजा बनाउनका लागि राजकर्मचारीहरू योग्य र सर्वगुणसम्पन्न व्यक्तिको खोजीमा निस्किएका थिए। तिनले यिनै राजकुमारी एवं ब्राह्मणका पुत्रलाई योग्य देखेर आफ्नो राज्यमा लगेर राजाको मृत्युपछि राज्यका स्वामी बनाए। राज्य प्राप्तिपछि ती ब्राह्मणपुत्रले सोह्र सोमबार व्रतलाई निरन्तरता दिए। सत्रौँ सोमबारका दिन तिनले आफ्नी पत्नीलाई पूजाका सामग्री शिव मन्दिरमा ल्याउन आज्ञा दिएकामा तिनले आफूले नलगेर दासीका हातबाट सम्पूर्ण सामग्री पठाउन लगाइन्। राजाले पूजा सकेर घरमा आएका बेलामा आकाशवाणी भयो। यसमा ती रानीलाई दरबारबाट निकाल्ने र यो कुरा नमानेमा राजाको सर्वनाश हुने आवाज आयो। राजाले सभासद्हरूसमक्ष आफ्नो निर्णय सुनाएर रानीलाई दरबारबाट निकाले।

दरबारबाट निकालिएकी रानी फाटेका लुगा, नाङ्गा खुट्टा र भोकप्यासले लखतरान हुँदै अर्को नगरमा पुगिन्। त्यहाँ एक वृद्धा धागो कातेर बेच्न गइरहेकी थिइन्। तिनलाई रानीको हालत देखेर दया लाग्यो र आफूसँगै धागो बेच्ने काममा सहयोग गर्न लगिन्। रानी टाउकोमा धागोको भारी बोकेर गइरहेको बेलामा अकस्मात् हुरी आएर धागो उडाएर लग्यो। त्यसैले वृद्धाले रानीलाई आफूसँग हिँड्न दिइनन्। त्यसपछि रानी तेलीको घरमा पुगिन्। त्यहाँ पुग्नेबित्तिकै तेलीका तेल भरिएका भाँडाहरू पटापट फुटेर तेल पोखियो। त्यसैले तेलीले पनि रानीलाई लखेट्यो। त्यहाँबाट रानी नदी किनारामा पुग्दा नदीको जल सुक्दै गयो। तत्पश्चात् रानी जङ्गलको सरोवरमा पुगेर पानी पिउन लाग्दा त्यहँको पानी धमिलो भयो।

जलमा किरा पनि देखिए। त्यही पानी भए पनि पिएर रानी एउटा वृक्षमुनि विश्रम गर्न लागिन्। तर रानी पुग्ने वित्तिकै वृक्षका पातहरू झरेर वृक्ष पातविहीन भयो। रानी जुन वृक्षमा जान्थिन् त्यसको पात सबै झर्दथ्यो। यसले गर्दा जङ्गलका ग्वालाहरू गाईलाई खाना खुवाउन नपाएर दुःखी भए। त्यस जङ्गलमा एकजना विद्वान् पुजारी थिए। ग्वालाहरूले रानीलाई पक्रेर मन्दिरका पुजारी महात्माकहाँ उपस्थित गराएर सारा हाल विस्तारपूर्वक सुनाए। पुजारीले रानीको मुहार हेर्ने वित्तिकै यिनी कुलीन नारी हुन् र कुनै दुर्भाग्यमा परेर यस्तो हालतमा पुगेकी हुन् भन्ने अनुमान गरे र आफ्नै छोरी जस्तो मानेर आश्रममा राखे। तर त्यहाँ रानीले ल्याएको पानी र खाद्यसामग्रीमा पनि किरा परेका देखिए। यसलाई कुनै देवताको प्रकोप ठानेर पुजारीले रानीसँग कारण सोधे। रानीले आफ्ना पतिले पूजा गर्नका लागि सामग्री मगाउँदा आफूले नलगेर दासीका हातबाट पठाएको वृत्तान्त सुनाइन्। त्यसपछि पुजारीले शिवजीको प्रकोप भएको ठानेर रानीलाई सोह्र सोमबार व्रत गर्न लगाए। यसैअनुसार रानीले सोह्र सोमबार व्रत गरी सत्रौँ दिन उद्यापन गरिन्। त्यसका प्रभावले राजालाई रानी गएको धेरै दिन भयो, कहाँ के गर्दै होलिन् भन्ने सम्झना भयो। राजाले दूतहरूलाई खोज्न पठाएकामा उनीहरू रानीलाई खोज्दै आश्रममा आइपुगे। तर पुजारीले रानीलाई पठाउन मानेनन्। त्यसपछि राजा आफैँ आश्रममा आएर महात्मासँग प्रार्थना गरे : "हे महात्माज्यू ! यी मेरी रानी हुन् जसलाई भगवान् शिवको कोपले मैले त्याग गरेकोमा हाल कोप शान्त भएकोले म स्वयं यिनलाई लिन उपस्थित भएको छु।" त्यसपछि रानीलाई महात्माले राजाको जिम्मा लगाइदिए। राजा र रानी नगरमा पुग्दा नगरवासीले नगरलाई सुसज्जित पारी बाजागाजाका साथ स्वागत गरेर दरबारमा भित्र्याए। यसको खुसियालीमा राजाले ब्राह्मण र आर्थिक रूपले कमजोर वर्गका जनतालाई धन वितरण गरे। त्यसपछि राजा र रानी दुवैले भगवान् शिवमा श्रद्धा र भक्ति राख्दै सोह्र सोमबार व्रत गर्न थाले। यसको प्रभावले राजारानीले अनेक सुखद क्षणहरू भोग गर्दै अन्यमा शिवपुर गए।

रुद्राष्टक पाठ

सोह्र सोमबार व्रतकथा सुनेपछि रुद्राष्टक पाठ गर्नुपर्छ। रामचरित मानसमा समाविष्ट रुद्राष्टक पाठ निम्नानुसार छ :

नमामीशमीशान निर्वाणरूपं। विभुं व्यापकं ब्रह्म वेदस्वरूपं ॥

निजं निर्गुणं निर्विकल्पं निरीहं। चिदाकाशमाकाशवासं भजेऽहं ॥

भावार्थ : हे मोक्षस्वरूप, विभु, व्यापक, ब्रह्म र वेदस्वरूप, ईशान दिशाका ईश्वर र सबैका स्वामी शिवजी ! हजुरलाई नमस्कार गर्दछु। निजस्वरूपमा स्थित अर्थात् मायादिरहित, मायिक गुणले रहित, भेदरहित, इच्छारहित, चेतन आकाशरूप एवं आकाशलाई नै वस्त्ररूपमा धारण गर्ने दिगम्बर अथवा आकाशलाई पनि आच्छादित गर्ने हजुरलाई म भज्दछु ॥१॥

निराकारमोंकारमूलं तुरीयं। गिरा ग्यान गोतीशमीशं गिरीशं ॥

करालं महाकाल कालं कृपालं। गुणागार संसारपारं नतोऽहं ॥

भावार्थ : निराकार, ओंकारका मूल, तुरीय वा तीनै गुणले अतीत, वाणी, ज्ञान र इन्द्रियदेखि टाढै रहेका, कैलाशपति, विकराल, महाकालका पनि काल, कृपालु, गुणहरूका धाम, संसारदेखि पर हजुर परमेश्वरलाई म नमस्कार गर्दछु ॥२॥

तुषाराद्रि संकाश गौरं गभीरं। मनोभूत कोटि प्रभा श्री शरीरं ॥

स्फुरन्मौलि कल्लोलिनी चारु गंगा। लसद्भालबालेन्दु कंठे भुजंगा ॥

भावार्थ : जुन हिमालयका समान गौरवर्ण र गम्भीर हुनुहुन्छ, जसको शरीरमा करोडौँ कामदेवको ज्योति एवं शोभा छ, जसको शिरमा सुन्दर नदी गङ्गाजी विराजमान छिन्, जसको ललाटमा द्वितीयाका चन्द्रमा र गलामा सर्प सुशोभित छन् ॥३॥

चलत्कुण्डलं भ्रू सुनेत्रं विशालं। प्रसन्नाननं नीलकण्ठं दयालं ॥

मृगाधीशचर्माम्बरं मुण्डमालं। प्रियं शंकरं सर्वनाथं भजामि ॥

भावार्थ : जसको कानमा कुण्डल हल्लिरहेका छन्, सुन्दर भ्रुकुटी (आँखीभौँ) र विशाल नेत्र छन्; जुन प्रसन्नमुख, नीलकण्ठ र दयालु हुनुहुन्छ; सिंहचर्मको वत्र धारण गर्नुभएको छ र मुण्डमाला धारण गर्नुभएको छ; उनै सबैका नाथ श्रीशङ्करजीलाई भज्दछु ॥४॥

प्रचंडं प्रकृष्टं प्रगल्भं परेशं। अखंडं अजं भानुकोटिप्रकाशं ॥

त्रयः शूल निर्मूलनं शूलपाणिं। भजेऽहं भवानीपतिं भावगम्यं ॥

भावार्थ : प्रचण्ड (रुद्ररूप), श्रेष्ठ, तेजस्वी, परमेश्वर, अखण्ड, अजन्मा, करोडौं सूर्यहरूका समान प्रकाशमान्, तीनै प्रकारका शूल (दुःख) लाई निर्मूल गर्नेवाला, हातमा त्रिशूल धारण गर्नुभएका, भावद्वारा प्राप्त हुनेवाला भवानीका पति श्रीशङ्करजीलाई म भज्दछु ॥५॥

कलातीत कल्याण कल्पान्तकारी। सदा सज्जनानन्ददाता पुरारी॥

चिदानन्द संदोह मोहापहारी। प्रसीद प्रसीद प्रभो मन्मथारी ॥

भावार्थ : कलाहरूदेखि पर, कल्याणस्वरूप, कल्पलाई अन्त्य (प्रलय) गर्नेवाला, सज्जनहरूलाई सधैँ आनन्द दिने, त्रिपुरका शत्रु, सच्चिदानन्दघन, मोहलाई हरण गर्ने, मनलाई मन्थन गर्ने कामदेवका शत्रु, हे प्रभु ! प्रसन्न हुनुहोस् ॥६॥

न यावद् उमानाथ पादारविन्दं । भजंतीह लोके परे वा नराणां ॥

न तावत्सुखं शान्ति संन्तापनाशं । प्रसीद प्रभो सर्वभूताधिवासं ॥

भावार्थ : जबसम्म पार्वतीका पति हजुरका चरणकमललाई मनुष्यले भज्दैनन्, तबसम्म उनीहरूलाई इहलोक र परलोकमा पनि सुख–शान्ति मिल्दैन र उनीहरूका ताप पनि नष्ट हुँदैन । अतः हे समस्त जीवहरूको हृदयमा निवास गर्ने प्रभु ! प्रसन्न हुनुहोस् ॥७॥

न जानामि योगं जपं नैव पूजां । नतोऽहं सदा सर्वदा शंभु तुभ्यं ॥

जरा जन्म दुःखौघता तप्यमानं । प्रभो पाहि आपन्नमामीश शंभो ॥

भावार्थ : मैले न त योग जानेको छु, न जप र न पूजा नै। हे शम्भु ! मैलें सदा–सर्वदा हजुरलाई नै नमस्कार गर्दछु। हे प्रभु ! वृद्धावस्था र जन्म–मृत्युको दुःखसमूहले जल्दै गरेको म दुःखीलाई दुःखबाट रक्षा गरिबक्सियोस्। हे ईश्वर ! हे शम्भु ! म हजुरलाई नमस्कार गर्दछु ॥८॥

रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतोषये ।

ये पठन्ति नरा भक्त्या तेषां शम्भुः प्रसीदति ॥

भावार्थ : भगवान् रुद्रको स्तुतिको यो अष्टक उनै शङ्करलाई प्रसन्न पार्नका लागि ब्राह्मणद्वारा व्यक्त गरिएको हो। जुन मनुष्यले यसलाई भक्तिपूर्वक पाठ गर्दछन्, तिनीहरूप्रति भगवान् शम्भु सदैव प्रसन्न हुनुहुन्छ ॥९॥

(३) मङ्गलबार व्रत

परिचय : मङ्गलबार व्रत गर्नेले रातमा केवल एकपटक भोजन गर्नु उत्तम हुन्छ। भोजनमा गहुँ र गुलियोबाट बनेका परिकार खान सकिन्छ। यो व्रत बाह्र मङ्गलबार गर्नाले सबै दोष समाप्त हुन्छन् र शरीर स्वस्थ रहन्छ भन्ने विश्वास छ। व्रतकर्तालाई राज्यबाट विशेष सम्मान र लाभ प्राप्त हुन्छ। यस व्रतमा रातो पुष्प, राता फलफूल र रातो वस्त्रको प्रयोग गर्नु शुभ मानिन्छ। यस व्रतमा शिवका अवतार मानिएका हनुमानजीका साथै मङ्गल ग्रहको पनि आराधना गरिन्छ। यस व्रतमा मङ्गल ग्रहको पूजापाठका साथै राता चिजहरू जस्तै : रातो वस्त्र, फलफूल, तामा, रातो मुगा आदि प्रयोग गरिन्छ। मङ्गलको जप र स्तोत्र पाठ पनि गर्नुपर्छ। मङ्गलको पूजाविधि, जप र स्तोत्रपाठका बारेमा ग्रहशान्ति अध्यायमा हेर्नुहोला।

(क) मङ्गलबार व्रतकथा : पहिलेको समयमा एक ब्राह्मण दम्पती थिए। घरमा सम्पन्नता भए पनि सन्तान नहुनाले तिनीहरू दुःखी थिए। त्यसैले ब्राह्मणले पुत्र प्राप्तिका लागि वनमा बसेर हनुमानजीको आराधना गर्न थाले। ब्राह्मणीचाहिँ घरमा बसेर हनुमानजीको पूजा गर्दथिन्। प्रत्येक मङ्गलबार हनुमानजीलाई नैवेद्य अर्पण गरेर मात्र भोजन गर्दथिन्। दैवसंयोग कुनै एउटा मङ्गलबार तिनले खाना नपकाएकीले हनुमानजीलाई अर्पण गर्न पाइनन् र आफूले पनि खान पाइनन्। हनुमानलाई अर्पण नगरी नखाने प्रतिज्ञाका कारण तिनले अर्को मङ्गलबार मात्र भोजन गर्ने अठोट गरिन्। यसैक्रममा सातौँ दिन अर्को मङ्गलबार बिहान ती ब्राह्मणी मूर्छा परिन्। हनुमानजीले मूर्छाकै अवस्थामा दर्शन दिएर सचेत पारी भन्नुभयो : "तिम्रो व्रत सफल भयो। म तिमीलाई सुन्दर बालक दिन्छु। यसले अत्यन्त राम्ररी मातापिताको सेवा गर्नेछ।" यति भनेर हनुमानजीले बालकलाई भन्नुभयो : "ए मङ्गल ! तिमीले कुनै कसर बाँकी नराखी माताको सेवा गर।" यसरी बालक प्राप्त गरी ब्राह्मणी निकै खुसी भइन्। केही कालपछि जङ्गलबाट ब्राह्मण पनि आइपुगे। उनले घरमा बालकलाई देखेर पत्नीसँग जिज्ञासा राखे। पत्नीले हनुमानजीबाट प्राप्त भएको बताए पनि उनलाई विश्वास भएन र उनले यो पत्नीको व्यभिचारको फल हो भन्ने शङ्का गर्न थाले। त्यो बालक मरे हुन्थ्यो भन्ने ब्राह्मणको चाहना थियो। एक दिन ब्राह्मण कुवामा पानी लिन गएका बेलामा बालक सँगै लगेका थिए। त्यस दिन उनले बालकलाई कुवामा लडाएर मारे। घर आइपुग्दा बालक हाँस्दै घरमै आइपुग्यो। यसरी धेरैपल्ट मार्ने प्रयास गर्दा पनि मङ्गललाई हनुमानजीले रक्षा गर्दै रहनुभयो।

एक दिन ब्राह्मण घरमा सुतिरहेको समयमा हनुमानजीले दर्शन दिएर यो तिम्रै सन्तान भएकोले शङ्का नगर भन्ने सन्देश दिनुभयो। त्यसपछि ब्राह्मणले कुनै शङ्का नगरिकन परिवारमा हासीखुसी रहे। यसरी जुन व्यक्तिले मङ्गलबार व्रत गरी यो कथा पढ्ने वा सुन्ने गर्दछ त्यसका सबै कष्ट हनुमानजीले नष्ट गरिदिनुहुनेछ।

(ख) मङ्गलबार(मङ्गले)को व्रतकथा : एउटी वृद्धा थिइन्। तिनी मङ्गल देवतालाई इष्टदेव मानेर सधैँ मङ्गलबार व्रत गरी मङ्गलदेवको पूजा आराधना गर्दथिन्। तिनको एउटा छोरा थियो। उसको जन्म मङ्गलबार नै भएकोले उनी छोरालाई मङ्गले भनेर बोलाउँथिन्। मङ्गलबारका दिन उनी माटो खन्ने र घर लिप्ने कार्य पनि गर्दैनथिन्। यसबारे तिनको परीक्षा लिन साधुको वेशमा स्वयं मङ्गल देवता वृद्धाको घर पुगेर वृद्धालाई भन्न लाग्नुभयो : "मलाई भोक लागेकोले खाना पकाउनका लागि अलिकति स्थान लिपेर स्वच्छ पारिदेऊ, तिमीलाई पुण्य मिल्नेछ।" साधुको कुरा सुनेर वृद्धा भन्दछिन् : "आज मङ्गलबार भएकोले आजका दिनमा मैले लिपपोतको काम गर्दिन,

बरु जल छर्किदिन्छु। त्यसपछि खाना पकाएर खानुहोला।" फेरि साधु भन्दछन् : "म त गोबरले लिपेर पवित्र पारेको स्थानमा मात्र खाना पकाउँछु।" वृद्धा भन्दछिन् : "लिप्ने कामबाहेक अन्य जुन सेवा गर्न आज्ञा भए पनि म तयार छु।" साधुले पुनः वृद्धालाई यसबारे प्रतिबद्ध गराएर आज्ञा गरे : "आफ्नो छोरालाई घोप्टो पारेर सुताऊ, म त्यसको पिठ्युँमा खाना पकाउँछु।" त्यसपछि वृद्धाले मङ्गलेलाई साधुसमक्ष उपस्थित गराइन्। मङ्गलेले साधुलाई भन्यो : "मलाई किन बोलाउनुभएको हो ? आज्ञा होस्।" साधुले भने : "जा आफ्नी आमालाई डाकेर लेरा।" त्यसपछि मङ्गलेले बोलाएबमोजिम वृद्धा आइन्। अनि साधुले वृद्धालाई भने : "तिमी नै छोरालाई घोप्टो पारेर सुताऊ।" साधुको आज्ञाबमोजिम वृद्धाले मनमनै मङ्गलदेवलाई स्मरण गर्दै छोरालाई घोप्टो पारेर सुताइन् र त्यसको पिठ्युँमा चुलो बनाइन् र साधुलाई भनिन् : "महाराज ! हजुरलाई जे इच्छा लाग्छ गर्नुहोस् म आफ्नो काममा जान्छु।" त्यसपछि साधुले बालकको पिठ्युँमा तयार पारेको चुलोमा आगो बालेर खाना तयार गरे।

सबै खाना पाकिसकेपछि साधुले वृद्धालाई भने : "अब आफ्नो छोरालाई बोलाऊ, ऊ आएर प्रसाद लिएर जान्छ।" तब वृद्धा आश्चर्य मान्दै भन्दछिन् : "महाराज ! कस्तो कुरा गर्नुहुन्छ, जसको पिठ्युँमा हजुरले आगो बालेर खाना तयार गर्नुभयो। अझै ऊ जीवित छ भन्ने ठान्नुहुन्छ र मलाई उसको सम्झना गराउँदै हुनुहुन्छ। अब मलाई उसको सम्झना नगराउनुहोस् र भोग लगाएर जहाँ जाने इच्छा छ त्यहीँ जानुहोस्।" त्यसपछि पनि साधुको विशेष आग्रहमा जब वृद्धाले मङ्गले ! भनेर छोरालाई बोलाइन् तब तत्कालै छोरा आइपुग्यो। साधुले त्यसलाई प्रसाद दिएर भने : "हे माता ! तिम्रो व्रत सफल भयो। तिम्रो हृदयमा दया र आफ्ना इष्टदेवप्रति अटल श्रद्धा भएकोले तिमीलाई कहिल्यै कुनै कष्ट हुनेछैन।"

यस कथा वाचन वा श्रवणपछि हनुमान चालिसा पाठका साथै मङ्गलको स्तोत्र पाठ गर्नु शुभ होला।

(४) बुधबार व्रत

परिचय : बुधवार व्रतकर्ताले पञ्चोपचार वा षोडशोपचारले शिवपार्वतीको पूजा गर्नुपर्छ। दिनमा एक पटक हविष्यान्न भोजन गर्नु राम्रो हुन्छ। व्रतमा विशेषगरी हरिया वस्तु चढाउनु र सेवन गर्नु राम्रो हुन्छ। पूजा सकिएपछि बुधबार व्रतकथा सुन्नुपर्छ। बुधको मन्त्र जप, बुधको स्तोत्र पाठका साथै शिव, विष्णु र दुर्गाको स्तोत्र पाठ गर्नु राम्रो हुन्छ। बुधको स्तोत्र ग्रहशान्ति अध्यायबाट हेर्नुहोला।

बुधबार व्रतकथा : पूर्वकालमा कुनै मानिस ससुराली गएर केही दिन बसेपछि उसले आफ्नी पत्नीसहित घर फर्कनका लगि सासु-ससुरासँग बिदा माग्यो। तर सासु-

ससुराले त्यस दिन बुधबार भएकोले बिदा दिन मानेनन् र भोलिपल्ट जान आग्रह गरे। यसमा उसले बढी जिद्दी गरेकोले बुधबार नै ती दम्पतीलाई बिदा गरिदिए। निकै टाढाको बाटो गइसकेपछि त्यसकी पत्नीले पानी खान मन गरेकीले उसको पति रथबाट ओर्लेर पानी लिन गयो। पानी लिएर फर्कँदा रथमा उसको जस्तै लुगा लगाएको र उस्तै अनुहार भएको मानिस उसकी पत्नीसँगै रथमा बसिरहेको देख्यो। त्यसपछि उसले रिसाएर सोध्यो : "ए, तिमी को हौ ? मेरी पत्नीको नजिकमा किन बसेको ?" उसले उत्तर दियो : "तिमी मलाई छेक्ने को हौ ? यी त मेरी पत्नी हुन् र भर्खरै ससुरालीबाट बिदा गराएर ल्याइरहेको छु।" यसरी ती दुईका बिचमा विवाद चर्किएपछि त्यहाँ धेरै मानिस जम्मा भए। मानिसहरूले स्त्रीसँग उनको पति कुन हो भनी सोधे। तर तिनले दुवैको उस्तै रङ्गरूप र अनुहार देखेर यही नै हो भन्ने निश्चय गर्न सकिनन्। त्यसपछि राजकर्मचारीहरू आएर त्यसको असली पतिलाई समात्न खोजे। अनि त्यो व्यक्ति मनमनै व्यथित भएर भगवान्सँग प्रार्थना गर्दै भन्न लाग्यो : "हे भगवान् ! कस्तो अन्याय भइरहेको छ। जो सच्चा छ त्यसलाई झुटो र जो झुटो छ त्यसलाई सच्चा तुल्याइरहेछन्।" यो सुनेर भगवान् बुधले आकाशवाणी गर्नुभयो : "यो बुध देवताको मायाले भइरहेको छ। यो पुरुष बढी जिद्दी भएर बुधबारका दिन आफ्नी पत्नीसहित ससुरालीबाट बिदा भएर गइरहेको थियो। यसले गर्दा यसलाई यस्तो कष्ट आइपरेको हो।" यति भनेर भगवान् बुध अन्तर्ध्यान हुनुभयो। त्यसपछि त्यो मानिस बारम्बार बुध भगवान्को स्तुति गर्दै आफ्नी पत्नीलाई घर पुऱ्यायो। यो कथा जसले पढ्छ वा सुन्छ त्यसलाई बुधबार यात्रा गरे पनि कुनै दोष लाग्दैन।

(५) बिहीबार व्रत

परिचय : बिहीबार व्रतकर्ताले बृहस्पतेश्वर शिवजीको पञ्चोपचार वा षोडशोपचारले पूजा गर्नुपर्छ। दिन-रातमा एक पटक हविष्यान्न भोजन गर्नुपर्छ। व्रतमा विशेषगरी पहेँला वस्तु चढाएर पूजा गर्नुपर्छ। पहेँलो वस्त्र लगाएर पहेँलो फूलको माला चढाउनु पर्छ। भोजनमा चनाको दाल प्रयोग गर्नु राम्रो हुन्छ। यो व्रत गर्नाले बृहस्पति प्रसन्न भएर धन र विद्याको लाभ मिल्ने विश्वास छ। नारीहरूले यो व्रत गर्नाले सुखद दाम्पत्य जीवनको अवसर मिल्ला। यस व्रतमा केराको बोटको पूजा पनि गरिन्छ। बृहस्पतिबार व्रत, पूजाविधि, दानका वस्तु र बृहस्पतिको स्तोत्रका बारेमा ग्रहशान्ति अध्यायमा प्रकाश पारिएको छ।

(क) बृहस्पति वा गुरुबार व्रतकथा : एक जना साहुका घरमा अन्न, वस्त्र, सम्पत्ति आदि कुनै कुराको पनि कमी थिएन तर उसकी स्त्री अत्यन्त कृपणी (कन्जुस) थिई । त्यसले घरमा आएका भिक्षुकलाई पनि भिक्षा दिन्नथी । दिनभर काममा लागिरहन्थी । कुनै साधु महात्माले बृहस्पतिबारको दिनमा त्यसको ढोकामा आएर भिक्षा मागे । साहुकी पत्नी त्यसबेला घरआँगन लिप्न लागेकी थिई । त्यसकारण साधु महाराजसँग भनी : "हे महाराज ! म यसबेला आफ्नो घरआँगन लिप्न लागिरहेकी छु । अहिले हजुरलाई केही दिन सक्दिन । पछि अवकाशको समयमा आउनुहोला ।" ती भिक्षुक रित्तो हात फर्किए। केही दिनपछि उनै महात्मा फेरि आएर भिक्षा मागे । साहुनी त्यसबेला बालकलाई ख्वाउन लागेकी थिई । अतः उसले भनी : "महाराज ! म के गरुँ ? मलाई फुर्सद छैन, त्यसैले म हजुरलाई केही दिन सक्दिन ।" फेरि उनै महात्मा तेस्रो पल्ट आए । फेरि साहुनीले आलटाले कुरा गरेर महात्मालाई रित्तै फर्काउन खोजी । त्यसपछि महात्माले भने : "के तिमीलाई पूरा अवकाश प्राप्त हुन्छ, अनि मलाई भिक्षा दिने विचार छ ?" अनि साहुनीले भनी : "ठिक भन्नुभयो महाराज ! यदि यस्तो हुन सके हजुरको ठुलो कृपा हुने थियो ।" अनि भिक्षुक महात्माले भने : "सुन म एउटा सजिलो उपाय भन्दछु। बृहस्पतिबार झलमल्ल घाम लागिसकेपछि उठ्नु र घरआँगन बढारी सबै फोहोर जम्मा पारी एउटा कुनामा राख्नु । भान्साघर सफा गर्नु पर्दैन । अनि स्नान आदि सकेर परिवारका अन्य सदस्यहरूलाई सुनाइदेऊ - आज सबैले दाह्री कपाल खौरने कार्य गर्नु । अनि खानेकुरा पकाएर चुलोको पछाडितिर राख्ने गर्नु । सामुन्ने कहिल्यै पनि नराख्नु । बेलुका झमक्क रात परेपछि साँझको बत्ती बाल्नु र बृहस्पतिबारका दिन पहेँलो वस्त्र कहिल्यै पनि नलगाउनु । फेरि पहेँलो रङ्ग भएको वस्तु पनि नखानु । यदि यति गर्न सक्यौ भने तिमीलाई कुनै पनि घरको काम गर्ने आवश्यकता पर्दैन ।" महात्माको यस्तो कुरा सुनेर त्यो साहुनी बिहान झलमल्ल घाम लागेपछि उठेर महात्माले भनेअनुसारका कार्य गरी । यसो गर्दा केही दिनपछि घरमा खाने अन्न समाप्त भयो। त्यसैबेला महात्मा फेरि भिक्षा माग्न आए तब साहुनीले भनी : "हे भिक्षुक महाराज ! मेरो घरमा खानलाई अन्न नै छैन, हजुरलाई म कसरी भिक्षा दिन सक्छु ?" अनि महात्माले उत्तर दिए : "हे साहुनी ! जब तिम्रो घरमा सबै वस्तु भरिपूर्ण थियो, त्यसबेला पनि तिमी केही दिन्नथ्यौ । अब त तिमीलाई पूर्ण अवकाश र अवसर छ तैपनि तिमी केही दिँदैनौ । अब तिम्रो के इच्छा छ भन ?" अनि साहुनीले हात जोडेर नम्र स्वरमा भनी : "महाराज ! अब कुनै यस्तो उपाय बताइदिनुहोस् जसले गर्दा

मेरो घरमा पहिले जस्तै धनधान्यले भरियोस्। अब म प्रतिज्ञा गर्दछु : "हजुरले जस्तो आज्ञा गर्नुहोला त्यस्तै कार्य गर्नेछु।" अनि महात्माले भने : "बिहान उठेर स्नानादि समाप्त गर्नु र गाईको गोबरले घरआँगन लिपी शुद्ध पार्नु। घरका पुरुषहरूले बिहीबार दाह्री कपाल नखौरेर बुधबार वा शुक्रबार खौरने गर्नु। भोका र माग्नेलाई सकेसम्म अन्न जल दिँदै गर्नु। ठिक सायंकालमा बत्ती बाल्नु। यस्तो गर्न सक्यौ भने तिम्रा सबै मनोकामनाहरू बृहस्पति भगवान्को कृपाले पूर्ण हुनेछ।" महात्माको आज्ञाअनुसार साहुनीले सबै कार्य गरी र उसलाई पहिलेजस्तै धनधान्य प्राप्त भयो। यस प्रकार गुरु बृहस्पतिको कृपाले अनेक सुख भोगेर धेरै वर्षसम्म ती महिला जीवित रही।

जसरी त्यस साहुनीको इच्छा पूर्ण भयो त्यसैगरी बृहस्पति भगवान्को पहेँलो वस्त्र, पहेँलो फूल, पहेँलो जनै, सुपारी, पान, नैवेद्य आदि अर्पण गरेर पञ्चोपचार वा षोडशोपचारले बृहस्पति भगवान्को पूजा आराधना गरेमा उनको कृपाले घरमा कुनै वस्तुको अभाव रहने छैन। व्रतकर्ताले मनमा सत्य र विश्वासको भावना राख्नुपर्छ। राम्रो फल प्राप्तिमा कुनै सन्देह छैन।

(ख) गुरुबारको अर्को व्रतकथा : एक समयमा स्वर्गका राजा इन्द्र अहङ्कारले युक्त भएर बसेका थिए। उनको सभामा अनेक देवता, ऋषि, यक्ष, गन्दर्व, किन्नर आदि उपस्थित थिए। त्यसैबेला देवगुरु बृहस्पति सभामा आएपछि सभामा उपस्थित अन्य सबैजना उनको सम्मानमा जुरुक्कै उठे तर इन्द्र गर्वले उठेनन्। त्यसपछि बृहस्पति आफ्नो अपमान भएको ठानेर सभाबाट उठेर हिँडे। उनी गएपछि इन्द्रलाई चिन्ता भयो। गुरुको अपमान गरेकोमा इन्द्रलाई निकै आत्मग्लानी तथा अपराधबोध भयो। उनले गुरुकहाँ गएर क्षमा माग्नु उचित हुन्छ भन्ने ठानेर गुरुको आश्रममा गए। उता इन्द्र क्षमा माग्न आउदै हुनुहुन्छ भन्ने बृहस्पतिले आफ्नो योगबलले थाहा पाएर इन्द्रसँग भेट नगर्ने निश्चय गरी तत्काल अन्तर्ध्यान भए। त्यसपछि बृहस्पतिको आश्रममा इन्द्र गएर भेट्न खोज्दा भेट नभएकोले निराश भएर फर्किए। उता दैत्यहरूका राजा वृषपर्वाले यो समाचार थाहा पाएर आफ्ना गुरु शुक्राचार्यको सल्लाहले इन्द्रको अमरावतीलाई चारैतिरबाट घेरामा पारे। गुरु बृहस्पतिको आशीर्वाद नपाएकाले देवताहरू सङ्ग्राममा पराजित हुन पुगे। त्यसपछि इन्द्रले ब्रह्माजीलाई दैत्यहरूबाट रक्षा गर्ने उपाय बताउन अनुरोध गरे। तब ब्रह्माजीले भन्नुभयो : "हे देवराज ! तिमीले गुरुजीको अपमान गर्‍यौ। अब तिमीले त्वष्ध्य ब्राह्मणका पुत्र विश्वरूप जो ठुला ज्ञानी र तपस्वी पनि हुन् उनलाई पुरोहित मान्यौ भने तिम्रो कल्याण होला।" त्यसपछि इन्द्रले त्वष्ट्यलाई पुरोहित बन्न अनुरोध गर्दा उनले आफ्नो तपोबलको हानि हुने हुनाले पुरोहित बन्न अस्वीकार गर्दै आफ्नो छोरा विश्वरूपलाई पुरोहित बनाउन

आग्रह गरे । त्यसपछि विश्वरूपको उपायले इन्द्रले वृषपर्वालाई जितेर आफ्नो अमरावती फिर्ता लिए। विश्वरूपका तीन मुख थिए जसमध्ये एउटा मुखले सोमवल्ली नामक लताको रस झिकेर पिउँदथे भने अर्को मुखले मदिरापान गर्दथे। अनि तेस्रो मुखले अन्नादि भोजन गर्दथे। केही दिन बितेपछि देवराज इन्द्रले विश्वरूपलाई यज्ञ गरिदिन अनुरोध गरे । विश्वरूपले यज्ञ आरम्भ गरेको बेलामा कुनै दैत्य आएर विश्वरूपलाई भन्यो : "तिम्री आमा दैत्यकन्या हुन्। त्यसैले हाम्रो कल्याणका लागि एक आहुति दैत्यका नाममा पनि दिएमा उत्तम होला।" त्यसैले विश्वरूपले दैत्यको कुरा मानेर यज्ञका समयमा दैत्यहरूका नाम पनि विस्तारैविस्तारै लिन लागे। त्यसले गर्दा यज्ञ गरेर पनि देवताहरूको बल र तेज बढ्न सकेन। यसबाट रिसाएर इन्द्रले विश्वरूपको तीन वटै शिर काटिदिए। उनका काटिएका शिरहरूमध्ये मदिरापान गर्ने शिर भमरा, सोमरस पिउने शिर परेवा र अन्नादि खाने शिर तित्रा बन्न गयो। विश्वरूपको हत्याले गर्दा ब्रह्महत्याको पाप लागेर इन्द्रको स्वरूप बदलियो । देवताहरूले एक वर्षसम्म पुरश्चरण गर्दा पनि ब्रह्महत्याको पापबाट इन्द्र मुक्त हुन सकेनन्। अतः सबै देवता मिलेर प्रार्थना गरेपछि ब्रह्माजी गुरु बृहस्पतिसमेत त्यहाँ आएर त्यस ब्रह्महत्याको चार भाग बनाए।

पहिलो भाग पृथ्वीलाई दिए, त्यसकारण पृथ्वी अग्लो होचो भएर खेतीका लागि लायक रहेन। त्यसलाई ऊसर भनिन्छ। अनि ब्रह्माजीले वरदान दिनुभयो पृथ्वीमा अग्लो होचो भएको स्थान केही समयमा आफैँ एकनास हुनेछ।

दोस्रो भाग वृक्षहरूलाई दिए, जुन चोप, गुँद आदिका रूपमा वृक्षबाट बग्दछ। वृक्षका हाँगा, पात सुके पनि जराबाट फेरि पलाएर आउनेछ भन्ने वरदान ब्रह्माजीले दिनुभयो।

तेस्रो भाग स्त्रीहरूलाई दिए। यसले गर्दा नारीहरू प्रत्येक महिना रजस्वला हुन्छन्। यसअनुसार उनीहरू रजस्वला भएको चौथो दिनमा स्नान गरेपछि शुद्ध हुन्छन्। ब्रह्माजीले उनीहरूलाई सन्तान प्राप्त गर्ने वरदान दिनुभयो।

(६) शुक्रबार व्रत

परिचय : शुक्रबार सन्तोषी माताको व्रत गरिन्छ। व्रतको विधि सोमबारको जस्तै हो। दिन रातमा एक पटक मात्र खिर र सेतो खाद्यपदार्थ खान सकिन्छ। सन्तोषी माताको पञ्चोपचार वा षोडशोपचारले पूजा गर्नुपर्छ। यस व्रतमा सन्तोषी मातालाई सखर र चना चढाइन्छ। यो व्रत गर्नाले तीन महिनाभित्र नै अवश्य इच्छा पूर्ण हुन्छ भन्ने विश्वास छ।

शुक्रबार सन्तोषी माताको व्रतकथा : एकजना वृद्धाका सात भाइ छोरामध्ये छ भाइ कमाउने र सबैभन्दा कान्छो हरिलट्ठक थियो। बुढीले कमाउने छ भाइलाई खाना दिएपछि उब्रिएको कान्छोलाई दिने गर्दथिन्। कान्छो अत्यन्त सोझो थियो। एक दिन उसले आफ्नी पत्नीसँग भन्यो : "हेर मेरी आमाको मप्रति कति स्नेह छ।" पत्नीले भनी : "धेरै माया भएर नै सबैले खाएर रहेको जुठो खाना तिमीलाई दिन्छिन्।" उसले पत्नीको कुरा विश्वास गरेन। आफ्नै आँखाले नदेखेसम्म विश्वास गर्दिन भन्यो। त्यसपछि कुनै पर्व आयो। आमाले अनेक परिकार तयार गरेर राखिन्। आमाको चाला बुझ्न कान्छो भान्छामा पातलो कपडा ओडेर निदाएजस्तो गरेर बस्यो। यत्तिकैमा छ भाइहरू आए। आमाले तिनीहरूलाई अनेक परिकार थपेर खान दिइन्। त्यसपछि तिनीहरूको उब्रेको खानेकुराबाट जुठो पन्छाएर केही लड्डुहरू तयार गरिन् र कान्छोलाई खान बोलाइन्। तब कान्छोले आमाको भेदभावपूर्ण व्यवहार बुझेर त्यो खाना खान्न भन्यो र विदेश जाने निधो गर्‍यो। आमाले भोलि जाने भए आजै जा भनिन्। हुन्छ आजै जान्छु भनेर कान्छो घरबाट निस्कियो।

निस्कने बेलामा पत्नीको याद आएकोले पत्नीलाई भेट्न गयो। उसकी पत्नी गोठमा गुइँठा पार्दै थिई। उसले पत्नीलाई आफू परदेश जान लागेको कुरा बताउँदै पत्नीलाई आफ्नो धर्म पालन गरेर बस्न भन्यो। त्यसपछि पत्नीलाई आफ्नो औँठी चिनोका रूपमा दियो। उसकी पत्नीले दिनलायक कुनै चिनो छैन भनेर गोबरले युक्त हातको छाप पतिको पिठ्युँमा लगाइदिई।

त्यहाँबाट हिँडेर जाँदाजाँदा कान्छो अर्को देशमा पुगेर एउटा साहुको पसलमा गएर नोकरी गर्न थाल्यो। उसले बिहान सबेरैदेखि आधारातसम्म मेहनतसाथ काम गर्दथ्यो। केही दिनमा नै उसले पसलको लेनदेनसम्बन्धी काम राम्ररी सिक्यो। उसको इमान्दारिता र लगनशीलता देखेर साहुले उसलाई व्यापारको आधा साझेदार बनायो। यसबाट साहुका अन्य कर्मचारीहरू ईर्ष्या गर्न थाले। बाह्र वर्षमा ऊ ठुलो सेठ भयो।

यता उसकी पत्नीलाई सासु-ससुराले धेरै दुःख दिए। घरको काम सकेर जङ्गलमा दाउरा लिन पठाउँथे। खानलाई भुसको रोटी र नरिवलको खबटामा पानी दिन्थे। उसले एक दिन दाउरा लिन जङ्गलमा जाँदा केही महिलाहरूले सन्तोषीमाताको कथा भनिरहेको सुनी। उसले यसबारे तिनीहरूसँग सोधखोज गरी। उनीहरूले यो सन्तोषी माताको व्रत लिएको हो र यस्तो व्रत गर्नाले ऐश्वर्य मिल्छ, शोक चिन्ता हट्छ, मनलाई शान्ति मिल्छ, बाँझी भएमा सन्तान मिल्छ, पति परदेश गएको भए छिटै फर्कन्छ, कन्याले योग्य वर पाउँछे, मुद्दामामिलामा विजय मिल्छ, रोग निको

हुन्छ र अरु मनोकामना पूर्ण हुन्छ भन्ने बताए। अनि उसले व्रतविधिका बारेमा सोधी। उनीहरूमध्ये एउटीले व्रतविधि निम्नानुसार भएको बताई :

सन्तोषी माताको नैवेद्यका लागि सवा रुपैयाँ (पहिलेको हिसाबले सवा रुपैयाँको भनिए पनि हालको महङ्गीमा सवा रुपैयाँको चना र सखर उपलब्ध हुन नसक्ने भएकोले सवा सय रुपैयाँ वा ६५ रुपैयाँ) को चना र सखर लिनु। श्रद्धापूर्वक प्रत्येक शुक्रबार निराहार बसेर कथा सुन्नु वा स्वयं भन्नु। नियम भङ्ग नगर्नु। घिउको बत्ती बालेर त्यसको अगाडि जलपूर्ण कलश राखेर कथा भन्नुपर्छ। जबसम्म इच्छित काम पूरा हुँदैन तबसम्म व्रत गर्दै रहनु पर्छ। सन्तोषी माताले तीन महिनामा इच्छा पूरा गराउनुहुन्छ। यदि ग्रह प्रतिकूल भएमा तीन वर्षमा अवश्य फल मिल्छ। इच्छित कार्य पूरा भएपछि उद्यापन गर्नु। व्रतको बिचमा उद्यापन नगर्नु। उद्यापनमा चार माना पिठोको खाजा, खिर र चनाको तरकारी पकाउनु। आठ जना बालकलाई खान दिनु। सकेसम्म आफ्नै देवर, जेठाजु, भाइबन्धु र कुटुम्बका बालक बोलाउनु। त्यस्ता बालक उपलब्ध नभएमा ब्राह्मण बालक वा छिमेकीका बालक बोलाए पनि हुन्छ। बालकहरूलाई ख्वाइसकेपछि यथाशक्ति दक्षिणा पनि दिनु। त्यस दिन कसैले पनि अमिलो खानु हुँदैन र अर्कालाई अमिलो दिनु पनि हुँदैन। सन्तोषी माताको व्रतमा अमिलो खाद्यपदार्थ वा फललाई अत्यन्त कडाइका साथ निषेध गरिएको छ।

कथाको विधि सुनेर बुढीकी बुहारी व्रतालुहरूप्रति आभार प्रकट गर्दै खुसीसाथ त्यहाँबाट हिंडी। बाटोमा उसले दाउरा बेचेर त्यो पैसाले चना र सखर किनेर व्रतको तयारी गरी। केही पर पुगेर सोधपुछ गर्दै सन्तोषी माताको मन्दिरमा पुगी। त्यहाँ पुगेर माताको चरणमा ढोग गर्दै बिन्ती गर्न लागी : "हे माता ! म मूर्ख छु, हजुरको कुनै पनि नियम जान्दिन, मेरो कष्ट निवारण गर्नुहवस्।" त्यसपछि माताको मनमा दया आयो र एक शुक्रबार बितेर अर्को शुक्रबार उसको लोग्नेले पठाएको चिठी आयो। तेस्रो शुक्रबार पैसा आयो। त्यो देखेर त्यसका जेठानी र तिनका छोरा-छोरीले भन्न लागे : "अब त काकीको चिठी आयो, पैसा आयो। अब काकीको मानसम्मान बढ्नेछ। त्यो बिचरी केही उत्तर नदिई सरासर माताको मन्दिरमा गएर बिन्ती गर्न लागी : "हे माता ! मलाई पैसा चाहिएको छैन र मैले मागेकी पनि छैन। मलाई त आफ्नो सौभाग्यरूपको पतिको दर्शन चाहिएको छ।" त्यसपछि माताबाट आज्ञा भयो : "तिम्रा पति छिटै आउनेछन्।" माताबाट यस्तो वचन सुनेर ऊ अत्यन्त प्रसन्न भएर गई। त्यसपछि माताले विचार गर्न लाग्नुभयो कि मैले यसको पति आउँनेछ

भनेर भनिदिएँ। तर वास्तवमा त्यसको पतिले त सपनामा पनि यसको सम्झना गर्दैन। अतः मैले स्वयं त्यहाँ जानुपर्छ। त्यसपछि माताजी सपनामा त्यसको पतिलाई भन्नुहुन्छ : "हे पुत्र ! तिम्रो घरबार छ कि छैन ?" उसले भन्यो : "मेरा आमा, बाबु, दाजु, भाउजु, पत्नी सबै छन्।" त्यति सुनेर माताले भन्नुभयो : "घरमा तिम्री पत्नी अत्यन्त कष्टपूर्ण अवस्थामा छिन्। उनलाई सासु-ससुराले धेरै दुःख दिन्छन्। तिमीले पत्नीको विचार किन गर्दैनौ?" उसले भन्यो : "यो त मलाई पनि याद आउँछ। तर जाने कसरी ? परदेशको ठाउँ, त्यसमाथि व्यापारमा लेनदेनको हिसाब धेरै छ। मैले त जाने कुनै उपाय देख्दिन।" अनि माताबाट आज्ञा भयो : "मैले भनेको मान। बिहान उठेर स्नानादि नित्य कर्म सकेर सन्तोषी माताको नाम स्मरण गरी घिउको बत्ती बालेर दण्डवत् प्रणाम गरी पसलमा बस्नु। तिम्रो सबै लेनदेन हेर्दाहेर्दै चुक्ता हुनेछ। साँझसम्ममा सबै मालसामान बिक्री भएर धनको थुप्रो लाग्नेछ।" भोलिपल्ट उसले माताको आज्ञाअनुसार कार्य गरेर पसलमा बसेकोमा एकै छिनमा सबै लेनदेन चुक्ता हुनुका साथै साँझसम्ममा सबै माल बिक्री भयो। यस्तो चमत्कार देखेर त्यो निकै प्रसन्न भयो र घर जानका लागि थरिथरिका गहना र वस्त्र किनी घरका लागि प्रस्थान गऱ्यो।

उता वृद्धाकी बुहारी दाउरा बोकेर फर्कंदा मन्दिरमा एक छिन् विश्राम गरिरहेकी थिई। त्यसबेला माताबाट आज्ञा भयो : "हे पुत्री ! तिम्रा पति आइरहेका छन्। अब तिमीले एउटा काम गर्नु। दाउराका तीन भारी बनाएर एउटा नदीको किनारामा राख, अर्को मेरो मन्दिरनेर राख र तेस्रो भारी आफ्नो शिरमा बोकीराख। तिम्रा पतिलाई दाउरा देखेर मोह हुनेछ र यहीँ खानेकुरा पकाई खाएर आमालाई भेट्न जानेछन्। त्यहीबेला तिमी दाउरा लिएर घरमा पुग्नु र बिच आँगनमा दाउराको भारी पछारी तीन पल्ट चर्को स्वरले भन्नु : "लौ सासुज्यू दाउराको भारी बुझ्नुहोस् र भुसको रोटी र खबटमा पानी दिनुहोस्। आज घरमा को पाहुना आएको छ ?"

बृद्धाकी बुहारीले माताबाट आज्ञा भएबमोजिम दाउराको तीन भारी तयार गरी बाँकी कार्यहरू सम्पन्न गरिन्। घरमा गएर दाउराको भारी पछारेर भुसको रोटी र खबटमा पानी मागिन्। त्यसपछि उनकी सासु तुरुन्त बाहिर निस्केर बुहारीलाई भन्न लागिन् : बुहारी ! यस्तो किन भनेकी। भित्र आउ, मिठोमिठो खाउ, राम्राराम्रा कपडा र गहना लगाउ। बाहिर बोलेको सुनेर तिनका पतिले बाहिर निस्केर तिनका हातमा आफूले दिएको औँठी देखेर आमासित सोध्न लागे : "आमा ! यो को हो ?" आमाले भनिन् : "बाबु ! यो तिम्री पत्नी हो। तिमी गएदेखि यो यसैगरी गाउँ

डुल्दछे। घरको केही काम गर्दिन। दिनको चार पल्ट खान्छे। अहिले तिमीलाई देखेर यसरी नाटक गर्दैछे।" उसले लज्जित हुँदै भन्यो : "ठिक छ आमा ! मैले यसलाई पनि देखें। तपाईँलाई पनि देखिरहेको छु। अब मलाई अर्को घरको साँचो दिनुहोस्।" यो सुनेर आमाले साँचो फालिदिइन्। ऊ अर्को घरको तेस्रो तलाको कोठा उघारी महल झैँ सुसज्जित पारेर त्यहीँ बस्न लाग्यो। अब बुढीकी बुहारी सबै प्रकारले सुख भोग्न लागिन्। त्यसपछि उनले शुक्रबारका दिन सन्तोषी माताको व्रतको उद्यापन गर्ने निश्चय गरिन्। यसका लागि सामग्री तयार पारिन्। शुक्रबारका दिन व्रतको उद्यापनमा उनले जेठानीका बालकहरूलाई बोलाइन्। जेठानीहरूले आआफ्ना बालकहरूलाई खाने बेलामा अमिलो माग्नु जसले गर्दा उद्यापन अपूर्ण होला भनेर सिकाए। बालकहरूले खाना खाइसकेपछि आमाले सिकाएबमोजिम काकीसँग भन्न लागे : "काकी ! हामीलाई वाकवाकी लागेर आयो, अलिकति अमिलो दिनुहोस्।" यति सुनेर उनले भनिन् : "अमिलो कसैले पनि पाउन्नौ।" त्यसपछि उनीहरू उठेर पैसा माग्न थाले। वृद्धाकी बुहारीले नजानेर ती बालकहरूलाई पैसा दिइन्। तिनीहरूले त्यो पैसाले अमिलो किनेर ल्याई खान थाले। त्यसपछि सन्तोषी माता रिसाउनुभयो। राजाका दूत आएर उसको पतिलाई समातेर लगे। जेठानीहरू व्यङ्ग्य वचन बोल्न लागे : "लुटेर जम्मा पारेको धन ल्याएको रहेछ, त्यसैले अभिमानी भएको छ। अब कारागारमा जाकिएपछि थाहा पाउँछ।" यस्तो कठोर वचन सुनेर वृद्धाकी बुहारी रुँदै सन्तोषी माताको मन्दिरमा पुगेर प्रार्थना गर्न थालिन् : "हे माता ! मलाई हँसाएर फेरि किन रुवाउनुभयो ?" सन्तोषी माताबाट आज्ञा भयो : "छोरी ! उद्यापन गरेर मेरो व्रत भङ्ग गऱ्यौ, किन यति छिटै बिर्सियौ ?" उसले भनी : "माता ! मलाई बालकहरूले भ्रममा पारिदिए। तिनीहरूलाई पैसा दिएर मैले ठुलो गल्ती गरें। मेरो अपराध क्षमा गर्नुहोस्। अब म यस्तो गल्ती नहुने गरी फेरि उद्यापन गर्नेछु।" माताले भन्नुभयो : "पुत्री ! घर जाऊ, तिम्रा पति घर आउँदै गरेको भेटिनेछन्।" त्यसपछि तिनी मन्दिरबाट निस्कनासाथ तिनका पति भेटिए। उनले पतिसँग कहाँ जानुभएको हो भनेर सोधिन्। कमाएको धनको सरकारलाई कर बुझाउन गएको हो भनेर पतिले जवाफ दिए। अनि प्रसन्न भएर दुवै जना घरमा आए। त्यसपछि आउँदो शुक्रबार सन्तोषी माताको व्रतको उद्यापन गर्नका लागि पतिसँग अनुमति मागिन्। पतिले आंनन्दसँग गर भनेर अनुमति दिए। उद्यापनका दिन ती महिलाले जेठानीका छोराहरूलाई बोलाउन जाँदा दुई चार व्यङ्ग्यका वचन सुनाएर बालकहरूलाई पहिलेकै जस्तो कुरा सिकाएर जान अनुमति

दिए। उद्यापनमा बालकहरूले खानेकुरा खाइसकेर अमिले खान मागे। जवाफमा ती व्रतालु महिलाले भनिन् : "खाने भए यही खाना खाओ, नखाने भए जाओ, यो व्रतमा अमिलो खान मिल्दै मिल्दैन।" यो कुरा सुनेर ती बालकहरू खाना छाडेर हिंडे। त्यसपछि ती महिलाले ब्राह्मणका बालकहरू बोलाएर उद्यापन गराइन्। खिर र मिष्ठान्न खान दिएर अन्तिममा दक्षिणाका रूपमा एकएक वटा मिठा फलफूल पनि दिइन्। यसरी नियमपूर्वक उद्यापन कार्य सम्पन्न भएकोले सन्तोषी माता प्रसन्न हुनुभयो। माताको कृपाले दस महिनामा ती महिलाले राम्रो छोरा पाइन्। तिनी छोरालाई लिएर दिनहुँ मन्दिरमा जान लागिन्। एक दिन सन्तोषी माताले विचार गर्न लाग्नुभयो – यो दिनहुँ मेरो मन्दिरमा आउँछे अब म यसको घरमा गएर परीक्षा गर्छु। त्यसपछि सन्तोषी माताले डरलाग्दो वेश धारण गरेर मुखमा सखर र चना टाँसिएको, झिँगा भन्किएको स्वरूप देखाएर ती महिलाको घरको ढोकाको ठेलामा खुट्टा राख्नुभयो। यस्तो देखेर ती महिलाकी सासु कराउन लागिन् : "ए लौ हेर यहाँ कहाँकी बोक्सी आइपुगेकी रहिछ, यसलाई लखेट्नु पऱ्यो।" यस्तो सुनेर केटाकेटीहरू तिनलाई लखेट्न लागे। त्यसबेला सन्तोषी माताकी भक्तिनी महिला आफ्नो बच्चालाई दुध चुसाउँदै थिइन्। उनले सन्तोषी माता आउनुभएको भन्ने बुझेर बच्चालाई भित्रै छाडेर बाहिर आई भन्न लागिन् : "आज यहाँ सन्तोषी माताको सवारी भएकोले हाम्रो घर पवित्र भएको छ।" यो सुनेर तिनकी सासु भन्दछिन् : "ए दुष्ट आइमाई ! बालकलाई भूमिमा पछारेर किन दगुर्दै आइस् ?" त्यस अवसरमा सन्तोषी माताका प्रभावले चारैतिर अनेक बालकहरू देखिन थाले। अनि बुहारीले भनिन् : "सासु बज्यै ! म जसको व्रत गर्दथेँ उनी सन्तोषी माता हाम्रा घरमा कृपा गर्न आउनुभएको छ।" त्यसपछि सबैले माताका पाउ समातेर आआफ्ना अपराधका लागि क्षम मागे। सन्तोषी माता पनि अत्यन्त प्रसन्न हुनुभयो। वृद्धाकी बुहारीलाई जस्तै फल सबैलाई सन्तोषी माताले प्रदान गर्नुहोस्। सबैको कल्याण होस्। सन्तोषी माता कि ! जय।

सन्तोषी माताको आरती

जय सन्तोषी माता,जय सन्तोषी माता अपने सेवक जन को सुख सम्पति दाता ॥जय.॥
सुन्दर चीर सुनहरी माँ धारण कीन्हों, हीरा पन्ना दमकें तन सिंगार लिन्हों ॥जय.॥
गेरु लाल छ्या छवि बदन कमल सोहै, मन्द हँसत करुणामयि त्रिभुवन मन मोहै ॥जय.॥
स्वर्ण सिंहासन बैठी चमर ढुरे प्यारे, धूप दीप मधु मेवा भोग धरे न्यारे ॥जय.॥

चना और गुड ही में माँ सन्तोष कियो, सन्तोषी कहलाई भक्तन विभव दियो ॥जय.॥
शुक्रबार प्रिय मातन आज दिवस सोही, भक्त मण्डली छाई कथा सुनत मोही ॥जय.॥
मन्दिर जगमग ज्योति मङ्गल ध्वनि छाई, विनय करें तेरे बालक चरनन सिर नाई ॥जय.॥
भक्ति भाव मय पूजा अंगीकृत कीजै, जो मन भरे हमारे इच्छित फल दीजै ॥जय.॥
दुःखी दरिद्री रोगी संकट मुक्त किये, बहु धन-धान्य भरे घर सुख सौभाग्य दिये ॥जय.॥
ध्यान धरो जाने तेरो वांछित फल पायो, पूजा कथा श्रवण कर अपने घर आयो ॥जय.॥
शरण गहे की लज्जा राखियो जगदम्बे, संकट तु ही निवारे दयामयी अम्बे ॥जय.॥
सन्तोषी माँ की आरती जो कोई गावै, ऋद्धि-सिद्ध सुख सम्पति जी भर के पावै ॥जय.॥

॥इति सन्तोषी माताको आरती ॥

शुक्रबार (शुक्र) को स्तुति

(रामचरितमानसको अरण्यकाण्डमा वर्णित अत्रि मुनिद्वारा रामचन्द्रभगवान्‌को स्तुति)

नमामि भक्त वत्सलम्। कृपालु शील कोमलम् ॥
भजामि ते पदाम्बुजम्। अकामिनां स्वधामदम् ॥

भावार्थ : हे भक्तवत्सल ! हे कृपालु ! हे कोमल स्वभाववाला ! म हजुरलाई नमस्कार गर्दछु । निष्काम मानवजनलाई आफ्नो परमधाम दिने हजुरका चरणकमललाई म सधैं पूजा गर्दछु ॥१॥

निकाम श्याम सुन्दरम्। भवाम्बुनाथ मन्दरम् ॥
प्रफुल्ल कञ्ज लोचनम्। मदादि दोष मोचनम् ॥

भावार्थ : हजुर नितान्त सुन्दर, श्याम, संसार (आवागमन) रूपी समुद्रलाई मन्थन गर्नका लागि मन्दराचलरूप, फुलेका कमलका समान नेत्र भएका र मद आदि दोषहरूबाट छुटाउनेवाला हुनुहुन्छ ॥२॥

प्रलम्ब बाहु विक्रमम्। प्रभोऽप्रमेय वैभवम् ॥
निषङ्ग चाप सायकम्। धरं त्रिलोक नायकम् ॥

भावार्थ : हे प्रभो ! हजुरका लामा-लामा भुजाहरूको पराक्रम र हजुरको ऐश्वर्य अप्रमेय (बुद्धिदेखि टाढा अथवा असीम) छ। हजुर तरकस एवं धनुष-बाण धारण गर्ने र तीनै लोकका स्वामी हुनुहुन्छ ॥३॥

दिनेश वंश मण्डनम् । महेश चाप खण्डनम् ॥

मुनीन्द्र सन्त रञ्जनम् । सुरारि वृन्द भञ्जनम् ॥

भावार्थ : त्यस्तै सूर्यवंशका भूषण, शिवजीको धनुष तोड्ने, साधुसन्तहरूलाई आनन्द दिने तथा देवताका शत्रुलाई नाश गर्ने हुनुहुन्छ ॥४॥

मनोज वैरि वन्दितम् । अजादि देव सेवितम् ॥

विशुद्ध बोध विग्रहम् । समस्त दूषणापहम् ॥

भावार्थ : हजुर कामदेवका शत्रु शिवजीद्वारा वन्दित, ब्रह्मा आदि देवताहरूद्वारा सेवित, विशुद्ध ज्ञानमय विग्रह र समस्त दोषहरूलाई नष्ट गर्ने हुनुहुन्छ ॥५॥

नमामि इन्दिरा पतिं । सुखाकरं सतां गतिम् ॥

भजे सशक्ति सानुजम् । शचीपति प्रियानुजम् ॥

भावार्थ : हे लक्ष्मीपते ! हे सुखका खानी र सत्पुरुषहरूका लागि एक मात्र गति ! म हजुरलाई नमस्कार गर्दछु। हे शचीपति (इन्द्र) का प्रिय भाइ (वामनजी) ! स्वरूपा-शक्ति श्रीसीताजी र भाइ लक्ष्मणसहित हजुरलाई म भज्दछु ॥ ६॥

त्वदङ्घ्रि मूल ये नराः । भजन्ति हीन मत्सराः ॥

पतन्ति नो भवार्णवे । वितर्क वीचि सङ्कुले ॥

भावार्थ : जो मनुष्य मत्सर (डाह) रहित भएर हजुरका चरणको सेवन गर्दछ, त्यो तक-वितर्क (अनेक प्रकारका सन्देह) रूपी तरङ्गबाट पूर्ण संसाररूपी समुद्रमा खस्दैन (आवागमनको चक्करमा पर्दैन) ॥७॥

विविक्तवासिनः सदा । भजन्ति मुक्तये मुदा ॥

निरस्य इन्द्रियादिकम् । प्रयान्ति ते गतिं स्वकम् ॥

भावार्थ : जो एकान्तवासी व्यक्ति मुक्तिका लागि इन्द्रियादिलाई निग्रह गरेर (तिनलाई विषयदेखि हटाएर) प्रसन्नतापूर्वक हजुरलाई भज्दछन्, तिनले स्वकीय गतिलाई (हजुरको स्वरूपलाई) प्राप्त गर्दछन् ॥८॥

तमेकमद्भुतं प्रभुम् । निरीहमीश्वरं विभुम् ॥

जगद्गुरुं च शाश्वतम् । तुरीयमेव केवलम् ॥

भावार्थ : हजुर एक (अद्वितीय), अद्‌भुत (मायिक जगत्‌देखि विलक्षण), प्रभु (सर्वसमर्थ) इच्छारहित, ईश्वर (सबैका स्वामी), व्यापक, जगद्‌गुरु, सनातन (नित्य), तुरीय (तीनै गुणबाट सधैँ पृथक) र केवल (आफ्नो स्वरूपमा स्थित) हुनुहुन्छ ॥९॥

भजामि भाव वल्लभम् । कुयोगिनां सुदुर्लभम् ॥

स्वभक्त कल्प पादपम् । समं सुसेव्यमन्वहम् ॥

भावार्थ : हजुर भवप्रिय, कुयोगीहरूका लागि (विषयी व्यक्तिका लागि) अत्यन्त दुर्लभ, आफ्ना भक्तहरूका लागि कल्पवृक्ष, सम (पक्षपातरहित) र सधैँ सुखपूर्वक सेवन गर्न योग्य हुनुहुन्छ, म निरन्तर हजुरलाई भज्दछु ॥१०॥

अनूप रूप भूपतिम् । नतोऽहमुर्विजा पतिम् ॥

प्रसीद मे नमामि ते । पदाब्ज भक्ति देहि मे ॥

भावार्थ : हे अनुपम सुन्दर ! हे पृथ्वीपति ! हे जानकीनाथ ! म हजुरलाई प्रणाम गर्दछु, मसँग प्रसन्न हुनुहोस्, म हजुरलाई नमस्कार गर्दछु। मलाई आफ्नो चरणकमलको भक्ति दिनुहोस् ॥११॥

पठन्ति ये स्तवं इदम् । नरादरेण ते पदम् ॥

व्रजन्ति नात्र संशयम् । त्वदीय भक्ति संयुताः ॥

भावार्थ : जुनजुन मनुष्यहरूले यो स्तुतिलाई आदरपूर्वक पाठ गर्दछन्, तिनले हजुरको भक्तिले युक्त भएर हजुरको परम पदलाई प्राप्त गर्दछन्, यसमा सन्देह छैन ॥१२॥

दोहा– बिनती करि मुनि नाइ सिरु कह कर जोरि बहोरि ।

चरन सरोरुह नाथ जनि कबहुँ तजै मति मोरि ॥

भावार्थ : अत्रि मुनिले यसप्रकार बिन्ती गरेर, फेरि शिर निहुराउँदै हात जोडेर भन्नुभयो : "हे नाथ ! मेरो बुद्धिले हजुरका चरणकमललाई कहिल्यै नछोडोस्" ॥४॥

(७) शनिबार व्रत

परिचय : शनिबारका दिन शनिदेवको पूजा हुन्छ। यसमा कालो तिल, कालो वस्त्र, फलाम, तोरिको तेल, मास जस्ता चिजहरू शनिदेवलाई चढाउनुपर्छ। शनिदेवको पञ्चोपचार वा षोडशोपचारले पूजा गरिसकेपछि मेरो शनि विंशोत्तरी दशा, शनि त्रिभागी दशा, उल्का दशा, साडेसातको दशा वा अढैया दशा शान्ति होओस् भनी प्रार्थना गर्नुपर्छ। यसमा शनिको दान, जप र स्तोत्रपाठ पनि गर्नु आवश्यक छ। यसबारे ग्रहशान्ति अध्यायमा शनिको पूजापाठ शीर्षकमा हेर्नुहोला।

शनिबार व्रतकथा : कुनै एक समयमा सूर्य, चन्द, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु र केतु यी नवग्रहमध्ये को ठुलो वा मान्य हो भन्ने विषयमा विवाद चर्कियो। सबै आफैं ठुलो भएको दाबी गर्न थालेकाले विवादको समाधानका लागि उनीहरू

देवराज इन्द्रकहाँ पुगेर प्रार्थना गर्न लागे : "हे देवराज ! हामी नवग्रहहरूमा सबैभन्दा ठुलो वा श्रेष्ठ को हो भन्ने विषयमा निश्चय गराउन हामी यहाँसमक्ष प्रार्थना गर्न आएका छौँ ।" नवग्रहका कुरा सुनेर देवराज पनि एकछिन मौन रहे । अनि उनले विस्तारै भने : "हे ग्रहदेवताहरू हो ! यहाँहरूमध्ये कुनै एकलाई ठुलो र अर्कालाई सानो तुल्याउने क्षमता ममा छैन । यस विषयमा म आफ्नो मुखले केही भन्न पनि असमर्थ छु। अँ एउटा उपाय छ। यस समयमा भूमण्डलमा विक्रमादित्यको शासन छ। ती राजा अर्काको कष्ट निवारण गर्न समर्थ छन् । यसका लागि तिमीहरू उनै राजाकहाँ जाओ । उनैले यो विवाद समाधान गरिदिनेछन् ।"

देवराजबाट आज्ञा भएबमोजिम सबै ग्रहहरू विक्रमादित्यको राजसभामा उपस्थित भएर आफ्नो समस्या राजासमक्ष राखे । ग्रहका कुरा सुनेर राजाको मनमा चिन्ता पर्न गयो । अब म आफ्नो मुखले कसलाई सानो र कसलाई ठुलो भनुँ । जसलाई सानो भन्यो त्यो रिसाउनेछ भन्ने कुरा राजाले सोच्न थाले। त्यसपछि राजाले एउटा विचार गरेर सुन, चाँदी, तामा, पित्तल, काँसो, राङ, जस्ता, अभ्रख र फलामका आसन तयार पार्न लगाएर क्रमशः लस्करै राख्न लगाए । अर्थात् पहिले सुनको र अन्तिममा फलामको आसन थियो । त्यसपछि राजाले सबै ग्रहसँग भने : "यहाँहरू सबैजना आआफ्ना आसनमा बस्नुहोस् । जसको आसन अगाडि हुन्छ त्यो ठुलो र जस्को पछाडि हुन्छ त्यो सानो मानिनेछ।" यसरी फलामको आसन पछाडि भएकोले शनिले आफूलाई सानो तुल्याएको ठानेर रिसाए । शनिले राजालाई भन्न लागे : "हे राजन् ! मेरो शक्ति र पराक्रम कति छ भन्ने तिमीले बुझ्न सकेनौ । किनकि सूर्य एक राशिमा एक महिना, चन्द्र अढाइ दिन, मङ्गल डेढ महिना, बुध र शुक्र एक एक महिना, बृहस्पति तेह्र महिना तथा राहु र केतु उल्टो गतिले अठार अठार महिना एक राशिमा रहन्छन् । म त एक राशिमा तीस महिनासम्म बस्दछु। मैले ठुलाठुला देवतालाई समेत कष्टमा पारेको छु। हे राजन् ! सुन, मर्यादापुरुषोत्तम रामलाई मेरो साडेसाती दशा लागेर राज्य पाउने मौकामा वनवास जानु परेको थियो । शक्तिशाली लङ्कापति रावणलाई साडेसातको दशाले गर्दा रामद्वारा रावणमाथि विजयका साथै रावणको लगभग कुल नै नाश भयो । त्यसैले हे राजन् ! तिमी पनि सावधान रहनु ।" राजाले उत्तर दिए : "हे शने ! भाग्यमा जस्तो होला उस्तै भोग्नुपर्नेछ ।" त्यसपछि अन्य ग्रहहरू खुसी भएर आआफ्ना स्थानमा गए भने शनि चाहिँ रिसाएर त्यहाँबाट हिँडे।

केही समयपछि राजा विक्रमादित्यलाई साडेसातको दशाले छोयो । शनिदेव एउटा घोडा बेच्ने व्यापारीको रूप धारण गरी अनेक थरिका उत्तम घोडाहरूसहित

विक्रमादित्यको राजधानी उज्जयिनी पुगे। राजाले घोडा व्यापारी आएको खबर सुनेर आफ्ना अश्वपाललाई राम्राराम्रा घोडा छानेर किन्न आज्ञा दिए। अश्वपाल राम्राराम्रा घोडाको मूल्य सुनेर मनमनै चकित भयो र तत्काल राजालाई समाचार दियो। त्यसपछि राजा त्यहाँ पुगेर ती घोडाहरूमध्ये उत्तम घोडा छानेर त्यसमाथि सवार भए। राजा घोडा चढ्नासाथ त्यो यति बेगले दगुऱ्यो कि राजाले त्यसलाई आफ्नो वशमा पार्न असमर्थ भए। घोडा एउटा ठुलो जङ्गलमा यताउता भौँतारिन थाल्यो। धेरै बेरपछि राजा भोकप्यासले दुःखी हुँदै डुलिरहेको समयमा एउटा गोठालो देखियो। गोठालोले राजालाई तिर्खाले व्याकुल भएको देखेर पानी पिउन दियो। केहीबेर आराम गरेपछि राजाले गोठालासित नगरको बाटो सोधे। गोठालोले राजालाई सोझो बाटो देखाइदियो। राजाको औँलामा औँठी थियो त्यो फुकालेर गोठालालाई दिए र उनी गोठालाले देखाएको बाटो हिँड्न लागे। त्यसपछि राजा नगरमा पुगेर एउटा धनी साहुको पसलमा बस्न गए।

राजाले साहुलाई आफू उज्जयिनीको निवासी र आफ्नो नाम बीका भएको बताए। साहुले राजालाई एकजना कुलीन व्यक्ति ठानेर चमेना र पानी पिउन दियो। भाग्यवश पसलमा त्यस दिन बढी बिक्री भयो। अनि साहुले तिनलाई भाग्यमानी मानिस ठानेर खान दिने विचारले आफूसँगै घरमा लग्यो। खान बसेका राजाले एउटा अत्यन्त आश्चर्य लाग्ने कुरा देखे। किलामा झुन्ड्याएको एउटा हीराको हार भित्ताको किलाले नै निलिरहेको छ। खानपान सकिएपछि जब साहुलाई हारको खाँचो पऱ्यो तब हार राखेको स्थानमा छैन। अनि सबैले निश्चय गरे – यहाँ बीकाबाहेक घरमा कोही पनि आएको छैन। अतः अवश्य तिनैले हार चोरेको हुनुपर्छ। तर बीकाले चोरेको भन्ने आरोप अश्वीकार गरे। त्यसपछि केही मानिस जम्मा भएर उनलाई थानामा लगे। थानाको हाकिमले राजासमक्ष उपस्थित गराएर भन्यो : "यी मानिस निकै भलाद्मी देखिन्छन्। चोर जस्ता त लाग्दैनन्। तर साहुको भनाइअनुसार यीबाहेक घरमा अरु कोही आएको छैन। अवश्य यिनैले चोरेको हुनुपर्छ।" त्यति सुन्नेबित्तिकै राजाले बीकाको हात खुट्टा काटेर मुढो जस्तो पारिदिनु भन्ने आदेश दिए। राजाको आज्ञाको तत्काल कार्यान्वयन भयो र बीकाको हात गोडा काटेर उनलाई मुढो जस्तो बनाइयो। तिनको अवस्था अत्यन्त दयनीय भयो। कसैले पानी मुखमा हालिदिए पिउन पाउने र कसैले मुखमा रोटी हालिदिए खान पाउने भए। अन्यथा भोकै र प्यासै बस्नुपर्ने अवस्था आयो। केही समय बितेपछि बीकालाई एउटा तेल पेल्ने तेलीले आफ्नो घरमा ल्याएर तेल पेल्ने कोलमा बसालिदियो। बीका त्यसमा बसेर गोरुलाई हाहाहुहु गर्ने काममा लागे।

केही वर्षपछि राजाको दशा समाप्त भयो र वर्षा ऋतुको अवसरमा एक रात उनी राग मल्हार गाउन लागे। तिनको गायन सुनेर त्यस सहरकी राजकन्या मोहित भइन् र दासीलाई कसले राग मल्हार गाएको हो भन्ने बुझ्न पठाइन्। दासीले बुझ्दै जाँदा तेलीको घरमा हातपाउ नभएको मानिसले गाना गइरहेको पत्ता लगाई र राजकन्यालाई सबै वृत्तान्त बताई। राजकन्याले जस्तोसुकै भए पनि त्यही हातपाउ नभएको गायकसँग विवाह गर्ने प्रतिज्ञा गरिन्। उज्यालो भएपछि दासीले राजकुमारीलाई जागा गराउन खोज्दा राजकन्या अनशन व्रत धारण गरेर बसिरहिन्। त्यसपछि दासीले रानीलाई राजकुमारी नउठेको र उक्त गायकका बारेको सबै वृत्तान्त भनी। रानी तत्काल छोरीसमक्ष आएर भन्न लागिन् : "ए बौलाही ! यो के गर्न खोज्दैछ्यौ ? तिम्रो विवाह कुनै देशको ठुलो राजासँग गरिनेछ।" राजकुमारीले भनिन् : "हे माता ! म आफ्नो प्रतिज्ञा भङ्ग गर्ने पक्षमा छैन।" यो सुनेर रानी चिन्तित भएर राजालाई सबै कुरा सुनाइन्। त्यसपछि राजा आएर भन्न लागे : "म आजै अनेक देशदेशान्तरमा दूत पठाएर सुयोग्य, रूपवान्, सक्षम र गुणी राजकुमार खोज्न पठाएर तिम्रो विवाह गराइदिनेछु। यस्तो सानो कुरा तिमीले विचारै नगर्नुपर्ने हो।" तर राजपुत्रीले भनिन् : "हे पिता ! मलाई बढी दुःख दिनुहुन्छ भने म अपहत्ते गरी मर्नेछु तर अर्को वर रोज्न तयार छैन।" यति सुनेर राजाले यसको भाग्यमा यस्तै लेखेको रहेछ अब जे मन लाग्छ गरोस् भनेर तेलीलाई बोलाउन पठाएर भने : "तेरो घरमा एउटा हातखुट्टा नभएको मानिस छ, त्यसैसित मेरी छोरी विवाह गर्न तयार छ।" यस्तो सुनेर तेली भन्दछ : "यो कसरी हुन सक्छ ? हजुर हाम्रा राजा, हामी साधारण तेली।" तर राजाले भने : "हेर् ! भाग्यमा लेखेको कसैले मेट्न र टार्न सक्दैन। त्यसैले आफ्नो घर गएर विवाहको तयारी गर्।" त्यसपछि दुवैतर्फ विवाह तयारी भयो र राजाले आफ्नी छोरीको विवाह हातपाउ नभएका विक्रमादित्यसँग गराइदिए। विवाहपछि रात्रिमा जब राजकुमारी र विक्रमादित्य निदाए तब आधा रातमा शनिदेवले राजा विक्रमादित्यलाई भने : "हे राजन् ! तिमीले मलाई सानो तुल्याएर कति कष्ट भोग्यौ ?" त्यसपछि राजाले अनेक प्रकारले क्षमा मागे। अनि शनिदेव प्रसन्न भएर राजा विक्रमादित्यलाई हातपाउ दिए। अनि राजाले हात जोडेर प्रार्थना गरे : "हे शनि महाराज ! जस्तो दुःख हजुरले मलाई दिनुभयो त्यस्तो अरु कसैलाई पनि नदिनुहोला।" शनिदेवले भने : "हे राजन् ! तिम्रो प्रार्थना स्वीकार छ। जो मनुस्य मेरो कथा सुन्दछ वा स्वयं भन्दछ, त्यसलाई मेरो दशा लागेको अवसरमा पनि कुनै प्रकारको कष्ट हुँदैन। जो दिनहुँ मेरो ध्यान गर्दछ र कमिलालाई चिनी खान दिन्छ र

माछालाई पिठोको गोली बनाएर खान दिन्छ त्यसका सबै मनोरथ पूर्ण हुनेछन्।" यति भनेर शनिदेव आफ्नो धाममा जानुभयो। यता राजकुमारी जागा भइन् र आफ्ना पति विक्रमादित्यका हातपाउ देखेर छक्क परिन्। उनलाई छक्क परेकी देखेर राजाले आफ्ना समस्त वृत्तान्त विस्तारपूर्वक सुनाए। अनि यो पनि भने : "म उज्जयिनी नगरीको राजा विक्रमादित्य हुँ।" यति सुनेर राजकुमारी अत्यन्त प्रसन्न भइन्। उज्यालो भएपछि उनका सँगिनीहरूले सोधेकाले राजकुमारीले आफ्ना पतिको सबै वृत्तान्त सुनाइन्। अनि सबैले प्रसन्नता व्यक्त गर्दै भने : "ईश्वरले हजुरको सबै मनोकामना पूर्ण गरिदिए।" उता विक्रमादित्यलाई चोरीको आरोप लगाउने साहुले सबै कुरा सुनेर राजा विक्रमादित्यकहाँ आएर उनका पाउमा शिर राखी क्षमा माग्नलाग्यो : "हजुरमाथि मैले चोरीको दोष लगाएँ। अतः हजुर मलाई जे इच्छा लाग्दछ, दण्ड दिन सक्नुहुन्छ। म दण्ड भोग्न तयार छु।" अनि विक्रमादित्यले भने : "ममाथि शनिदेवको कोप भएकोले यी सबै दुःख मैले भोग्नुपरेको हो। यसमा तिम्रो कुनै दोष छैन। अब हेर, म कस्तो थिएँ अब कस्तो भएको छु। तिमी आफ्नो घर गएर आफ्नो काम गर।" त्यसपछि साहुले भन्यो : "मलाई त्यसबेला शान्ति मिल्नेछ, जब हजुर मेरो घरमा गएर प्रेमपूर्वक भोजन गर्नुहुनेछ।" अनि साहुले घर गएर अनेक प्रकारका व्यञ्जनहरू तयार पार्न लगाई राजा विक्रमादित्यलाई भोजन गरायो। त्यहाँ राजाले भोजन गरिरहेको समयमा एउटा आश्चर्य देखियो : जुन राजाले सबैलाई देखाए। जुन किलाले पहिले हिराको हार निलेको थियो, अब त्यही हार उकेलिरहेको देखियो। राजाले त्यो दृश्य सबैलाई देखाएर भने : "त्यसबेला ममाथि शनिश्चरको दशा थियो। त्यसैले भित्ताको किलाले पनि हार निलेर त्यसको भुट्टा आरोप मैले भोग्नु पऱ्यो। अहिले त्यो दशा समाप्त भएकोले किलाले हार उकेलिदियो।" खानपान सकिएपछि साहुले हात जोडेर सुनको मोहर राजालाई अर्पण गरेर भन्यो : "राजन्! मेरी एउटी राम्री कन्या छिन्। त्यसको पाणीग्रहण हजुरले गर्नुहोस्।" साहुको यो प्रस्ताव राजाले स्वीकार गरेकाले साहुले आफ्नी कन्याको विवाह धुमधामका साथ राजा विक्रमादित्यसँग गरायो। साहुले छोरी ज्वाइँलाई ठुलो धनराशि पनि अर्पण गऱ्यो। राजा विक्रमादित्य त्यहाँबाट बिदा भएर नगरका राजाकहाँ गएर भन्न लागे : "अब मेरो उज्जयिनी जाने इच्छा भएकोले हजुरसँग बिदा हुन आएको छु।" त्यसपछि बिदा भएर सुन्दरी राजकुमारी, साहुकी छोरी, दासदासी, रथ, म्याना, पालकी र प्राप्त धनसम्पत्तिसमेत लिएर राजा विक्रमादित्य उज्जयिनीतर्फ प्रस्थान गरे। राजाको सवारी उज्जयिनी सहरको नजिकै पुगेपछि त्यहाँका नागरिकहरू अत्यन्त हर्षित

भए । उनीहरूले बाजागाजाका साथ सडक र घरघरबाट राजालाई पुष्पवृटि गरेर स्वागत गरे। त्यसपछि ठुलो समारोहका साथ राजाको सवारी राजदरबारमा भित्रियो। त्यसको भोलिपल्ट राजाले सारा सहरभरी भ्याली पिट्न लगाए : "शनिश्चर देवता सबै नवग्रहहरूमा श्रेष्ठ र सर्वोपरि हुनुहुन्छ। मैले उहाँलाई सानो पारेको हुनाले मलाई अनेक कष्ट आइलागे।" राजाको आदेशपछि सारा सहरमा शनिश्चरको पूजा गर्नुका साथै कथावाचन र श्रवणको प्रथा प्रारम्भ भयो । राजा र जनता अनेक सुखभोग गर्दै रहे । जसले शनिदेवको कथा स्वयं वाचन गर्ला वा श्रवण गर्ला त्यसका सबै दुःख-कष्ट निवारण होलान् ।

शनि दशा शान्तिका लागि श्रीरामचन्द्रजीको स्तुति

जय राम रमारमनं समनं । भवतापभयाकुल पाहि जनं ॥

अवधेस सुरेस रमेस बिभो । सरनागत मागत पाहि प्रभो ॥

भावार्थ : हे राम ! हे रमारमण ! हे जन्ममरणको सन्तापलाई नाश गर्ने ! हजुरको जय होस्; आवागमनको भयले अत्तालिएको यो सेवकलाई रक्षा गर्नुहोस् । हे अयोध्यापति ! हे देवताहरूका स्वामी ! हे रमापति ! हे विभो ! म शरणागतले हजुरसँग यही माग्दछु कि हे प्रभु ! मेरो रक्षा गर्नुहोस् ॥१॥

दससीस बिनासन बीस भुजा । कृत दूरि महा महि भूरि रुजा ॥

रजनीचर बृंद पतंग रहे । सर पावक तेज प्रचंड दहे ॥

भावार्थ : हे दश शिर र बीस भुजा भएको रावणलाई विनाश गरेर पृथ्वीका सबै कडा रोग (कष्ट) हरूलाई नष्ट गर्ने श्रीरामजी ! राक्षससमूहरूपी जुन पुतली थिए ती सबै हजुरका बाणरूपी अग्निको प्रचण्ड गर्मीले भस्म भए ॥२॥

महि मंडल मंडन चारुतरं । धृत सायक चाप निसंग बरं ॥

मद मोह महा ममता रजनी । तम पुंज दिवाकर तेज अनि ॥

भावार्थ : हे राम ! हजुर पृथ्वीमण्डलका अत्यन्त सुन्दर आभूषण हुनुहुन्छ; हजुरले श्रेष्ठ बाण, धनुष र तरकस धारण गर्नुभएको छ ।महान मद, मोह र ममतारूपी रात्रिको अन्धकारको समूहलाई नष्ट गर्नका लागि हजुर सूर्यको तेजोमय किरणसमूह हुनुहुन्छ ॥३॥

मनजात किरात निपात किए । मृग लोग कुभोग सरेन हिए ॥

हति नाथ अनाथनि पाहि हरे । बिषया बन पावँर भूलि परे ॥

भावार्थ : कामदेवरूपी किरातले मनुष्यरूपी हरिणको हृदयमा कुभोगरूपी बाणले हानेर उसलाई पल्टाइदिनुभयो। हे नाथ ! पाप र तापलाई हरण गर्ने हे हरे ! उसलाई मारेर विषयरूपी वनमा भुलेर बसेका यी नीच अनाथ जीवहरूलाई रक्षा गर्नुहोस्।

बहु रोग बियोगन्हि लोग हए। भवदंघ्रि निरादर के फल ए॥

भव सिन्धु अगाध परे नर ते। पद पंकज प्रेम न जे करते॥

भावार्थ : मानिसहरू धेरै नै रोग र वियोग (दुःख) हरूले भरिएका (पीडित भएका) छन्। यो सबै हजुरका चरणको निरादरको फल हो। जुन मनुष्यले हजुरका चरणकमलमा प्रेम गर्दैनन्, उनीहरू अथाह भवसागरमा परेका छन्॥५॥

अति दीन मलीन दुखी नितहीं। जिन्ह कें पद पंकज प्रीति नहीं॥

अवलंब भवंत कथा जिन्ह कें। प्रिय संत अनंत सदा तिन्ह कें॥

भावार्थ : हजुरको चरणकमलमा जसको प्रीति छैन, उनीहरू दिनहुँ नै अत्यन्त दीन, मलिन र दुःखी रहन्छन् र जसलाई हजुरको लीला-कथाको आधार छ, उनीहरूलाई सन्त र भगवान् सधैँ प्रिय लाग्ने गर्नुहुन्छ॥६॥

नहिं राग न लोभ न मान मदा। तिन्ह कें सम बैभव वा बिपदा॥

एहि ते तव सेवक होत मुदा। मुनि त्यागत जोग भरोस सदा॥

भावार्थ : उनीहरूमा न राग (आसक्ति) छ, न लोभ; न मान नै छ, न मद। उनलाई सम्पत्ति (सुख) र विपत्ति (दुःख) समान हुन्छ। त्यसैले मुनिहरूले योग (साधन) को भरोसा सधैँभरि त्याग गर्दछन् र प्रसन्नतापूर्वक हजुरको सेवक बन्दछन् अर्थात् हजुरको भक्ति गर्दछन्॥७॥

करि प्रेम निरंतर नेम लिएँ। पद पंकज सेवत सुद्ध हिएँ॥

सम मानि निरादर आदरही। सब संत सुखी बिचरंति मही॥

भावार्थ : उनीहरूले प्रेमपूर्वक नियमपूर्वक निरन्तर शुद्ध हृदयले हजुरका चरणकमलको सेवा गरिरहन्छन् र निरादर तथा आदरलाई समान मानेर सबै सन्त सुखी भएर पृथ्वीमा भ्रमण गरिरहन्छन्॥८॥

मुनि मानस पंकज भृंग भजे। रघुबीर महा रनधीर अजे॥

तव नाम जपामि नमामि हरी। भव रोग महागद मान अरी॥

भावार्थ : हे मुनिहरूका मनरूपी कमलका भँवरो ! हे महान् रणधीर एवं अजेय रघुवीर ! मैले हजुरलाई भज्दछु (हजुरको शरण ग्रहण गर्दछु)। हे हरि ! हजुरको नाम

जप्दछु र हजुरलाई नमस्कार गर्दछु । हजुर जन्म–मरणरूपी रोगको (अथवा भवरोगरूपी महारोगको) महान् औषधी र अभिमानको शत्रु हुनुहुन्छ ॥९॥

गुन सील कृपा परमायतनं । प्रनमामि निरंतर श्रीरमनं ॥

रघुनन्द निकंदय द्वंद्वघनं । महिपाल बिलोकय दीनजनं ॥

भावार्थ : हजुर गुण, शील र कृपाका परम स्थान हुनुहुन्छ। हजुर लक्ष्मीपति हुनुहुन्छ, मैले हजुरलाई निरन्तर प्रणाम गर्दछु। हे रघुनन्दन ! हजुरले जन्म–मरण, सुख–दुःख, राग–द्वेषादि द्वन्द्व समूहलाई नाश गर्नुहोस्। हे पृथ्वीलाई पालन गर्ने राजन् ! यो दीन जनतर्फ पनि दृष्टि राख्नुहोस् ॥१०॥

दोहा – बार बार बर मागउँ हरषि देहु श्रीरंग ।

पद सरोज अनपायनी भगति सदा सतसंग ॥

भावार्थ : हजुरसँग बारम्बार वरदान माग्दछु कि मलाई हजुरका चरणकमलको अचल भक्ति र हजुरका भक्तहरूको सत्सङ्ग सदैव प्राप्त होस्। हे लक्ष्मीपते ! हर्षित भएर मलाई यही वरदान दिनुहोस्।

शनिदेवको आरती

जय जय श्री शनि भक्तन हितकारी।
सूरजके पुत्र प्रभु छाया महतारी ॥टेक ॥
श्याम अङ्ग वक्र दृष्टि चतुर्भुजधारी।
नीलाम्बर धार नाथ गज की अवसारी।
जय जय श्री. ॥

कीरिट मुकुट शीश राजत दीपक है ललारी।
मुक्तनकी माल गले शुशोभित बलिहारी ॥
जय जय श्री. ॥

मोहक मिष्ठान्न पान चढत है सुपारी।
लौह तिल तेल उदड महिषी अति प्यारी ॥
जय जय श्री. ॥

देव दनुज ऋषि मुनि सुमिर नर नारी।
छीतरमल धरत ध्यान शरण है तुम्हारी ॥
जय जय श्री. ॥

परिशिष्ट

(१) विवाह पत्रिका (विवाह लग्नपत्रिका) को नमुना




विवाहपत्रिका

स्वस्ति श्रीमन्मङ्गलमूर्तये नमः।

आदित्यादि ग्रहाः सर्वे ज्योतिश्चक्र-निवासिनः।

दीर्घमायुः प्रयच्छन्तु यस्यैषोद्वाहपत्रिका ॥ १ ॥

स्वस्ति श्रीशाके .... श्रीविक्रमसंवत् .... अथ चान्द्रेण .... मासे .... पक्षे .... तिथौ अथ सौरेण .... मासस्य दिन .... गते .... वासरे श्रीसूर्योदयात् परतः प्रातर्गतघण्ट्यसु .... वादनसमये ....लग्ने .... नवमांशे आदौ दीपकलशगणेशादीन् समभ्यर्च्य दधि–मत्स्येक्षुदण्ड–शाकपत्र–शुभशकुनादीनि सम्पाद्य भारबन्धनं कलशे शुद्धजलप्रपूरणं बुकुवाभर्जनं गणेशमहामोदक–निर्माणं कन्यकाभ्यां शुद्धमृत्तिकाखननं धान्यप्रतपनं वस्त्रच्छेदनानन्तरं मातृकार्चनं नान्दीमुखीकरणं वेदीनिर्माणञ्चेत्यादीनि सकलपूर्वाङ्गकर्माणि पूर्वा /पश्चिमा/ उत्तरा भिमुखेन शुभानि।

पुनः .... मासे .... पक्षे .... तिथौ अथ सौरेण .... मासस्य दिन .... गते .... वासरे श्रीसूर्योदयात् परतः दिन/रात्रौ गतघण्ट्यसु .... वादनसमये ....लग्ने .... नवमांशे शुभविवाहमण्डपे पूर्वा/ पश्चिमा/ उत्तरा भिमुखाय वराय कन्यादानं शुभम्। सर्वारिष्टशान्तये गोदानं शुभम्।

॥ शुभम् ॥

(२) व्रतपत्रिका (व्रतबन्ध लग्न पत्रिका) को नमुना



व्रतपत्रिका

स्वस्ति श्रीमन्मङ्गलमूर्तये नमः।

आदित्यादि ग्रहाः सर्वे ज्योतिश्चक्र-निवासिनः ।

दीर्घमायुः प्रयच्छन्तु यस्येयं व्रतपत्रिका ॥ १ ॥

स्वस्ति श्रीशाके .... श्रीविक्रमसंवत् .... अथ चान्द्रेण .... मासे .... पक्षे .... तिथौ अथ सौरेण .... मासस्य दिन .... गते .... वासरे श्रीसूर्योदयात् परतः प्रातर्गतघण्टासु .... वादनसमये ....लग्ने .... नवमांशे आदौ दीपकलशगणेशादीन् समभ्यर्च्य दधि-मत्स्येक्षुदण्ड-शाकपत्र-शुभशकुनादीनि सम्पाद्य भारबन्धनं कलशे शुद्धजलप्रपूरणं बुकुवाभर्जनं गणेशमहामोदक-निर्माणं कन्यकाभ्यां शुद्धमृत्तिकाखननं धान्यप्रतपनं वस्त्रच्छेदनानन्तरं मातृकार्चनं नान्दीमुखीकरणं वेदीनिर्माणञ्चेत्यादीनि सकलपूर्वाङ्गकर्माणि पूर्वा /पश्चिमा/ उत्तरा भिमुखेन शुभानि।

पुनः .... मासे .... पक्षे .... तिथौ अथ सौरेण .... मासस्य दिन .... गते .... वासरे श्रीसूर्योदयात् परतः प्रातर्गतघण्टासु .... वादनसमये शुभलग्ने शुभांशके चूडा शुभा । तस्मिन्नेवाहनि श्रीसूर्योदयाद्गत घण्टासु .... वादनसमये .... लग्ने .... नवांशके स्वगृह्योक्तविधिना पूर्वाभिमुखेन गायत्रीदानं शुभम्। सर्वारिष्टशान्तये गोदानं शुभम्।

॥ शुभम् ॥

(३) छैटीको कागज (टिपन) को नमुना

स्वस्ति श्रीमन्मङ्गलमूर्तये नमः

गणनाथो रविमुख्य खेचराः कुलदेवी विधिविष्णुशङ्कराः।

उदयांशपतिः प्रकुर्वतां चिरमायुः खलु जन्मपत्रिका ॥१॥

स्वस्ति श्रीशाके १९३.... श्रीविक्रमादित्य संवत् २०७ ....नामसंवत्सरे ....अयने ....ऋतौ ....मासे ....पक्षे ....तिथौ ....नक्षत्रेऽस्य भभोग घट्यादि ....तथा भयात घट्यादि ....योगे ....करणे ....राशिगते चन्द्रमसि जन्मेति चान्द्रमानम्। अथ सौरेण ....मासस्य दिन .... गते ....वासरे (तदनुसारेण ईशवीय सन् २०१ ....मासस्य........तारिख) श्रीसूर्योदयादिष्ट घट्यादि .... स्थानीय ....देशीय समयानुसारेण ....वादनसमये ....लग्ने ....नवमांशे नेपालदेशे ....मण्डलान्तर्गत ....नामकस्थाने निवसतः श्री .... कस्य श्रीमती ....नाम्नी भार्याया ....गर्भे .... रत्नमजीजनत्। .... नक्षत्रस्य .... चरणे जन्मत्वात् अस्य बालकस्य / अस्या बालिकाया श्री .... इति नाम जातम्। ....ऽयं देवद्विजाशीर्वादैर्दीर्घमायुर्भूयात्।

लग्नकुण्डली



अथ विंशोत्तरी महादशा

अथ योगिनी महादशा

न मया धारिता शंकुः घटिका नैव साधिता।
परोपदेशवेलायां लिखिता जन्मपत्रिका॥

सन्दर्भ सामग्री सूची

सहयोगी पुस्तक सूची

- 'आचार्य', ओमप्रकाश कुमरावत,(सन् २००४), *ग्रहानिष्ट और उनके सहज शान्ति उपाय,* दिल्ली : साईं पाकेट बुक्स।
- 'आचार्य', ओमप्रकाश कुमरावत,(सन् २००४), *सहज कुण्डली दर्पण,* दिल्ली : साईं पाकेट बुक्स।
- आचार्य, वराहमिहिर,(सन् २०००), (व्या.) बलदेवप्रसादजी मिश्र, *वाराही (बृहत्) संहिता,* मुम्बई : खेमराज श्रीकृष्णदास।
- .... (सन् २००५), (व्या.) डा. सुरेशचन्द्र मिश्र, *वृहज्जातक,* दिल्ली : मोतीलाल बनारसीदास।
- गीताप्रेस, गोरखपुर, (सन् २०१४), *ज्योतिषतत्त्वाङ्क,* (वर्ष ८८ सङ्ख्या १), गोरखपुर : गोविन्दभवन कार्यालय, गीताप्रेस।
- गीताप्रेस, गोरखपुर, (वि.सं २०५९), *भवनभास्कर* (एक सय एकतीसौं सं.), गोरखपुर : गोविन्दभवन कार्यालय, गीताप्रेस।
- 'तिलक', चन्द तिलक, (सन् २००६), *फलित ज्योतिष रेडीरेकनर,* दिल्ली : पुस्तक महल।
- पण्डित, दिननाथ, (वि.सं. २०७१), उपयोगी बेलापञ्चाङ्ग, काठमाडौं : के.पी. पुस्तक भण्डार।
- पाठक, के.के., (सन् २००५), *उपचारीय ज्योतिष के विविध आयाम,* दिल्ली : अल्फा पब्लिकेशन।
- .... (सन् २०१२), *विंशोत्तरी दशाफल तरंगिणी,* दिल्ली, अल्फा पब्लिकेशन।
- .... (सन् २०१४), *गोचर फल विचार,* दिल्ली : अल्फा पब्लिकेशन।
- .... (सन् २००५), *वैदिक उपचारीय ज्योतिष,* दिल्ली : अल्फा पब्लिकेशन।

- .... (सन् २००५), उपचारीय ज्योतिष कौमुदी, दिल्ली : अल्फा पब्लिकेशन।
- .... (सन् २००५), प्रश्न ज्योतिष के पाँच पुष्प, दिल्ली : अल्फा पब्लिकेशन।
- पाण्डेय माधवप्रसाद, (वि.सं. २०६१), कुण्डलीप्रकाश(तेस्रो सं.), पाल्पा, बाँसमाथि प्रकाशन।
- पाण्डेय माधवप्रसाद, (वि.सं. २०६३), व्यावहारिकज्योतिष प्रथम प्रकाश - दोस्रो सं.), पाल्पा, बाँसमाथि प्रकाशन।
- मन्त्रेश्वर, (सन् १९७५),(व्या.) गोपेशकुमार ओझा, फलदीपिका, दिल्लीः मोतीलाल बनारसीदास।
- मिश्र, सुरेशचन्द, (सन् २००४), ज्योतिष सर्वस्व (संशोधित सं.), नई दिल्ली : रञ्जन पब्लिकेशन्स।
- रामदैवज्ञ, (सन् २०१३), (सम्पा.) डा. ब्रह्मानन्द त्रिपाठी, मुहूर्तचिन्तामणि, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।
- शर्मा, हरिदत्त, (सन् २०००), ज्योतिष विश्वकोश, नई दिल्ली : सुबोध पब्लिकेशन्स।
- सिंह, देवकीनन्दन, (सन् २००२), ज्योतिष रत्नकर,(पुनर्मुद्रण), दिल्ली : मोतीलाल बनारसीदास।

पत्रपत्रिका सूची

- फ्यूचर प्वाइन्ट (प्रा.) लि. फ्यूचर समाचार दिल्ली : फ्यूचर प्वाइन्ट।
- (सन् २००२ को जुलाईदेखि सन् २०१९ को डिसेम्बरसम्मका विभिन्न विशेशाङ्क)

लेखक परिचय

नाम थर : डा. जनकराज भट्ट

जन्म मिति : वि.सं. २०२४।८।४

ठेगाना : पुल्डोल, पुरानो नैकाप७, चन्द्रागिरि नपा१३, काठमाडौँ।

शैक्षिक योग्यता : विद्यावारिधि, नेपाल संस्कृत विश्वविद्यालय (नेसंवि)।

कार्यरत संस्था : उपप्राध्यापक, राजनीतिशास्त्र, वाल्मीकि विद्यापीठ।

प्राध्यापन अनुभव : २५ वर्ष।

ज्योतिषीय अनुभव : २०३७ सालदेखि संस्कृत मा.वि., रानीपोखरीबाट ज्योतिषको अध्ययन प्रारम्भ गर्दै २०४६ सालमा महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेसंवि) बाट सिद्धान्त ज्योतिष मूल विषयमा शास्त्री तह उत्तीर्ण गरी हालसम्म निरन्तर ज्योतिषीय परामर्शमा संलग्न।

आबद्ध संस्था : विश्वम्भरा ज्योतिष विज्ञान परिषद्को प्रवक्ता।

कृति :

(१) सामाजिक अध्ययन (सिटिइभिटिको प्रवीणता प्रमाणपत्र तहको फार्मेसी, ल्याब टेक्निसियन, जनरल मेडिसिन लागि)।

(२) नेपाल परिचय (नेसंवि, त्रिवि तथा सिटिइभिटिको पुरानो प्रमाणपत्र तहको नर्सिङ कार्यक्रमका लागि)।

(३) सामाजिक अध्ययन (सिटिइभिटिको प्रवीणता प्रमाणपत्र तहको नर्सिङ कार्यक्रमका लागि)।

(४) सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा, कक्षा ११ (प्रकाशोन्मुख)।

(५) नेपालको सरकार र राजनीति (नेसंवि र त्रिविको चार वर्षे स्नातक तहका लागि)।

फुटकर रचना : विभिन्न पत्रपत्रिका एवं अनुसन्धानमूलक र साधारण जर्नलहरूमा तीन दर्जनजति।

यस पुस्तकको अध्ययनबाट निम्नानुसारका कार्य गर्न सकिनेछ :

(१) सहज रूपमा पात्रो हेर्न,

(२) तिथि, बार, नक्षत्र, योग र करणको परिचय दिन,

(३) जातकको नाम जुराउन, लग्न ल्याउन र ग्रहस्पष्ट गर्न,

(४) विंशोत्तरी र योगिनी दशा साधन गरी सोही आधारमा फलादेश गर्न,

(५) सहज तरिकाले चिना, टिपन निर्माण गर्न,

(६) व्यक्तिको कुण्डली सहज तरिकाले विश्लेषण गर्न,

(७) कुण्डली अध्ययनका ११५ सूत्रहरूबाट व्यक्तिका विभिन्न रहस्य पत्ता लगाउन,

(८) सहज तरिकाले ग्रहशान्ति गराउन र उपयोगी रत्न चयन गर्न,

(९) सिजेरियन डेलिभरी, वैदेशिक योग, गृह एवं व्यावसायिक वास्तुलगायतका विषयको आधारभूत जानकारी लिन,

(१०) सरल ज्योतिषीय उपायबारे अवगत गर्न,

(११) सप्तबार व्रतकथाबारे जानकारी लिन,

(१२) आधुनिक प्रविधिका माध्यमबाट ज्योतिषीय सेवा सञ्चालन गर्न।